# ख्रीष्टियान आराधनाको परिचय

shepherds
GLOBAL CLASSROOM

Shepherds Global Classroom संसारभरका उदीयमान ख्रीष्टियन अगुवाहरूका लागि पाठ्यक्रम प्रदान गरेर ख्रीष्टको शरीरलाई सुसज्जित गर्न अवस्थित छ। हामी विश्वको हरेक देशमा आत्मिक प्रशिक्षकहरूको हातमा 20-पाठ्यक्रमको पाठ्यसामग्रीको औजार राखेर स्वदेशी तालिम कार्यक्रमहरू गुणा गर्ने लक्ष्य राख्दछौं।

यो पाठ्यक्रम नि: शुल्क डाउनलोडको लागि https://www.shepherdsglobal.org/courses मा उपलब्ध छ।

मुख्य लेखक: डा. र्यान्डल म्याकेलेवेन (Dr. Randall McElwain)

प्रतिलिपि अधिकार © २०२५ Shepherds Global Classroom

चौथो संस्करण अंग्रेजीबाट नेपाली मा अनुवाद गरिएको हो।

सबै अधिकार सुरक्षित छ।

तेस्रो-पक्ष सामग्रीहरू उनीहरूको सम्बन्धित मालिकहरूको प्रतिलिपि अधिकार हो र विभिन्न इजाजतपत्रहरू अन्तर्गत बाडिएको छ।

धर्मशास्त्र पाठ © नेपाल बाइबल सोसाइटी १९९७, २००६, २००९, २०१२। प्रतिलिपि अधिकार सर्वाधिकार सुरक्षित छ। बाइबल संस्करण: नेपाली नयाँ परिमार्जित संस्करण (एनएनआरभी) https://www.bible.com/bible/1483/GEN.1.NNRV मा हेर्न सक्नु हुन्छ।

**अनुमति सूचना:**

यस पाठ्यक्रमलाई निम्न दिशानिर्देशहरू अन्तर्गत मुद्रण र डिजिटल ढाँचाहरूमा स्वतन्त्र रूपमा मुद्रित र वितरण गर्न सकिन्छ: (१) पाठ्यक्रमको विषय सूची कुनै पनि किसिमले परिवर्तन गर्न सकिने छैन; (२) प्रतिलिपिहरू फाइदाको लागि बिक्री गर्न सकिने छैन; (३) शैक्षिक संस्थाहरूले शिक्षण शुल्क लिए तापनि यस पाठ्यक्रमको प्रयोग/प्रतिलिपि गर्न स्वतन्त्र छन्; र (४) Shepherds Global Classroom अनुमति र पर्यवेक्षण बिना पाठ्यक्रम अनुवाद गर्न सकिने छैन

# विषयवस्तु


पाठ्यपुस्तकको समीक्षा ........................................................................5

(1) आराधनाको परिभाषा ........................................................................7

(2) परमेश्वर र आराधक ........................................................................23

(3) पुरानो करारमा आराधना ........................................................................37

(4) नयाँ करारमा आराधना........................................................................53

(5) मण्डली इतिहासमा आराधना ........................................................................69

(6) आराधनामा सङ्गीत ........................................................................81

(7) आराधनामा पवित्रशास्त्र र प्रार्थना........................................................................99

(8) आराधनाको योजना र अगुवाइ ........................................................................121

(9) अन्य प्रश्नहरू ........................................................................141

(10) आराधनाको जीवनशैली ........................................................................159

आराधना सेवाहरूको योजनाको लागि रूपरेखाहरू........................................................................169

गीत मूल्याङ्कन फारम ........................................................................173

सिफारिस गरिएका स्रोतहरू ........................................................................174

क्रियाकलापहरूको रेकर्ड ........................................................................177

# पाठ्यपुस्तकको समीक्षा

यस पाठ्यपुस्तकले आराधनाका आधारभूत सिद्धान्तहरूलाई परिचित गराउँछ।

यदि एउटा समूहको रूपमा अध्ययन गर्दै हुनुहुन्छ भने, यस पाठ्यपुस्तकलाई पालैपालो पढ्नुहोस्। कुनै कक्षागत छलफलका लागि समय-समयमा रोकिनुहोस्। कक्षाको अगुवा भएकोले, छलफललाई अध्ययन भइरहेका विषयवस्तुबाट भटक्न नदिने जिम्मेवारी तपाईंको हो। प्रत्येक छलफलको समय सीमा तोक्नु उपयोगी हुन्छ।

**छलफलका प्रश्नहरू** र **कक्षाभित्रै गरिने क्रियाकलापहरूलाई** बाण चिन्ह ► द्वारा सङ्केत गरिएको छ।

जब तपाईं प्रश्नमा पुग्नुहुन्छ, विद्यार्थीहरूलाई त्यसको उत्तरबारे छलफल गर्न समय दिनुहोस्। कक्षामा सबै विद्यार्थीहरू छलफलमा सहभागी भइरहेका छन् भन्ने सुनिश्चित गर्न प्रयास गर्नुहोस्। आवश्यक परेमा, विद्यार्थीहरूको नाउँ लिएर बोलाउन सक्नुहुन्छ।

यस पाठ्यपुस्तकभरि, केही कक्षागत क्रियाकलापहरू र असाइनमेन्टहरू छन् जसमा विशेष योग्यताहरू पूरा गर्ने भजनहरू वा स्तुतिगीतहरू खोज्नु पर्ने हुन्छ। यी क्रियाकलापहरूको उद्देश्य तपाईंलाई आफैंले नेतृत्व गर्ने सेवाहरूको लागि आराधनाका गीतहरू छान्न सक्षम बनाउनु हो।

यदि तपाईंको भाषामा मुद्रित भजनसंग्रह पुस्तकहरू उपलब्ध छन् भने, तिनलाई प्रयोग गर्न सक्नुहुन्छ। वेबसाइट https://worshipleaderapp.com/ र मोबाइल एप "Worship Leader" ले विभिन्न भाषामा ख्रीष्टियन गीतहरू उपलब्ध गराउँछ। तपाईं अन्य वेबसाइटहरू पनि प्रयोग गर्न सक्नुहुन्छ जहाँ तपाईंको भाषामा लेखिएका आराधनाका गीतका शब्दहरू पोस्ट गरिएका छन्।

यस पाठ्यपुस्तकमा धेरै **पवित्रशास्त्र** प्रयोग गरिएको छ। कक्षामा ठुलो स्वरले पढ्नुपर्ने खण्डहरूलाई पनि बाण चिन्ह ► द्वारा सङ्केत गरिएको छ। विद्यार्थीहरूलाई ती पदहरू खोलेर हेर्न र आफ्नो समूहमा पालैपालो पढ्न लगाउनुहोस्।

प्रत्येक पाठ असाइनमेन्टसहित समाप्त हुन्छ। असाइनमेन्टहरू अर्को पाठ सुरु हुनुअघि पूरा गर्नुपर्ने र बुझाउनुपर्ने हुन्छ।

प्रत्येक पाठको लागि एक परीक्षा हुनेछ, जसमा पवित्रशास्त्र कण्ठ गर्ने भाग पनि समावेश हुनेछ। प्रत्येक कक्षाको अन्त्यमा, अगुवाले यी प्रश्नहरू विद्यार्थीहरूसँग समीक्षा गर्न सक्छ। त्यसपछिको कक्षा यी प्रश्नहरूको परीक्षाबाट सुरु गर्नुपर्छ। परीक्षा पाठ्यपुस्तक, लिखित नोट, बाइबल, वा सहपाठीहरूको सहयोगबिना लिनुपर्छ। कक्षाको अगुवाले परीक्षाको उत्तर कुन्जी Shepherds Global Classroom बाट डाउनलोड गर्न सक्छ।

पाठ १ मा, विद्यार्थीहरूलाई **३०-दिने प्रोजेक्ट** दिइन्छ। प्रोजेक्ट पूरा भएपछि, प्रत्येक विद्यार्थीले प्रोजेक्टबाट सिकेका कुराहरूको एक-पृष्ठको सारांश बुझाउनुपर्छ। विद्यार्थीहरूले प्रोजेक्टको दैनिकी बुझाउनुपर्ने छैन।

यदि विद्यार्थीले Shepherds Global Classroom बाट प्रमाण-पत्र पाउन चाहन्छ भने, उसले कक्षाहरूमा उपस्थित हुनुपर्छ र असाइनमेन्टहरू पूरा गर्नुपर्छ। पाठ्यपुस्तकको अन्त्यमा असाइनमेन्टहरू पूरा भएको अभिलेखका लागि एउटा फाराम उपलब्ध गराइएको छ।

# पाठ 1
# आराधनाको परिभाषा

## पाठका उद्देश्यहरू

यस पाठको अन्त्यसम्ममा, विद्यार्थीले सक्षम हुनुपर्छ:

(१) आराधनाको बाइबलीय परिभाषा थाहा गर्नु।

(२) साँचो आराधनाले हाम्रो जीवनका सबै क्षेत्रहरूलाई असर गर्छ भनेर बुझ्नु।

(३) परमेश्वरमा ग्रहणयोग्य आराधनाको स्वरूपलाई पहिचान गर्नु।

(४) ख्रीष्टियान जीवनमा आराधनाको महत्त्वको कदर गर्ने छौं।

## पाठको तयारी

*यूहन्ना ४:२३-२४ कण्ठ गर्नुहोस्।*

## परिचय

अमेरिकामा आइतवारको बिहान। सुकिलोमुकिलो लुगा लगाएका ख्रीष्टियानहरू सुन्दर पवित्र स्थानमा आराधनाको लागि भेला हुन्छन्। अर्गन र क्वाएरका साथमा तिनीहरूले सानदार भजनहरू गाउँछन्। भेटी उठाउँदा अकेस्ट्रा बजाइन्छ। आराधकहरूले मनमनै प्रार्थना गर्छन् जब कि पास्टरले भने प्रार्थनमा अगुवाइ गर्छन्। तिनको प्रवचनको समयमा, पास्टरले आफ्नो पुस्तक सङ्ग्रहहरूबाट लेखकहरूका भनाइ उद्धृत गर्छन्। प्रवचन सकेपछि, त्यस मण्डलीले चाँदीको प्रभु-भोज लिने भाँडाको प्रयोग गरेर एक-एकलाई रोटी र कप दिँदै प्रभु-भोजमा सहभागी हुन्छन्। यो आराधना हो।

चीनमा आइतवारको बिहान। तीस जना सामान्य लुगा लगाएका विश्वासीहरू एउटा अपार्टमेन्टमा भेला हुन्छन्। वाद्यवादन बिना नै तिनीहरूले प्रशंसाका गीतहरू गाउँछन्। तिनीहरूको अगुवाले आफ्नो वचन अध्ययनद्वारा सिकेकी सत्यता बताउँछिन्। थप प्रार्थनाको समयमा त्यो घरका सदस्यहरूले एक-अर्काका आवश्यकताहरूका लागि पालैपालो प्रार्थना गर्छन्। प्रार्थना सकेपछि, तिनीहरूले रोटी र प्लास्टिकको कपहरूमा दाखमद्य लिएर प्रभु-भोज लिन्छन्। उक्त भेटीलाई विशेष आवश्यकता भएको सदस्यहरूमा साझा गरिन्छ। यो आराधना हो।

नाइजेरियामा आइतवारको बिहान। रङ्गीविरङ्गी लुगा लगाएका ख्रीष्टियानहरू एउटा जोशिलो आराधना सेवाको लागि भेला हुन्छन्। गितारहरू, किबोर्ड र ड्रमसेटले साथ दिएको एक प्रशंसाको दलले त्यो भेलालाई स्क्रिनमा देखाएको गीतहरू गाउनमा अगुवाइ गर्छ। त्यो सङ्गीत समूहले बाजा बजाउँदै गर्दा पवित्र स्थान अघि राखिएको भेटी सङ्कलन बाकसमा त्यसका सदस्यहरूले भेटी दिन्छन्। प्रवचनमा समकालीन नाइजेरियाको समाजका आवश्यकताहरूबारे व्यावहारिक प्रचार गरिन्छ। त्यो सेवा हात मिलाउने कार्य, अङ्गालो र आनन्दसँगै अन्त्य हुन्छ। यो आराधना हो।

आराधनाले थुप्रै स्वरूपहरू लिन्छ। हरेक देश र हरेक संस्कृतिमा आराधनाको स्वरूप भिन्नाभिन्नै हुनेछ। आराधना कुनै खास किसिमको सेवाभन्दा बढी कुरो हो। वास्तवमा भन्दा, आराधना आफैंमा सेवाभन्दा बढी कुरो हो; आराधनामा ख्रीष्टियान जीवनका सबै क्षेत्रहरू समावेश हुन्छन्। यो पाठमा हामी आराधनाको बाइबलीय परिभाषालाई हेर्ने छौं।

► यूहन्ना ४:१-२९ पढ्नुहोस्। आत्मा र सत्यतामा आराधना गर्नुको अर्थ के हो भनेर छलफल गर्नुहोस्।

## बाइबलीय आराधनाको पक्षहरू

आराधना परमेश्वरको मुल्यलाई पहिचान गर्नु र सम्मान गर्नु हो। यसको अर्थ परमेश्वरलाई दिनुपर्ने उचित आदर उहाँलाई दिनु हो।

► आराधनाका तीन वटा परिभाषाहरू तल दिइएको छ। तपाईंको लागि सबैभन्दा बढी अर्थपूर्ण परिभाषालाई कण्ठ गर्नुहोस्।

- "आराधना अनन्तको परमेश्वरप्रति मानिसको श्रद्धाभाव जनाउने प्रतिक्रिया हो।"-ईभ्लीन अन्डरहिल
- "आराधना परमेश्वरलाई इच्छुक प्रतिक्रिया स्वरूप हाम्रो हृदयलाई माथि उठाउनु हो।" – फ्र्याङ्क्लिन सेज्लर
- "आराधना हाम्रा सम्पूर्ण अस्तित्वको प्रतिक्रिया हो, परमेश्वरको सम्पूर्ण अस्तित्वप्रति।" – वारेन वाएर्सबी

### आराधना भनेको श्रद्धेयपूर्ण समर्पणता हो

बाइबलमा "आराधना" भनेर अनुवाद गरिएको मौलिक हिब्रू र ग्रीक शब्दहरूले परमेश्वरको अघि दण्डवत् गर्नु भन्ने विचार बोक्दछ।[1] यसले आराधनामा संलग्न विन्रम समर्पणलाई बताउँछ। दण्डवत् गर्ने शारीरिक कार्यले हृदयको श्रद्धाभावलाई प्रतिबिम्बित गर्छ। कम्तिमा पनि दोस्रो शताब्दीदेखि, प्रार्थना गर्दा ख्रीष्टियानहरूले श्रद्धाभाव देखाउन घुँडा टेके।

प्रकाश ४:१०-११ मा प्रेरित यूहन्नाले स्वर्गमा गरिने आराधनाको दर्शन देखे:

> तब ती चौबीस जना धर्म-गुरुहरू सिंहासनमा विराजमान हुनुहुनेको सामुन्ने घोप्टो पर्दछन्, र सदासर्वदा जीवित रहनुहुनेलाई दण्डवत् गर्दछन्, र तिनीहरूका आ-आफ्ना मुकुट सिंहासनको सामुन्ने राखेर यसरी गाउँछन्: "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।"

जब कैसरको अघि पराजित राजालाई ल्याइन्थ्यो, उसले कैसरको पाउमा आफ्नो राजमुकुट राखिदिनु र समर्पणमा झुक्नु पर्थ्यो। यूहन्नाले देखाउँछन् कि परमेश्वर, जो कैसरभन्दा कयौं गुणा शक्तिशाली र योग्य हुनुहुन्छ, आराधकहरूको विनम्र समर्पण पाउन योग्य हुनुहुन्छ।

पुरानो करारमा परमेश्वरले विद्रोहीको बलिदान ग्रहण गर्न इन्कार गर्नुभयो। "यी मानिसहरू मुख देखाउन मेरो नजिक आउँछन् र ओठले मेरो आदर गर्छन्, तर तिनीहरूको हृदय भने मदेखि टाढ़ा छ। मप्रतिको तिनीहरूको आराधना केवल मानिसहरूले सिकाएका विधिहरू हुन्।" (यशैया २९:१३)। बाहिरबाट, तिनीहरू आराधक जस्ता देखिन्थे; तिनीहरूले ठीक कुराहरू बोले र ठीक विधिविधानहरू पालना गरे। भित्रबाट, तिनीहरूका हृदय परमेश्वरबाट टाढा थियो। साँचो आराधना हृदयबाट श्रद्धाका साथ समर्पण हुनु हो।

यही सत्य नयाँ करारमा देख्न सकिन्छ। सामरी स्त्रीले आराधना गर्ने भौतिक स्थान यरूशलेम हो या गीरीज्जीम डाँडा भनेर तर्कवितर्क गरिन्। येशुले आराधना गर्ने आत्मिक स्थान, हृदयतिर औंल्याउनु भयो। "परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ" (यूहन्ना ४:२४)। साँचो आराधनामा परमेश्वर प्रतिको समर्पणको आवश्यकता पर्छ।

साँचो आराधनाले आराधना गरिनेको श्रद्धा गर्छ। केही मण्डलीहरूमा आराधनाले परमेश्वरलाई दिनुपर्ने उचित श्रद्धा दिन असफल हुन्छ। हामी पछिल्लो परिभाषामा हेर्ने छौँ, कि आराधनामा आनन्द समावेश हुन्छ, तर यसले परमेश्वरको श्रद्धा पनि गर्छ। यसको अर्थ यो होइन कि आराधनाको

---

[1] हिब्रू शब्द *शाखाह* हो, जसलाई "आराधना," "दण्डवत्," "घोप्टनु," वा "भक्ति" भनेर अनुवाद गरिएको छ। यसको ग्रीक शब्द *प्रोस्कुनेओ* हो, जसलाई नयाँ करारमा "आराधना" वा "दण्डवत" भनेर अनुवाद गरिएको छ।

एउटै मात्र शैली उपयुक्त हुन्छ। तैपनि, यो परिभाषाले हामीलाई यो याद दिलाउँछ कि हामीले आफ्नो आराधनाका अभ्यासहरूबारे निर्णय लिँदा, हामीले यो प्रश्न सोध्नुपर्छ, "कै मैले आराधना गर्ने परमेश्वरप्रति म श्रद्धा देखाउँदै छु?"

**आराधना सेवा हो**

> यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर (रोमी १२:१)।

यो पदले हाम्रो श्रद्धापूर्वकको समर्पणलाई दैनिक जीवनसँग जोड्छ। हामीले आफैलाई जीवित बलिदानको रूपमा अपर्ण गर्‍यौँ भने मात्र हाम्रो सेवा वा आराधना परमेश्वरमा ग्रहणयोग्य हुन्छ। मण्डलीको नियमित भेला महत्त्वपूर्ण छ; सुरुको मण्डलीले सामूहिक आराधनालाई महत्त्व दियो।[2] तैपनि, सार्वजनिक भेला सकिएसँगै आराधना सकिँदैन। साँचो आराधनाले जीवनका सबै क्षेत्रहरूलाई असर गर्छ।

**आराधना प्रशंसा हो**

भजनसंग्रहको पुस्तकमा *प्रशंसा* शब्द १३० भन्दा बढी पटक प्रयोग गरिएको छ। त्यहाँ तीनवटा हिब्रू शब्दहरू छन् जसलाई "प्रशंसा" भनेर अनुवाद गरिएको छ। पहिलो शब्द, *हलाल,* मा उत्सव मनाउने वा घमण्ड गर्ने भन्ने किसिमको धारणा छ। दोस्रो शब्द, *यादह,* को अर्थ प्रशंसा गर्नु, धन्यवाद दिनु वा स्वीकार गर्नु हो। तेस्रो शब्द, *जमार,* को अर्थ "गाउनु" वा "प्रशंसा गाउनु" हो।

यी शब्दहरू, विशेष गरी *हलाल,* ले आराधनाको आनन्दलाई सङ्केत गर्दछ। *हलाल* एक यहूदी व्यक्तिले कसैलाई घमण्ड गर्न प्रयोग गर्ने शब्द हो। आराधनामा, हामी परमेश्वरको बारेमा घमण्ड गर्छौं; आराधनामा, हामी उहाँको भलाइको उत्सव मनाउँछौं; आराधनामा, हामी परमेश्वरको महानतामा रमाउँछौं।




साँचो आराधनाले परमेश्वरलाई आदर गर्दछ; यद्यपि, साँचो आराधनाले परमेश्वरमा हर्ष पनि मनाउँछ! आराधनामा, हामी परमेश्वरको भलाइमा रमाउँछौं। पाठ ६ मा, हामी आराधनामा सङ्गीतको भूमिकाबारे अध्ययन गर्नेछौं। सङ्गीतको, आराधनामा महत्त्वपूर्ण हुन्छ किनभने यसले मण्डलीलाई उत्सवमा सामेल हुन र परमेश्वरको प्रशंसा गर्ने तरिका प्रदान गर्दछ।


**आराधना सङ्गति हो**

आराधना भनेको परमेश्वर र मानिसबीचको सम्बन्ध हो। आराधनामा आराधकहरू बीचको सङ्गति पनि समावेश हुन्छ। ग्रीक शब्द (*कोइनोनिया*) को अर्थ सङ्गति वा साझेदारी हुन्छ जुन प्रायः आराधनाको सन्दर्भमा प्रयोग गरिन्छ। ख्रीष्टियानहरूले आफूलाई प्रेरितहरूको शिक्षा र सङ्गति (*कोइनोनिया*), रोटी भाँच्न र प्रार्थनामा समर्पित गरे (प्रेरित २:४२)। विश्वासीहरूको रूपमा, हामीलाई परमेश्वरका पुत्र, हाम्रा प्रभु येशु ख्रीष्टको सङ्गति (*कोइनोनियामा*) बोलाइएको छ (१ कोरिन्थी १:९)।

आराधनालाई सङ्गतिको रूपमा बुझ्ने एउटा नमुना त्रिएकत्व पनि हो। जसरी परमेश्वरत्वका सदस्यहरू सङ्गतिमा एकअर्कासँग सम्बन्ध राख्छन्, त्यसरी नै हामी एक अर्कासँग र आराधनामा परमेश्वरसँग सम्बन्ध राख्छौं। पृथ्वीमा गरिने आराधनालाई अनन्त त्रिएकत्वसँग सम्बन्धित आशिष्मा, पावलले लेखे, "प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको सङ्गति तिमीहरू सबैसँग रहून्" (२ कोरिन्थी १३:१४)। हामी

[2] हिब्रू 10:25 जस्ता बाइबलको खण्डमा सामूहिक आराधनाको **आज्ञा दिइएको** छ। प्रेरित 2:46-47 जस्ता बाइबलको खण्डलाई सामूहिक आराधना **मानिन्छ**।

ख्रीष्टसँग एक भएको हुनाले, हामी पितासँग पुत्रको सङ्गतिमा आत्माद्वारा भाग लिन्छौं।[3] आराधनामा, हामी त्रिएकत्वको समृद्ध सङ्गतिको अनुभव गर्छौं। हाम्रो पृथ्वीको आराधना त्रिएक परमेश्वरको सिद्ध सहभागितामा आधारित छ।




त्रिएकीय आराधना, अनुग्रहको एउटा अनुभव हो, काम होइन। हाम्रो प्रधान पुजारी येशु ख्रीष्टद्वारा आराधना सम्भव भएको छ। उहाँले हाम्रो अयोग्य आराधना लिनुहुन्छ, यसलाई पवित्र गर्नुहुन्छ, र यसलाई दागरहित र चाउरी बिना पितालाई प्रस्तुत गर्नुहुन्छ। हाम्रो आराधनालाई पिताले येशुको खातिर स्वीकार गर्नुभएको छ, र हामी उहाँको आत्मामा येशुसँग एकताबद्ध छौं।

किनभने यसले परमेश्वरको अनुग्रह कमाउँछ भनेर हामी आराधना गर्दैनौं, तर अनुग्रहद्वारा हामीलाई परमेश्वरसँगको सङ्गतिमा भाग लिने सुअवसर दिइएको छ भनेर हामी आराधना गर्छौं

हाम्रो सीमित *कोइनोनिया* आज (आराधनामा परमेश्वरसँगको सङ्गति **र** अन्य विश्वासीहरूसँगको सङ्गति) स्वर्गीय आराधनाको पूर्वाभ्यास हो। आराधकहरूको रूपमा, हामी सँगी विश्वासीहरूसँग सङ्गति खोज्छौं किनभने पृथ्वीको आराधना अनन्त आराधनाको लागि एउटा पूर्वाभ्यास हो।

### आराधनाले सम्पूर्ण जीवनलाई समावेश गर्दछ

नयाँ नियममा आराधनाको लागि प्रयोग गरिएको अर्को शब्दको रूपमा कहिलेकाहीँ "धर्म" भनेर अनुवाद गरिएको छ:[4]

> यदि कोही मानिसले आफूलाई धर्मी सम्झन्छ, र आफ्नो जिब्रोमा लगाम लाउँदैन, तर आफ्नो हृदयलाई धोका दिन्छ भनेता त्यस मानिसको धर्म व्यर्थ हुन्छ। परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही हो: अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु (याकूब १:२६-२७)।

यो शब्दले आराधना शनिवारको दिनमा हुने सङ्गतिभन्दा पनि बढी कुरो हो भनेर देखाउँछ। बाइबलीय आराधनामा सम्पूर्ण जीवन समावेश छ। आराधना सेवा उपासनाको केन्द्रित अभिव्यक्ति हो, तर आराधना सेवा आफैमा पर्याप्त छैन। हामीले आराधनाको जीवनशैली कायम गर्नुपर्छ। हाम्रो साप्ताहिक सामूहिक आराधना हाम्रो दैनिक जीवनमा देखिनुपर्दछ।

साँचो आराधना दैनिक रूपमा परमेश्वरको समर्पणमा देखिन्छ। याकूबले देखाउँछन् कि यदि मैले शनिवार प्रशंसाको गीत गाउँछु, तर सोमवार मेरो जिब्रोलाई नियन्त्रण गर्न म असफल हुन्छु भने, मेरो आराधना अपूर्ण हुन्छ। शुद्ध र पवित्र आराधनामा व्यावहारिक सेवा (अनाथ र विधवाहरूलाई भेट्ने) र दैनिक आज्ञाकारिता (संसारबाट आफूलाई निर्दोष राख्ने) दुवै समावेश हुन्छन्।

यशैया ६ मा, अगमवक्ताले परमेश्वर आफ्नो सिंहासनमा बस्नु भएको दर्शन देखे। अगमवक्ताको रूपमा यशैयाको सेवा यस अनुभवद्वारा परिवर्तन भयो। यशैयाले प्रभुले सोध्नु भएको कुरा सुने, "म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने?" अनि मैले भनें, "म हाजिर छु। मलाई पठाउनुहोस्!" (यशैया ६:८)। साँचो आराधनाले हाम्रो जीवन परिवर्तन गर्छ र हामीलाई परमेश्वरको इच्छुक र प्रभावकारी सेवक बनाउँछ।

---

[3] James B. Torrance, *Worship, Community, and the Triune God of Grace* (Downers Grove: InterVarsity Press, 1996), 20-21

[4] ग्रीक शब्दले सामान्यतया आराधनाको बाह्य पक्षहरूलाई जनाउँछ। प्रेरित 26:5, कलस्सी 2:18, र याकूब 1:26-27।

► मलाकी १:६-९, १ शमूएल १३:८-१४, लेवी १०:१-३, र प्रेरित ५:१-११ पढ्नुहोस्। यी पवित्रशास्त्रका वचनहरूले आराधनाको बारेमा के सिकाउँछन्?

## आराधना किन महत्त्वपूर्ण छ?

ए.डब्ल्यु टोजरले आराधनालाई आधुनिक मण्डलीको "हराएको गहना" भने। उनले भने कि हामी कसरी प्रचार गर्ने, कसरी सुसमाचार प्रचार गर्ने, र कसरी सङ्गति राख्ने जान्दछौं। यद्यपि, हाम्रा सबै शक्तिहरूका साथ, हामी प्रायः आराधनामा असफल हुन्छौं। हामी प्रचारकले प्रचार गरेको हेर्छौं; हामी आराधना झुण्ड, प्रशंसा टोली, वा एकल गायकले गाएको सुन्छौं; हामी भेटीको समयमा पैसा दिन्छौं। तर हामी अक्सर साँचो आराधना गर्न असफल हुन्छौं; हामी गतिविधिलाई साँचो आराधनाको विकल्पको रूपमा अनुमति दिन्छौं।

आराधना हाम्रो लागि महत्त्वपूर्ण हुनुपर्छ किनभने यो परमेश्वरको लागि महत्त्वपूर्ण छ।

► परमेश्वरले आराधनामा कति महत्त्व राख्नुहुन्छ भनी हेर्न प्रस्थान २०:१-५ पढ्नुहोस्।

पहिलो दुई आज्ञाहरू आराधनासँग सम्बन्धित छन्। पहिलो आज्ञाले हामीलाई बताउँछ कि **हामी कसको आराधना गर्छौं**। "मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू।" (प्रस्थान २०:३)। दोस्रो आज्ञाले हामी कसरी आराधना गर्छौं भनेर हामीलाई बताउँछ। "आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू..." (प्रस्थान २०:४)। त्यसपछि, प्रस्थान २० को अन्तिम पदहरूमा, परमेश्वर आराधनाको विषयतिर फर्कनुहुन्छ। यी पदहरूले इस्राएललाई कसरी तिनीहरूको वेदीहरू निर्माण गर्ने र कसरी आदरपूर्वक वेदीमा पुग्ने भनेर सिकाउँछन्।

► प्रस्थान २०:२३-२६ पढ्नुहोस्। परमेश्वरको लागि आराधना महत्त्वपूर्ण छ!

पवित्रशास्त्रमा आराधनाले मुख्य भूमिका खेलेको छ। प्रस्थान र लेवीले इस्राएलको आराधनाको लागि विशेष निर्देशन दिन्छ। भजनसंग्रहले आराधनाको लागि भजन पुस्तक प्रदान गर्दछ। सुसमाचारका पुस्तकहरूमा, हामी मानिसहरूलाई येशुको आराधना गर्न घोप्टो परिरहेका देख्छौं।

► मत्ती २:११, मत्ती ८:२, मत्ती ९:१८, मत्ती १४:३३, मत्ती १५:२५, मत्ती २८:१७ पढ्नुहोस्।

प्रेरितको पुस्तकमा, मण्डली आराधनाको लागि भेला हुन्छ।[5] आफ्ना पत्रहरूमा, पावलले मण्डलीमा आराधना गर्ने अभ्यासहरूलाई सम्बोधन गर्दछन् (१ कोरिन्थी ११ र १ तिमोथी २)। प्रकाशको पुस्तकले हामीलाई परमेश्वरको सिंहासनमा भइरहेको आराधनाको झलकको लागि स्वर्गमा हेर्न अनुमति दिन्छ। पृथ्वीमा गरिने आराधना भनेको स्वर्गमा गरिने आराधनाको पूर्वाभ्यास हो (प्रकाश ४-५)। परमेश्वरको लागि आराधना महत्त्वपूर्ण छ।

### आराधना महत्त्वपूर्ण छ किनभने आराधनामा हामी परमेश्वरलाई देख्छौं

► यशैया ६:१-८ पढ्नुहोस्। मन्दिरमा यशैयाले गरेका अनुभवको चर्चा गर्नुहोस्।

यशैया ६ ले आराधनाको महत्त्वपूर्ण बाइबलीय चित्र प्रदान गर्दछ। यसले देखाउँछ कि आराधनामा हामी परमेश्वरलाई देख्छौं। मन्दिरमा, यशैयाले प्रभुलाई उचालिएको देखे।

यो सत्य, पवित्रशास्त्रभरि दोहोऱ्याइएको छ। प्रभुको दिनमा आराधना गर्दा यूहन्नाले आफ्नो स्वर्गीय दर्शन देखे (प्रकाश १:१०)। जसै पावल र सिलासले प्रार्थना र भजनमा आराधना गरे, परमेश्वरले आफ्नो शक्ति प्रकट गर्नुभयो (प्रेरित १६:२५-२६)। दाऊदले पीडा सहे जसले गर्दा तिनले यसो भनेर पुकारा गर्न थाले, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?" (भजनसंग्रह २२:१)। आफ्नो दुःखको बीचमा,

[5] प्रारम्भिक समयका ख्रीष्टियानहरूले मन्दिर र सभाघरमा आराधना गर्न जारी राखे (प्रेरित 2:46-47, प्रेरित 3:1-11, प्रेरित 5:12, 21, 42)। यसबाहेक, ख्रीष्टियानहरू प्रार्थना, शिक्षा र सङ्गतिको लागि घरहरूमा भेला भए। यी सबै आराधनाका विभिन्न पक्षहरू हुन् (प्रेरित 2:46-47, प्रेरित 4:31, प्रेरित 5:42)।

दाऊदले आराधना र प्रशंसाद्वारा परमेश्वरलाई देखे। "तापनि तपाईं परमपवित्र, सिंहासनमा विराजमान हुनुहुन्छ, तपाईं इस्राएलका प्रशंसा हुनुहुन्छ।" (भजनसंग्रह २२:३)। आराधनामा हामी परमेश्वरलाई देख्छौं।

**आराधना महत्त्वपूर्ण छ किनभने आराधनामा हामी आफैलाई देख्छौं र रूपान्तरित हुन्छौं**

मन्दिरमा, यशैयाले प्रभुलाई उचालिएको मात्र देखेका होइन, तर उनले आफूलाई पनि देखे। जब यशैयाले परमेश्वरलाई आफ्नो सिंहासनमा देखे, उनले भने, "धिक्कार! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ..." (यशैया ६:५)। साँचो आराधनाले हामी आफूलाई परमेश्वरले जस्तै देख्ने अनुमति दिन्छ।

यही कारणले गर्दा आराधनाहरूले परम्परागत रूपमा स्वीकारको प्रार्थना समावेश गरेको छ। स्वीकारको प्रार्थनाले यसो भन्दैन, "हामीले परमेश्वरको व्यवस्थाको विरुद्धमा विद्रोह गरेका छौं र जानाजानी पाप गरेका छौं।" स्वीकारको प्रार्थनाले यो मान्यता दिन्छ, "पवित्र परमेश्वरको पूर्ण शुद्धताको तुलनामा सबैभन्दा शुद्ध मानव हृदय पनि अशुद्ध छ। हामी परमेश्वरको अनुग्रहको निरन्तर आवश्यकतामा खडा छौं।"

आराधनामा, हामी आफूलाई पवित्र परमेश्वरको आँखाबाट देख्छौं। आराधना बाहेक, यो दृश्य एक डरलाग्दो अनुभव हुनेछ। यद्यपि, किनकि हामीले परमेश्वरलाई देखिसकेका छौं, हामी शुद्ध छौं, तर दोषी ठहराइएका छैनौं। किनभने हामीले परमेश्वर र उहाँको अनुग्रह देखेका छौं, हामी आफैलाई इमानदारीपूर्वक देख्छौं, उहाँको आवश्यकतालाई स्वीकार गर्छौं, र हाम्रो जीवनमा उहाँको अनुग्रह दाबी गर्छौं।

आराधनाले हामी को हौं भनेर प्रकट गर्छ, तर यसले हामीलाई भेटेकै रूपमा त्यसै छोड्दैन। परमेश्वरको शुद्धताको प्रकाशमा, यशैयाले आफूलाई अशुद्ध देखे। यद्यपि, निराशाको सट्टा आराधनाले रूपान्तरण ल्यायो।

> तब चिम्टाले वेदीबाट आगोको भुङ्ग्रो हातमा लिएर सराफहरूमध्ये एक जना मकहाँ उड़ेर आए। तिनले मेरो मुख त्यस भुङ्ग्रोले छोएर भने, ‘‘हेर, यसले तिम्रो ओठ छोएको छ। अब तिम्रो अधर्म मेटियो, र तिम्रो पापको प्रायश्चित भयो" (यशैया ६:६-७)।

यशैया पवित्र परमेश्वरसँगको भेटद्वारा परिवर्तन भएका थिए।

साँचो आराधनाले आराधकलाई परिवर्तन गर्छ—मन्दिरमा रहेका यशैया, इनारको छेउमा बसेकी एक सामरी स्त्री र येशुको रूपान्तरण भएको पहाडमा रहेका चेलाहरू। परमेश्वरसँगको भेटले आराधकलाई रूपान्तरण गर्छ।

**आराधना महत्त्वपूर्ण छ किनभने आराधनामा हामी हाम्रो संसारलाई देख्छौं**

> "आराधना गर्न जानुहोस्—सेवा गर्न छोड्नुहोस्"
>
> - मण्डलीको ढोका माथि टाँसिएको लेखा

आराधनामा, यशैयाले परमेश्वरलाई देखे; उसले आफैलाई देख्यो; उनले आफ्नो संसारको आवश्यकतालाई देखे। "अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु" (यशैया ६:५)। जवाफमा, उनले भने, "म हाजिर छु। मलाई पठाउनुहोस्!" (यशैया ६:८)। यो आराधनामा समावेश छ कि हामी खाँचोमा परेको संसारको लागि प्रभावकारी सेवाको लागि सुसज्जित छौं।

साँचो आराधनाले सम्पूर्ण जीवनलाई असर गर्छ भनेर हामीले पहिले देख्यौं। केही मण्डलीहरूले आराधना र सुसमाचारलाई अलग गरेका छन्। तिनीहरू भन्छन्, "हाम्रो मण्डलीको केन्द्रबिन्दु सुसमाचार प्रचार हो। अन्य मण्डलीहरूले आराधनामा ध्यान केन्द्रित गर्न सक्छन्।" वा तिनीहरू भन्छन्, "हाम्रो लक्ष्य आराधना हो। हामी सुसमाचार प्रचार र मिशनको काम अरू कसैलाई छोड्नेछौं। " यसले आराधनाको गलत बुझाइ देखाउँछ। आराधनामा, हामी परमेश्वरलाई हाम्रो संसारको आवश्यकताहरू देखाउन अनुमति दिन्छौं। साँचो आराधनाको परिणाम सुसमाचार प्रचार हुनेछ।

साँचो आराधनाले यशैयाको आवश्यकता प्रकट गऱ्यो।—र उनी आराधनाद्वारा रूपान्तरित भए। साँचो आराधनाले यशैयाको संसारको आवश्यकता प्रकट गऱ्यो।—र उनले त्यो संसारलाई परिवर्तन गर्न आफूलाई समर्पित गरे। आराधनामा, हामी हाम्रो संसारको सेवा गर्ने जोश प्राप्त गर्नेछौं। साँचो आराधनाको लागि आवश्यक प्रतिक्रिया हो, "म हाजिर छु। मलाई पठाउनुहोस्!"

ओस्वाल्ड चेम्बर्सले सम्भावित मिसनरीहरूलाई चेतावनी दिए, "यदि तपाईंले दैनिक अवसरहरूमा आराधना गरिरहनुभएको छैन भने, जब तपाईं परमेश्वरको काममा संलग्न हुनुहुन्छ, तपाईं आफैं मात्र बेकार हुनुहुनेछैन तर तपाईंको वरपरका मानिसहरूका लागि पनि अवरोधको कारण हुनुहुनेछ।"[6]

चेम्बरले प्रभावकारी सेवाको लागि तयारीको रूपमा आराधनाको महत्त्व बुझे। आराधनामा, परमेश्वरले हाम्रो वरपरको संसारको आवश्यकताहरू प्रकट गर्नुहुन्छ र हामीलाई ती आवश्यकताहरू पूरा गर्न तयार गर्नुहुन्छ।

**आराधना महत्त्वपूर्ण छ किनभने आराधना गर्न असफल हुनुले हामीलाई परमेश्वरबाट अलग गर्छ**

► रोमी १:१८-२५ पढ्नुहोस्। झूटो आराधना र पाप बीच के सम्बन्ध छ?

रोमीको सुरुमा, पावलले देखाउँछन् कि, किन मानिस परमेश्वरको सामु दोषी ठहरिन्छ। उनले देखाउँछन् कि अहिलेको मानिसको पतित अवस्था साँचो परमेश्वरको आराधना गर्न इन्कार गरिएको परिणाम हो। पावलले रोमी १:२१-२५ मा वर्णन गरेको प्रक्रियालाई ध्यान दिनुहोस्:

१. तिनीहरूले परमेश्वरको आराधना गरेनन्। "किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढ़ाए..." (रोमी १:२१)। "किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे" (रोमी १:२५)।

२. फलस्वरूप "...तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो। बुद्धिमान् छु भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे" (रोमी १:२१-२३)।

३. इन्साफमा "परमेश्वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो..." (रोमी १:२४)।

मानिसजातिको मूर्खता, भ्रष्टता र अभिलाषामा पतन हुनु भनेको मानिसहरूले परमेश्वरको आराधना गर्न इन्कार गरेको परिणाम हो भनी पावलले देखाउँछन्। तिनीहरूले परमेश्वरको आराधना गरेनन्; तिनीहरूले सृष्टिकर्ताको सट्टा सृष्टिको पूजा र सेवा गरे।

सबैले आराधना गर्छन्। ख्रीष्टियानहरू परमेश्वरको आराधना गर्छन्। एक मुस्लिम अल्लाहको आराधना गर्दछ। नास्तिकले आफ्नो बुद्धिको आराधना गर्छ। सबैले आराधना गर्छन्। यदि हामीले सृष्टिकर्ताको आराधना गर्न अस्वीकार गर्यौं भने, हामी सृष्टिको आराधना गर्नेछौं।

आराधना महत्त्वपूर्ण छ। साँचो परमेश्वरको साँचो आराधनाले हामीलाई उहाँको स्वरूपमा परिवर्तन गर्छ। झूटा देवताको आराधनाले हामीलाई त्यो देवताको स्वरूपमा परिवर्तन गर्छ। हामी जसको आराधना गर्छौं त्यस्तै बन्छौं।

[6] Oswald Chambers, *My Utmost for His Highest*, (सेप्टेम्बर 10 प्रविष्टि)। जुलाई 21, 2020 मा https://utmost.org/missionary-weapons-1/ बाट प्राप्त।

## आराधनामा तीन लक्ष्यहरू

मार्भा ड्वन साँचो आराधनाका तीन लक्ष्यहरू पहिचान गरे।[7] आराधनामा, हामी:

**(१) आराधनामा, हामी परमेश्वरसँग भेट्छौं।**

कुनै पनि आराधना सेवा जसले हामीलाई परमेश्वरसम्म पुऱ्याउँदैन भने त्यो साँचो आराधना हुनबाट चुक्दछ। यसको मतलब यो होइन कि हरेक आराधना सेवा भावनात्मक वा नाटकीय हुनेछ। यसको मतलब यो पनि होइन कि हरेक सेवामा आराधनाको विषयवस्तु हुनेछ। तर हरेक सेवामा, हामीले आफूलाई परमेश्वरको उपस्थितिमा भेट्टाउनुपर्दछ। यो उपदेशबाट प्राप्त सत्य मार्फत हुन सक्छ; यो परमेश्वरको वचन पढेर हुन सक्छ; यो परमेश्वरको प्रशंसा गर्ने गीत मार्फत हुन सक्छ; यो प्रार्थनाको समयमा हुन सक्छ जुन समयमा हामीले परमेश्वरसँग हिँड्नको लागि नयाँ शक्ति प्राप्त गर्छौं। कुनै न कुनै रूपमा, प्रत्येक सेवाले हामीलाई परमेश्वरसँगको भेटमा ल्याउनै पर्छ।

**(२) आराधनामा, हामी ख्रीष्टियान चरित्र बनाउँछौं।**

आराधनामा, हामी आफैलाई देख्छौं र रूपान्तरण हुन्छौं। आराधनामा, हामी सत्यहरू सिक्छौं जसले हाम्रो ख्रीष्टियान चरित्रलाई आकार दिन्छ। जब हामी परमेश्वरको आराधना गर्छौं, हाम्रो चरित्र उहाँको स्वरूपमा थप र अधिक पुन: निर्माण हुन्छ। हामी जसको आराधना गर्छौं त्यस्तै बन्छौं।

**(३) आराधनामा हामी ख्रीष्टियान समुदाय निर्माण गर्छौं।**

आराधनामा, हामी हाम्रो वरपरको संसार देख्छौं र त्यस संसारको आवश्यकताहरू पूरा गर्न आफूलाई प्रतिबद्ध गर्छौं। जब हामी यो गर्छौं, मण्डलीको निर्माण हुन्छ, र विश्वासीहरू हर किसिमले ख्रीष्टमा बढ्छन्, जो शिर हुनुहुन्छ (एफिसी ४:१५)। साँचो ख्रीष्टियान समुदाय निर्माण गर्नको लागि साँचो आराधना एक साधन हो।

## कुन प्रकारको आराधना परमेश्वरलाई स्वीकार्य हुन्छ?

► तपाईंलाई कस्तो प्रकारको आराधनालाई परमेश्वरले स्वीकार गर्नुहुन्छ जस्तो लाग्छ?

येशुले सामरी स्त्रीलाई भन्नुभयो कि साँचो आराधकहरूले उहाँलाई आत्मा र सत्यतामा आराधना गर्छन् (यूहन्ना ४:२३-२४)। त्यहाँ एक साँचो आराधना छ जुन परमेश्वरलाई स्वीकार्य छ; यसले झुटो आराधना स्वीकार्य छैन भन्ने संकेत गर्दछ।[8]

आराधनाका अगुवाहरूले प्रायः सोध्छन्, "के हाम्रो आराधनाले मण्डलीलाई उत्प्रेरित गऱ्यो? के यसले मानिसहरूलाई रमाइलो शैलीमा सञ्चार गऱ्यो?" धर्मशास्त्रले अझ महत्त्वपूर्ण प्रश्नहरू देखाउँछ, "के हाम्रो आराधनाले परमेश्वरलाई आदर गऱ्यो? के हामीले परमेश्वरलाई उहाँको इच्छाअनुसार आराधना गऱ्यौं? के उहाँलाई हाम्रो आराधना स्वीकार्य छ?"

### परमेश्वरले अस्वीकार गर्ने आराधना

***परमेश्वरले अज्ञानी आराधना स्वीकार गर्नुहुन्न।***

सामरी स्त्रीलाई थाहा थिएन कि उसले के आराधना गरिन् (यूहन्ना ४:२२)। एथेन्समा, पावलले अज्ञात देवताको आराधना गर्ने मानिसहरूलाई देखे (प्रेरित १७:२३)।

---

[7] Marva Dawn, *Reaching Out Without Dumbing Down* (Grand Rapids: Eerdmans, 1995)

[8] यस खण्डका केही अंशहरू David Jeremiahका भनाइबाट लिएका छन्। *Worship (CA: Turning Point Outreach, 1995), 20-24*।

पाठ २ मा हामीले आराधना गर्ने परमेश्वरको प्रकृतिको अध्ययन गर्नेछौं। जब हामी परमेश्वरलाई साँच्चै चिन्दैनौं, हाम्रो आराधना बेमतलबीको हुन्छ; यो एक अज्ञात परमेश्वरको आराधना हो। हामी एक धार्मिक विधिको गतिमा जान्छौं,[9] तर हाम्रो आराधना अज्ञात परमेश्वरको हो। आराधनाले आराधकलाई परमेश्वरको स्वरूप प्रकट गर्नुपर्छ। हामीले परमेश्वरका गुणहरू बोल्ने गीतहरू गाउनु पर्छ; हामीले परमेश्वरको बारेमा सत्य बोल्ने पवित्रशास्त्र पढ्नुपर्छ। हामीले परमेश्वरको स्वभाव प्रकट गर्ने उपदेशहरू प्रचार गर्नुपर्छ। हामीले अज्ञात परमेश्वरको आराधना स्वीकार गर्नु हुँदैन।

### *परमेश्वरले मूर्तिपूजालाई स्वीकार गर्नुहुन्न।*

मूर्ति भनेको यस्तो कुनै पनि चीज हो जसले जीवनको कुनै पनि पक्षमा सर्वोच्च अधिकारको रूपमा परमेश्वरको उचित स्थान लिन्छ। संसारका केही क्षेत्रहरूमा मूर्तिहरू मूर्तिपूजक मानिसहरूको देवताहरूको प्रतिमाहरू हुन्। संसारका अन्य क्षेत्रहरूमा, मूर्तिहरू भनेको काम, बैंक खाता, घर र मनोरञ्जन हुन्। हाम्रो जीवनमा परमेश्वरको उचित स्थान लिने कुनै पनि चीज मूर्ति हो। यदि हामी आइतवार मण्डली जान्छौं तर हाम्रो दैनिक जीवनमा अन्य चीजहरूलाई अन्तिम अधिकार लिन अनुमति दिन्छौं भने, हामी मूर्तिको सेवा गरिरहेका छौं।

### *परमेश्वरले निम्न स्तरको आराधना स्वीकार गर्नुहुन्न।*

► निम्न स्तरको आराधनाका केही उदाहरणहरू दिनुहोस्।

अगमवक्ता मलाकीले इस्राएलको आराधना परमेश्वरलाई अपमानजनक भएको चेतावनी दिए। तिनीहरूले विरोध गरे, "हामीले कसरी परमेश्वरलाई अपमान गरेका छौं?" मलाकीले जवाफ दिए,

> "जब तिमीहरूले अन्धा पशुहरू बलिदान चढ़ाउन ल्याउँछौ, तब के त्यो भूल कुरो होइन र? जब तिमीहरूले लङ्गड़ा र बेथा लागेका पशुहरू बलिदान चढ़ाउँदछौ, तब के त्यो भूल कुरो होइन र? ती तिमीहरूका राज्यपाललाई चढ़ाउन कोशिश गर। के तिनी तिमीहरूदेखि खुशी हुनेछन्? के तिनले त्यो ग्रहण गर्नेछन्?" सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ (मलाकी १:८)।

तिनीहरूले आफ्नो राज्यको राज्यपाललाई उपहारको रूपमा लङ्गडा जनावर कहिल्यै ल्याउने थिएनन्, तर तिनीहरूले सारा जगतका सर्वशक्तिमान परमेश्वरलाई बलिदानको रूपमा लङ्गडा जनावरहरू ल्याए।

केही मानिसहरू विश्वास गर्छन् कि आराधनाका बाहिरी पक्षहरू महत्त्वपूर्ण छैनन् किनभने परमेश्वरले हृदयलाई हेर्नुहुन्छ। यो सत्य हो कि परमेश्वरले हृदयलाई हेर्नुहुन्छ। यद्यपि, यो धर्मशास्त्रमा स्पष्ट छ कि आराधनाका बाहिरी पक्षहरू परमेश्वरको लागि महत्त्वपूर्ण छन्। प्रस्थान र लेवीले आराधनाको लागि परमेश्वरको आवश्यकताहरूको विस्तृत निर्देशन दिन्छन्। भेट हुने पालका लागि निर्देशनहरू सटीक थिए। परमेश्वरले पुजारीहरूले लगाउने लुगाहरूका लागि विस्तृत निर्देशनहरू दिनुभयो। प्रस्थान ३९-४० मा, इस्राएलको आज्ञाकारिता देखाउनको लागि "परमप्रभुले मोशालाई आज्ञा गर्नुभएबमोजिम" भन्ने वाक्यांशलाई १३ पटक दोहोऱ्याइएको छ। आराधनाका विशिष्टताहरू परमेश्वरको लागि महत्त्वपूर्ण थिए। उहाँलाई इस्राएलको उत्कृष्टता चाहिएको थयो।

जब हामी परमेश्वरलाई हाम्रो उत्तम कुराभन्दा कम दिन्छौं तब हामी तुच्छ आराधना चढाउँदछौं। अहिले हामीले परमेश्वरलाई पशुको बलि नचढाए तापनि, यी सिद्धान्तहरू अझै महत्त्वपूर्ण छन्। मलाकीमा सोधिएका प्रश्नहरूले आजको हाम्रो आराधनाको बारेमा हामीले सोध्नुपर्ने प्रश्नहरूलाई उल्लेख गर्छ।

---

[9] लिटर्जी सार्वजनिक आराधनाको समयमा प्रयोग गरिने एउटा योजना हो। लिखित निर्देशनहरूको साथ लिटर्जीलाई धेरै व्यवस्थित गर्न सकिन्छ। आराधकहरूको लागि कुनै लिखित निर्देशनहरू बिना यो धेरै अनौपचारिक हुन सक्छ। यस पाठ्यक्रममा, "लिटर्जी" शब्दले आराधनाको लागि कुनै पनि योजनालाई जनाउँछ। कोही-कोही मानिसहरूले योजनाबद्ध आराधना साँचो आराधना होइन भनी सुझाव दिएर सबै आराधनाको आलोचना गर्छन्। हामी "लिटर्जी" शब्दलाई धेरै सामान्य अर्थमा प्रयोग गर्नेछौं। योजनाबद्ध आराधना रित्तो हुन सक्छ, वा यो परमेश्वरको उपस्थितिले भरिन सक्छ।

- **पास्टरहरू**: "यदि गभर्नर मेरो वचन सुन्ने श्रोताहरूमा हुन्थे भने के म मेरो वचनको भागलाई अझ सावधानीपूर्वक तयार गर्ने थिएँ? के म परमेश्वरको लागि लङ्गडो बलिदान ल्याइरहेको छु?"

- **सङ्गीतकारहरू**: "यदि प्रसिद्ध सङ्गीतकार श्रोतामा थिए भने के म अझ सावधानीपूर्वक अभ्यास गर्थें? के म परमेश्वरको लागि लङ्गडो बलिदान ल्याइरहेको छु?"

- **सर्वसाधारणहरू**: "यदि राष्ट्रपति वक्ता हुनुहुन्थ्यो भने के म यो वचनलाई अझ ध्यान दिएर सुन्थेँ? के म परमेश्वरको लागि लङ्गडो बलिदान ल्याइरहेको छु?"

***परमेश्वरले घमण्डी आराधना स्वीकार गर्नु हुन्न।***

परमेश्वरले हाम्रो उत्तम बलिदानभन्दा अर्को बलिदान स्वीकार गर्नुहुन्न। यद्यपि, त्यहाँ एक विपरीत खतरा छ जुन हामीले बेवास्ता गर्नुपर्छ। घमण्डी र अहङ्कारी हृदयको बलिदानलाई परमेश्वरले स्वीकार गर्नुहुन्न। यद्यपि हामीले हाम्रो सबै भन्दा उत्तम बलिदान परमेश्वरलाई ल्याउँछौं, हामीले यो स्वीकार गर्नुपर्दछ कि हामीले ल्याउने कुनै पनि कुरा वास्तवमा परमेश्वरको लागि योग्य छैन। हाम्रो सबै भन्दा उत्तम बलिदान जुन केवल परमेश्वरको लागि योग्य छ त्यसको एक सानो प्रतीक हो। हामी नम्रताका साथ परमेश्वरको उपस्थितिमा आउँछौं, कहिल्यै घमण्ड र आत्म-मूल्यको मनोवृत्तिको साथ होइन।

### आराधना जुन परमेश्वरले स्वीकार गर्नुहुन्छ

यदि यी आराधनाका विशेषताहरू परमेश्वरलाई स्वीकार्य छैनन् भने, परमेश्वरले कस्तो प्रकारको आराधना स्वीकार गर्नुहुन्छ?

***ग्रहणयोग्य आराधना परमेश्वरमा केन्द्रित हुन्छ।***

यशैया ६ जस्तै, प्रकाश ४ ले स्वर्गमा झ्याल खोल्छ। प्रकाश ४ मा, आराधकहरूको ध्यान सिंहासनमा विराजमान हुनुभएको प्रति केन्द्रित छ। साँचो आराधना परमेश्वरमा केन्द्रित हुन्छ। साँचो आराधनाले परमेश्वरलाई आराधनाको योग्यको रूपमा औंल्याउँछ।

***ग्रहणयोग्य आराधनाले परमेश्वरलाई दिनुपर्ने महिमा दिन्छ।***

भजनसंग्रह ९६:७-८ ले आराधनाको उद्देश्यलाई देखाउँछ:

> जाति-जातिका परिवार हो, परमप्रभुलाई चढ़ाओ, परमप्रभुलाई महिमा र शक्ति चढ़ाओ। परमप्रभुलाई उहाँको नाउँअनुसारको महिमा चढ़ाओ, भेटी लिएर उहाँको मन्दिरमा प्रवेश गर।

आराधनाले परमेश्वरले पाउनुपर्ने महिमा उहाँलाई दिन्छ। हामीले जुनसुकै गीत गाउँछौं, हामीले उत्तेजित गर्ने भावनाहरू वा दर्शकहरूबाट हामीले प्राप्त गरेको प्रतिक्रिया, परमेश्वरको महिमा नगर्ने आराधनाले आफ्नो उद्देश्य पूरा गर्न असफल भएको छ।

आराधनाको उद्देश्य मेरो लागि आशीर्वाद प्राप्त गर्नु होइन; आराधनाको उद्देश्य परमेश्वरलाई आदर र महिमा दिनु हो। जब हामी आराधना गर्छौं, हामी प्रायः आशिष् पाउँछौं-तर हाम्रो आशीर्वाद आराधनाको लागि प्रेरणा होइन। आराधनाको प्रेरणा भनेको परमेश्वरको सम्मान हो।

आराधनाको उद्देश्यलाई पहिचान गर्दा हामीले प्रायः आराधनाको बारेमा सोध्ने प्रश्नलाई परिवर्तन गर्छ। "के आजको आराधनाको मैले आनन्द उठाएँ?" भनेर प्रश्न गर्नुको साटो, हामीले यो प्रश्न गर्ने छौं, "के आजको आराधनाले परमेश्वरको सम्मान गऱ्यो?" हामीले आराधनाको उद्देश्यलाई अझ राम्ररी बुझेपछि, हामी हाम्रो ध्यान स्वयंबाट परमेश्वरमा परिवर्तन गर्नेछौं।

***ग्रहणयोग्य आराधना आत्मा र सत्यतामा गरिने आराधना हो।***

यूहन्ना ४ मा सामरी स्त्रीसँग येशुको कुराकानीमा, उहाँले तिनलाई भन्नुभयो कि परमेश्वरको आराधना गर्नेहरूले आत्मा र सत्यतामा परमेश्वरको आराधना गर्नुपर्छ (यूहन्ना ४:२४)। यो आराधनाको लागि सही ढाँचा हो।

सामान्यतया जब हामी आराधनाका ढाँचाहरू छलफल गर्छौं, हामी सङ्गीत शैलीहरू, लिटर्जीको क्रम, र फारमको अन्य मामिलाहरू छलफल गर्छौं। नयाँ नियमको मण्डलीमा आराधना गर्ने अभ्यासहरूबारे विस्तृत जानकारीको अभावले धेरै मानिसहरू निराश भएका छन्। नयाँ नियमको आराधनाको बारेमा हामीलाई थाहा नभएका सबै कुराहरू विचार गर्नुहोस्:

- **हामीलाई थाहा छ उनीहरूले भजन गाए।** हामीलाई थाहा छैन तिनीहरूले कुन धुन प्रयोग गरे; हामीलाई थाहा छैन कि तिनीहरूले कुन वद्यवाधनहरूको प्रयोग गरे; हामीलाई थाहा छैन उनीहरूले कुन नयाँ गीत गाए।

- **हामीलाई थाहा छ तिनीहरूले प्रार्थना गरे।** हामीलाई थाहा छैन कि तिनीहरू सबैले ठूलो स्वरमा प्रार्थना गरे वा गरेनन्, तिनीहरूले सानो समूहमा प्रार्थना गरे, वा एउटा व्यक्तिले प्रार्थनाको नेतृत्व गरे। हामीलाई थाहा छैन कि उनीहरूले लिखित प्रार्थनाहरू (भजनहरू) वा इवाट्ट गरिहाल्ने प्रार्थनाहरू मात्र प्रयोग गरे।

- **हामीलाई थाहा छ तिनीहरूले प्रचार गरे।** उनीहरूले कति समयसम्म प्रचार गरे, उनीहरूले कस्तो प्रचार शैली प्रयोग गरे, वा प्रत्येक सेवामा वचनको सेवा थियो वा थिएन भन्ने कुरा हामीलाई थाहा छैन।

नयाँ करार र केही दशक पछि लेखिएको एउटा पाठ बाहेक, हामीसँग आराधनाको लागि प्रारम्भिक मण्डलीका ढाँचाहरूको बारेमा थोरै जानकारी छ।[10]

विद्वानहरूको लागि, यो जानकारीको कमी निराशाजनक छ। यद्यपि, सायद यसले देखाउँछ कि हामीले सबैभन्दा महत्त्वपूर्ण ठानेका मुद्दाहरू परमेश्वरले सबैभन्दा महत्त्वपूर्ण ठान्नुभएको मुद्दाहरू होइनन्! जब येशुले आराधनाको ढाँचाको बारेमा छलफल गर्नुभयो, उहाँले दुईवटा मुद्दाहरूमा ध्यान केन्द्रित गर्नुभयो: आत्मा र सत्यता। यी मुद्दाहरू साँचो आराधनाको लागि सबैभन्दा महत्त्वपूर्ण छन्।

आत्मामा गरिने आराधनाले सायद मानव आत्मालाई बुझाउँछ। आराधना मन विहीनको रीतिरिवाज हुनुहुँदैन; यसमा आत्मा समावेश हुन्छ। यो साँचो आराधना हो; यो हृदयबाट आउँछ।

| **आत्मामा आराधना गर्नु?** |
|---|
| १९९४ मा, टोरन्टोको भाइनयार्ड मण्डलीले एक पुनरुत्थानको रिपोर्ट गर्‍यो जसमा मानिसहरू हाँसे, सिंह जस्तै गर्जे, र "क्रन्च्ड" (भावनाहरू सफा गर्ने बान्ता जस्तै)। "पवित्र हाँसो" को समयमा, मानिसहरू कहिलेकाहीं उन्मादमा गए। परमेश्वरको वचनलाई खोजकर्ताहरूको हृदयमा गहिरो रूपमा काम गर्न अनुमति दिनुको सट्टा, "टोरन्टो ब्लेसिङ" ले भावनात्मक प्रतिक्रिया मात्र खोज्यो। के यो आत्मामा गरिएको आराधना हो? के यो साँचो आराधना हो? |

सत्यतामा आराधना गर्ने कुरा बाइबलीय शिक्षासँग मेल खान्छ। यो एक राम्रो भावना वा भावनात्मक प्रतिक्रिया भन्दा बढी हुन्छ। पास्टरहरू र आराधनाका अगुवाहरूको रूपमा, हामी हाम्रो आराधनाको प्रत्येक पक्षको मूल्याङ्कन गर्छौं, "के यो सत्य हो?" हामीले प्रचार गर्ने शब्दहरू, हामीले

[10] द *Didache* (द टिचिङ) पहिलो वा दोस्रो प्रारम्भिक शताब्दीको छोटो पाठ हो। *Didache* ख्रीष्टियान नैतिकता, मण्डली विधिविधानहरू, र मण्डली संगठनको शिक्षा समावेश छन्।

गाउने गीतका शब्दहरू, र हामीले प्रार्थना गर्ने शब्दहरू पवित्रशास्त्रमा विश्वासयोग्य हुनुपर्छ। परमेश्वर खाली शब्दहरूले प्रभावित हुनुहुन्न; उहाँ आत्मा र सत्यतामा गरिएको आराधना खोज्दै हुनुहुन्छ (यूहन्ना ४:२४)।

| सत्यतामा आराधना गर्नु? |
| --- |
| पास्टर विकासले आराधनामा सङ्गीतको महत्त्व बुझेका छन्। उनी पुराना भजनको प्रशंसा गर्छन्, तर नयाँ गीतलाई पनि स्वागत गर्छन्। धेरै मण्डलीहरूमा लोकप्रिय भएको एउटा गीतले विश्वासीहरू निरन्तर जानीजानी पापमा फस्छन् र त्यसपछि पुनर्स्थापना खोज्छन् भनी सिकाउँछ। गीतले विजयी ख्रीष्टियान जीवनको कुनै प्रतिज्ञा दिँदैन। गीत सुनेर विकासले भने, "यो गीत पवित्रशास्त्रसँग सत्य छैन, तर यो एउटा गीत मात्र हो। मानिसहरू सङ्गीतको मन पराउँछन्; उनीहरूको लागि शब्दहरू महत्त्वपूर्ण छैनन्।" के यो सत्यतामा गरिएको आराधना हो? |

## आराधनाका खतराहरू: साँचो आराधनाको विकल्पहरू

येशुले साँचो आराधनाको बारेमा बताउनुभयो। यदि साँचो आराधना छ भने, त्यहाँ झुटो आराधना पनि हुनेछ। मार्टिन लुथरले प्रायः एउटा जर्मन उखान उद्धृत गरे, "जहाँ परमेश्वरले मण्डली बनाउनुहुन्छ, त्यसकै छेउमा शैतानले च्यापल बनाउँछ।" शैतानले हामीलाई साँचो आराधनाको लागि झूटा विचारहरू बदल्न प्रोत्साहन दिन मन पराउँछ। हामीले आराधना गर्ने परमेश्वरको मागलाई पछयाउनको सट्टा संस्कृतिको मागलाई पछयाउने आराधनालाई हामीले प्रायः अनुमति दिएका छौं। साँचो उपासनाका केही विकल्पहरू के-के हुन्?

### म्याकवर्सिप

म्याकवर्सिप भनेको त्यो आराधना हो जसले परमेश्वरलाई खुशी पार्नुको सट्टा व्यक्तिगत सुविधामा केन्द्रित हुन्छ। संसारमा ३५,००० म्याकडोनाल्डसहरू छन्। हरेक दिन ६ करोड ८० लाख ग्राहकहरूले म्याक डोनाल्डमा खान्छन्। यो म्याकडोनाल्डमा उत्कृष्ट खाना पाइने कारणले गर्दा होइन। यो तिनीहरूले एकदमै स्वस्थकर खाना उपलब्ध गराएको कारणले गर्दा होइन। यो म्याकडोनाल्डले सुविधायुक्त, सहज र मनोरञ्जनात्मक वातावरण उपलब्ध गराएको कारणले हो। म्याकवर्सिपमा, हाम्रो प्राथमिक चिन्ता सुविधा, सहजता र मनोरञ्जन हो।

म्याकडोनाल्डस र म्याकवर्सिपले संख्याद्वारा सफलता मापन गर्दछ। म्याकडोनाल्डस घमण्ड गर्दछ, " ३० खर्ब भन्दा बढीको सेवा गरियो।" म्याकवर्सिपले घमण्ड गर्छ, "गत वर्षको तुलनामा १७% ले हाम्रो व्यापार वृद्धि भयो।" परमेश्वरभक्तिको सट्टा संख्या चाहिँ सफलताको नाप बन्छ।

म्यावर्सिपर्सको माग थोरै छ। म्याकवर्सपले न्यूनतम लागतमा राम्रो सङ्गीत, मनोरञ्जनात्मक स्पिकरहरू र आकर्षक प्याकेजहरू प्रदान गर्छ। म्याकवर्सिपले भीडलाई आकर्षित गर्छ, तर आत्मिक भोजन प्रायः खाली हुन्छ र आत्मिक स्वास्थ्यलाई बढावा दिँदैन। मानिसहरूलाई सुसमाचारमा आकर्षित गर्न खोज्नु राम्रो हो, तर म्याकवर्सिप साँचो आराधना होइन।

### सङ्ग्रहालय आराधना

एक सङ्ग्रहालयको वातावरण म्याकडोनाल्डसको विपरीत छ। सङ्ग्रहालयमा परम्परा जोगाउनलाई ठूलो जोड दिइन्छ। प्रदर्शनीहरू हेर्दा मानिसहरू आदर गर्छन्। अधिकांश सङ्ग्राहालयले व्यक्तिगत सहभागिता र प्रतिबद्धतालाई जोड दिँदैनन्। तपाईंलाई लुभ्र कला संग्रहालयको भित्तामा आफ्नो चित्र राख्न आमन्त्रित गरिएको छैन!

सङ्ग्रहाल आराधनामा, हाम्रो प्राथमिक चिन्ताको विषय भनेको परम्परा र रूप हो। मण्डलीले सधैं गाएको गीतहरू हामी गाउँछौं। हामी परम्पराप्रतिको हाम्रो वफादारीमा गर्व गर्छौं। तर मानिसहरूले व्यक्तिगत प्रतिबद्धताको लागि परमेश्वरको मागको सामना नगरी हप्ता-हप्तामा उपस्थित हुन सम्भव छ।

प्रत्येक शनिवार मण्डलीमा उपस्थित हुन र जीवन परिवर्तन बिनाका प्रदर्शनीहरू (वचन, भजनहरू, प्रार्थनाहरू) हेर्न सम्भव छ। हाम्रो सम्पदाको कदर गर्नु राम्रो हो, तर सङ्ग्रहालय आराधना साँचो आराधना होइन।

**कक्षाकोठा आराधना**

कक्षाकोठामा, शिक्षक नै प्रमुख व्यक्ति हो। शिक्षकले कक्षाले के सिक्नु पर्ने हो भनेर आफै निर्णय गर्छ। शिक्षकले व्याख्यान दिन्छ; विद्यार्थीहरू सुन्छन् र नोटहरू लिन्छन्। सहभागिता शिक्षकद्वारा नियन्त्रित छ।

कक्षाकोठाको आराधनामा, पास्टर नै केन्द्रीय व्यक्तित्व हुन्। वचनको समय सेवाको केन्द्रविन्दु हो; अरू सबै प्रारम्भिक मात्र हुन्छन्। मण्डलीका विश्वासीहरू सुन्न र नोटहरू लिन त्यहाँ हुन्छन्। आराधनालाई बौद्धिक गतिविधिमा मात्र सीमित गरिएको छ। हाम्रो आराधनामा सत्यतासँग संवाद गर्न खोज्नु राम्रो हो; हामीले हाम्रा आराधकहरूलाई सत्यताको व्याख्या गर्नै पर्छ, तर कक्षाकोठाको आराधना साँचो आराधना होइन।

**साँचो आराधना**

साँचो आराधना परमेश्वरमा केन्द्रित हुन्छ। साँचो आराधनाले यो सोध्छ, "परमेश्वर के चाहनुहुन्छ?" साँचो आराधनाले मलाई परमेश्वरको आँखाबाट आफूलाई हेर्न मद्दत गर्छ-र त्यो व्यक्तिको लागि असहज हुन्छ जो परमेश्वरबाट परिवर्तन हुन इच्छुक हुँदैन। साँचो आराधना उहाँको बारेमा हो। साँचो आराधनामा क्रूस, बलिदान, आत्मसमर्पणता समावेश हुन्छ। साँचो आराधनाले आराधकलाई परिवर्तन गर्छ।

**निष्कर्ष: मार्थाको गवाही**

आराधना कत्तिको महत्त्वपूर्ण छ? मार्थाको गवाही सुन्नुहोस्।

"म एक व्यावहारिक व्यक्ति हुँ। कसैले भुइँ बडार्नु पर्छ, खाना पकाउनु पर्छ, र घरपरिवारको विवरणहरूको हेरचाह गर्नुपर्छ। त्यो नै मेरो शक्ति हो; मसँग सेवाको वरदान छ।

"मलाई त्यो दिन याद छ जुन दिन येशु बेथानीको हाम्रो सानो घरमा आउनुभयो। हाम्रो घरमा उहाँ जस्तो महत्त्वपूर्ण शिक्षक आउनुभएकोमा अब के गर्ने होला भनेर म व्याकुल थिएँ। सबै कुरा एकदम ठीकसँग भएको म चाहन्थें। लूकाले पछि लेखे, 'तर मार्था सेवा-सत्कारको धेरै काममा अल्झेकी थिइन्' (लूका १०:४०)। म सबै कुरालाई ठीकसँग गर्नमा व्यस्त थिएँ।

"जब म घरको हेरचाहमा व्यस्त थिएँ, मरियम छेउको कोठामा बसेर येशुको कुरा सुनिरहेकी थिइन्। म खुसी भइनँ; मलाई मद्दत चाहियो! यसबाहेक, उनी एक महिला हुन्; उनले गुरूबाट सिक्नु आवश्यक छैन।

"म यति विचलित भएँ कि म भित्र छिरेँ र भनें, भनिन्, 'प्रभुज्यू, मेरी बहिनीले सेवा-सत्कारको काममा मलाई एक्लै पारेकी छिन्, तपाईं वास्ता राख्नुहुन्न? त्यसलाई भनिदिनोस्, र त्यसले मलाई सघाओस्।' (लुका १०:४०)। म उहाँको जवाफ कहिल्यै बिर्सने छैन। येशुले मलाई हेर्नुभयो र आफ्नो टाउको हल्लाउनुभयो। 'मार्था, मार्था, तिमी धेरै कुराका विषयमा चिन्ता गर्छ्यौ, र व्याकुल हुन्छ्यौ। तर आवश्यकता एउटै कुराको छ, त्यही असल कुरा मरियमले छानेकी छे...' (लूका १०:४१-४२)।

"गुरूले मलाई के भन्नुभएको थियो? उहाँले सेवा महत्त्वपूर्ण छैन भन्न खोजेको होइन। हामीलाई भेट्नु भन्दा ठीक अघि, येशुले असल सामरीको दृष्टान्त भन्नुभयो-सेवाको बारेमा एउटा कथा (लूका १०:२५-३७)। सेवा महत्त्वपूर्ण छैन भनेर येशुले भन्नु भएको थिएन; उहाँले मलाई भन्नुभएको थियो कि **मेरो सेवा मेरो आराधनाबाट निस्कनुपर्छ**। मुख्य कुरा आराधना हो। आराधना गरेँ भने सेवा स्वाभाविक रूपमा बग्छ। म 'चिन्ता गर्छ्यौ र व्याकुल हुन्छ्यौ' (लूका १०:४१)।

"त्यस दिन, मैले मेरो जीवनको पाठ सिकेँ। फेरि कहिल्यै मेरो सेवालाई मेरो आराधना भन्दा प्राथमिकता दिइनँ। त्यस दिनदेखि, मैले येशुको खुट्टामा मरियमसँग सामेल हुन समय निकालें। मैले आराधना गर्न समय निकालें।"

**जाँच**

आफैलाई सोध्नुहोस्, "म कसरी राम्रो आराधक बन्न सक्छु?" केही क्षेत्रहरू पत्ता लगाउनुहोस् जहाँ तपाईं आफ्नो आराधनालाई बाइबलीय परिभाषासँग मिल्दोजुल्दो बनाउन सक्नुहुन्छ।

**समीक्षामा पाठ १**

(१) आराधना भनेको के हो?

- आराधना भनेको श्रद्धेयपूर्ण समर्पणता हो (प्रकाश ४:१०-११)।
- आराधना सेवा हो (रोमी १२:१)।
- आराधना प्रशंसा हो (भजनसंग्रह)।
- आराधना सङ्गति हो (प्रेरित २:४२)।
- आराधनाले सम्पूर्ण जीवनलाई समावेश गर्दछ (याकूब १:२६-२७)।

(२) आराधना किन महत्त्वपूर्ण छ?

- आराधनामा हामी परमेश्वरलाई देख्छौं (यशैया ६:१-८)।
- आराधनामा हामी आफैलाई देख्छौं र रूपान्तरित हुन्छौं (यशैया ६:१-८)।
- आराधनामा हामी हाम्रो संसारलाई देख्छौं (यशैया ६:१-८)।
- आराधना गर्न असफल हुनुले हामीलाई परमेश्वरबाट अलग गर्छ (रोमी १:१८-२५)।

(३) आराधनाको लक्ष्यहरू:

- आराधनामा, हामी परमेश्वरसँग भेट्छौं।
- आराधनामा, हामी ख्रीष्टियान चरित्र बनाउँछौं।
- आराधनामा हामी ख्रीष्टियान समुदाय निर्माण गर्छौं।

(४) परमेश्वरलाई कुन आराधना ग्रहणयोग्य छ?

- ग्रहणयोग्य आराधना परमेश्वरमा केन्द्रित हुन्छ (प्रकाश ४)।
- ग्रहणयोग्य आराधनाले परमेश्वरलाई दिनुपर्ने महिमा दिन्छ (भजन ९६:७-८)।
- ग्रहणयोग्य आराधना आत्मा र सत्यतामा गरिने आराधना हो (यूहन्ना ४:२३-२४)।

## पाठ १ क्रियाकलाप

(१) बाइबलले आराधनालाई कसरी वर्णन गर्छ? निम्न शास्त्रहरूमा आधारित एक पृष्ठको जवाफ लेख्नुहोस्:

- भजनसंग्रह १११:१-२
- भजनसंग्रह १४७:१
- भजनसंग्रह १५०
- यशैया ६:१-८
- प्रकाश ४

यदि तपाइँ समूहमा अध्ययन गर्दै हुनुहुन्छ भने, तपाइँको अर्को कक्षाको बैठकमा तपाइँको जवाफलाई छलफल गर्नुहोस्।

(२) अर्को पाठको सुरुमा, तपाईंले यस पाठमा आधारित परीक्षा दिनुहुनेछ। तयारी गर्दा खेरी परीक्षाका प्रश्नहरूलाई सावधानीपूर्वक अध्ययन गर्नुहोस्।

## पाठ्यक्रम परियोजना

### ३०-दिनको आराधनाको यात्रा .[11]

तपाईंले यस पाठ्यक्रममा यस परियोजनामा रहेर काम गर्नुहुनेछ। पाठ्यक्रमको अन्त्यमा, तपाईंले प्रतिवेदन दिनुहुनेछ कि तपाईंले यो परियोजना पूरा गर्नुभयो। तपाईं आफ्नो दैनिकी अभिलेख कक्षाको अगुवालाई पेश गर्नुहुने छैन।

प्रत्येक दिन ३० दिनको लागि, तपाईंले परमेश्वरको कुनै एक गुणमा ध्यान मनन् गर्न केही मिनेट खर्च गर्नुहुनेछ। यो योजना बिहान गर्नको लागि सबै भन्दा राम्रो छ ताकि तपाईं दिनभरि गुणमा ध्यान गर्न सक्नुहुन्छ। ध्यान गर्नु भनेको कुनै कुराको बारेमा गहिरिएर सोच्नु हो।

दैनिकी अभिलेखको रूपमा प्रयोग गर्न खाली नोटबुक ल्यउनुहोस्। परमेश्वर तपाईंसँग प्रकट हुनुभएको होस् भनेर अनुरोध गर्दै प्रत्येक दिन प्रार्थनाको साथ सुरु गर्नुहोस्। त्यसपछि, भजनसंग्रहको पुस्तक खोल्नुहोस् र पढ्न सुरु गर्नुहोस्। यस परियोजनाको लक्ष्य भनेको ध्यान मनन् गर्नु हो, धेरै मात्रामा पढ्नु होइन। तपाईंले एउटा पद वा सम्पूर्ण भजनसंग्रह मात्र पढ्न सक्नुहुन्छ।

पढ्दै गर्दा, परमेश्वरको एउटा गुण वा परमेश्वरको लागि रूपक वा अलङ्कार खोज्नुहोस्। विशेषता वा गुण भनेको परमेश्वरको चरित्रको केही पक्ष हो- उहाँको दया, उहाँको पवित्रता, उहाँको हेरचाह। परमेश्वरको प्रतिको एउटा रूपक वा अलङ्कारले परमेश्वरलाई अरू कुरासँग तुलना गर्छ-उहाँ गोठालो हुनुहुन्छ, चट्टान हुनुहुन्छ, हाम्रो आश्रय हुनुहुन्छ।

जब तपाइँ तपाइँसँग बोल्ने विशेषता, रूपक वा अलङ्कार फेला पार्नुहुन्छ, तपाइँको दैनिकी अभिलेखको पृष्ठको शीर्षमा त्यो विशेषतालाई लेख्नुहोस्। त्यस अन्तर्गत, त्यो विशेषतालाई जनाउने पदलाई लेख्नुहोस्।

त्यो गुणको बारेमा सोच्नुहोस् र यसले परमेश्वरको बारेमा के भन्छ त्यसलाई पनि सोच्नुहोस्। तपाईंले प्रार्थना गरिसकेपछि, परमेश्वर र यो गुणको बारेमा आफ्ना विचारहरू लेख्नुहोस्। यो एक शैक्षिक पत्र होइन; यो आराधनाको व्यक्तिगत अभिलेख हो। दिनभरि, परमेश्वर र उहाँको चरित्रको बारेमा सोच्नुहोस्। उहाँ को हुनुहुन्छ भनेर उहाँको प्रशंसा गर्नुहोस्। ३० दिनसम्म यसो गर्दा तपाईंलाई परमेश्वरको गहिरो ज्ञान हुनेछ।

[11] यो परियोजना Louie Giglio, *The Air I Breathe: Worship as a Way of Life* (Sisters, OR: Multnomah Publishers, 2003) बाट लिइएको हो।

**पाठ १ परीक्षा**

(१) यस पाठको सुरुमा तपाईंलाई आराधनाको तीन परिभाषाहरू दिइएको थियो। तपाईंले कण्ठ गर्नुभएको परिभाषालाई लेख्नुहोस्।

(२) बाइबलीय आराधनाका चार पक्षहरू सूचीबद्ध गर्नुहोस्।

(३) जब सामरी स्त्रीले आराधनाको भौतिक स्थानको बारेमा बहस गरिन्, येशुले आराधनाको __________ स्थानलाई औंल्याउनुभयो।

(४) भजनसंग्रहमा, _________ शब्द प्राय: आराधनाको आनन्दलाई सङ्केत गर्न प्रयोग गरिन्छ।

(५) याकूबका अनुसार, शुद्ध र निर्दोष आराधनामा कुन दुई पक्षहरू समावेश छन्?

(६) आराधना महत्त्वपूर्ण छ चार कारणहरू सूचीबद्ध गर्नुहोस्।

(७) यस पाठको अनुसार, ईश्वरलाई स्वीकार्य आराधनाका तीनवटा विशेषताहरू के हुन्?

(८) आफूले कण्ठ गरेको यूहन्ना ४:२३-२४ लेख्नुहोस्।

# पाठ 2
# परमेश्वर र आराधक

**पाठका उद्देश्यहरू**

यस पाठको अन्त्यसम्ममा, विद्यार्थीले सक्षम हुनुपर्छ:

(१) परमेश्वरको बाइबलीय चित्र र हाम्रो आराधनामा उहाँको भूमिकालाई चिन्ने।

(२) आराधकहरूका लागि परमेश्वरको आवश्यकताहरू बुझ्ने।

(३) आराधकहरूको लागि परमेश्वरको आवश्यकताहरू अनुरूप गर्न खोज्ने।

(४) मानिसलाई आराधनाको लागि आफ्नो उपस्थितिमा प्रवेश गर्न अनुमति दिनु भएकोमा परमेश्वरको अनुग्रहको प्रशंसा गर्ने।

**पाठको तयारी**

*प्रकाश ५:९-१४ कण्ठ गर्नुहोस्।*

**परिचय**

एउटा सानो समूह टेबलको वरिपरि बसेर हप्ताको बाइबल अध्ययनको विषयमा छलफल गरिरहेको थियो। छलफलको प्रश्न थियो, "परमेश्वर कस्तो हुनुहुन्छ र हामीले उहाँलाई कसरी आराधना गर्छौं?"

सितारा पहिले बोलिन्। "जब म परमेश्वरको बारेमा सोच्दछु, म लामो सेतो दाह्री भएका हजुरबुबाको बारेमा सोच्दछु। उहाँले हामीलाई नातिनातिनाजस्तै हेर्नुहुन्छ। हामीले पाप गर्दा उहाँ दुःखी हुनुहुन्छ, तर उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हामी आफ्नो सक्दो प्रयास गरिरहेका छौँ भनेर बुझ्नुहुन्छ। जबसम्म हामी उहाँलाई प्रेम गर्छौँ भनी देखाउँदैनौँ, तबसम्म उहाँलाई हामी कसरी आराधना गर्छौँ भन्ने कुरा वास्ता छैन जस्तो मलाई लाग्छ।"

हन्नाले जवाफ दिइन्। "म परमेश्वरलाई माग राख्ने बुबा जस्तै सोच्दछु। उहाँ आफ्ना छोराछोरीसँग धेरै नजिक हुनुहुन्न, तर हामीले आज्ञा पालन गर्छौं कि गर्दैनौं भनी उहाँ हेर्नुहुन्छ। आराधनामा, हामीले देखाउनुपर्छ कि हामी समर्पित र आज्ञाकारी छौं। मलाई परमेश्वरलाई हाम्रो साथीको रूपमा मान्ने खालका गीतहरू मन पर्दैन; हामीले सम्झनुपर्छ कि उहाँ हाम्रो स्वर्गीय मालिक हुनुहुन्छ र हामी उहाँका सेवक हौं! परमेश्वरले मैले के गरेको आशा गर्नुहुन्छ भनी जान्नको लागि म मण्डली जान्छु।"

अबीगेल यी कुनै पनि जवाफबाट सन्तुष्ट भएनन्। "म परमेश्वरलाई साथीको रूपमा सोच्छु। बाइबलले भन्दछ कि परमेश्वरले आफ्ना छोराछोरीहरूलाई असल वरदान दिन मन पराउनुहुन्छ। परमेश्वरले मेरो लागि के गर्न चाहनुहुन्छ भनेर जान्न म मण्डली जान्छु। म प्रार्थना गर्छु र मलाई के चाहिन्छ भनी उहाँलाई बताउँछु। परमेश्वरले मेरो जीवनलाई कसरी आशिष् दिनुहुन्छ भनेर जान्नको लागि म वचन र सङ्गीत सुन्छु। परमेश्वर असल वरदान दिन चाहनुहुन्छ; म ती वरदानहरू लिन मण्डली जान्छु।"

यी प्रत्येक महिलाको परमेश्वर प्रतिको फरक धारणा छ। त्यसकारणले गर्दा, प्रत्येक महिलाको आराधना सेवाको लागि फरक अपेक्षा हुन्छ।

सिताराले हाम्रो आराधनाका विवरणहरूमा धेरै वास्ता नगर्ने हजुरबुबा-जस्तो परमेश्वरको अपेक्षा गर्छिन्। उनको आदर्श आराधना सेवामा हरेक व्यक्तिले आफूलाई सबैभन्दा सहज बनाउने तरिकाले आराधना गर्नेछ। पवित्र वासस्थानमा आराधना गर्दा सितारालाई छक्क लाग्ने थियो। त्यहाँ उनले आराधनाको हरेक विवरणमा परमेश्वरले चासो राख्नुहुन्छ भनी सिक्ने थिइन्।

हन्नाले परमेश्वरलाई टाढा र डर लाग्ने परमेश्वरको रूपमा देख्छिन्। उनलाई भजनहरूको आत्मीय भाषा र परमेश्वरलाई अय्यूबले गरेको गुनासोको सत्यतासँग असहज लाग्ने थियो। उनको आदर्श आराधना सेवाले आराधक र परमेश्वर बीचको दूरी कायम राख्छ। प्रार्थना औपचारिक र संरचित हुनेछ। सङ्गीत भव्य, तर अवैयक्तिक हुनेछ। हन्नालाई प्रथम शताब्दीका घरेलु मण्डलीहरूमा पाइने घनिष्ठ सङ्गतिको आनन्द उठाउन मन पर्दैनथ्यो।

प्रमिलालाई परमेश्वर मानिसहरूको आवश्यकताहरू पूरा गर्ने सेवक हुनुहुन्छ भन्ने लाग्छ। जब प्रमिलाले सेवा छोड्छिन्, उनको प्रश्न हुन्छ, "मैले यसबाट के पाएँ?" सङ्गीत उनको व्यक्तिगत रुचि अनुसारको आकर्षक हुनुपर्छ। प्रार्थनाहरू व्यक्तिगत आवश्यकताहरूमा केन्द्रित हुनुपर्छ। वचन व्यवहारिक हुनुपर्छ र उनको आवश्यकता अनुसार बोल्नुपर्छ। प्रमिलालाई मन्दिरको आराधनाबाट निराश लाग्ने थियो। मन्दिरको आराधना मानिसले परमेश्वरलाई बलिदान चढाउने बारेमा थियो, परमेश्वरले मानिसलाई वरदान दिने बारेमा होइन।

यी महिलाहरूमध्ये प्रत्येकले आराधना सेवालाई त्यो नजरले हेर्छन् जसले तिनको परमेश्वरको अवधारणलाई प्रतिबिम्बित गर्छ। परमेश्वरप्रतिको हाम्रो बुझाइले हाम्रो आराधनामा ठूलो प्रभाव पार्छ।

► परमेश्वरको बारेमा तपाईंको अवधारणाबारे छलफल गर्नुहोस्। तपाईंको परमेश्वरप्रतिको अवधारणाले तपाईंको आराधनालाई कसरी असर पार्छ?

यस पाठमा हामी दुई प्रश्नहरूलाई हेर्नेछौं:

### (१) हामी कसको आराधना गर्छौं?

आराधनाले परमेश्वरलाई दिनुपर्ने उचित आदर दिने भएको हुनाले परमेश्वरबारे जति धेरै जान्नेछौं, त्यति नै हामी साँचो आराधनाको लागि सुसज्जित हुनेछौं। परमेश्वरप्रतिको विकृत तस्विरले विकृत आराधनाको नेतृत्व गर्दछ।

मूर्तिपूजाको बाइबलीय चित्रले यो सिद्धान्त देखाउँछ। बाल एक प्रजनन देवता थियो, चाहिने भन्दा बढी अनियन्त्रित देवता। बालका अगमवक्ताहरूले कसरी आराधना गरे? अनियन्त्रित भावना र अधिकता सँग। "यसैले उनीहरू अझै जोडसित कराए, र उनीहरूको दस्तूरअनुसार तरवार र भालाले रगत नबगुञ्जेल आफैलाई चोट पारे" (१ राजाहरू १८:२८)।

### (२) परमेश्वर आफ्ना आराधकहरूबाट के चाहनुहुन्छ?

परमेश्वर पवित्र हुनुभएको हुनाले, हामी उहाँको उपस्थितिमा कसरी प्रवेश गर्ने? उहाँको आराधना गर्नेहरूबाट परमेश्वर के चाहनुहुन्छ?

बाल र मोलोख जस्ता झूटा देवताहरू पवित्र थिएनन्; तिनीहरूका आराधकहरू पवित्र हुनु आवश्यक थिएन। बालका आराधकहरू बाल जस्तै, नैतिक रूपमा अपवित्र भए। हामी जसको आराधना गर्छौं त्यस्तै बन्छौं।

साँचो परमेश्वर पवित्र हुनुहुन्छ। यसकारण, उहाँलाई पवित्र मानिसहरू चाहिन्छ। यहोवाका आराधकहरू यहोवाजस्तै भए। तिनीहरू पवित्र परमेश्वरको आराधना गर्ने पवित्र मानिसहरू हुनुपर्छ।

**हामी कसको आराधना गर्छौं?**

कल्पना गर्नुहोस् कि तपाईं एक सुन्दर सूर्यास्तको प्रशंसा गर्दै हुनुहुन्छ।[12] अचानक तपाईंले "सूर्यास्त हेर्दैछु" भन्ने आफ्नो तस्बिर खिच्न सूर्यास्त हेर्न छोड्नुहुन्छ। यसलाई "सेल्फी" भनिन्छ, आफ्नो तस्बिर। तपाईंको ध्यान सूर्यास्तबाट आफैतिर सरेको छ। सेल्फी लिने व्यक्तिले आफूले हेरिरहेको घटनामा भन्दा आफ्नो उपस्थितिमा बढी चासो राख्छ।

परमेश्वर हाम्रो उत्तम आराधनाको योग्य हुनुहुन्छ। तर जब हामीले आराधना गर्ने परमेश्वरमा भन्दा हाम्रो आराधनाको गुणस्तरमा ध्यान केन्द्रित गर्छौं, हामीले एक धार्मिक सेल्फी ("परमेश्वरको आराधना गर्दै म") सिर्जना गरेका छौं। हामीले आराधना गर्ने परमेश्वरमा केन्द्रित हुने कुरालाई हाम्रो आराधनाको उत्कृष्टताप्रति हाम्रो चासोले कहिल्यै प्रतिस्थापन गर्न दिनुहुँदैन।

सि.एस. लुइसले परमेश्वरमा भन्दा आराधना सेवामा बढी ध्यान दिने कुरा मूर्तिपूजा हो भनेर लेखेका थिए।। हालै, डि.ए. कार्सनले चेतावनी दिए कि हामी "परमेश्वरको आराधना गर्नुको सट्टा आराधनालाई *आराधना* गर्ने परिक्षामा पर्न सक्छौं।"[13]

> "हे परमेश्वर, तपाईं...
> सबैभन्दा उच्च, सबैभन्दा उत्कृष्ट;
> सबैभन्दा दयालु र सबैभन्दा न्यायी;
> सबैभन्दा गुप्त र सबैभन्दा हाजिर हुने;
> सबैभन्दा सुन्दर र बलियो;
> सधैं काम गर्ने, सधैं शान्त;
> भेला हुने, तर केही आवश्यक नभएको;
> सम्हाल्ने र संरक्षण गर्ने;
> सिर्जना गर्ने र पालनपोषण गर्ने;
> खोजी गर्ने, तर पनि सबै थोकको आधिपत्य गर्ने हुनुहुन्छ।"
>
> - अगस्टिनको भनाइबाट लिएको

जबसम्म म परमेश्वरको आराधनामा हराउँदिन तबसम्म त्यो आराधना साँचो आराधना होइन। साँचो आराधनामा, म आराधना गर्ने मेरो प्रयासको गुणस्तरमा भन्दा परमेश्वरमा बढी ध्यान दिन्छु। साँचो आराधना, मेरो आराधनाको अनुभवको गुणस्तरमा होइन, परमेश्वरमा केन्द्रित हुन्छ।

हामीले पाठ १ मा देख्यौं, पहिलो आज्ञाले हामीलाई बताउँछ कि हामी कसको आराधना गर्छौं। "म परमप्रभु तिमीहरूका परमेश्वर हुँ... मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू" (प्रस्थान २०:२-३)। आराधनाको अर्थ परमेश्वरलाई योग्यको आदर दिनु भएको हुनाले परमेश्वर को हुनुहुन्छ भनेर सोधेर आराधनाको अध्ययन सुरु गर्नुपर्छ। प्रकाशको पुस्तकका चारवटा भजनहरूले यस प्रश्नको आंशिक जवाफ दिन्छन्।

**हामी सृष्टिकर्ताको आराधना गर्छौं (प्रकाश ४)**

► प्रकाश ४ लाई ठूलो स्वरमा पढ्नुहोस्। स्वर्गीय दृश्य कल्पना गर्न समय लिनुहोस्। हामीले आराधना गर्ने परमेश्वरको बारेमा यस अध्यायले हामीलाई के बताउँछ?

स्वर्गको दृश्यसँगै, प्रकाश ४ ले हामीले आराधना गर्ने सृष्टिकर्ताको झलक दिन्छ।

***सृष्टिकर्ता सार्वभौम हुनुहुन्छ।***

परमेश्वर संसार भन्दा माथि विराजमान हुनुहुन्छ। यस अध्यायमा *सिंहासन* शब्द १४ पटक प्रयोग गरिएको छ। उहाँ सर्वशक्तिमान् परमप्रभु परमेश्वर हुनुहुन्छ; उहाँ सार्वभौम हुनुहुन्छ। आराधनाले सधैं परमेश्वरको सार्वभौमिकतालाई स्वीकार गर्नुपर्छ। आराधनामा, हामी सार्वभौम परमेश्वरप्रति हाम्रो समर्पण व्यक्त गर्छौं। उहाँ प्रेमिलो पिता हुनुहुन्छ, तर उहाँ सार्वभौम हुनुहुन्छ।

[12] यसको धेरै जसो अंशहरू Warren Wiersbe, *Real Worship*, (Grand Rapids: Baker Books, 2000), अध्याय 5 बाट लिइएको छ।

[13] D.A. Carson बाट साभार गरिएको, *Worship by the Book*, (Grand Rapids: Zondervan, 2002), 31।

### *सृष्टिकर्ता पवित्र हुनुहुन्छ।*

सम्पूर्ण पवित्रशास्त्रबाट, परमेश्वरलाई एक पवित्र परमेश्वरको रूपमा देखिन्छ।

- परमेश्वरले इस्राएलीहरूलाई भन्नुहुन्छ, "म, परमप्रभु तिमीहरूका परमेश्वर, पवित्र छु" (लेवी १९:२)।
- परमेश्वरको प्रशंसा गरिएको छ, " तापनि तपाईं परमपवित्र, सिंहासनमा विराजमान हुनुहुन्छ, तपाईं इस्राएलका प्रशंसा हुनुहुन्छ" (भजनसंग्रह २२:३)।
- अगमवक्ता यशैयाले स्वर्गदूतहरूलाई सिंहासनको वरिपरि बसेर आराधना गरिरहेका देख्छन्, "सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ" (यशैया ६:३)।
- प्रेरित यूहन्नाले स्वर्गमा देख्छन्, जहाँ एल्डरहरू यसो भनेर कराउँछन्, "पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ" (प्रकाश ४:८)।

हामी पवित्र परमेश्वरको आराधना गर्छौं।

### *सृष्टिकर्ता अनन्त हुनुहुन्छ।*

उहाँ हुनुहुन्थ्यो र हुनुहुन्छ र हुन आउनुहुनेछ (प्रकाश ४:८)।

दाऊदले सृष्टिको आश्चर्यपूर्ण कुरालाई परमेश्वरको महिमाको झ्यालको रूपमा औंल्याए। "आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ। र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ" (भजनसंग्रह १९:१)। उत्पत्तिको पहिलो अध्याय सृष्टिकर्ताको रूपमा परमेश्वरबाट सुरु हुन्छ; बाइबलको अन्तिम पुस्तकले हामीलाई फेरि सम्झाउँछ कि परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ र उहाँले आफ्ना सृष्टिहरूमाथि अनन्त शासन गर्नुहुनेछ।

यो जोडले आराधनाको उचित मुख्य केन्द्रबिन्दु देखाउँछ। हामी, उहाँको सिर्जनाको कृति रूपमा, सृष्टिकर्ता परमेश्वरको आराधना गर्छौं आराधना उचित रूपमा उहाँको बारेमा हो, हाम्रो बारेमा होइन। जब हामी सृष्टिकर्ताको आराधनामा आफूलाई हराउँछौं, स्वर्ग फेरि उहाँको महिमाको घोषणा गर्दछ।

### **हामी उद्धारकर्ताको आराधना गर्छौं (प्रकाश ५)**

► प्रकाश ५ ठूलो स्वरमा पढ्नुहोस्। हामीले आराधना गर्ने परमेश्वरको बारेमा यो भव्य दृश्यले हामीलाई के बताउँछ?

ख्रीष्टियनहरूको हैसियतमा, सारा संसारको राजाले हाम्रो उद्धारको लागि प्रबन्ध गर्नुभएको छ भनी सम्झँदा हामीले आफ्नो अचम्मको भावना कहिल्यै गुमाउनु हुँदैन। प्रकाश ५ मा, हामी परमेश्वरको थुमा, संसारको उद्धारकर्तालाई आराधना गरिएको रूपमा हेर्छौं। प्रकाशको पुस्तकमा येशुलाई २८ पटक "थुमा" भनिएको छ। यो प्रकाशको पुस्तकमा केन्द्रीय रूपहरू मध्ये एक हो।

### *हामी उद्धारकर्ताको आराधना गर्छौं किनभने उहाँ जो हुनुहुन्छ त्यसको लागि।*

उहाँ यहूदाको कुलको सिंह हुनुहुन्छ। उहाँ दाऊदको मूल हुनुहुन्छ। उहाँ मारिएको थुमा हुनुहुन्छ। उहाँ सातवटा सीङ र सातवटा आँखा भएको थुमा हुनुहुन्छ (प्रकाश ५:६), पूर्णताको प्रतीक। आराधनामा, हामी येशु जो हुनुहुन्छ त्यही रूपमा उहाँको प्रशंसा गर्छौं। आराधना "ख्रीष्टको महिमापूर्ण सिद्धताहरूको उत्सव" हो (जोन पाइपर)।

*हामी उद्धारकर्ताको आराधना गर्छौं किनभने उहाँ जहाँ हुनुहुन्छ त्यसको लागि।*

प्रकाश ५:६ मा, येशु स्वर्गको आराधनाको केन्द्रमा हुनुहुन्छ। उहाँ सिंहासन र चार जीवित प्राणीहरू र एल्डरहरू बीच हुनुहुन्छ। हिब्रूका लेखकले हाम्रो अधिवक्ता परमेश्वरको सिंहासनको दाहिने हातमा विराजमान हुनुहुन्छ भन्ने अद्भुत प्रतिज्ञा दिन्छन् (हिब्रू १२:२)।

*उहाँले हाम्रो निम्ति जे गर्नु भएको छ त्यसको लागि हामी मुक्तिदाताको आराधना गर्छौं।*

परमेश्वरको मूल्यमा ध्यान केन्द्रित गर्ने प्रयासमा, केही शिक्षकहरूले गलत रूपमा सुझाव दिएका छन् कि हामीले परमेश्वरको आराधना केवल उहाँ जो हुनुहुन्छ त्यसको लागि मात्र गर्नुपर्छ, उहाँले हाम्रो लागि के गर्नुहुन्छ त्यसको लागि होइन। यूहन्ना प्रकाशकले स्वर्गीय आराधनाले थुमाको प्रशंसा गरेको देखाउँछन्, उहाँले जे गर्नुभएको छ त्यसको लागि। "मारिएका थुमा ... योग्यका हुनुहुन्छ" (प्रकाश ५:१२)।

यो ढाँचा भजनसंग्रहमा देखिन्छ। भजनसंग्रह १३४ ले हामीलाई प्रभुलाई प्रशंसा दिन आदेश दिन्छ। यसले उहाँको प्रशंसा गर्न कुनै कारण दिँदैन; हामी उहाँको प्रशंसा गर्छौं किनभने उहाँ परमेश्वर हुनुहुन्छ। यो भजनसंग्रह १३५-१३६ सँगै आएको छ, जसले इस्राएलको इतिहासमा परमेश्वरले गर्नुभएको कामको कारणले उहाँको प्रशंसा गर्दछ। परमेश्वरको चरित्र त प्रशंसाको योग्य छ नै, तर उहाँका शक्तिशाली कार्यहरू पनि प्रशंसाको योग्य छन्। उहाँ जो हुनुहुन्छ त्यसको निम्ति हामीले परमेश्वरको प्रशंसा गर्नुपर्छ **र** उहाँले हाम्रो लागि जे काम गर्नुभएको छ त्यसको लागि पनि।

**हामी राजाको आराधना गर्छौं (प्रकाश ११:१५-१८)**

प्रकाश ११ ले स्वर्गीय आराधनाको अर्को दृश्य प्रदान गर्दछ। यस दृश्यमा, एल्डरहरूले आफ्नो अधिकारको सिंहासन लिएका राजाको आराधना गर्छन्। यद्यपि संसारको राज्यहरूले उहाँको विरुद्धमा विद्रोह गरेतापनि, तिनीहरूले अन्ततः उहाँको अख्तियारको अगाडि आत्मसमर्पण गर्नुपर्छ। "संसारको राज्य हाम्रा प्रभुको र उहाँका ख्रीष्टको राज्य भएको छ, अनि उहाँले सदासर्वदा राज्य गर्नुहुनेछ" (प्रकाश ११:१५)।

यस भजनमा, संसारमाथि राजाले गर्नुभएको उचित न्यायको लागि प्रशंसा गरिएको छ। यो भजनले हामीलाई सम्झाउँछ कि परमेश्वरले महान् शक्तिको साथ शासन गर्नुहुन्छ। राष्ट्रहरू क्रोधित भए तापनि परमेश्वरले तिनीहरूको न्याय गर्नु भयो।

आराधना भनेको सत्यतामा गरिने आराधना हो। साँचो आराधनाले परमेश्वरको अद्भुत न्यायलाई कम महत्वको बनाउदैन। फेरि, प्रकाशको पुस्तकको आराधना भजनसंग्रहको आराधनासँग मेल खान्छ। भजनसंग्रह ९६ प्रभुको लागि एउटा नयाँ गीत हो। यस गीतमा, जातिहरूका बीचमा परमेश्वरको प्रशंसा गरिएको छ। सबै देवताहरू भन्दा बढी उहाँको भय मानिन्छ। उहाँको प्रशंसा गरिन्छ किनभने उहाँले मानिसहरूको न्याय धार्मिकतासाथ गर्नुहुनेछ। साँचो आराधनाले यो जान्द छ कि हामी परमेश्वरसँग डराउनुपर्छ। हामी उहाँलाई राजाको रूपमा आराधना गर्छौं।

**हामी विजयी दुलहाको आराधना गर्छौं (प्रकाश १९:१-९)**

बाइबल सर्वेक्षण कक्षामा एक जना शिक्षकले सोध्नुभयो, "तपाईंहरूमध्ये कति जनाले प्रकाशको पुस्तकको आनन्द लिनुहुन्छ?" थोरै विद्यार्थीले हात उठाए। जब शिक्षकले सोधे, "तपाईंलाई प्रकाशको पुस्तकको किन मन पर्दैन?" एक विद्यार्थीले जवाफ दिए, "यो डरलाग्दो छ!"

यी विद्यार्थीहरूलाई प्रकाशको पुस्तक डरलाग्दो लाग्नुको कारण तिनीहरूले पुस्तकका उत्कृष्ट भागहरूलाई बेवास्ता गर्छन्। तिनीहरू परमेश्वरको विरुद्धमा विद्रोह गर्नेहरूमाथि पर्ने न्यायहरूमा ध्यान केन्द्रित गर्छन्। त्यो पक्कै पनि प्रकाशको पुस्तकको एउटा महत्त्वपूर्ण सन्देश हो। तर ख्रीष्टियनहरूको लागि, प्रकाशको पुस्तकको प्राथमिक सन्देश हाम्रो परमेश्वरको अन्तिम विजय हो!

प्रकाश १९ ले यो सन्देशलाई चित्रण गर्दछ। यो अध्यायमा गन्धकको अग्नि-कुण्ड (प्रकाश १९:२०) र राजाहरूको मासु, कप्तानहरूको मासु र शक्तिशाली मानिसहरूको मासु खाने चराहरूको विवरण समावेश छ... (प्रकाश १९:१८) राजाको विरुद्ध विद्रोह गर्नेहरूको भाग यही हो। आदरपूर्वक

समर्पित भएर राजाको आराधना गर्नेहरूका लागि, प्रकाश १९ आनन्दको गीत हो। आफ्नो अनैतिकताले पृथ्वीलाई भ्रष्ट गर्ने महान् वेश्या नष्ट भएकी छे (प्रकाश १९:२)। दुलहाले आफ्ना शत्रुहरूलाई जित्नु हुन्छ र आफ्नो पवित्र दुलहीलाई थुमाको विवाह भोजमा स्वागत गर्नुहुन्छ। (प्रकाश १९:९)

यस महान् विजयको जवाफमा, यूहन्नाले सुने "एउटा ठूलो भीड़को सोरजस्तो, उर्लंदो पानीहरूको आवाज र धेरै शक्तिशाली मेघ गर्जनको आवाजजस्तो, जसले यसो भनिरहेको थियो: "हल्लेलूयाह! किनकि परमप्रभु हाम्रा परमेश्‍वर सर्वशक्तिमान्‌ले राज्य गर्नुहुन्छ। हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा दिऔं! किनकि थुमाका विवाहको दिन आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छिन्" (प्रकाश १९:६-७)।

आराधनामा, हामी विजयी दुलहाको प्रशंसा गर्छौं। हाम्रो आराधनाले येशुले आफ्नी दुलहीको लागि तयारी गरिरहनुभएको भविष्यको अनुमान गर्छ। आराधना महत्त्वपूर्ण छ भन्ने एउटा कारण यो हो कि आराधनाले हामीलाई विरोधी संसारमा विजयी ख्रीष्टियान जीवन बिताउन शक्ति दिन्छ। आराधनामा, हामी सम्झन्छौं कि "हाम्रो नागरिकता स्वर्गमा छ। त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात् प्रभु येशू ख्रीष्टको प्रतीक्षा हामी गर्दछौं। उहाँले, जुन शक्तिद्वारा सबै कुरालाई उहाँको अधीनमा ल्याउन सक्नुहुन्छ, हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीरजस्तै हुनलाई परिवर्तन गरिदिनुहुनेछ (फिलिप्पी ३:२०-२१)।

प्रकाशका यी चार भजनहरूले हामीले आराधना गर्ने परमेश्वरको झलक दिन्छ। आराधनामा, हामी आफैमा होइन तर परमेश्वरमा केन्द्रित हुन्छौं। आराधनामा, हामी सृष्टिकर्ताको अगाडि झुक्छौं; आराधनामा, हामी उद्धारकर्ताको प्रशंसा गर्छौं; आराधनामा हामी ख्रीष्ट राजालाई उच्च पार्छौं आराधनामा, हामी विजयी दुलहाको उपस्थितिमा अनन्तकालको आशा गर्छौं।

हामीले आराधना गर्ने परमेश्वर यही हो। यसले प्रश्न उठाउँछ, "कसले आराधना गर्न सक्छ? उहाँको उपस्थितिमा आउनेहरूबाट परमेश्वर के चाहनुहुन्छ?"

### परमेश्वरले आराधकबाट के चाहानुहुन्छ?

सामरी स्त्रीसँगको कुराकानीमा,[14] येशुले एउटा उल्लेखनीय कुरा भन्नुभयो। साँचो आराधकहरूले आत्मा र सत्यतामा पिताको आराधना गर्नेछन् भनी उनलाई बताइसकेपछि, येशुले भन्नुभयो कि पिताले त्यस्ता मानिसहरूलाई उहाँको आराधना गर्न खोज्दै हुनुहुन्छ (यूहन्ना ४:२३)। परमेश्वरले एक विशेष प्रकारको आराधक खोज्दै हुनुहुन्छ, जो आत्मा र सत्यतामा आराधना गर्दछ। परमेश्वरले भक्तहरूलाई खोज्नुहुन्छ।

उहाँको आराधना गर्नेहरूमा परमेश्वरले खोज्ने विशेषताहरू के हुन्? जो कोही आराधना सेवामा सहभागी हुन सक्छ; जो कोहीले प्रशंसाको गीत गाउन सक्छ; जो कोहीले प्रार्थना गर्न सक्छ। यद्यपि, परमेश्वरले साँचो आराधकको विशेषताहरूको लागि विशेष निर्देशनहरू दिनुभएको छ। यो हेर्नको लागि एउटा ठाउँ भजनसंग्रह १५ हो।

► भजनसंग्रह १५ पढ्नुहोस्। यसले आराधकको जीवनबारे के बताउँछ?

भजनसंग्रह १५ एक लिटर्जिकल भजन हो। यसले मन्दिरको प्रवेशद्वारमा पुजारी र आराधक बीचको कुराकानीलाई वर्णन गर्दछ। आराधकले परमेश्वरको पवित्र मन्दिरमा प्रवेश खोज्छ। आराधकको प्रश्न "कसले प्रवेश गर्न सक्छ?" को जवाफमा पुजारीले प्रवेशको लागि आवश्यकताहरू सूचीबद्ध गर्छ। भजनसंग्रह २४:३-६ र मीका ६:६-८ मा पनि यही ढाँचा प्रयोग गरिएको छ। भजनसंग्रह १५ तीन भागमा विभाजित छ:

१. प्रश्न: कसले आराधना गर्न सक्छ?
२. उत्तर: आराधकको विवरण

[14] यसको धेरै जसो अंशहरू Ronald E. Manahan द्वारा "*The Worshipper's Approach to God*" बाट लिइएको छ, Herbert Bateman द्वारा सम्पादन गरिएको *Authentic Worship* अध्याय 2 मा पाइन्छ। (Grand Rapids: Kregel Books, 2002)।

३. समापन अवलोकन: आराधकलाई प्रतिज्ञा

**प्रश्न: कसले आराधना गर्न सक्छ? (भजनसंग्रह १५:१)**

मन्दिरको प्रवेशद्वारमा, एक आराधकले सोध्छन्, "हे परमप्रभु, तपाईंको पवित्रस्थानमा कसले वास गर्न पाउनेछ? तपाईंको पवित्र पर्वतमा को बस्न पाउनेछ?" यी प्रश्नहरूले आराधकका तीनवटा गुणहरूलाई देखाउँछन्।

***साँचो आराधकलाई परमेश्वरको भय थाहा हुन्छ।***

यो भजनले देखाउँछ कि परमेश्वरको उपस्थितिमा गरिने प्रवेश कहिल्यै लटरपटरको कुरा होइन। एक साँचो आराधकले बुझ्छ कि परमेश्वर पवित्र हुनुहुन्छ र हामी उहाँबाट अलग छौं।

सम्पूर्ण धर्मशास्त्रमा, परमेश्वरको उपस्थितिसँग सम्बन्धित डरको भावना छ। सीनै पर्वतमा, मानिसहरूलाई पर्वतबाट टाढा रहन चेतावनी दिइएको थियो जहाँ परमेश्वरले मोशासँग कुरा गर्नुभयो (प्रस्थान १९:७-२५)। येशुको रूप परिवर्तन भएको पहाडमा, चेलाहरू धेरै डराएका थिए (मत्ती १७:६)।

विश्वासीको लागि, परमेश्वरको भय आतंक होइन जसले व्यक्तिलाई परमेश्वरको उपस्थितिबाट धकेल्छ। यसको सट्टा, यो आदर हो जसले आराधकलाई नम्रतामा परमेश्वरको नजिक पुग्न मद्दत गर्दछ। एक आराधक बिनातयारी परमेश्वरको उपस्थितिमा हिंड्नु हुँदैन।

***साँचो आराधकले नम्रतामा आराधना गर्छ।***

आराधकले सोधे, "तपाईंको पवित्रस्थानमा कसले वास गर्न पाउनेछ?" प्रवासीहरू अर्को देशमा बसोबास गर्ने विदेशीहरू हुन्। तिनीहरू पाहुना हुन्, जससँग नागरिकको अधिकार छैन।

भजनसंग्रह १५ ले आराधकलाई हामी परमेश्वरको उपस्थितिमा पाहुना हौं भनेर चिन्न आवश्यक छ। किनभने परमेश्वर पवित्र हुनुहुन्छ र उहाँको घर पवित्र छ, हामी त्यहाँ हुन योग्य छैनौं। जीवनमा हाम्रो स्थिति जस्तोसुकै भए पनि, हामीले नम्रताको मनोवृत्तिको साथ परमेश्वरको उपस्थितिमा प्रवेश गर्नुपर्छ। हामी उहाँका पाहुना हौं।

***साँचो आराधकले परमेश्वरको अनुग्रहको उत्सव मनाउँछ।***

हामीले परमेश्वरको पवित्रतालाई चिनेको कारणले, हामी परमेश्वरको अनुग्रहको उत्सव मनाउँछौं जब उहाँले हामीलाई उहाँको घरमा स्वागत गर्नुहुन्छ। एउटा आराधक जसले सोधे, "तपाईंको पवित्र पर्वतमा को बस्न पाउनेछ?" उनीहरूलाई परमेश्वरको घरमा निम्तो दिइनेछ भनी निर्धक्क भएर यो प्रश्न सोधे। परमेश्वरले इस्राएलसँग सम्बन्ध स्थापित गर्नुभएको थियो; यहूदी आराधनाले यो अनुग्रही सम्बन्धको उत्सव मनाएको थियो।

भजनसंग्रह १०३ आराधना गर्न निमन्त्रणा हो, "हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर्।" भजनसंग्रह १०३ मा अनुग्रहको एक सुन्दर सम्झना समावेश छ जसले हामीलाई परमेश्वरको उपस्थितिमा प्रवेश गर्न अनुमति दिन्छ।[15]

"जसरी बुबाले आफ्ना छोराछोरीहरूलाई टिठ्याउँछन्, त्यसरी नै उहाँका भय मान्नेहरूलाई परमप्रभुले टिठ्याउनुहुन्छ। किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धूलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ" (भजनसंग्रह १०३:१३-१४)। हामीलाई धूलोबाट सृष्टि गर्नुहुने परमेश्वरले अनुग्रहपूर्वक हामीलाई आराधना गर्न बोलाउनुभएको छ! जब हामी आराधनामा प्रवेश गर्छौं, हामी परमेश्वरको कृपालाई सम्झन्छौं। यो एउटा अनुग्रह हो जसले धुलोलाई सारा संसारको सृष्टिकर्ताको उपस्थितिमा प्रवेश गर्न अनुमति दिन्छ।

---

[15] यो अवलोकन Richard Averbeck को "*Worshipping God in Spirit*" बाट लिएको हो।

साँचो आराधनामा परमेश्वरको भय, नम्रता र अनुग्रह समावेश हुन्छ। आराधनाका यी प्रत्येक पक्षलाई मन्दिरको आराधनामा देखिएको थियो। यहूदी आराधकहरूले मन्दिरलाई आदरपूर्वक व्यवहार गर्थे किनभने यो एक पवित्र परमेश्वरको घर थियो।[16] परमेश्वरको अगाडि उचित नम्रता देखाउनको लागि तिनीहरूले सावधानीपूर्वक आराधनाको लागि तयारी गरे। उनीहरूले आराधनाको खुशीयाली पनि मनाए। यहूदीहरूको आराधनागायन, वाद्ययंत्र, प्रचुर सुगन्ध र उहाँका मानिसहरूको लागि परमेश्वरको अनुग्रहको खुशीयाली मनाउने वातावरणले भरिएको थियो।

आज, हामी परमेश्वरको भयको भावनाका साथ परमेश्वरकोको घरमा प्रवेश गर्नुपर्छ। हामीले परमेश्वरको सामु आफ्नो अयोग्यता पहिचान गर्नुपर्छ। तर हाम्रो आराधनाले हामीलाई उहाँको उपस्थितिमा स्वागत गर्ने परमेश्वरको अनुग्रहको खुशीयाली पनि मनाउनुपर्छ। एक पुरानो सामुदायिक धार्मिक विधिले भन्छ, "हामी योग्य छौं भनेर आउँदैनौं, तर हामीले निमन्त्रणा पाएका छौं।" यो परमेश्वरको अनुग्रहको खुशीयाली मनाउने आराधना हो।

**उत्तर: आराधकको विवरण (भजनसंग्रह १५:२-५)**

"परमेश्वरको घरमा कसले प्रवेश गर्न सक्छ?" भन्ने प्रश्नको जवाफमा पुजाहारीले आराधना गर्नेको विवरण दिए। भक्त परमेश्वरको अगाडि निर्दोष भएर हिँड्छ। अरूसंगको व्यवहार प्रति उनी सजग हुन्छ। उसले परमेश्वरलाई अस्वीकार गर्नेहरूलाई अस्वीकार गर्छ, तर परमेश्वरसँग डराउनेहरूलाई उसले आदर गर्छ। उसले आफ्नो चरित्रमा परमेश्वरको चरित्रको अनुकरण गर्न खोज्छ। जो व्यक्तिले साँच्चै परमेश्वरको आराधना गर्छ ऊ धेरै भन्दा धेरै परमेश्वर जस्तै बन्नेछ।

यो जवाफले हामीलाई सम्झाउँछ कि आराधनाले सम्पूर्ण जीवनलाई असर गर्छ। परमेश्वरको उपस्थितिमा प्रवेश गर्न सम्पूर्ण आज्ञाकारिता चाहिन्छ। दाऊदले "म परमेश्वरको सन्तान हुँ, तर म परमेश्वरको व्यवस्थाको अधीनमा रहन सक्दिनँ" भन्ने व्यक्तिको कल्पना गर्न सकेनन्। पवित्रशास्त्रले एक व्यक्तिलाई "येशु मेरो मुक्तिदाता हुनुहुन्छ, तर उहाँ मेरो जीवनको प्रभु हुनुहुन्न" भनी भन्न अनुमति दिँदैन। परमेश्वरको उपस्थितिमा प्रवेश गर्नको लागि परमेश्वरको अख्तियारको अधीनमा हुन आवश्यक छ।

***साँचो आराधकले भक्तिमय जीवन बिताउँछ।***

भजनसंग्रह १५:२ ले आराधकको सामान्य विवरण दिन्छ। परमेश्वरको उपस्थितिमा प्रवेश गर्नेहरूले निर्दोष भएर हिँड्नु पर्छ; यसले सबै क्षेत्रमा सत्यनिष्ठाको जीवन जीउनको सुझाव दिन्छ। तिनीहरूले निरन्तर रूपमा सही काम गर्नुपर्छ। तिनीहरूले हृदयमा (वा हृदयबाट) सत्य बोल्नु पर्छ। यी वाक्यांशहरूले आराधकको निरन्तर जीवनको वर्णन गर्दछ। आराधनाले जीवनका सबै पक्षहरूलाई प्रभावित गर्छ।

***साँचो आराधक समुदायसँग सही सम्बन्धमा रहन्छ।***

जसरी दाऊदले "म परमेश्वरको सन्तान हुँ, तर म परमेश्वरको व्यवस्था मान्दिनँ" भन्ने व्यक्तिको कल्पना गर्न सकेनन्, न त उनले "म परमेश्वरको सामु धर्मी छु, न म मेरा छिमेकीहरूसँग धार्मिक व्यवहार गर्दिनँ" भन्ने व्यक्तिको कल्पना गर्न सके।

परमेश्वरको उपस्थितिमा प्रवेश गर्ने व्यक्ति भनेको समुदायसँग सही सम्बन्धमा बाँच्ने व्यक्ति हुनुपर्दछ। उनी:

- आफ्नो जिब्रोले अरूको निन्दा गर्दैन।
- आफ्नो छिमेकीको बिगार गर्दैन।
- आफ्नो साथी-भाइको अपवाद फैलाउँदैन; उसले कुरा काट्दैन।
- परमेश्वरलाई अस्वीकार गर्नेहरूको विरोध गर्छ।

[16] येशुको समयसम्म, यो आदर हराएको थियो र मन्दिरको प्रवेशद्वार बजार बनिसकेको थियो। येशुले मन्दिरलाई बदनाम गर्ने पैसा साट्नेहरूलाई बाहिर निकाल्नुभयो र जसले यसलाई " डाँकूहरूको अड्डा " बनाए (मत्ती 21:12-13)।

- परमप्रभुको भय मान्नेहरूलाई आदर गर्दछ।
- उहाँको वचनमा सत्य भएर बस्छ।
- अन्यायपूर्ण ऋण लिएर गरिबको शोषण गर्दैन।
- निर्दोषको विरुद्धमा घूस लिँदैन।

परमेश्वरको पालमा बस्ने व्यक्ति भित्री र बाहिरी रूपमा धर्मी व्यक्ति हो। साँचो आराधक सत्यनिष्ठ व्यक्ति हो। साँचो आराधकले आराधनाका रीतिरिवाजहरूलाई आज्ञाकारिताको दैनिक जीवनलाई प्रतिस्थापन गर्न अनुमति दिँदैन।

**समापन अवलोकन: आराधकलाई प्रतिज्ञा (भजनसंग्रह १५:५ग)**

आराधकलाई गरिको प्रतिज्ञासँगै भजनसंग्रह १५ समाप्त हुन्छ; "यस्ता काम गर्ने कहिल्यै पनि डग्नेछैन" (भजनसंग्रह १५:५)। जो व्यक्ति परमेश्वरको आज्ञा पालन गर्दै जीवन बिताउँछ उसलाई परमेश्वरको सुरक्षाको प्रतिज्ञा गरिएको छ। भजनसंग्रह १५ ले भजनसंग्रह १ लाई यसको ईश्वरभक्तिको वर्णन र एक ईश्वरीय व्यक्तिमा परमेश्वरको आशिषको प्रतिज्ञासँग समानान्तर गर्दछ।

भजनसंग्रह १५ ले उहाँको आराधना गर्नेहरूबाट परमेश्वरले के चाहनुहुन्छ भनी देखाउँछ। भजनसंग्रह १५ लाई आज्ञाको रूपमा ("परमेश्वरले चाहनुभएको कुरा यही हो") र प्रतिज्ञाको रूपमा ("परमेश्वरले उहाँसँग माग्नेहरूका लागि यो गर्नुहुनेछ") दुवै रूपमा पढ्नुपर्छ। यशैया ६ को दर्शनमा, हामी बुझ्छौं कि उहाँ यस्तो परमेश्वर हुनुहुन्छ जसले आराधकलाई आज्ञाकारिताको लागि शक्ति दिनुहुन्छ। परमेश्वर जसले अशुद्ध ओठहरूलाई शुद्ध पार्नुहुन्छ। भजनसंग्रह १५ को मागहरूलाई सम्भव बनाउनुहुने परमेश्वर नै हुनुहुन्छ। साँचो आराधना परमेश्वरको अनुग्रहमा निर्भर गर्दछ। यो हाम्रो कमजोर प्रयासबाट प्राप्त हुँदैन, तर उहाँको आराधना गर्न खोज्नेहरूको जीवनमा परमेश्वरको अनुग्रहद्वारा प्राप्त हुन्छ। आराधनामा परमेश्वरको अनुग्रहलाई कहिल्यै नबिर्सनुहोस्; पिताले साँचो आराधकहरूलाई खोज्नुहुन्छ, र पिताले आराधनालाई सम्भव बनाउनुहुन्छ।

**जाँच**

आफैलाई सोध्नुहोस्, "के मसँग साँचो आराधकको हृदय र हात छ?" जाँचको रूपमा भजनसंग्रह १५ पढ्नुहोस्। प्रत्येक वाक्यांश पछि, सोध्नुहोस् "के यसले मलाई वर्णन गर्छ? के म आराधनाको लागि तयार छु ?"

व्यक्तिगत प्रार्थनाको रूपमा, भजनसंग्रह १५ फेरि पढ्नुहोस्। "हे प्रभु, मलाई निर्दोष भएर हिँड्न र जे सही छ त्यो गर्न शक्ति दिनुहोस्। मलाई चुगली र निन्दाबाट बच्न अनुग्रह दिनुहोस्..." परमेश्वरको प्रतिज्ञालाई सुनेर समाप्त गर्नुहोस्, "यस्ता काम गर्ने कहिल्यै पनि डग्नेछैन।"

**आराधनाका खतराहरू: ढोंग**

येशुले आफूलाई आराधनामा निपूण ठान्ने मानिसहरूसित कुरा गर्नुभयो। शास्त्रीहरू र फरिसीहरू बाइबलका आज्ञाहरू र यहूदी परम्पराहरू दुवै आराधनाको हरेक विवरणहरू पालन गर्न सावधान थिए। तिनीहरू आफ्नो परमपराको प्रत्येक विवरण पालन गर्न असफल हुने जो कोहीलाई दोष लगाउन छिटो थिए। तथापि, येशुले तिनीहरूको आराधनाको खण्डन गर्नुभयो किनभने तिनीहरू ढोंगी थिए।

फरिसीहरूले विरोध गरे कि येशुका चेलाहरूले आफ्नो हात धुने औपचारिक परमपराहरू पालना गर्दैनन्। येशुले जवाफ दिनुभयो, "ढोंगी हो, यशैयाले तिमीहरूका विषयमा ठीकै अगमवाणी बोले, यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मबाट टाढ़ा छ। तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्" (मत्ती १५:७-९)। यशैयाको दिनमा रहेका झूटा आराधकहरू जस्तै फरिसीहरूलाई येशुले दुईवटा कुरामाहरूमा चुकेको कारणले ढोंगीहरू भन्नुभयो:

१. तिनीहरूको आराधना बाह्य थियो, हृदयबाट होइन (मत्ती १५:८)।

२.	तिनीहरूको आराधना मानवीय परम्परामा आधारित थियो, परमेश्वरको आज्ञामा होइन (मत्ती १५:९)।

हामी ढोंगी आराधनाको खतराबाट बच्न होसियार हुनुपर्छ। हाम्रो आराधना हृदयबाट आउनु पर्छ, र हाम्रो आराधना परमेश्वरद्वारा निर्देशित हुनुपर्छ, न कि परमेश्वरको वचनको बराबरको ओहदामा उचालिएको परम्पराहरूद्वारा।

## निष्कर्ष: आराधकहरूको गवाही

यदि हामीले ख्रीष्टियान जीवनमा अनुग्रहको भूमिकालाई याद नगरीकन भजनसंग्रह १५ पढ्यौं भने, हामीले आराधना गर्ने अधिकार कमाउनै पर्छ भन्ने गलत विचार पाउन सक्छौं। यद्यपि, भजनसंग्रह १५ ले उहाँको घरमा स्वागत पाउनको लागि परमेश्वरले हाम्रो लागि के गर्नुहुन्छ भनेर देखाउँछ, हामीले के गर्छौं भनेर होइन।

आराधनामा कसलाई निमन्त्रणा गरिएको छ? आराधकहरूको केही आश्चर्यजनक गवाहीहरू सुन्नुहोस्। तिनीहरूले देखाउँछन् कि आराधना भनेको हामी कत्तिको योग्य छौँ भन्ने बारेमा होइन; आराधना भनेको विनम्र भई परमेश्वरको उपस्थितिमा आउनु र उहाँको अनुग्रहद्वारा रूपान्तरण हुनु हो।

एउटा फरिसीले भन्छ:

"म येशुको शिक्षाबाट किन अप्रसन्न छु भनेर तपाईंले बुझ्न सक्नुहुन्छ भन्ने पक्का छ। म राम्रो मान्छे हुँ। म आज्ञाहरू भङ्ग गर्दिनँ म उपवास बस्तछु र दशांश दिन्छु। यदि कोही परमेश्वरको अनुग्रहको योग्य छ भने, त्यो म हुनुपर्छ! म असल मान्छे हुँ भनी देखाउन परमेश्वरको घरमा आएको छु। परमेश्वरले मेरो आराधनालाई कसरी अस्वीकार गर्न सक्नुहुन्छ र?"

कर उठाउनेले भन्छ:

"साँच्चै, म फरिसी जस्तै छक्क परेको छु! म मन्दिरमा पस्न सक्छु भन्ने पनि पक्का थिएन। म असल मान्छेहरूबाट सकेसम्म टाढा बसेँ। मैले आशा गरेको थिए कि कसैले मलाई याद गर्नेछैन। म दयाको योग्य नभए पनि मैले परमेश्वरको कृपा खोजेँ। मेरो आश्चर्यचकितमा, म धर्मी ठहरिएर घर गए। मेरो जीवन आराधानमा परिवर्तन भयो।"

एउटा धनी मानिसले भन्छ:

"म मन्दिरमा धेरै पैसा दिन्छु। मलाई लाग्छ कि येशु मेरो भेटीबाट प्रभावित हुनुपर्छ। त्यो मेरो आराधना हो। जब मैले मेरो भेटीको बाकसमा हाल्छु, सबैलाई थाहा हुन्छ कि 'पैसा ज्यु' यहाँ छ। म लाग्छ कि मैले कति दिन्छु भन्ने कुरालाई परमेश्वरले ध्यान दिनुहुन्छ!"

एउटा गरिब विधवाले भन्छिन्:

"मलाई मेरो भेटी बाकसमा राख्न लाज लाग्यो। मसँग दुईवटा साना सिक्का मात्र थिए। अरू सबैले धेरै दान दिइरहेका थिए; मसँग लगभग केही थिएन। तर आराधना भनेको परमेश्वरलाई आफ्नो उत्तम कुरा दिनु हो। यो धेरै थिएन; तर मैले मसँग भएका सबै दिएँ। मलाई आशा थियो कि कसैले मेरो सानो सिक्कालाई याद गर्नेछैन, तर कसैले याद गरेको थियो। मैले दिएको कुरा येशुले देख्नुभयो! र उहाँले भन्नुभयो कि मैले अरू सबैले भन्दा बढी दिए। मलाई थाहा भएन कि येशुले त्यो भनाइले के भन्न खोज्नुभएको थियो, तर म खुशी छु कि मैले मेरो तर्फबाट सबैभन्दा असल चिज दिएँ!"

## समूह छलफल

► यस पाठको व्यावहारिक प्रयोगको लागि, निम्न कुराहरू छलफल गर्नुहोस्:

*किरण धेरै वर्ष देखि एउटा ख्रीष्टियान भएका छन्। उनलाई थाहा छ कि मण्डलीमा उपस्थित हुनु, बाइबल पढ्नु र प्रार्थना गर्नु महत्त्वपूर्ण छ, तर यी गतिविधिहरूमा परमेश्वरको उपस्थिति महसुस गर्न उनलाई गाह्रो छ। तिनीहरू विधि बाहेक अरू केही देखिँदैनन्। किरणलाई उनको आराधनामा परमेश्वरलाई हेर्न तपाईं कसरी मद्दत गर्न सक्नुहुन्छ?*

## समीक्षामा पाठ २

(१) आराधना गर्न परमेश्वरको बारेमा हाम्रो बुझाइ महत्त्वपूर्ण छ किनभने परमेश्वरको विकृत तस्विरले विकृत आराधनाको नेतृत्व गर्दछ।

(२) आराधना हाम्रो आराधना अनुभवको गुणस्तरमा होइन, परमेश्वरमा केन्द्रित हुनुपर्छ।

(३) प्रकाशको पुस्तकले स्वर्गीय आराधनाको चित्र दिन्छ:

- स्वर्गीय आराधना भनेको सृष्टिकर्ताको आराधना हो जो सार्वभौम, पवित्र र अनन्त हुनुहुन्छ।
- स्वर्गीय आराधना भनेको उद्धारकर्ताको आराधना हो।
- स्वर्गीय आराधना भनेको राजाको आराधना हो।
- स्वर्गीय आराधना भनेको विजयी दुलहाको आराधना हो।

(४) भजनसंग्रह १५ एक आराधनामय भजन हो जसले आराधकहरूका लागि परमेश्वरको आवश्यकताहरू संक्षेप गर्दछ।

- साँचो आराधकलाई परमेश्वरको भय थाहा हुन्छ।
- साँचो आराधकले नम्रतामा आराधना गर्छ।
- साँचो आराधकले परमेश्वरको अनुग्रहको उत्सव मनाउँछ।
- साँचो आराधकले भक्तिमय जीवन बिताउँछ।
- साँचो आराधक समुदायसँग सही सम्बन्धमा रहन्छ।
- साँचो आराधकले सुरक्षा र आशिषको परमेश्वरको प्रतिज्ञा प्राप्त गर्छ।

**पाठ २ क्रियाकलाप**

(१) भजनसंग्रह १२०-१३४ यरूशलेम यात्रा गर्ने तीर्थयात्रीहरूको लागि गीतहरूको संग्रह हो। यी भजनहरूले विभिन्न परिस्थितिहरूमा आराधनाको बारेमा सिकाउँछन्। तलको तालिकामा भएका प्रश्नहरूको जवाफ दिँदा यी भजनहरू पढ्नुहोस्।

| भजनसंग्रह | जवाफ दिनुपर्ने प्रश्नहरू |
|---|---|
| १२० | मेशेक र केदार कहाँ छन्? मेशेक वा केदारमा बस्ने तीर्थयात्रीका लागि यरूशलेमको आराधना किन महत्त्वपूर्ण छ? |
| १२२ | आराधनाप्रति हाम्रो मनोवृत्तिबारे यस भजनसंग्रहले के सिकाउँछ? |
| १२३ | आराधकको परमेश्वरसँगको सम्बन्धको बारेमा पद २ ले के सिकाउँछ? |
| १२४ | यस भजनसंग्रहले कठिन परिस्थितिमा प्रशंसाको बारेमा के सिक्नुहुन्छ? |
| १२६ | राष्ट्रहरू बीचको मिशनसँग आराधना कसरी सम्बन्धित छ? पद २ लाई नोट गर्नुहोस्। |
| १३० | यस भजनसंग्रहले आराधनामा स्वीकारको भूमिकाबारे के सिकाउँछ? |
| १३१ | भजनरचयिताले आफूलाई आराधनाको लागि कसरी तयार गर्नुहुन्छ? यस नमुनालाई पछयाउन तपाईंले चाल्न सक्ने व्यावहारिक कदमहरू के के हुन्? |
| १३३ | भजनसंग्रह १३३, यूहन्ना १७:२०-२३, र एफिसी ४:१-१६ सबै एकताको कुरा गर्छन् र सबै कुनै न कुनै रूपमा मण्डलीको जीवनसँग सम्बन्धित छन्। आराधना र मण्डलीको जीवनसँग एकता कसरी सम्बन्धित छ? |
| १३४ | भजनसंग्रह १३४ कसरी आराधनाका भजनहरूको यस शृङ्खलाको लागि उपयुक्त अन्त्य हो? |

(२) अर्को पाठको सुरुमा, तपाईंले यस पाठमा आधारित परीक्षा दिनुहुनेछ। तयारी गर्दा खेरी परीक्षाका प्रश्नहरूलाई सावधानीपूर्वक अध्ययन गर्नुहोस्।

## पाठ २ परीक्षा

(१) प्रकाश ४ को भजनमा सृष्टिकर्ता परमेश्वरको बारेमा हामीले सिक्ने तीनवटा कुराहरूलाई सूचीबद्ध गर्नुहोस्।

(२) प्रकाश ५ मा उद्धारकर्ताको आराधना गर्नुका तीनवटा कारणहरू सूचीबद्ध गर्नुहोस्।

(३) ख्रीष्टियानहरूका लागि प्रकाशको पुस्तकको मुख्य सन्देश के हो?

(४) भजनसंग्रह १५ एक आराधनामय भजन हो जुन तीन भागमा विभाजित छ। ती तीन भागहरूलाई सूचीबद्ध गर्नुहोस्।

(५) आफूलाई परमेश्वरको उपस्थितिमा पाहुना हो भनी बुझ्ने आराधकको मनोवृत्ति कस्तो हुन्छ?

(६) भजनसंग्रह १५:२-५ बाट साँचो आराधकका दुई महत्त्वपूर्ण विशेषताहरू के-के हुन्?

(७) येशुले किन फरिसीहरूलाई ढोंगी भन्नुभयो?

(८) आफूले कण्ठ गरेको प्रकाश ५:९-१४ लेख्नुहोस्।

# पाठ 3
# पुरानो करारमा आराधना

### पाठका उद्देश्यहरू

यस पाठको अन्त्यसम्ममा, विद्यार्थीले सक्षम हुनुपर्छ:

(१) परमेश्वरको अनुग्रहको कदर गर्नुहोस् जसले आराधनालाई सम्भव बनाउँछ।

(२) आज्ञाकारिताको हृदय सहित आराधनामा आउनुहोस्।

(३) आराधनामा विधिको भूमिकालाई जान्नुहोस्।

(४) आराधनाको केन्द्रीय तत्वको रूपमा प्रशंसाको अभ्यास गर्नुहोस्।

(५) आराधनामा परमेश्वरको वचनको घोषणाको महत्त्वलाई बुझ्नुहोस्।

(६) आराधनामा असन्तुलनको खतराबाट बच्नुहोस्।

### पाठको तयारी

*मीका ६:६-८ कण्ठ गर्नुहोस्।*

### परिचय

पास्टरहरूको एउटा समूह प्रत्येक महिना तिनीहरूको मण्डलीहरूका समस्याहरू छलफल गर्न भेला हुन्छन्। हालैको समयमा उनीहरूले आराधनाको चर्चा गरेका छन्। आराधनाको विषयमा यी पास्टरहरू बीच महत्त्वपूर्ण भिन्नताहरू छन्। तिनीहरूका धर्मसिद्धान्त सम्बन्धिका विश्वासहरू एकै भए तापनि, तिनीहरू आराधना शैलीको मामिलामा धेरै फरक छन्।

प्रकाश एउटा मण्डलीको पास्टर हुन् जसले आराधना गर्ने परम्परागत शैलीलाई पछ्याएका छन्। आशिष वृद्धि भइराखेको मण्डलीमा आराधनाको सेवा गर्दछन् जसले आराधनामा धेरै समकालीन विचारहरू प्रयोग गर्दछन्। सञ्जय अझै पनि उनको मण्डलीको लागि सबैभन्दा उपयुक्त आराधनाको स्वरूप फेला पार्ने कोशिस गर्दैछन्। यी पास्टरहरूले आराधनाको बारेमा धेरै छलफल गरेका छन्, तर तिनीहरू आराधनाका आधारभूत सिद्धान्तहरूमा सहमत हुने तिनीहरूका प्रयासमा निराश छन्।

आज, सुमन भन्छन्, "सायद हामीले यसलाई गलत तरिकाले हेरिराखेका छौं। हामी सोधिरहन्छौं, 'हामी कस्तो प्रकारको आराधना मन पराउँछौँ? हामी कसरी आराधना गर्न चाहन्छौं?' सायद हामीले सोध्नुपर्छ, 'हामीले कसरी आराधना गरेको परमेश्वरले चाहनुहुन्छ? कस्तो प्रकारको आराधना उहाँले मन पराउनुहुन्छ? यदि परमेश्वरले आराधनाको नमुना बनाउने हो भने, यो कस्तो देखिने थियो?' यदि हामीले बाइबलीय आराधना कस्तो देखिन्थ्यो भनी थाह पाउँछौं भने, यसले हामीलाई आजको आराधनाको नमुना दिन सक्छ।"

► यदि परमेश्वरले आराधनाको नमूना बनाउने हो भने, यो कस्तो देखिने थियो? बाइबलीय आराधनाको बारेमा तपाईंलाई पहिले नै थाहा भएको कुरा संक्षेप गर्नुहोस्।

## परिचय: परमेश्वरलाई उचित आराधना चाहिन्छ

पाठ २ मा, हामीले प्रकाशको पुस्तकबाट देख्यौं कि साँचो आराधना एक पवित्र परमेश्वरको आराधना हो। हामीले भजनसंग्रह १५ बाट देख्यौं कि परमेश्वरले आफ्ना आराधकहरू पवित्र भएको चाहनुहुन्छ। पाठ ३ मा हामी सोध्छौं, "एउटा आराधक कसरी एक पवित्र परमेश्वरको नजिक जान्छ?"

कतिपय मानिसहरू भन्छन् कि हामी कसरी आराधना गर्छौं, परमेश्वरले त्यसको वास्ता गर्नुहुन्न; उहाँले केवल हृदय सही छ कि छैन भनेर ख्याल गर्नुहुन्छ। यो सत्य हो कि आराधनाको मुख्य कुरा हृदय हो। यद्यपि, हामीसँग पवित्रशास्त्रबाट प्रशस्त साक्षीहरू छन् कि परमेश्वरले उहाँलाई कसरी आराधना गरिन्छ भन्ने बारेमा धेरै चासो राख्नुहुन्छ।

आराधनाको रूप महत्त्वपूर्ण हुन्छ किनभने **हाम्रो आराधनाले परमेश्वर प्रतिको हाम्रो बुझाइलाई असर गर्छ**। अघिल्लो पाठमा, हामीले देख्यौं कि परमेश्वरको विकृत छविले विकृत आराधनाको नेतृत्व गर्दछ। यो पनि सत्य हो कि विकृत आराधनाले हाम्रो परमेश्वरको स्वरूपलाई बिगार्छ। कनानीहरूले आफ्ना देवताहरूको आराधना गरेझैं इस्राएलले यहोवाको आराधना गर्दा, तिनीहरूले चाँडै नै परमेश्वरको स्वभाव पनि कनानीहरूका देवताहरूजस्तै छ भनेर विश्वास गरे। तिनीहरूले कानानीहरूका देवताहरूजस्तै परमेश्वर पनि प्रतिशोधी र भरपर्न नसकिने हुनुहुन्छ भनी विश्वास गर्न थाले।[17]

आराधनाको स्वरूप महत्त्वपूर्ण हुन्छ किनभने **हामी कसरी आराधना गर्छौं प्रायः हामी किन आराधना गर्छौं भन्ने कुराको प्रतिबिम्ब हो**। प्रेमले भरिएको हृदयले परमेश्वरलाई आदर गर्ने खालको आराधना गर्न खुशी हुन्छ; हिचकिचाहटपूर्ण आज्ञाकारिताको हृदयले परमेश्वरको नभई हाम्रो तरिकाले आराधना गर्न चाहन्छ।

धेरै कलेजका कक्षाहरूमा शोधपत्रहरूको फारमको लागि निश्चित आवश्यकताहरू छन्। तिनीहरूलाई आवरण पृष्ठ, विवरणहरू, र एक निश्चित किनार चाहिन्छ। यी विवरणहरू लेखकको सबैभन्दा महत्त्वपूर्ण भाग होइनन्; विषयवस्तु सबैभन्दा महत्त्वपूर्ण हुन्छ। यद्यपि, धेरै शिक्षकहरूले विवरणहरूमा सावधानी अपनाउने विद्यार्थी सामान्यतया विषयवस्तुको बारेमा होसियार हुने कुरा अवलोकन गरेका छन्। तिनीहरू आफ्नो तर्फबाट सक्दो राम्रो गर्न चाहन्छन्। अर्कोतर्फ, यी आवश्यकताहरूलाई बेवास्ता गर्ने विद्यार्थी प्रायः विषयवस्तुसँग लापरवाह हुन्छ। शोधपत्रको आवरणले प्रायः लेखकको विषयवस्तुलाई प्रतिबिम्बित गर्दछ। हामीले आराधना गर्ने तरिकाले हाम्रो हृदयको मनोवृत्ति झल्काउँछ। हामी कसरी आराधना गर्छौं त्यो प्रायः हाम्रो आराधनाको अभिप्रायसँग सम्बन्धित छ। यसकारण हामीले कसरी आराधना गर्छौं भनी परमेश्वरले चासो राख्नुहुन्छ।

- कयिनले परमप्रभुलाई भेटी ल्याए। कयिन जमिनमा काम गर्ने कामदार थिए। उसले जमिनको फल ल्यायो, तर परमप्रभुले कयिन र उसको भेटीको वास्ता गर्नुभएन। कयिनले सही तरिकाले आराधना गर्न नसक्दा तिनको हृदयको मनोवृत्तिलाई यसले देखायो। कयिनको भेटी आफ्नै लागि सुविधाजनक थियो, तर परमेश्वरले उसको आराधना स्वीकार गर्नुभएन (उत्पत्ति ४:१-५)।

- हारूनले यहोवाको आराधनामा प्रयोग गर्न सुनको बाछो बनाए। उनले भने, "भोलि परमप्रभुको निम्ति एउटा चाड़ हुनेछ" (प्रस्थान ३२:१-५)। सायद हारूनले मानिसहरूलाई खुशी पार्ने किसिमले उनले परमेश्वरको आराधना गर्न सक्छन् भनी आफैलाई विश्वस्त पारेका थिए होला, तर परमेश्वरले उनको आराधना स्वीकार गर्नुभएन।

[17] मीका 6:6-7 मा, धार्मिक अगुवाहरूले यहोवालाई बालबलि चढाउने प्रयास गर्छन्। मोलेकले मागेको बच्चाको बलिदान मागे जस्तै यहोवाले पनि त्यही प्रकारले आपेक्षा गर्नुहुन्छ भनी तिनीहरू सोच्छन्।

"यदि तपाई पुरानो करारका पूजाहारी हुनुहुन्थ्यो, र तपाईंले अहिले उहाँको सेवा गरेझैं परमेश्वरको सेवा गर्नुभएको थियो भने, प्रभुले तपाईंलाई मार्नुअघि कति समय लाग्ला?"

- वारेन वियर्सबी

(आराधनाको गम्भीरताको सन्दर्भमा)

- नादाब र अबिहूले सिनै पर्वतमा इस्राएलका परमेश्वरलाई देखे (प्रस्थान २४:१-११)। मोशाका अलावा, अरूभन्दा तिनीहरू परमेश्वरको नजिक गएका थिए, तर पवित्र-स्थानमा तिनीहरूको पुजारीय सेवाको पहिलो दिनमै तिनीहरूले परमप्रभुको अगि अयोग्यरीतिले धूपौरोमा आगो बाले। जवाफमा, परमप्रभुको आगोले तिनीहरूलाई भस्म पार्‍यो। मोशाले तिनीहरूका शोकाकुल बुबालाई परमेश्वरको न्यायको व्याख्या गरे; "परमप्रभुले भन्नुभएको कुरा यही हो: 'मेरो नजिक आउनेहरूमा म पवित्र बन्नेछु, अनि सारा मानिसहरूका सामु म महिमित हुनेछु" (लेवी १०:१-७)। यी पूजारीहरूले परमेश्वरको आज्ञा पालन गर्नुको सट्टा आफ्नै तरिकामा धूप चढाए। परमेश्वरले तिनीहरूको आराधना स्वीकार गर्नुभएन।

- उज्जियाह एक महान राजा थिए। तिनले परमप्रभुको दृष्टिमा जे ठीक थियो त्यही गरे। २ इतिहासले उनको शासनको सारांश दिन्छ: "तिनलाई यस्तो आश्‍चर्यको सामान मिलेको कारण तिनको ख्याति चारैतिर फैलिएको थियो। यसले गर्दा तिनी ज्यादै शक्तिशाली भए" (२ इतिहास २६:१५)। दुःखको कुरा, यो उज्जियाहको कथाको अन्तिम रूप होइन। "तर तिनी शक्तिशाली भएपछि तिनको अहङ्कारले गर्दा तिनको पतन भयो। तिनी धूप-वेदीमा धूप बाल्नलाई परमप्रभुको मन्दिरमा पसेर परमप्रभु आफ्ना परमेश्‍वरको विरुद्धमा तिनले विश्‍वासघात गरे" (२ इतिहास २६:१६)। उनले आफ्नै तरिकाले परमेश्वरको आराधना गर्ने कोसिस गरे र कुष्ठरोगले ग्रस्त भए (२ इतिहास २६:१-२१)। परमेश्वरले उनको आराधना स्वीकार गर्नुभएन।

- निर्वासन पछि यहूदीहरूले मन्दिरमा विकृत बलिदानहरू ल्याए। उचित बलिदानहरू ल्याउन तिनीहरू चुकेकाले तिनीहरूको हृदयको लापरवाही मनोवृत्ति देखियो। तिनीहरूले परमेश्वरलाई साँचो प्रेम गरेनन्, त्यसैले परमेश्वरले तिनीहरूको आराधना स्वीकार गर्नुभएन (मलाकी १:६-१४)।

उहाँलाई *कसरी* आराधना गरिन्छ भन्ने कुरामा परमेश्वरले चासो राख्नुहुन्छ। यी उदाहरणहरूले सुझाव दिन्छन् कि, हामी आफैलाई छोडेर, हामी उहाँलाई आदर गर्ने तरिकामा परमेश्वरको नजिक जानेछैनौं। हामीलाई जे उपयुक्त लाग्छ त्यो परमेश्वरलाई मान्य नहुन सक्छ। हाम्रो आराधनाको लागि हामीलाई उहाँको निर्देशन हुनुपर्छ।

आराधनाको अर्थ परमेश्वरलाई आदर गर्नु भएकोले, हाम्रो आराधना हाम्रो इच्छाहरू भन्दा पनि परमेश्वरको चरित्रले निर्धारण गर्नुपर्छ। परमेश्वरलाई के मन पर्छ भनेर हामी आफैले निर्धारण गर्न सक्दैनौं; परमेश्वरलाई कसरी खुशी तुल्याउने भन्ने खालको आराधना गर्ने तरिका सिक्नको लागि हामीले परमेश्वरको वचनलाई हेर्नैपर्छ।

## परमेश्वरसँग हिँड्नु: अनुग्रहको सम्बन्धको रूपमा आराधना गर्नु

आराधनाको पहिलो बाइबलीय तस्विर अदनको बगैंचामा छ, "अनि साँझपख परमप्रभु परमेश्‍वर बगैँचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने..." (उत्पत्ति ३:८)। यसले आराधनाको लागि परमेश्वरको आदर्श देखाउँछ: मानिस र उसको सृष्टिकर्ता बीच एउटा अटुट सङ्गति। पतन हुनु अघि, मानिस र परमेश्वरको बीचमा पापले बाधा पुर्‍याएको थिएन। बगैंचामा आराधना सरल र सहज थियो।

बगैंचामा, हामी देख्छौं कि परमेश्वर आफ्ना सृष्टिहरूसँग सङ्गति गर्न चाहनुहुन्छ। पतन नभएसम्म, मानिसले परमेश्वरसँग पूर्ण सङ्गतिको आनन्द उठायो; पापले मानिसको स्वभावलाई भ्रष्ट बनाएपछि मात्र मानिसले आफूलाई परमेश्वरबाट लुकायो।

पुरानो करारभरि, *परमेश्वरको साथसाथ हिँड्थे* भन्ने शब्दलाई आराधनामा परमेश्वरसँगको सम्बन्ध समावेश छ भनी देखाउन प्रयोग गरिएको छ। हनोक परमेश्वरको साथसाथ हिँड्थे; नोआ परमेश्वरको साथै हिँड्ने गर्थे; अब्राहामलाई परमेश्वरसँग हिंड्न आदेश दिइएको थियो (उत्पत्ति ५:२४, उत्पत्ति ६:९, उत्पत्ति १७:१)। यी प्रत्येक उदाहरणले परमेश्वरसँग समय बिताएर सम्बन्ध निर्माण गर्ने व्यक्तिलाई देखाउँछ। सही आराधना परमेश्वरसँग सही सम्बन्धमा आधारित हुन्छ।

उत्पत्ति ३:८ ले देखाउँछ कि आराधना सम्बन्धमा आधारित थियो। यसले यो पनि देखाउँछ कि परमेश्वरको कृपाले मात्र आराधना सम्भव छ। अन्यजातिका देवताहरूले मानिसले तिनीहरूलाई सन्तुष्ट पार्नको लागि उचित रूपमा आराधना गर्ने तरिका खोज्ने अपेक्षा गरे। यसको विपरीत, यहोवाले दयालु भई आराधनाको उचित माध्यमको प्रबन्ध गर्नुभयो। तीनवटा उदाहरणले यसलाई प्रष्ट पार्छ।

### परमेश्वरले आदम र हव्वाको लागि आराधना सम्भव बनाउनुभयो

पतनपछि, आदम र हव्वाबाट आराधना खोज्न वा स्वीकार गर्न परमेश्वर बाध्य हुनुभएन। तिनीहरूले परमेश्वरको व्यवस्था तोडेका थिए; तिनीहरूले उहाँको सृष्टिलाई भ्रष्ट गरेका थिए। तिनीहरू न्याय बाहेक अरू केहीको योग्य थिएनन्।

तिनीहरूले पाप गरेपछि, आदम र हव्वाले आफूलाई प्रभुको उपस्थितिबाट लुकाए (उत्पत्ति ३:८)। आदम र हव्वाको लागि अर्को कुनै कारवाही थिएन; तिनीहरूले मृत्युबाहेक अरू केही आशा गर्न सकेनन्। तिनीहरूले थाहा पाएको एउटै प्रतिक्रिया भनेको न्यायकर्ताबाट आफैलाई लुकाउनु थियो, तर अनुग्रहमा परमप्रभु परमेश्वरले आदमलाई बोलाउनुभयो। आराधना परमेश्वरको कृपाले सम्भव भएको हो। हामी आफैंलाई छोडेर, हामीसँग पवित्र परमेश्वरको नजिक पुग्ने कुनै माध्यम छैन। उहाँको कृपाले मात्र हामीलाई आराधना गर्न बोलाइएको छ।

### परमेश्वरले अब्राहामको लागि आराधनालाई सम्भव तुल्याउनुभयो

► उत्पत्ति १८:१-८ पढ्नुहोस्।

पाठ १ मा, हामीले देख्यौं कि आराधनाको लागि हिब्रू शब्दहरू मध्ये एक (*शकाह*) को अर्थ "दण्डवत्" वा "आराधना गर्नु" हो। यो शब्द सर्वप्रथम उत्पत्ति १८:२ मा प्रयोग गरिएको छ। अब्राम आफ्नो पालको ढोकामा बस्दा प्रभु र दुई स्वर्गदूतहरू देखा परे। अब्राम उनीहरूलाई भेट्न पालको ढोकाबाट दौडे र आफूलाई भुईंसम्म झुकाए। अब्राहामले आफैलाई झुकाए-उनले आराधना गरे।

ध्यान दिनुहोस् कि परमेश्वरले यस घटनामा पहलको काम गर्नुभयो। उहाँ अब्राहामलाई भेट्न आउनुभयो। परमेश्वरले आराधनालाई सम्भव तुल्याउनुभयो। पुरानो करार जस्तै नयाँ करारमा, आराधना अनुग्रहद्वारा मात्र सम्भव भएको छ। पुरानो करारका बलिदानहरू सम्बन्ध नरूचाउने क्रोधित परमेश्वरलाई शान्त पार्ने माध्यम होइनन्। तिनीहरू परमेश्वर र पापी मानिसको बीचमा मेलमिलापको निम्ति परमेश्वरले आफैंले बनाउनु भएको एउटा माध्यम थियो। पुरानो करारमा पनि, आराधना केवल परमेश्वरको अनुग्रहबाट सम्भव भएको छ। हामी आफैंमा राम्ररी आराधना गर्ने क्षमता छैन।

### परमेश्वरले याकूबको निम्ति आराधना सम्भव तुल्याउनुभयो

► उत्पत्ति २८:१०-२२ पढ्नुहोस्। यस घटनाले आराधनामा परमेश्वरको भूमिकाको बारेमा के प्रकट गर्छ?

आराधनाको सबैभन्दा अचम्मलाग्दो बाइबलीय चित्रहरू मध्ये एक उत्पत्ति २८:१०-२२ मा पाइन्छ। याकूबको विगतमा कुनै पनि कुराले आराधकका गुणहरू देखाउँदैन। उनले भजनसंग्रह १५ को योग्यताहरू पूरा गर्दैनन्। उनले परमेश्वरलाई खोजिरहेको छैनन्; वास्तवमा, ऊनी आफ्नै छलपूर्ण कार्यहरूद्वारा सिर्जना गरिएका समस्याहरूबाट भागिरहेका छन्। आराधना सम्बन्धी कुनै पनि पुस्तकले यसो भन्दैन, "आफ्नै पापको परिणामबाट भाग्ने छलीहरूबाट स्वीकार्य आराधना आउँछ।"

यद्यपि, याकूबको अयोग्यताको बावजुद परमेश्वरले आफूलाई याकूबकहाँ प्रकट गर्नुभयो। याकूबजस्तो अयोग्य व्यक्तिको निम्ति पनि परमेश्वरको अनुग्रहले आराधनालाई सम्भव बनाउँछ। वारेन वियर्सबीले लेखेका छन्, "जब हामी यसको थोरै अपेक्षा गर्छौं-वा यसको योग्य पनि हुन्छौं भने परमेश्वर दयालु रूपमा हामीमा प्रवेश गर्नुहुन्छ। **जब आराधनामा अनुग्रहको अनुभव हुन बन्द हुन्छ, यसले महिमाको अनुभव हुनलाई पनि बन्द गरिदिन्छ।**"[18]

यो अनुग्रहद्वारा मात्र हो कि परमेश्वरले हामीलाई उहाँको उपस्थितिमा निम्तो दिनुहुन्छ। हाम्रो आराधना उहाँको अनुग्रहको प्रतिक्रिया हो। हामीले आराधना गर्ने कुनै पनि कुरा उहाँको लागि योग्य छैन। उहाँको अनुग्रहले मात्र हामीलाई आराधना गर्ने शक्ति दिन्छ।

याकूबको घटनाले यहोवाको आराधना र झूटा देवताहरूको आराधना बीचको ठूलो भिन्नतालाई देखाउँछ। झूटा देवताहरूका आराधकहरूले आफ्नो देवताको अनुग्रह जित्ने प्रयासमा वेदीहरू बनाए। कर्मेल डाँडामा बालका अगमवक्ताहरूले ... "बालको नाउँ लिएर उनीहरूले बिहानदेखि मध्यान्हसम्म यसो भनेर पुकारे, 'हे बाल, हामीलाई जवाफ दिनुहोस्!' तर केही प्रत्युत्तर आएन। अनि आफूहरूले बनाएको वेदीको वरिपरि उनीहरू खूब उफ्रँदै नाचे" (१ राजाहरू १८:२६)।

> झूटो आराधनामा, व्यक्तिले मूर्तिको अनुग्रह (कामहरू) प्राप्त गर्न वेदी बनाउँछ।
>
> साँचो आराधनामा, एक व्यक्तिले परमेश्वरको अनुग्रह (अनुग्रह) मनाउन वेदी बनाउँछ।

साँचो आराधना र झूटो आराधना बीचको भिन्नतालाई १ राजाहरू १८:२०-३९ पढ्नुहोस्।

बालका अगमवक्ताहरूले बाललाई उनीहरूका सामु प्रकट हुनको लागि मनाउने प्रयास गरे। यो ढाँचा मूर्तिपूजामा बारम्बार देखिन्छ। वेदीहरू र बलिदानहरू मूर्तिसँग अनुग्रह कमाउने प्रयास हो।

यसको विपरीत, परमेश्वरले आराधनामा उहाँका जनसामु आफूलाई अनुग्रहपूर्वक प्रकट गर्नुहुन्छ। आफूले सेवा गर्ने परमेश्वरले उनको प्रार्थनाको जवाफ दिनुहुनेछ भनी पूर्ण रूपले विश्वस्त हुँदै एलियाले आफ्नो वेदी बनाए।

> हे परमप्रभु, अब्राहाम, इसहाक र इस्राएलका परमेश्वर, इस्राएलमा तपाईं परमेश्वर हुनुहुन्छ, र मचाहिँ तपाईंको दास हुँ, र यी सबै काम तपाईंको आज्ञाअनुसार मैले गरेको छु भनी आज थाहा होस् (१ राजाहरू १८:३६)।

उत्पत्तिमा, कुलपिताहरूले परमेश्वरको ध्यान खिच्नको लागि वेदीहरू बनाएका थिएनन् तर परमेश्वरले आफूलाई प्रकट गर्नुभएको ठाउँहरूको स्मारकको रूपमा वेदीहरू बनाएका थिए। वेदीले परमेश्वरको निगाह प्राप्त गरेन; यसले उहाँको अनुग्रहको उत्सव मनायो। याकूबले हामीलाई देखाउँछन् कि आराधना अनुग्रहद्वारा मात्र सम्भव छ। हामीले कहिल्यै पनि यो सोच्नु हुँदैन कि हाम्रो आराधनाले हामीलाई परमेश्वरको निगाहको योग्य बनाउँछ; हामी अनुग्रहको कारण आराधना गर्छौं।

जब परमेश्वरले आराधना सम्भव बनाउनुहुन्छ, तब के हुन्छ? याकूब रूपान्तरण भए। यो रूपान्तरण पूरा हुन ३० वर्ष लाग्यो, तर यो रूपान्तरण बेथेलमा सुरु भयो। आराधना (याकूब जस्तो अपूर्ण व्यक्तिको अपूर्ण आराधनाले पनि) हामीलाई परिवर्तन गर्छ र हाम्रो लागि त्यस्तो काम गर्छ, जुन हामीले आफ्नै लागि कहिल्यै गर्न सक्दैनौं।

[18] Warren W. Wiersbe, *Real Worship*, (Grand Rapids: Baker Books, 2000), 72

**जाँच**

आफैलाई सोध्नुहोस्, "के म आराधनाद्वारा रूपान्तरण भइरहेको छु, वा म खाली गतिहरूबाट गुज्रिरहेको छु? परमेश्वरसँग आराधनामा भेट भएको कारण मैले अन्तिम पटक कहिले आफ्नो कार्य, विश्वास वा मनोवृत्तिलाई परिवर्तन गरें?"

**अब्राहाम: आराधनाको लागि आज्ञाकारिता चाहिन्छ**

► उत्पत्ति २२:१-१९ पढ्नुहोस्। यस घटनामा आराधनाका लागि के आवश्यकताहरू छन्?

अब्राहामले गरेको आफ्नो छोराको बलिदान आराधनाको सर्वोच्च कार्य थियो। यस घटनामा, अब्राहामको आज्ञाकारितामा जोड दिइएको याद गर्नुहोस्। परमेश्वरले भन्नुभयो, "तेरो छोरो, अर्थात् तैंले माया गरेको तेरो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तँलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि गर्।" तीन आज्ञा। अब्राहामले "अब्राहाम बिहानै उठेर गधामा काठी कसे, र आफ्ना कमाराहरूमध्येका दुई जना र छोरो इसहाकलाई साथमा लिए... यसरी ती दुवै जना सँगसँगै गए... तब अब्राहामले आफ्नो छोरालाई बलि गर्न छुरी उठाए।" अब्राहामले हरेक आज्ञा पालन गर्छन्।

अब्राहामले इसहाकलाई गरेको बलिदानले देखाउँछ कि साँचो आराधनालाई पूर्ण आज्ञाकारिता चाहिन्छ। आराधना महशुस गर्ने कुरा वा भावना भन्दा बढी हो; आराधना भनेको गायक वा प्रचारकको कुरा सुन्नु भन्दा बढी हो। आराधना परमेश्वरको लागि सक्रिय प्रतिक्रिया हो।

उत्पत्ति १८ मा अब्राहामको घटनामा फर्कनुहोस्। घटनाको सुरुमा हामी आराधनालाई आज्ञाकारी सेवाको रूपमा देख्छौं। अब्राहामले तीन जना अपरिचित व्यक्तिहरूलाई आफ्नो छाउनीमा आउँदै गरेका देख्छन्। उनी भुइँसम्मै झुक्छन्। उनले आराधना गर्छन्।

त्यसपछि हामी अब्राहामलाई सेवामा व्यस्त भएको देख्छौं। उनले तिनीहरूका खुट्टा धुन पानी दिए। सारालाई भनेर रोटी बनाउन तिनी हतार-हतार पालमा गए। तिनले खाना तयार पारे र तिनीहरूका सामु राखिदिए। प्रतिक्षारत सेवकको रूपमा तिनीहरूले खाना खाँदा उनी रूखमुनि तिनीहरूको छेउमा उभिए। यी सबै कुराहरू आफ्नो मालिकलाई आफ्नो उत्तम सेवा दिने सेवकको भाषा हो। साँचो आराधकसँग स्वेच्छाले सेवा गर्ने मनोवृत्ति हुन्छ।

आराधनामा आज्ञाकारिताको आवश्यकता पुरानो करारभरि देखिन्छ। हाबिलको बलिदान स्वीकार गरियो किनभने यसले बलिदानको लागि परमेश्वरको आवश्यकताहरू पूरा गर्‍यो। हाबिलले आफ्नो बगालको पहिलो बियाएका पाठाहरू र तिनीहरूका बोसे भागहरू ल्याए (उत्पत्ति ४:४)। हाबिलले आज्ञाकारी रूपमा आफ्नो उत्कृष्ट भाग ल्याए। यसको विपरीत, कयिनले सम्भव भएसम्म सजिलो तरिकाले आफ्नो कर्तव्य पूरा गर्न चाहन्थे।

आराधनामा आज्ञाकारिताको आवश्यकता शाऊलको जीवनमा देखिन्छ। जब शाऊलले अमालेकका सबै पशुहरूलाई नाश गर्ने परमेश्वरको आज्ञालाई बेवास्ता गरे, उनले बलिदानको लागि उत्तम पशुहरू बचाइ राखेको दाबी गरेर बहाना गर्न खोजे। शमूएलले जवाफ दिए, "होमबलि र बलिदानभन्दा बेसी परमप्रभुले आज्ञापालन नै रुचाउनुहुन्न र? आज्ञापालन बलिदानभन्दा उत्तम हो, र उहाँको वचन मान्नु भेड़ाको बोसोभन्दा असल हो" (१ शमूएल १५:२२)।

► १ शमूएल १५:१-२३ पढ्नुहोस्।

परमेश्वरले विद्रोही हृदयबाट आएको आराधना स्वीकार गर्नुहुन्न।

साँचो आराधनाले परमेश्वरसँगको गहिरो सम्बन्धलाई उत्प्रेरित गर्छ। अब्राहामको घटनालाई फेरि हेर्नुहोस्। उत्पत्ति १८ अब्राहामले परमेश्वरलाई गरेको सेवाबाट सुरु हुन्छ; यो अध्याय सम्बन्धमा आएर समाप्त हुन्छ। परमप्रभुले सोध्नुभयो, "मैले गर्न लागेको काम के अब्राहामबाट लुकाएर राखूँ?"

परमेश्वरको मनसाय सुने पछि, अब्राहामले साहसी भई सदोमको भविष्यको निम्ति परमेश्वरसँग वार्ता गरे। के भयो? एउटा परमेश्वरको सेवक परमेश्वरको एउटा मित्र पनि हो।

हामीले परमेश्वरलाई साँच्चै चिन्ने भनेको आराधनामा नै हो। यो आराधनामा हो कि जहाँ हामीले परमेश्वरको हृदयलाई हामीले साहसपूर्वक प्रश्न सोध्न सक्ने बिन्दुमा जान्न सक्छौं। यो आज्ञाकारी आराधनामा नै हो जहाँ परमेश्वरसँगको हाम्रो सम्बन्ध गहिरो हुन्छ। ग्रहणयोग्य आराधनाले आज्ञाकारिता (सेवा) र सम्बन्ध दुवै समावेश गर्दछ। आराधक अब्राहाम परमेश्वरको सेवक र परमेश्वरको मित्र दुवै हन्।

### आजको बाइबलीय आराधना

के तपाई कहिले अच्चमित हुनुभएको भएको छ कि किन केही मानिसहरू सेवामा उपस्थित हुन्छन् र परमेश्वरको उपस्थितिमा ल्याइन्छन् जबकि अरूहरू त्यही सेवामा उपस्थित हुन्छन् र परमेश्वरको केही पनि कुरा देख्दैनन्? कोही भेटी चढाउँछन् र आशिष् पाउँछन्। अरूले दिन्छन् र दुखी हुन्छन्। फरक भनेको आज्ञाकारी हृदय हो।

हाम्रो आराधना जतिसुकै सुन्दर किन नहोस्, जतिसुकै प्रतिभाशाली सङ्गीतकारहरू किन नहोस्, जतिसुकै शक्तिशाली उपदेश किन नहोस्, यदि आराधना आज्ञाकारी हृदयबाट आउँदैन भने, यो कयिनको आराधना हो। कयिनको आराधनाले भन्छ, "म आफ्नै तरिकाले मेरो बलिदान ल्याउन सक्छु। यो पर्याप्त रूपमा असल छ।" साँचो आराधना आज्ञाकारी हृदयबाट आउँछ।

**जाँच**

आफैलाई सोध्नुहोस्, "के म आज्ञाकारी आराधक हुँ? के मेरो आराधना हाबिलको हृदयबाट वा कयिनको हृदयबाट आउँछ?"

### बलिदान: रीतिरिवाजको रूपमा आराधना

पतन भन्दा पहिले, आराधना एक साधारण सम्बन्धको रूपमा परमेश्वर र मानिसको बीचमा भयो। पापले मानिसको स्वभावलाई भ्रष्ट गरिसकेपछि, मानिसलाई परमेश्वरको उपस्थितिमा आउनको लागि एउटा प्रक्रिया चाहिने भयो। अनुग्रहमा, परमेश्वरले बलिदानको व्यवस्था प्रदान गर्नुभयो। बगैंचामा परमेश्वरले बलिदानहरू स्थापना गर्नुभएको थियो जब उहाँले एउटा पशुलाई मार्नुभयो र आदम र हव्वाको लागि लुगा बनाउन त्यसको छाला प्रयोग गर्नुभयो। लेवीले इस्राएलको आराधनाको लागि बलिदान व्यवस्थालाई सँगठित गर्यो (लेवी १-७ र १६)।

जब हामी प्रस्थान र लेवी पढ्छौं, यो स्पष्ट हुन्छ कि आराधनाको विवरणहरू परमेश्वरको लागि महत्त्वपूर्ण छन्। "जबसम्म हामी आराधना गर्छौं हामीले कसरी आराधना गर्छौं भनी परमेश्वरले वास्ता गर्नुहुन्न" भनी तर्क गर्नेहरूलाई प्रस्थान र लेवीले देखाउँछ कि हामीले कसरी आराधना गर्छौं भनी परमेश्वरको लागि महत्त्वपूर्ण छ! परमेश्वरले आराधनाको लागि स्पष्ट निर्देशन दिनुभयो। पतनपछि, आदम र हव्वालाई परमेश्वरको प्रकाशजस्तै, यो परमेश्वरको अनुग्रहको एउटा चिन्ह हो। यहोवाले स्पष्ट निर्देशन दिनुभयो, "तिमीहरू मेरो नजिक यसरी आउनुपर्छ।" यो अनुग्रहको कार्य थियो।

इस्राएलको लागि, तिनीहरूले परमेश्वरको घरमा प्रवेश गर्नु अघि नै आराधना सुरु भयो। आराधनाको लागि तयारी गर्ने प्रक्रियाले परमेश्वर र उहाँको घरप्रतिको श्रद्धा देखाएको थियो। आरोहणका गीतहरूले यरूशलेमको यात्रा पनि एक आराधना थियो भनेर देखाउँछन् (भजनसंग्रह १२०-१३४)। आराधनाको रीतिरिवाज व्यर्थको थिएन; बलिदानको प्रत्येक पक्षले आराधकलाई साँचो आराधनाको महत्त्व सम्झाएको थियो।

### बलिदानहरूले परमेश्वरप्रति पूर्ण समर्पणताको प्रतिनिधित्व गऱ्यो

केही ख्रीष्टियानहरूले पुरानो करारको बलिदानको व्यवस्थालाई गलत बुझेका छन्। तिनीहरूले एउटा व्यवस्थाको कल्पना गरे जसमा इस्राएलीहरूले जानाजानी परमेश्वरको कानूनलाई तोडे, एउटा अर्थहीन बलिदान ल्याए र त्यसपछि तुरुन्तै हृदय परिवर्तन नगरी उही पापहरूमा फर्के।

यो सत्य हो कि यो केही परिस्थितिहरूमा भयो। जवाफमा, परमेश्वरले भन्नुभयो, "तिमीहरूका धार्मिक चाड़हरूलाई म घृणा गर्दछु, तिमीहरूका सभाहरू म सहन सक्दिनँ। तिमीहरूले मेरो निम्ति होमबलि र अन्नबलि चढ़ाए तापनि म ती ग्रहण गर्नेछैनँ। तिमीहरूले चढ़ाएका सबैभन्दा असल मेलबलिमाथि पनि म परवाह गर्नेछैनँ" (आमोस ५:२१-२२)।

यद्यपि, यो मानिसको असफलता थियो, परमेश्वरको होइन। बलिदानको व्यवस्था असफल भयो जब मानिसले परमेश्वरको आज्ञा पालन गर्न असफल भयो। साँचो हृदयको पश्चात्ताप झल्काउनको लागि परमेश्वरले बलिदानहरूको योजना गर्नु भएको थियो।

चाडहरूसँग सम्बन्धित रीतिरिवाजहरूले इस्राएललाई आराधनाका कार्यहरूको महत्त्व देखायो। हरेक विवरणले यहोवाप्रतिको इस्राएलको श्रद्धा प्रकट गऱ्यो। इस्राएलको आराधना व्यर्थको रीतिरिवाज मात्र थिएन; यी रीतिरिवाजहरूले उनीहरूको आत्मसमर्पण र आज्ञाकारिताको वास्तविकतालाई सङ्केत गरेको थियो। पशुको टाउकोमा आफ्नो हात राखेर, आराधकले बलिदानको पशु सँग आफ्नो मृत्यु भएको पहिचान गऱ्यो। त्यसो गर्दा, उसले स्वीकार गर्दै थियो, "यो म हुनुपर्छ। मेरो पाप मृत्युको योग्य छ" (लेवी १:४ हेर्नुहोस्)।

### परमेश्वरले आफ्नो उपस्थिति प्रदान गरेर साँचो आराधनाको सम्मान गर्नुभयो

मन्दिरको निर्माणसँगै इस्राएलको आराधनालाई थप व्यवस्थित गरिएको थियो। भेट हुने पाल जस्तै, मन्दिरको प्रत्येक विवरणले इस्राएलको परमेश्वरप्रतिको श्रद्धेय आज्ञाकारितालाई जनाउँछ (२ इतिहास १-७)। बलिदानहरूको गम्भिरता र मन्दिरको आराधनाको औपचारिकताले इस्राएललाई यहोवाको महिमा र उहाँसँग भेट गर्दाखेरि गर्नुपर्ने नम्रताको सम्झना गराउँदछ।

मन्दिरको आराधनाको लागि रीतिरिवाजहरूले युक्त आराधनाको सावधानीपूर्वक योजनाले परमेश्वरको उपस्थितिलाई बाधा पुऱ्याएन। इतिहासमा सबैभन्दा व्यवस्थित सेवाहरूमध्ये एक मन्दिरको समर्पण हुनुपर्छ। दाऊदले मन्दिरको योजना वर्षौं अघि नै बनाएका थिए। मन्दिर पूरा भएपछि, सोलोमनले २ इतिहास ५ मा वर्णन गरिएको सुन्दर सेवामा समर्पणको नेतृत्व गरे। वाद्यवाधकहरूले झ्याली, वीणा र सारङ्गी बजाए। १२० पूजाहारीहरूले तुरही बजाए। एउटा आराधनाको झुण्डले प्रशंसाका गीतहरू गाए। तिनीहरूले गाउँदै गर्दा, "तब परमप्रभुको मन्दिर बादलले भरियो, अनि बादलले गर्दा पूजाहारीहरूले सेवा गर्न सकेनन्, किनकि परमेश्वरको मन्दिर परमप्रभुको महिमाले भरिएको थियो" (२ इतिहास ५:१३-१४)।

### आजको बाइबलीय आराधना

केही मानिसहरू आराधनाको कुनै पनि संरचना र रूपको विरुद्ध प्रतिक्रिया जनाउँछन्। तिनीहरू विश्वास गर्छन् कि कुनै पनि योजनाबद्ध आराधनाले हृदयको आराधनामा बाधा पुऱ्याउँछ। यद्यपि, बाइबलीय आराधना संरचित प्रकारको थियो।

यदि हामीले परमेश्वरलाई हाम्रो सर्वोत्तम कुरा ल्याउने सङ्कल्प गर्छौं भने उहाँको आराधनाको लागि सावधानीपूर्वक योजना बनाउनु पर्छ। हामी हाम्रो सेवाको सुन्दरताले अरूलाई प्रभावित पार्नको लागि सेवाको योजना बनाउँदैनौं, तर परमेश्वरलाई हाम्रो आराधनाको उत्तम भेटी ल्याउनको लागि सेवाको योजना बनाउछौं।

बाइबलमा, दुवै सावधानीपूर्वक संरचित आराधना (जस्तै मन्दिरको समर्पण) र कम संरचित आराधना (जस्तै पहिलो शताब्दीमा घरेलु मण्डलीहरूको सङ्गति) लाई परमेश्वरको उपस्थितिद्वारा आशिष् दिइयो। र, दुवै सावधानीपूर्वक संरचित आराधना (जस्तै यर्मियाको दिनको मन्दिरको आराधना) र कम संरचित आराधना (कोरिन्थको भद्रगोल आराधना जस्तै) परमेश्वरको उपस्थिति बिना गर्न सकिन्छ। मुद्दा संरचनाको परिमाणमा होइन; मुद्दा परमेश्वरको आज्ञाकारिता र परमेश्वरको उपस्थितिको लागि भोक हो।

### जाँच

आफैलाई सोध्नुहोस्, "के मेरो सार्वजनिक आराधना (जति नै औपचारिक वा जति अनौपचारिक भए पनि) आज्ञाकारी हृदयबाट आउँछ?"

**भजनसंग्रह: प्रशंसाको रूपमा आराधना**

भजनसंग्रहको पुस्तक इस्राएलको आराधनाको पुस्तक थियो। यो एउटा भजन पुस्तक थियो; यो प्रार्थनाहरूको एक संग्रह थियो; यो सही आराधनाको लागि मार्गदर्शक थियो; यो धर्मी जीवनयापनको पुस्तिका थियो। भजनसंग्रहको पुस्तक इस्राएलको आराधनाको केन्द्रबिन्दु थियो।

**आराधनामा प्रशंसा**

भजनसंग्रहको पुस्तकले देखाउँछ कि साँचो आराधनामा प्रशंसाको ठूलो जोड समावेश छ। भजनसंग्रह ८८ को अपवाद बाहेक, प्रत्येक भजनमा प्रशंसाको केही कथन समावेश छ। लेवीका रीतिरिवाजहरूले हामीलाई बाइबलीय आराधनाको गम्भीरताको सम्झना गराउँदछ; भजनहरूले हामीलाई बाइबलीय आराधनाको आनन्दको सम्झना गराउँदछ। भजनसंग्रह १२०-१३४ ले यहूदी तीर्थयात्रीहरूको आराधनाको लागि यरूशलेम यात्रा गर्दाको आनन्द देखाउँदछ। प्रशंसा आराधनाको केन्द्रबिन्दु हो।

> "परमेश्वरमा निरन्तर आनन्द कायम राख्न निश्चित हुनुहोस्।"
>
> - रिचर्ड ब्याक्सटर

भजनसंग्रहको पुस्तकमा पाइने प्रशंसाले साँचो आराधनाको आनन्द झल्काउँछ। प्रशंसाले परमेश्वरमा हाम्रो आनन्द देखाउँछ। साँचो आराधनाले परमेश्वर र उहाँका कामहरूको उत्सव समावेश गर्छ।

**आराधनामा विलाप**

विलापका भजनसंग्रहहरूले बाइबलीय आराधनाको अर्को पक्षलाई देखाउँछन्; आराधनाले आराधक र परमेश्वर बीच पूर्ण इमानदारीतालाई अनुमति दिन्छ। विलापको भजनमा, भजनरचयिताले यस संसारको अन्याय प्रति निराशा व्यक्त गर्दछन्। भजनसंग्रह १०:१ मा, भजनरचयिताले सोधे, "हे परमप्रभु, तपाईं किन टाढ़ा उभिनुहुन्छ? कष्टको बेला आफैलाई तपाईं किन लुकाउनुहुन्छ?" किन परमेश्वरले दुष्टहरूलाई विद्रोह र घमण्डमा काम गर्न अनुमति दिनुहुन्छ। किनकी आराधना परमेश्वरसँगको सम्बन्धमा आधारित छ, आराधक ईमानदारी र खुल्लासाथ बोल्न सक्छ।

भजनसंग्रह १० परमेश्वरमा भरोसाको घोषणाको साथ समाप्त हुन्छ।

> परमप्रभु सदासर्वदाको निम्ति राजा हुनुहुन्छ, जाति-जातिहरू उहाँको देशबाट नष्ट हुनेछन्। हे परमप्रभु, पीडितहरूको इच्छा तपाईं सुन्नुहुन्छ, तिनीहरूको हृदयलाई तपाईं बलियो पार्नुहुन्छ। तिनीहरूको पुकारा तपाईं सुन्नुहुन्छ। तपाईं अनाथ र थिचोमिचोमा परेकाहरूको रक्षा गर्नुहुन्छ, ताकि पृथ्वीको मरणशील मानिसले आतङ्क अझै नमच्चाओस् (भजनसंग्रह १०:१६-१८)।

यो घोषणा परमेश्वरको भरोसामा आधारित छ। दुष्टहरूले अन्याय गरिरहे तापनि भजनरचयिताले परमेश्वरले जे ठीक छ त्यही गर्नुहुनेछ भनी विश्वस्तताका साथ बोल्छन्।

हामी अय्यूबको पुस्तकमा उस्तै इमानदारी देख्छौं। यस्तो इमानदारी परमेश्वरसँगको नजिक र घनिष्ठ सम्बन्धमा आधारित हुन्छ। यो साँचो आराधना हो, परमेश्वरलाई स्वीकार्य आराधना।

**आजको बाइबलीय आराधना**

भजनसंग्रहरूमा दुई प्रकारका प्रशंसाहरू समावेश छन्। हाम्रो मण्डलीको सङ्गीतमा दुवै प्रकारका प्रशंसा समावेश हुनुपर्छ।

| | उद्घोषणात्मक स्तुति | वर्णनात्मक स्तुति |
|---|---|---|
| **परिभाषा** | प्रशंसा वा प्रशंसा गर्न गरिएको आदेश जुन विशेष कारण उल्लेख नगरी व्यक्त गरिएको हुन्छ | परमेश्वरको चरित्र र उहाँका शक्तिशाली कार्यहरूको बारेमा गरिएको विशेष प्रशंसा |
| **उदाहरण वाक्य** | "यहोवाको स्तुति गर! यहोवाको निम्ति नयाँ गीत गाऊ, भक्तहरूको सभामा उहाँको स्तुति गर" (भजनसंग्रह १४९:१)। | "उहाँ यहोवा हाम्रा परमेश्वर हुनुहुन्छ; उहाँका न्यायहरू सम्पूर्ण पृथ्वीमा छन्" (भजनसंग्रह १०५:७)। |
| **यस प्रकारको स्तुतिको लाभ** | आराधकलाई परमेश्वरको आराधना गर्न आमन्त्रण गर्दछ | आराधकलाई परमेश्वरको स्वभाव र उहाँका कार्यहरूको गहन सत्य सिकाउँछ |
| **सामान्यतया पाइने गीत शैली** | स्तुतिगीतहरू | भजनहरू |
| **भजनसंग्रहका उदाहरणहरू** | यी भजनहरूले कारण नबताई प्रशंसा गर्न आदेश दिन्छन्: भजनसंग्रह १४८-१५० | यी भजनहरूले प्रशंसा गर्नका धेरै विशेष कारणहरू वर्णन गर्छन्: भजनसंग्रह १९, १०५, १३६ |

► माथि दिइएका छवटा भजनसंग्रहहरू हेर्नुहोस्। त्यसमध्ये प्रत्येकमा देखिने प्रशंसा प्रकारहरूको तुलना गर्नुहोस्।

► तपाईंको भाषामा उपलब्ध भजन र स्तुतिगीतहरूको सङ्ग्रह हेर्नुहोस्। दुवै प्रकारका प्रशंसाका २-३ उदाहरणहरू खोज्नुहोस्।

**जाँच**

भजनरचयिताको प्रशंसाले परमेश्वरमा उहाँको आनन्द देखाउँछ। आफैलाई सोध्नुहोस्, "के म साँच्चै परमेश्वरमा रमाउँछु?"

**अगमवक्ताहरू: घोषणाको रूपमा आराधना**

बलिदानको व्यवस्था, भेट हुने पाल र मन्दिरले आराधनामा रीतिरिवाजको मूल्यलाई देखाउँछ। यद्यपि, अगमवक्ताहरूले देखाउँछन् कि हृदयको साथ नभएको आराधनाको रीतिरिवाज शुन्य छ। जब इस्राएलका मानिसहरूले आज्ञाकारी हृदयविना रीतिरिवाजहरू पालन गर्न थाले, अगमवक्ताहरूले परमेश्वरको न्यायको सन्देश ल्याए। तिनीहरूले घोषणा गरे कि परमेश्वरले अवफादार जातिको बलिदानहरू स्वीकार गर्नुभएन।

अगमवक्ताहरूले देखाउँछन् कि परमेश्वरको सन्देशको घोषणा आराधना हो। हाम्रा सेवाहरूमा, हामीले आराधनालाई प्रचारबाट अलग गर्नु हुँदैन। वचनको घोषणा नै सत्यता गरिने आराधना हो। प्रचारले हामीमाथि परमेश्वरको अधिकार र हाम्रो जीवनको लागि उहाँको बुद्धिको पुष्टि गर्छ। यो आराधना हो; यसले परमेश्वरलाई सम्मान गर्छ।

**अगमवक्ताहरूको सन्देश**

***वास्तविकता विनाको रीतिरिवाज आराधना होइन।***

आमोसले घोषणा गरे कि परमेश्वरले इस्राएलका बलिदानहरूलाई अस्वीकार गर्नुभयो। किन? किनभने आराधकहरूको जीवन शैली पापपूर्ण थियो (आमोस ५:२१-२२)। यशैयाले घोषणा गरे कि इस्राएलका चाडहरू परमेश्वरको लागि थकाउने बोझ थिए। किन? किनभने उसको हात रगतले भरिएको थियो।

आराधना गर्नुअघि आराधकहरूलाई आज्ञा दिइएको थियो: "आफूलाई धोएर चोखो पार। मेरो नजरबाट तिमीहरूका दुष्ट कामहरू फालिदेओ! खराबी गर्न छोड़। भलाइ गर्न सिक! न्याय खोज, अत्याचारमा परेकाहरूलाई प्रोत्साहन देओ, टुहुरा-टुहुरीको रक्षा गर, विधवाको पक्षमा बोलिदेओ" (यशैया १:१३-१७)।

हृदयको वास्तविकतालाई प्रतिबिम्बित नगर्ने रीतिरिवाजहरूबाट परमेश्वर प्रभावित हुनुहुन्न।

***साँचो आराधनाको लागि हाम्रो सबैभन्दा उत्तम कुरा चाहिन्छ।***

अब्राहामले आफ्नो छोरालाई परमेश्वरलाई अर्पण गरे; उनले आफ्नो उत्कृष्ट कुरा दिए। हाबिलले आफ्नो बगालको पहिले बियाएका पाठाहरू ल्याए। उनले आफ्नो उत्कृष्ट कुरा दिए। लेवीको पुस्तकलाई हेर्दा बलिदानको लागि सबैभन्दा उत्तम पशु चाहिन्छ। दाऊदले त्यस्तो प्रकारको भेटी दिन इन्कार गरे जसको कुनै मूल्यको छैन (२ शमूएल २४:२४)। प्रत्येक अवस्थामा, आराधनालाई हाम्रो सर्वोत्तम कुरा चाहिन्छ।

यो सन्देश अगमवक्ताहरूको पुस्तकमा जारी छ। मलाकीले बलिदानको लागि कम्जोर स्तरका पशुहरू नल्याउन चेतावनी दिए (मलाकी १:६-८)। हाग्गैले न्यायको चेतावनी दिए किनभने मानिसहरूले परमेश्वरको घरको भन्दा आफ्नै घरको अवस्थालाई बढी ध्यान दिए (हाग्गै १:८-११)। साँचो आराधनाको लागि हाम्रो सर्वोत्तम कुरा चाहिन्छ।

***साँचो आराधनामा सम्पूर्ण जीवन समावेश हुन्छ।***

आमोसले इस्राएलको विद्रोहको लागि व्यावहारिक प्रतिक्रिया दिए। समाधान थप बलिदानहरू थिएन; समाधान एक धार्मिक जीवन थियो। "तर न्यायचाहिँ नदीझैँ र धार्मिकता कहिले नसुक्ने खोलाझैँ बगिरहोस्!" (आमोस ५:२४)। अगमवक्ताहरू मन्दिरको आराधना र बलिदानको विरोधी थिएनन्।[19] तिनीहरू धार्मिक जीवनको साथ नभएको आराधनाको विरोध गर्थे।

साँचो आराधनाले सम्पूर्ण जीवन समावेश गर्छ भनी हामी बाइबलभरि देख्छौं। पंचपुस्तकमा, आराधना विषयक कानून नैतिक व्यवहार विषयक कानून सँग-सँगै छ; तिनीहरू बीच कुनै पृथक्करण छैन। ऐतिहासिक पुस्तकहरूमा, दैनिक जीवनमा इस्राएलको अनाज्ञाकारिताले इस्राएलको आराधनास्थल, मन्दिरको विनाश निम्त्यायो। अगमवक्ताहरूले घोषणा गर्छन् कि परमेश्वरले इस्राएलको आराधनालाई उसको अनाज्ञाकारिताको कारण अस्वीकार गर्नुभएको छ। नयाँ करारमा, येशुले फरिसीहरूलाई सम्झाउनुहुन्छ कि शबाथ पालन जस्ता आराधना अभ्यासहरू दयाको जीवन बिना कुनै अर्थ छैन (मत्ती १२:७)।

[19] केही विद्वानहरू भन्छन् कि भविष्यवक्ताहरूले मन्दिरको व्यवस्थालाई अस्वीकार गरे। यद्यपि, धेरै अगमवक्ताहरू मन्दिरसँग सम्बन्धीत थिए। यशैयाले मन्दिरमा प्रभुलाई देखे। इजकिएलले परमेश्वरको महिमाले भरिएको पुनर्स्थापित मन्दिरको भविष्यवाणी गरे। हाग्गैले यरुबाबेललाई मन्दिर पुनर्निर्माण गर्न प्रोत्साहित गरे। अगमवक्ताहरूले बलिदानहरूलाई अस्वीकार गरेनन्; तिनीहरूले बलिदानहरूको दुरुपयोगलाई अस्वीकार गरे।

**अगमवक्ताहरूको उदाहरण: प्रचार र घोषणा आराधना हो**

अगमवक्ताहरूले देखाउँछन् कि परमेश्वरको वचनको घोषणा नै आराधना हो। यर्मियाले मन्दिरको अगाडि उभिएर यसो भन्दै गरेको मूर्खताको कल्पना गर्नुहोस्, "मन्दिरमा पस्नुहोस्, भजन गाउनुहोस्, र आफ्नो बलिदान चढाउनुहोस्। त्यो आराधना हुनेछ। जब तपाईंहरू समाप्त गर्नुहुन्छ, म तपाईंहरूलाई परमेश्वरको सन्देश प्रचार गर्नेछु।" होइन! यर्मियाको घोषणा आफैमा आराधनाको कार्य थियो। यर्मियाले प्रचार गरे कि तिनीहरूको पापी जीवनको कारण परमेश्वरले इस्राएलको आराधनालाई अस्वीकार गर्नुभएको थियो। यो आराधना थियो। यसले पवित्र परमेश्वरको शुद्धतालाई चिनायो; यसले परमेश्वरको मूल्यलाई मान्यता दियो।

## आजको बाइबलीय आराधना

केही मण्डलीहरूले आराधना र प्रचारलाई अलग गर्छन्। तिनीहरू सूचना गर्छन्, "हामी आराधनाको समयबाट सुरु गर्नेछौं।" आराधना सकिएपछि उनीहरू प्रचारमा लाग्छन्। यसबाट दुईवटा खतरा छन्।

१. यसको अर्थ आराधना सङ्गीतमा मात्र सीमित छ। आराधनाको यो दृष्टिकोण केवल भावनाहरूमा मात्र केन्द्रित छ। साँचो आराधना सङ्गीत र गीत भन्दा बढी हुनुपर्छ।

२. यसले आराधनाबाट वचनलाई अलग गर्छ। मण्डलीको सेवामा हामीले गर्ने सबै कुरा आराधना हुनुपर्छ। सङ्गीत, प्रार्थना, पवित्रशास्त्र, वचन, र भेटी पनि सबै आराधनाको भाग हुन्।

**जाँच**

आफैलाई सोध्नुहोस्, "के मेरो प्रचार आराधनाको कार्य हो? जब म प्रचार गर्छु, के म परमेश्वरको सन्देश वाहकको रूपमा बोल्दछु जसले परमेश्वरको मूल्यलाई आदर गर्दैछ?"

## आराधनाका खतराहरू: आराधनामा असन्तुलन

**(१) अत्यधिक अनौपचारिक आराधनाको खतरा**

जब हामी बिर्सन्छौं कि बाइबलीय आराधनाले समर्पणको माग गर्दछ, हामी परमेश्वरलाई आदर नगर्ने अनौपचारिक साथीको रूपमा व्यवहार गर्न सुरु गर्न सक्छौं। आराधनाको लागि अत्यधिक अनौपचारिक दृष्टिकोणले यो मनोवृत्तिलाई प्रोत्साहन दिन सक्छ। हामीले कहिल्यै बिर्सनु हुँदैन कि परमेश्वर एक अद्भुत परमेश्वर हुनुहुन्छ जसलाई पूर्ण आज्ञाकारिता चाहिन्छ। उहाँ युग-युगका राजा, अविनाशी र अदृश्य, एकमात्र परमेश्वर हुनुहुन्छ (१ तिमोथी १:१७)। केही मण्डलीहरूले परमेश्वरको महिमालाई बिर्सन्छन्; आराधना एउटा पुरानो साथी सँग एक कप कफी खाएको भन्दा अलि बढी हुन्छ।

**(२) अत्याधिक औपचारिक आराधनाको खतरा**

जब हामी बिर्सन्छौं कि बाइबलीय आराधना एक परमेश्वरको आराधना हो जसले हामीसँग सम्बन्ध निर्माण गर्न चाहन्छ, हामी परमेश्वरलाई टाढाको देवताको रूपमा व्यवहार गर्न सुरु गर्न सक्छौं। आराधनाको लागि अत्यधिक औपचारिक दृष्टिकोणले यो मनोवृत्तिलाई प्रोत्साहन दिन सक्छ। केही मण्डलीहरूले विश्वासीलाई परमेश्वरसँग घनिष्ठता अनुभव गर्ने मौका दिँदैनन्। उनीहरूको बढी जोड उहाँको महिमा र महानतामा पूर्ण रूपमा केन्द्रित हुन्छ।

आराधनामा, हामीले उहाँको सृष्टि र उहाँका छोराछोरीहरूसँगको घनिष्टतामा परमेश्वरको राजसी अधिकार दुवै अनुभव गर्नुपर्छ।

**जाँच**

तपाईंको हालसालैको आराधना सेवाबारे सोच्नुहोस्। आफैलाई सोध्नुहोस्, "सेवाको कुन भागले आराधकहरूलाई परमेश्वरको महिमाको सम्मान गर्न प्रोत्साहित गर्यो? के तिनीहरूले हाम्रो महान परमेश्वरको भावना राखेर सेवाबाट गए?" त्यसपछि आफैलाई सोध्नुहोस्, "सेवाका कुन भागहरूले आराधकहरूलाई परमेश्वरको घनिष्ठ मित्रता अनुभव गर्न प्रोत्साहन दियो? परमेश्वरले तिनीहरूलाई गहिरो प्रेम गर्नुहुन्छ भनी थाह पाएर के तिनीहरू सेवाबाट गए?"

**निष्कर्ष: मन्दिर समर्पणको लागि एक प्रत्यक्षदर्शीको गवाही**

मन्दिरको समर्पण गर्दा त्यहाँ सरिक हुनु कस्तो हुन्थ्यो होला ? सायद यो यसरी व्यक्त गर्न सकिन्छ:

"म त्यहाँ मन्दिरको समर्पणमा थिएँ। त्यो दिन म कहिल्यै बिर्सने छैन। हामीले वर्षौंदेखि त्यो सेवाको प्रतीक्षा गरेका थियौं।

"वर्षौं? हो, वर्षौं! राजा दाऊदले मन्दिर निर्माण गर्ने योजना बनाएका थिए र तिनको मृत्युअघि यो जिम्मा सोलोमनलाई दिएका थिए। अब मन्दिर पूरा भयो, र लामो समयदेखि प्रतिक्षा गरिएको समर्पण सेवा आयोजित भयो।

"यो एक सुन्दर व्यवस्थित र एक नाटकीय सेवा थियो। कल्पना गर्नुहोस्…

- २२,००० गोरु र १,२०,००० भेडाको बलिदान
- दाऊदको भजन गाउँदै सयौंको समूह
- झ्याली, वीणा, सारङ्गी र १२० तुरहीको वाद्यवृंद
- पूजाहारीहरू र लेवीहरूले उत्कृष्ट सेतो सूतीको कपडा लगाएका थिए
- अहिलेसम्म बनेको सबैभन्दा सुन्दर भवनहरू मध्ये एक
- प्रत्येक आराधनाको लागि सुन र चाँदीका भाँडाहरू

"यो एक सुन्दर सेवा थियो, तर कार्यक्रमको सुन्दरता मेरो सम्झनामा सबैभन्दा महत्त्वपूर्ण कुरा होइन। मलाई सबैभन्दा याद छ कि संगीतकारहरूले बजाउन र गाउन थालेपछि, 'परमेश्वरको मन्दिर परमप्रभुको महिमाले भरिएको थियो।' परमेश्वरको उपस्थितिले मन्दिर भरियो जसले गर्दा पुजारीहरूले आफ्नो कर्तव्य पूरा गर्न सकेनन्। परमेश्वरको **लागि** भएको सेवा परमेश्वर**ले** नै अधिग्रहण गर्नुभयो!

"यो स्मरणिय सेवा भएको वर्षौं भइसक्यो। त्यस दिनदेखि म उपस्थित भएका प्रत्येक सेवामा परमेश्वरको उपस्थितिको समान दृश्य चिन्हहरू भएका छन् भनी म दाबी गर्दिन; त्यो विशेष दिन थियो। यद्यपि, म उपस्थित हुने हरेक सेवामा, म परमेश्वरको उपस्थितिको आशा गर्छु।

"कहिलेकाहीँ, उहाँको उपस्थिति नाटकीय हुन्छ; कहिलेकाहीँ, यो शान्त हुन्छ। कहिलेकाहीँ, भजन गाउँदा उहाँको उपस्थितिको महसुस हुन्छ; कहिलेकाहीँ, उहाँ वचनको सेवा मार्फत बोल्नुहुन्छ। कहिलेकाहीँ, मेरा भावनाहरू छुन्छ; कहिलेकाहीँ, उहाँको सत्यताले मेरो मन र इच्छासँग बोल्छ। कहिलेकाहीँ, म प्रोत्साहित भएर जान्छु; कहिलेकाहीँ, म गल्ती सच्याउनुपर्ने महसुससहित जान्छु।"

"परमेश्वरले जस्तो तरिकाले उपस्थित हुन रोज्नु भए पनि, म उहाँको उपस्थितिको कदर गर्छु। मैले परमेश्वरको दृश्य उपस्थितिको यति नाटकीय उदाहरण फेरि कहिल्यै नदेख्न सक्छु, तर म प्रत्येक पटक आराधना गर्दा उहाँको उपस्थितिमा प्रवेश गर्न सक्छु।"

## समूह छलफल

► यस पाठको व्यावहारिक प्रयोगको लागि, निम्न छलफल गर्नुहोस्:

*रचना एक निष्कपट ख्रीष्टियान हुन् र उनको गाउँमा हुने आराधना सेवाहरूमा उपस्थित हुन मन पराउँछिन्। जोशिलो सङ्गीत र सङ्गतिले दैनिक जीवनको कठिनाइहरूबाट स्वागतयोग्य परिवर्तन प्रदान गर्दछ। उनी आफ्नो सम्पूर्ण हृदयले परमेश्वरको आराधना गर्दा आफूले अनुभव गरेको स्पर्श र भावनाहरूलाई माया गर्छिन्। जे होस्, रचनालाई आफ्नो वैवाहिक जीवन र दैनिक जीवनका कर्तव्यहरूमा शनिवार बिहानको आराधनामा लगाउने जस्तै ऊर्जा राख्न गाह्रो छ। तपाईं रचनालाई कसरी सल्लाह दिनुहुन्छ?*

**समीक्षामा पाठ ३**

(१) हामीले कसरी आराधना गर्छौं भनेर परमेश्वरले ख्याल गर्नुहुन्छ किनभने:

- हाम्रो आराधनाको स्वरूपले परमेश्वर प्रतिको हाम्रो बुझाइलाई असर गर्छ।
- हाम्रो आराधनाको स्वरूपले देखाउँछ कि हामी किन आराधना गर्छौं।

(२) आराधना सम्बन्ध हो-परमेश्वर सँग-सँगै हिंड्ने।

- परमेश्वरले आदम र हव्वाको लागि आराधनाको माध्यमहरू प्रदान गर्नुभयो।
- अब्राहामको आराधना सम्भव बनाउन परमेश्वरले अग्रसरता लिनुभयो।
- परमेश्वरको अनुग्रहले याकूबको लागि आराधना सम्भव बनायो।
- जब हामी परमेश्वरसँग हिंड्छौं, हाम्रो जीवन रूपान्तरण हुन्छ।

(३) आराधना आज्ञाकारिताबाट सुरु हुन्छ।

- आराधना भावना वा अनुभूति भन्दा बढी हो।
- आराधना भनेको परमेश्वरका आज्ञाहरूप्रति सक्रिय प्रतिक्रिया गर्नु हो।
- परमेश्वरप्रतिको आज्ञाकारिताले उहाँसितको हाम्रो सम्बन्धलाई गहिरो बनाउँछ।

(४) आराधनाले रीतिरिवाजलाई (पुरानो करारको बलिदान) समावेश गर्छ।

- बलिदानहरूले परमेश्वरप्रति पूर्ण समर्पणतालाई जनाउँछ। (रोमी १२:१)
- परमेश्वरले आफ्नो उपस्थितिद्वारा साँचो आराधनालाई सम्मान गर्नुभयो। (२ इतिहास ५)
- सार्वजनिक रीतिरिवाज आज्ञाकारी हृदयबाट आउनु पर्छ।

(५) आराधनाले प्रशंसालाई (भजनसंग्रह) समावेश गर्छ।

- भजनसंग्रहको पुस्तकले देखाउँछ कि आराधनाले प्रशंसालाई समावेश गर्छ।
- भजनसंग्रहको पुस्तकले देखाउँछ कि आराधनाले विलापलाई समावेश गर्छ।

(६) आराधनाले घोषणालाई (अगमवक्ताहरू) समावेश गर्छ।

- आराधना प्रशंसा भन्दा बढी हो; यो सत्यताको घोषणा पनि हो। वचन प्रचार गर्नु आराधना हो।
- अगमवक्ताहरूले यथार्थ विनाको रीतिरिवाज आराधना होइन भनी सिकाए।
- अगमवक्ताहरूले साँचो आराधनाले हाम्रो सबै भन्दा उत्कृष्ट कुराहरू चाहन्छ भनी सिकाए।
- अगमवक्ताहरूले साँचो आराधनाले सम्पूर्ण जीवनलाई समावेश गर्छ भनी सिकाए।

**पाठ ३ क्रियाकलाप**

(१) पुरानो करारको आराधनाको यो पाठबाट तपाईंले सिकेका आराधनाका तीनवटा सिद्धान्तहरू सूचीबद्ध गर्नुहोस्। एउटा पृष्ठ लेख्नुहोस् जसमा तपाइँको मण्डलीको आराधनामा प्रत्येक सिद्धान्त लागू गर्ने व्यावहारिक तरिकाहरू तपाईं छलफल गर्नुहुन्छ।

(२) अर्को पाठको सुरुमा, तपाईंले यस पाठमा आधारित परीक्षा दिनुहुनेछ। तयारी गर्दा खेरी परीक्षाका प्रश्नहरूलाई सावधानीपूर्वक अध्ययन गर्नुहोस्।

**पाठ ३ परीक्षा**

(१) यस पाठबाट, परमेश्वरले अस्वीकार गर्नु भएको आराधनाका दुईवटा बाइबलीय उदाहरणहरूलाई सूचीबद्ध गर्नुहोस्।

(२) परमेश्वरसँग हिँडे भन्ने शब्दले आराधनाले परमेश्वरसँगको __________ समावेश भएको देखाउँछ।

(३) यस पाठबाट, तीन अयोग्य व्यक्तिहरूको नाम दिनुहोस् जसलाई परमेश्वरले अनुग्रहपूर्वक उहाँको आराधना गर्न सक्षम बनाउनुभयो।

(४) अब्राहामले इसहाकलाई गरेको बलिदानले देखाउँछ कि साँचो आराधनालाई पूर्ण __________ चाहिन्छ।

(५) हाबिलको आराधना र कयिनको आराधनामा के भिन्नता फरक थियो?

(६) बलि चढाइने पशुको टाउकोमा हात राखेर आराधना गर्नुको अर्थ के थियो ?

(७) उद्घोषणात्मक स्तुति र वर्णनात्मक स्तुति दुवैका परिभाषा दिनुहोस्।

(८) अगमवक्ताहरूले देखाउँछन् कि परमेश्वरको सन्देशको _________ आराधना हो।

(९) आराधनाको बारेमा अगमवक्ताहरूको सन्देशका तीन पक्षहरूलाई सूचीबद्ध गर्नुहोस्।

(१०) आराधनामा भएका दुई खतरानाक असन्तुलनहरूको सूची बनाउनुहोस्।

(११) आफूले कण्ठ गरेको मीका ६:६-८ लेख्नुहोस्।

# पाठ 4
# नयाँ करारमा आराधना

## पाठका उद्देश्यहरू

यस पाठको अन्त्यसम्ममा, विद्यार्थीले सक्षम हुनुपर्छ:

(१) येशुले आराधना कसरी पूरा गर्नुभयो बुझ्ने।

(२) सुसमाचार, प्रेरित र प्रकाशबाट, झूटा प्रकारको आराधनालाई चिन्ने।

(३) आराधना र सुसमाचार दुवैको लागि व्यक्तिगत प्रतिबद्धता बनाउने।

(४) पत्रहरूबाट, प्रारम्भिक मण्डलीमा आराधनाको प्राथमिक तत्त्वहरू जान्ने।

(५) परमेश्वरमा केन्द्रित भएको आराधनाको अनुभव गर्ने।

## पाठको तयारी

*रोमी १२:१-२ कण्ठ गर्नुहोस्।*

## परिचय

पास्टरहरू प्रकाश, आशिष, सञ्जय र सुमन पुरानो करारबाट आराधनाको बारेमा के सिकेका थिए भनेर छलफल गर्न फेरि भेटे।

"आराधना ख्रीष्टियान मण्डलीको सर्वोच्च र एकमात्र अपरिहार्य गतिविधि हो। यो मात्रै स्वर्गमा रहिरहनेछ... जब कि मण्डलीका अन्य सबै गतिविधिहरू बितिसकेका हुन्छन्।"

डब्ल्यू. निकोल्स

परम्परागत आराधनालाई महत्व दिने प्रकाशले भने, "मलाई लाग्छ कि पुरानो करारले मेरो मण्डलीले आराधना सही गरिरहेको छ भनी प्रमाणित गर्छ। मन्दिरमा आराधना औपचारिक र व्यवस्थित थियो। हामीले गर्ने खोजेको प्रयास यही हो।"

आशिष हाँसे, "हो, तर के तिमीले अगमवक्ताहरूले भनेको कुरा पढ्यौ? मन्दिरको औपचारिक आराधनाको कुनै अर्थ थिएन! परमेश्वरलाई प्रसन्न तुल्याउने आराधना हृदयदेखिको आराधना हो। हामीले हाम्रो समकालीन आराधनामा गर्न खोजेको पनि यही हो; हामी नयाँ पुस्ताको मन छुदै छौं।"

निराश हुँदै सञ्जयले भने, "हामीले आराधनाको अध्ययन सुरु गरेको अवस्था भन्दा बढी केही गरेका छैनौं। परमेश्वरले किन भन्नुहुन्न, 'तिमीले मेरो आराधना यसरी गर्नुपर्छ?"

सुमन बोले। "हामी हार नमानौं। हामी नयाँ करारका ख्रीष्टियान हौं; हुनसक्छ नयाँ करारले हाम्रा प्रश्नहरूको जवाफ दिनेछ। नयाँ करारको आराधनाको अध्ययन गरौं र हेरौं कि यसले के भन्छ।"

► नयाँ करारमा आराधना कसरी परिवर्तन भयो त? भेट हुने पाल र मन्दिरको आराधनाभन्दा प्रारम्भिक मण्डलीको आराधना कसरी फरक थियो? नयाँ करारको आराधनाको बारेमा तपाईंलाई पहिले नै थाहा भएको कुरा संक्षेप गर्नुहोस्।

## सुसमाचारहरू: आराधना येशु ख्रीष्टमा पूरा हुन्छ

*आराधना* शब्दको नयाँ करारका आधा प्रयोगहरू सुसमाचारहरूमा पाइन्छन्। सुसमाचारहरूले देखाउँछन् कि येशु आराधनामा हाम्रो नमुना हुनुहुन्छ। तिनीहरूले यो पनि देखाउँछन् कि उहाँ हाम्रो आराधनाका योग्य हुनुहुन्छ।

### उहाँको मानवीयतामा, येशु आराधनाको सर्वोच्च नमुना हुनुहुन्छ।

येशु साँचो आराधनाको नमुना प्रस्तुत भयो। येशुले सामरी स्त्रीलाई भन्नुभयो कि परमेश्वरले उहाँलाई आत्मा र सत्यतामा आराधना गर्नेहरूलाई खोज्दै हुनुहुन्छ (यूहन्ना ४:२४)। उहाँको आफ्नै आराधना अभ्यासहरूमा (बाइबल पढाइ, प्रार्थना, सभाघर र मन्दिरमा उपस्थिति), येशुले आत्मा र सत्यतामा साँचो आराधना गर्नु भनेको के हो भनेर देखाउनुभयो।

#### *येशुले आराधना गर्ने ठाउँलाई प्रेम गर्नुभयो।*

लूकाले आराधना गर्ने ठाउँप्रति येशुको प्रेम देखाउँछन्। बाल्यकालमा पनि, येशुले मन्दिरलाई आफ्नो पिताको घर भनेर चिन्नुभयो (लूका २:४१-४९)। उहाँमा मन्दिरको आराधनाको शुद्धताको लागि जोश थियो; उहाँले दुई पटक मन्दिरलाई दुरुपयोग गर्नेहरूलाई बाहिर निकाल्नुभयो।[20]

आफ्नो सार्वजनिक सेवकाईको सुरुमा, येशु आफ्नो चलन अनुसार शबाथको दिनमा नासरतको सभाघरमा जानुभयो (लूका ४:१६)। आफ्नो यस पृथ्वीको सेवकाईको दौरान येशु अक्सर सभाघरहरूमा जानुहुन्थ्यो।

#### *येशुले परमेश्वर बाहेक अरू कसैको वा अरू थोकको आराधना गर्न इन्कार गर्नुभयो।*

उजाडस्थानमा, येशुले झूटो आराधनाको परीक्षालाई अस्वीकार गर्नुभयो।

► मत्ती ४:९-१० पढ्नुहोस्।

सृष्टिकर्तालाई भन्दा सृष्टिको आराधना गर्ने परीक्षा पवित्रशास्त्रको निरन्तरको विषयवस्तु हो। यो पुरानो करारमा मूर्तिपूजाको जरा हो। प्रकाशको पुस्तकले अजिङ्गर र जनावरको आराधना र परमेश्वर र थुमाको आराधनाको बीचको भिन्नता देखाउँदछ। येशुले सृष्टिको आराधना गर्न इन्कार गर्नुभयो।[21]

#### *येशुले बानी बसालेर प्रार्थना गर्नुभयो।*

येशुको सेवकाइमा प्रार्थना महत्त्वपूर्ण थियो। पन्ध्र पटक, सुसमाचारको पुस्तकले येशुले प्रार्थना गर्नुभयो भनी बताउँदछ। यी मध्ये केही अवसरहरूमा, उहाँले आफ्नो पितासँग रातभर एक्लै समय बिताउनुभयो। बाह्र प्रेरितहरू छनोट गर्नु अघि, उहाँले प्रार्थना गरेर रात बिताउनुभयो (लूका ६:१२)। आफ्ना चेलाहरूसँगको अन्तिम घडीमा, येशुले चेलाहरू र पछि उहाँमाथि विश्वास गर्ने सबैका लागि प्रार्थना गर्नुभयो (यूहन्ना १७)। क्रूसको सामना गर्दै, उहाँ प्रार्थना गर्न गेतसमनी जानुभयो (मत्ती २६:३६-४२)। येशुको आराधनामा प्रार्थना महत्त्वपूर्ण थियो।

[20] यूहन्ना 2:13-16 ले पहिलो शुद्धीकरणको बारेमा बताउँछ। मत्ती 21:12-27, मर्कूस 11:15-17, र लूका 19:45-46 ले आफ्नो पृथ्वीको सेवकाईको अन्तिम हप्ताको दौरान दोस्रो शुद्धीकरणको बारेमा बताउँछ।

[21] येशु रोमी 1:25 मा भनिएका मानिसहरू जस्तो हुनुहुन्नथ्यो।

*येशुले साँचो आराधनाको व्याख्या गर्नुभयो।*

आफ्नै कार्यहरूद्वारा आराधनालाई चित्रण गर्नुका साथै, येशुले निरन्तर रूपमा आराधनाको बारेमा सिकाउनुभयो। उहाँले सामरी स्त्रीलाई साँचो आराधना बारेमा सिकाउनुभयो। येशुले चेलाहरूलाई प्रार्थना गर्ने नमूना सिकाउनुभयो र दृष्टान्तहरू मार्फत प्रार्थनाको बारेमा सिकाउनुभयो (लूका ११:५-८, लूका १८:१-१४)।

► लूका ११:१-४ लाई पढ्नुहोस्।

येशुको प्रार्थनाको नमुनाले देखाउँछ कि प्रार्थना आराधनाको हृदयबाट आउनुपर्छ। प्रार्थना यसरी सुरु हुन्छ, "तपाईंको नाउँ पवित्र गरिओस्।" पवित्र मान्नु भनेको पवित्रताका साथ आदर गर्नु हो। प्रार्थनामा, हामी परमेश्वरलाई पवित्र मान्दछौं।

*येशुले झुटो आराधनाको निन्दा गर्नुभयो।*

यदि साँचो आराधना आत्मा र सत्यताको आराधना गर्नु हो भने, झूटो आराधना भनेको यसको तहसम्म पुग्नबाट चुक्ने कुनै पनि कुरा हो। येशुले इन्कार गर्नुभयो:

**(१) ढोंगी आराधना**

डाँडाको उपदेशमा, येशुले गलत अभिप्रायको लागि सही कामहरू गर्न सम्भव छ भनी चेतावनी दिनुभयो। गरिबलाई दान गर्नु, प्रार्थना गर्नु, उपवास बस्नु सबै आराधनाका पक्षहरू हुन्। अरूलाई प्रभावित पार्न यी कार्यहरू गर्नेहरूलाई येशुले चेतावनी दिनुभयो; तिनीहरू ढोंगीहरू हुन् (मत्ती ६:१-१८)। साँचो आराधकहरूले परमेश्वरलाई आराधना गर्ने इच्छाले यी कार्यहरू गर्छन्।

मत्ती २३ मा, येशुले धार्मिक अगुवाहरूलाई निन्दा गर्नुभयो जसले आराधनाको बारेमा सही कुराहरू सिकाउँछन्, तर जसका हृदयहरू परमेश्वरबाट टाढा छन्। येशुले भन्नुभयो कि तिनीहरूको शिक्षा सही थियो, तर तिनीहरूको हृदय गलत थियो; तिनीहरू ढोंगी हुन्।

**(२) व्यवस्थावादी आराधना**

एउटा खतरा ढोंगी आराधना हो; यो आधाराधन परमेश्वरलाई खुशी पार्नुको सट्टा अरूहरूलाई प्रभावित पार्नमा लक्षित हुन्छ। अर्को खतरा भनेको व्यवस्थावाद हो; यो आराधनाले निश्चित आवश्यकताहरू पूरा गरेर परमेश्वरको निगाह कमाउने उद्देश्य राख्दछ। जब हामी हाम्रो आराधनाका कार्यहरूद्वारा परमेश्वरको निगाह प्राप्त गर्न खोज्छौं, हामीले साँचो आराधनाको वास्तविकता गुमाउँछौं। आराधना काम बन्छ जसद्वारा परमेश्वरले हामीप्रति गर्नुभएको भलाइको निम्ति आनन्दित हुनुको सट्टा परमेश्वरको स्वीकृति प्राप्त गर्ने कुरा बन्छ।

येशुले इस्राएलका धार्मिक अगुवाहरूलाई तिनीहरूका परम्परा तोड्नुभएर चिढाउनुभयो।[22] येशुले व्यवस्था वा आत्माको व्यवस्थालाई पनि उल्लङ्घन गर्नुभएन;उहाँले मानव परम्पराहरू उल्लङ्घन गर्नुभयो जुन वर्षौंदेखिको फरिसी व्यवस्थावाद माध्यमबाट हुर्किएको थियो। फरिसीहरूका लागि यी परम्पराहरू व्यवस्था जत्तिकै महत्त्वपूर्ण थिए। व्यवस्थाको पालनाले परमेश्वरको निगाह प्राप्त गर्छ भनी तिनीहरू विश्वास गर्थे। यसले व्यवस्थावाद: आवश्यकताहरू पूरा गरेर परमेश्वरको निगाह कमाउने प्रयासलाई परिभाषित गर्छ। येशुले ढोंगीपना लाई अस्वीकार गर्नुभए जस्तै कानुनवादलाई पनि कडा रूपमा अस्वीकार गर्नुभयो।

[22] मत्ती 12:1-14, लूका 13:10-17, र यूहन्ना 5:8-18, अन्य।

**उहाँको ईश्वरत्वमा, येशुको आराधना गरिन्छ**

उहाँको मृत्यु र पुनरुत्थानपछि, **येशु पिताको दाहिने हातपट्टि बस्नु हुन्छ र उचित रूपमा आराधना ग्रहण गर्नुहुन्छ** (प्रकाश ५:१२-१४)। पावलले फिलिप्पी २ मा यस परिवर्तनको बारेमा लेखेका थिए। येशुको स्वैच्छिक नम्रताको कारणले गर्दा, उहाँलाई अब उच्च पारिएर आराधना गरिएको छ।

> त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ (फिलिप्पी २:९-११)।

मत्ती १८:२० मा, येशुले गवाही दिनुभयो कि उहाँ आराधनाको योग्य हुनुहुन्छ। यहूदी परम्परा अनुसार, प्रार्थना र आराधनाको लागि सभाघरमा भेला हुन अघि १० जना पुरुष सदस्यहरू आवश्यक पर्थ्यो। येशुले आफ्ना चेलाहरूलाई भन्नुभयो, "किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।" मण्डलीमा, **येशुको उपस्थितिले आराधनालाई निर्धारण गर्दछ** तर व्यक्तिहरूको उपस्थित सङ्ख्याले होइन।

उहाँका चमत्कारहरू अवलोकन गर्ने भीडमा आफ्नो प्रभावद्वारा, येशुले उहाँ आराधनाको योग्य हुनुहुन्छ भनी देखाउनुहुन्छ। जब तिनीहरूले उहाँका अचम्मका कामहरू देखे, **मानिसहरूले परमेश्वरको महिमा गरे**, एउटा आराधनाको कार्य। उहाँको निको पार्ने कार्यलाई देख्ने मानिसहरू सबै छक्क परे (मर्कूस १:२३-२७)।

आफ्नो अन्तिम रात चेलाहरूसँग, येशुले निस्तार चाडको भोजन खानुभयो। यो खानाले यहूदीहरूको निस्तार चाडको परम्परागत ढाँचालाई पछ्याउँदा येशुले यसलाई नयाँ अर्थ दिनुभयो जब उहाँले आफ्ना चेलाहरूलाई रोटी "तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो" र कचौरा "मेरो रगतमा स्थापित गरिने नयाँ करार हो" भन्नुभयो (लूका २२:१९-२०)।

► लूका २२:१३-२० लाई पढ्नुहोस्।

उहाँले तिनीहरूलाई उहाँको सम्झनाको निम्ति यो गर्न आज्ञा दिनुभयो। **प्रभु भोज ख्रीष्टमा केन्द्रित छ र यो निस्तार चाडको पूर्ण परिपूर्ति हो।**

## आजको बाइबलीय आराधना

झूटो आराधनाप्रति येशुको हप्की र साँचो आराधनाको आफ्नै उदाहरणले हाम्रो आराधना निष्कपट हुनुपर्छ, अरूलाई प्रभावित पार्नको लागि होइन भनेर देखाउँछ। साँचो आराधना अरूलाई खुशी पार्न होइन, पितालाई खुशी पार्नमा लक्षित हुनुपर्छ।

यो मण्डलीका अगुवाहरूको लागि निरन्तर परीक्षा हो। प्रचार र आराधनाको अगुवाइ सार्वजनिक रूपमा गरिएको हुनाले, हामी आराधनाको सट्टा प्रदर्शन गर्ने परीक्षामा पर्न सक्छौं। जब हामी परमेश्वरको सम्मान गर्नुको सट्टा दर्शकलाई खुशी पार्नमा ध्यान केन्द्रित गर्छौं, हामी आराधना गर्नुको सट्टा प्रदर्शन गर्छौं।

अगुवाको लागि झूटो आराधना गर्ने परिक्षा के हो?

- एउटा वचनको पाठ छानिएको छ किनभने हामीलाई थाहा छ यो श्रोताहरूमाझ लोकप्रिय हुनेछ
- एउटा प्रार्थना जसले परमेश्वरसँग भन्दा बढी श्रोताहरूसँग कुरा गर्छ
- दिनेको ध्यान खिच्ने तरिकामा दिइएको भेटी
- संगीत जसले परमेश्वरलाई भन्दा कलाकारलाई महिमा दिन्छ


**येशुको शिक्षा र उदाहरणले हामीलाई सम्झाउँछ कि साँचो आराधना केवल परमेश्वरको मात्र हो।** आराधना उहाँको बारेमा हो, हाम्रो बारेमा होइन।

**जाँच**

आफैलाई सोध्नुहोस्, "मैले गरेको आराधनाको अगुवाइले को सम्मानित भएको छ? के म परमेश्वरको महिमाको लागि, वा मेरो आफ्नै पहिचानको लागि प्रचार गर्छु, गाउँछु, प्रार्थना गर्छु र दिन्छु? के म साँच्चै आराधना गर्दैछु?"

## प्रेरित: आराधना र सुसमाचार प्रचार

आराधनाको सुसमाचार सँग नजिकको सम्बन्ध छ। अविश्वासीहरू सुसमाचार सुन्दा र त्यसमा प्रतिक्रिया दिँदा आराधक बन्छन्। प्रेरितको पुस्तकले आराधना र सुसमाचारको बीचको सम्बन्धलाई देखाउँछ।




यशैया ६:८ ले देखाउँछ कि आराधनाको प्रतिफल सुसमाचार प्रचार हो; आराधनाको लागि यशैयाको प्रतिक्रिया यस्तो थियो "म हाजिर छु। मलाई पठाउनुहोस्!" जब हामी साँच्चै आराधना गर्छौं, हामी सुसमाचारको लागि जोश प्राप्त गर्छौं। आराधनामा, हामी परमेश्वरलाई देख्छौं र हामी हाम्रो संसारको आवश्यकताहरू परमेश्वरको आँखाबाट देख्छौं। आराधनाले प्रचारकहरू सिर्जना गर्छ।

आराधनाले मण्डलीलाई सुसमाचार प्रचार गर्न अभिप्रेरित गर्छ। जसै मण्डलीले अविश्वासीहरूलाई ख्रीष्टतिर डोर्याउँछ, नयाँ विश्वासीहरू आराधक बन्छन्। यी नयाँ आराधकहरू त्यसपछि सुसमाचार प्रचार गर्न अभिप्रेरित हुन्छन्।

प्रेरितले यो प्रक्रियालाई कार्यमा देखाउँछ। पावलले एफिससमा प्रचार गरेपछि, मानिसहरू साँचो परमेश्वरको आराधना गर्नको लागि भनेर डायना र हातले बनाएका अरू देवताहरूको आराधना गर्नबाट टाढा भए (प्रेरित १९:२६-२७)। जब हामी ख्रीष्टको प्रचार गर्छौं, नयाँ विश्वासीहरू राज्यमा आकर्षित हुन्छन्; तिनीहरू आराधकहरू बन्छन्। सुसमाचार प्रचारले आराधकहरू सिर्जना गर्दछ।

### साँचो आराधनाले सुसमाचार प्रचारलाई उत्प्रेरित गर्छ

प्रेरितको पुस्तक चेलाहरूले आराधना गरेपछि सुरु हुन्छ; तिनीहरू एकसाथ प्रार्थनामा समर्पित थिए (प्रेरित १:१४)। पावलले रोममा सुसमाचार प्रचार गरेपछि प्रेरितको पुस्तक समाप्त हुन्छन्; उनले "तिनले खुल्लमखुल्ला र विनारोकटोक परमेश्वरका राज्यको प्रचार गर्थे, र प्रभु येशु ख्रीष्टको बारेमा शिक्षा दिन्थे" (प्रेरित २८:३१)।

प्रारम्भिक ख्रीष्टियनहरूको आराधनाले सुसमाचार प्रचारको नेतृत्व गऱ्यो। पावल र बारनाबासको बोलावट आराधनाको परिवेशमा भएको थियो।

> तिनीहरूले प्रभुको आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु। तब उपवास र प्रार्थना गरेर तिनीहरूले उनीहरूमाथि आफ्ना हात राखेर उनीहरूलाई बिदा दिए (प्रेरित १३:२-३)।

साँचो आराधनाले सुसमाचार प्रचारलाई प्रेरित गर्छ।

**प्रभावकारी सुसमाचार प्रचारले आराधकहरू सिर्जना गर्दछ**

प्रेरितको पुस्तक भरि, चेलाहरू आराधनामा लागि रहेका थिए। पेन्तिकोसमा, ३,००० मानिसहरूलाई बचाइएका थिए। यी नयाँ विश्वासीहरू आराधक भए; तिनीहरूले आफूलाई प्रेरितहरूको शिक्षा र सङ्गतिमा, रोटी भाँच्न र प्रार्थनामा समर्पित गरे (प्रेरित २:४२)।

► प्रारम्भिक मण्डलीमा आराधनाको चित्रको लागि प्रेरित २:४२-४६ लाई पढ्नुहोस्।

यहूदी ख्रीष्टियानहरूले मन्दिरमा आराधना गर्न जारी राखे।[23] यसको अतिरिक्त, यहूदी ख्रीष्टियान र अन्यजाति धर्म परिवर्तन गर्नेहरू आराधनाको लागि सभाघरमा भेला भए। धेरैजसो सहरहरूमा, येशु नै पुरानो करारका प्रतिज्ञाहरूको परिपर्ति हुनुहुन्छ भन्ने कुरा देखाउँदै पावलले आफ्नो सेवकाइ सभाघरमा सुरु गरे।[24] निजी घरहरूमा पनि आराधना हुन्थ्यो। विश्वासीहरू सङ्गति र आराधनाको लागि घर-घरमा गए (प्रेरित २:४६)। पावलका पत्रहरूमा घरहरूमा भेला हुने मण्डलीहरूलाई गरिएको अभिवादनहरू समावेश छन्।[25] प्रारम्भिक मण्डलीको सुसमाचार प्रचारले आराधकहरूको नयाँ शरीर सिर्जना गर्यो।

**मार्स हिलमा भएको सुसमाचार प्रचार**

मार्स हिलमा, पावलको सन्देश सुसमाचार र आराधना बीचको सम्बन्ध देखाउने उत्कृष्ट पाठ हो (प्रेरित १७:१६-३४।)। एथेन्समा, पावलले मूर्तिपूजाले भरिएको संस्कृतिको सामना गरे। पावलले मूर्तिहरूको झूटो आराधना र यहोवाको साँचो आराधना बीचको भिन्नतालाई देखाए।

***एथेन्सका मानिसहरू धेरै धार्मिक थिए (प्रेरित १७:२२)***

एथेन्सका मानिसहरू आराधक थिए तर तिनीहरूले साँचो परमेश्वरको आराधना गर्दैन थिए। तिनीहरूको आराधना झूटो थियो। आराधना आफैमा पर्याप्त छैन; आराधना सही वस्तुमा केन्द्रित हुनुपर्छ।

***एथेन्सका मानिसहरूले अज्ञानतापूर्वक आराधना गर्थे (प्रेरित १७:२३)।***

तिनीहरूले कसको आराधना गर्थे थाहा थिएन। पावलले प्रभुको प्रचार गरे जसलाई तिनीहरूले खोजिरहेका थिए। उनले तिनीहरूलाई भने कि तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। यो एक वाक्यांश हो जसले कसैलाई अन्धकारमा हिंडिरहेको सुझाव दिन्छ। परमेश्वरको लागि मानिसको भोकले सुसमाचारको लागि ढोका खुल्ला गर्यो।

***एथेन्सका मानिसहरूले अयोग्य देवताको आराधना गर्थे।***

यहोवालाई कुनै पनि कुराको खाँचो भएजस्तै मानिसहरूको हातद्वारा आराधना गरिँदैन। उहाँ नै हुनुहुन्छ जसले सबै मानिसहरूलाई जीवन, सास र सबै थोक दिनुहुन्छ (प्रेरित १७:२५)। एथेनियनहरूको आराधना झूटो थियो किनभने तिनीहरूको देवता अपूर्ण थियो। साँचो परमेश्वरले सबैलाई जीवन दिनुहुन्छ; उहाँलाई केही चाहिदैन। हामी परमेश्वरको आराधना गर्छौं किनभने उहाँ हाम्रो आराधनाको योग्य हुनुहुन्छ, उहाँलाई हाम्रो आराधना आवश्यक छ भनेर होइन।

पावलले मूर्तिहरूलाई साँचो परमेश्वरसँग तुलना गरे।

---

[23] प्रेरित 2:46, प्रेरित 3:1, 11-26; प्रेरित 4:2, प्रेरित 5:12, 42

[24] प्रेरित 13:14-15, प्रेरित 14:1, प्रेरित 17:1, 10; प्रेरित 18:4, 19; प्रेरित 19:8

[25] रोमी 16:5, 1 कोरिन्थी 16:19, कलस्सी 4:15, फिलेमोन 1:2

१. **परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ।** उहाँले संसार र यसमा भएका सबै थोक बनाउनुभयो... उहाँ स्वर्ग र पृथ्वीका प्रभु हुनुहुन्छ (प्रेरित १७:२४)। मानिसहरूको हातले बनाइएका मूर्तिहरू भन्दा फरक, परमेश्वरले मानिसलाई बनाउनुभयो। उहाँ विदेशी देवता होइन; (प्रेरित १७:१८) उहाँ सारा संसारको सृष्टिकर्ता हुनुहुन्छ।

२. **परमेश्वर नजिकै हुनुहुन्छ।** उहाँ हामी प्रत्येकबाट टाढा हुनुहुन्न (प्रेरित १७:२७)। यद्यपि परमेश्वर सर्वोच्च हुनुहुन्छ, उहाँ हाम्रो संसारमा प्रवेश गर्नुभएको छ र हरेक आराधकको नजिक हुनुहुन्छ।

३. **पश्चात्ताप गर्न अस्वीकार गर्नेहरूलाई परमेश्वरले न्याय गर्नुहुनेछ** (प्रेरित १७:३०-३१)। सत्यता गरिएको आराधनाले स्वीकार गर्छ कि परमेश्वर एक धार्मीक न्यायकर्ता हुनुहुन्छ जसले विद्रोहलाई सहनु हुनेछैन। हाम्रो आराधनामा, हामी आफूलाई उहाँको सार्वभौमिकतामा समर्पण गर्छौं।

४. **येशु आराधनाको योग्य हुनुहुन्छ भनी देखाउँदै, परमेश्वरले येशुलाई मृतकबाट जीवित पार्नुभयो** (प्रेरित १७:३१)। येशुले स्वेच्छाले मृत्युको सामु आफूलाई नम्र बनाउनुभयो; उहाँलाई अब पिताद्वारा उच्च पारिएको छ, "कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ" (फिलिप्पी २:१०-११)।

एथेन्समा पावलको सन्देशले मूर्तिहरूको झूटो आराधनालाई यहोवाको साँचो आराधनाको सुसमाचारले सामना गर्यो। प्रभावकारी सुसमाचार प्रचारले आराधकहरूको सिर्जना गर्दछ।

### आराधनाका खतराहरू: सुसमाचार बिनाको आराधना

धेरै मण्डलीहरूले आराधनालाई मिशन र सुसमाचारबाट अलग गर्छन्। केही मण्डलीहरू भन्छन्, "हामी सुसमाचार प्रचार गर्न प्रतिबद्ध छौं। हाम्रो इच्छा हराएकाहरूका माझमा पुग्नु हो।" यी मण्डलीहरूले आराधनालाई थोरै ध्यान दिन्छन्। तिनीहरूले आफूलाई सुसमाचारवादी मण्डलीहरूको रूपमा हेर्छन्। अन्य मण्डलीहरू भन्छन्, "हामी विश्वास गर्छौं कि मण्डलीको मुख्य उद्देश्य आराधना हो। अरू मानिसहरूले सुसमाचार प्रचार गर्न सक्छन्; हाम्रो लक्ष्य आराधना हो।"

दुवै आराधना **र** सुसमाचार प्रचारमा मण्डली समर्पित हुनुपर्छ भनेर प्रेरितको पुस्तकले देखाउँछ। साँचो आराधनाले हामीलाई सुसमाचारको लागि जोश दिन्छ। प्रभावकारी सुसमाचार प्रचारले नयाँ आराधकहरू सिर्जना गर्दछ।

हामीले आराधनालाई सुसमाचार प्रचारबाट अलग गर्नु हुँदैन। सुसमाचार प्रचारलाई प्रेरित नगर्ने आराधना स्वयं-केन्द्रित आराधना हुन सक्छ जुन मुख्य रूपमा हाम्रो आफ्नै प्रेरणाको लागि गरिन्छ। आराधनाको लागि नडोर्याउँने सुसमाचार प्रचारले परमेश्वरलाई साँच्चै देख्न असफल हुने खोक्रो ख्रीष्टियानहरूलाई खडा गर्नेछ।

बाइबलीय आराधनामा, हामी सुसमाचारको लागि नयाँ जोश प्राप्त गर्छौं। यशैयाजस्तै, परमेश्वरप्रतिको हाम्रो दृष्टिकोण पनि खाँचोमा परेको संसारको दृष्टिकोणसँगै हुनेछ। यशैयाजस्तै, परमेश्वरप्रतिको हाम्रो आराधनापूर्ण प्रतिबद्धताले हामीलाई यसो भन्न अगुवाइ गर्नेछ, "म हाजिर छु। मलाई पठाउनुहोस्!"

### जाँच

आफैलाई सोध्नुहोस्, "के आराधनाले मलाई अविश्वासीहरूसँग सुसमाचार बाँड्न उत्प्रेरित गर्छ? के ममा नयाँ आराधकहरूलाई परमेश्वरमा ल्याउने जोश छ?"

## पत्रहरू: प्रारम्भिक मण्डलीमा आराधना

पुरानो करारको विपरीत यहूदी आराधनाको लागि यसको विशिष्ट निर्देशनहरू छन्, नयाँ करारले मण्डलीमा आराधनाको लागि केही निर्देशनहरू दिन्छ।[26] नयाँ करारमा आराधना सेवाको कुनै पूर्ण विवरण छैन, तर पत्रहरूले प्रारम्भिक ख्रीष्टियान आराधनाका केही भागहरू देखाउँछन्।

### पवित्रशास्त्र पढाइ

प्रारम्भिक ख्रीष्टियान आराधनामा पवित्रशास्त्र पढाइ महत्त्वपूर्ण थियो। कलस्सी ४:१६ र १ थेसलोनिकी ५:२७ ले मण्डलीहरूलाई पावलका पत्रहरू सार्वजनिक रूपमा पढ्न निर्देशन दिन्छ। १ तिमोथी ४:१३ मा, पावलले तिमोथीलाई पवित्रशास्त्रको सार्वजनिक पढाइमा ध्यान दिन सम्झाउँछन्।

पवित्रशास्त्रको पढाइको महत्त्व कलस्सी ३:१६ मा सुझाव दिइएको छ, "ख्रीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग वास गरोस्। पूरा बुद्धिमानीसाथ...।" भजनरचयिताले धन्य भएका मानिसको वर्णन गरे; त्यो प्रभुको व्यवस्थामा रमाउँछ र मनन गर्छ (भजनसंग्रह १:२)। हाम्रो सार्वजनिक आराधनाले हामीले पवित्रशास्त्रमा राखेको मूल्यलाई देखाउँछ।

### वचन प्रचार

पवित्रशास्त्रको पढाइको साथसाथै, एक अगुवालाई वचन प्रचार गर्ने जिम्मेवारी थियो (२ तिमोथी ४:१-४, तीतस २:१५)। एज्राको समयदेखि, शास्त्रीहरूले मानिसहरूको लागि पवित्रशास्त्रको व्याख्या गरे। एज्रा र उनका सहकर्मीहरूले पुस्तकबाट, परमेश्वरको व्यवस्थाबाट, स्पष्ट रूपमा पढे, र तिनीहरूले अर्थ दिए, ताकि मानिसहरूले पढेको बुझे (नहेम्याह ८:८)। नयाँ करारको युगमा यहूदी सभाघरहरूले यो अभ्यास जारी राखे (प्रेरित १३:१४-१५)। पवित्रशास्त्रको अर्थ दिनु प्रारम्भिक ख्रीष्टियान प्रचारको आधार हो।

प्रेरितमा रहेको प्रवचनहरूले प्रारम्भिक ख्रीष्टियान प्रचारको सामग्री देखाउँदछ।[27] यी प्रवचनहरूमा महत्त्वपूर्ण विषयवस्तुहरू समावेश छन्:

- येशु पुरानो करारका भविष्यवाणीहरूको पूर्ति हुनुहुन्थ्यो।
- येशुले परमेश्वरको शक्तिद्वारा शक्तिशाली कामहरू गर्नुभयो।
- येशु क्रूसमा टाँगिनुभयो र त्यसपछि मृत्युबाट बौरी उठनुभयो।
- येशु अब उच्च पारिनु भएको र प्रभु बनाइनु भएको छ।
- सुन्ने सबैले पश्चात्ताप गर्नुपर्छ र बप्तिस्मा गर्नुपर्छ।

### सार्वजनिक प्रार्थना

प्रारम्भिक ख्रीष्टियान आराधनामा सार्वजनिक प्रार्थना महत्त्वपूर्ण थियो (१ तिमोथी २:१-३)। पावलका पत्रहरूमा समावेश गरिएका प्रार्थनाहरू सार्वजनिक आराधनामा प्रयोग गरिन्थ्यो भनी धेरै विद्वानहरूले विश्वास गर्छन्। मण्डलीले भनेको "आमेन" ले प्रार्थनाको साथ उनीहरूको सहमतिलाई संकेत गर्यो।[28]

---

[26] यस सामग्रीको धेरैजसो Franklin M. Segler र Randall Bradely, *Christian Worship: Its Theology and Practice.* (Nashville: B&H Publishing, 2006), अध्याय 2।

[27] प्रेरितका महत्त्वपूर्ण प्रवचनहरू प्रेरित 2, 7, 10, 17 मा पाइन्छ।

[28] 1 कोरिन्थी 14:16 यस अभ्यासमा आधारित छ।

**गायन**

मन्दिरमा गायन महत्त्वपूर्ण थियो र प्रारम्भिक ख्रीष्टियान आराधनामा यसले भूमिका खेल्न जारी राख्यो। ख्रीष्टियानहरूले आफ्नो यहूदी आराधनाबाट ल्याएका भजनहरूसँगै, नयाँ भजनहरूले येशुलाई मसीहको रूपमा प्रशंसा गरे। यो एफिसी ५:१९ र कलस्सी ३:१६ द्वारा सुझाव गरिएको छ। धेरै बाइबल विद्वानहरूले विश्वास गर्छन् कि फिलिप्पी २:५-११ प्रारम्भिक ख्रीष्टियान भजन थियो। साथै, लूका १:४६-५५ मा मरियमको गीत र लूका २:२९-३२ मा शिमोनको प्रार्थना आराधना सेवाहरूमा गाइएको हुन सक्छ।

**भेटीहरू**

केही अवसरहरूमा, भेटी सार्वजनिक आराधनाको एउटा भाग थियो। १ कोरिन्थी १६:२ र २ कोरिन्थी ९:६-१३ ले कोरिन्थको मण्डलीलाई यरूशलेमका पीडामा परेका ख्रीष्टियनहरूको लागि भेटी सङ्कलन गर्न निर्देशन दिन्छ।

## बप्तिस्मा र प्रभु भोज

बप्तिस्मा र प्रभु भोजको नियमहरू आराधनाको भाग थिए। पावलले कोरिन्थीहरूको प्रभु भोजको उत्सवमा दुर्व्यवहारहरू सच्याउनलाई लेखे। ख्रीष्टको बलिदानको सम्झनाको सट्टा, यो एक भोज बन्यो। पावलले प्रभु भोजको गम्भीरताबारे चेतावनी दिए। ख्रीष्टियानको लागि सबैभन्दा पवित्र घटनालाई प्रभु भोजले सम्झन्छ; यसलाई हल्का रूपमा लिनु हुँदैन।[29]

आराधना सेवाका भागहरूका यी सङ्केतहरूबाहेक, हामीलाई प्रारम्भिक ख्रीष्टियान आराधनाको बारेमा थोरै थाहा छ। पत्रहरूले आराधना, आराधनाको व्यवस्थापन, वा प्रारम्भिक मण्डलीमा सार्वजनिक आराधना सम्बन्धी अन्य विवरणहरूका लागि कुनै विशेष क्रम निर्धारण गर्दैनन्। प्रारम्भिक मण्डलीमा प्रतिनिधित्व गर्ने विभिन्न धार्मिक र सांस्कृतिक पृष्ठभूमिहरूको कारणले गर्दा, यो सम्भव छ कि सार्वजनिक आराधना ठाउँ अनुसार धेरै फरक देखिन्थ्यो। यहूदी ख्रीष्टियानहरूले सम्भवतः सभाघरको आराधना जस्तै समान रूपमा आराधना गर्न जारी राखेका थिए। अन्यजाति ख्रीष्टियानहरू यहूदी प्रथाहरूसँग परिचित नहुने थिए र फरक तरिकामा आराधना गरेका हुन सक्छ। तथापि, यो स्पष्ट छ कि प्रारम्भिक मण्डलीले पवित्रशास्त्र र परमेश्वरको वचनको प्रचार र शिक्षामा ठूलो जोड दिएको थियो।

## आजको बाइबलीय आराधना

धेरै मण्डलीहरूमा, पवित्रशास्त्रको सार्वजनिक पढाइ दुर्लभ भएको छ। सेवाको क्रममा पवित्रशास्त्रका केही पदहरू मात्र पढ्ने इभान्जेलिकल मण्डलीहरू हेर्नु असामान्य छैन। हाम्रो आराधनामा पवित्रशास्त्रलाई प्राथमिकता दिनुपर्छ। पवित्रशास्त्रमा आधारित गीतहरू, बाइबल पढाइहरू, वा वचनको सेवामा पवित्रशास्त्रको सावधानीपूर्वक प्रदर्शनी मार्फत, हामी "पुस्तकका मानिसहरू" भनेर चिनिनुपर्छ। बाइबलले हाम्रो आराधनामा केन्द्रीय स्थान राख्नुपर्छ।

**जाँच**

आफैलाई सोध्नुहोस्, "के मेरो आराधनाले प्रारम्भिक मण्डलीको आराधनाको भाग भएका प्रत्येक पक्षहरूलाई समावेश गर्दछ?"

---

[29] मत्ती 28:18-20, प्रेरित 2:38-41, 1 कोरिन्थी 11:20-34

## प्रकाश: आराधनाको रूपमा प्रशंसा

आराधना प्रकाशको सन्देशको केन्द्रबिन्दु हो।

- प्रभुको दिनमा यूहन्ना आत्मामा थिए जब उनले अल्फा र ओमेगाको आवाज सुने (प्रकाश १:१०)।
- प्रकाशको केन्द्रीय विषयवस्तुहरूमध्ये एउटा भनेको यहोवाको सिंहासनमा बसेर उहाँको आराधना गर्नेहरू र जनावरको आराधना गर्नेहरूबीचको भिन्नता हो।
- प्रकाशले प्रतिज्ञा गर्दछ कि परमेश्वरले आफ्ना शत्रुहरूलाई परास्त गर्नुहुनेछ, र सबै जातिहरू आएर उहाँको सामु आराधना गर्नेछन् (प्रकाश १५:४)।

प्रकाशको आराधना बुझ्नको लागि, यो पुस्तकको लागि ऐतिहासिक मिलनको समीक्षा गर्न उपयोगी हुन्छ। प्रथम शताब्दीका ख्रीष्टियानहरूले दुई प्रतिस्पर्धी दावीहरूको सामना गरे। एकातिर, तिनीहरूले येशु ख्रीष्ट प्रभु हुनुहुन्छ भनी जान्दथे (फिलिप्पी २:११)। ख्रीष्टमा विश्वासको लागि येशु ख्रीष्टको अख्तियार र प्रभुत्वप्रति प्रतिबद्धता चाहिन्छ। अर्कोतर्फ, रोमले साम्राज्यको अख्तियार अन्तर्गतका सबैलाई कैसर आफ्नो मालिक र देवता भएको प्रमाणित गर्न आवश्यक थियो।

ख्रीष्टियानहरूका लागि परमेश्वर बाहेक अरू कसैलाई अन्तिम निष्ठा दिन असम्भव थियो। रोम र प्रथम शताब्दीका ख्रीष्टियानहरू बीचको द्वन्द्वको जरा थियो, "हाम्रो आराधनाको योग्य को छ?" यस स्तिथिमा, प्रकाशले भन्छ, "येशु प्रभु हुनुहुन्छ।" उहाँको अधिकारलाई नचिन्ने संसारमा पनि येशु प्रभु हुनुहुन्छ। उहाँ आराधनाको योग्य हुनुहुन्छ। प्रकाशले साँचो आराधनाको चित्र दिन्छ।

> "तब तपाईंको नयाँ सृष्टि समाप्त गर्नुहोस्,
> हामी शुद्ध र निष्कलंक बन्न सकौं;
>
> हामी तपाईंको महान मुक्ति तपाईमा पूर्ण रूपमा
> पुनर्स्थापित भएको देख्नसकौं:
>
> महिमाबाट महिमामा परिवर्तन भएर,
> स्वर्गमा हामी आफ्नो ठाउँमा नआउन्जेल,
> गाउँदै र हाम्रा मुकुटहरू तपाईंको सामुन्ने राख्दै,
>
> आदरयुक्त, प्रेम र प्रशंसामा हराएर!"
>
> - चार्ल्स वएस्ली

### स्वर्गीय आराधना असफल आराधनासँगको भिन्नता

एसिया माइनरका सात मण्डलीहरूलाई दिइएको सन्देशहरूबाट प्रकाशको पुस्तक सुरु हुन्छ। एशिया माइनर सम्राटको आराधनाको सबैभन्दा बलियो केन्द्र थियो। प्रकाशमा सम्बोधन गरिएका प्रत्येक शहरहरूमा शाही मन्दिरहरू थिए। सम्राटको आराधना यस प्रान्तमा लगभग विश्वव्यापी थियो।

सात मण्डलीहरूलाई दिइएको सन्देशहरूले धेरै मण्डलीहरू आराधनामा असफल भएको देखाउँछ। जब सबै सात मण्डलीहरूले परमेश्वरको आराधना गर्छन्, पाँचवटा मण्डलीहरूलाई आलोचना गरिन्छ। ती मण्डलीहरूले स्वीकार्य रूपमा परमेश्वरको आराधना गर्न सकेनन् भनी यी आलोचनाहरूले देखाउँछन्।

१. **प्रेमको कमीले साँचो आराधनामा बाधा पुर्याउँछ।** एफिससले धेरै कुराहरू राम्ररी गरे, तर तिनीहरूले आफ्नो पहिलो प्रेम छोडेका थिए। आराधनामा शून्यताको महशुसले हामीले आराधना गर्ने परमेश्वरप्रतिको हाम्रो प्रेम गुमाएको संकेत हुन सक्छ।

२. **झूटो शिक्षाले साँचो आराधनामा बाधा पुर्याउँछ।** पर्गामम र थिआटीरा दुवैले झूटो शिक्षालाई सहे। यो खतरा मण्डलीहरूमा देख्न सकिन्छ जसले बाइबलीय सत्यताको लागि चिन्हहरू र चमत्कारहरू प्रतिस्थापन गर्दछ।

३. **मृत कामहरूले साँचो आराधनामा बाधा पुर्याउँछ।** सार्डिस शहर दुई पटक पराजित भएको थियो जब सुतिरहेका पहरेदारहरूले नजिक आउँदै गरेको शत्रुलाई देख्न सकेनन्।[30] यूहन्नाले चेतावनी दिए कि सार्डिसको मण्डली सुतिरहेको थियो किनभने उसले आफ्नो राम्रो काममा भरोसा गरेको। आराधनामा परमेश्वरसँगको भेटले सार्डिसलाई उसको सुस्तीबाट जगाउने थियो।

४. **जोशको कमीले साँचो आराधनामा बाधा पुर्याउँछ।** लाउडिकियाको मण्डलीले प्रायः समृद्धिको समयमा देखिने मनतातो विश्वास भएको आत्मालाई देखायो। लाउडिकियनहरूको जोशको कमीलाई तिनीहरूको सम्पत्ति र आत्मनिर्भरताले प्रोत्साहित गरेको थियो। साँचो आराधनाले हामीलाई परमेश्वरमा हाम्रो निर्भरताको सम्झना गराउँछ।

### स्वर्गीय आराधना परमेश्वरमा केन्द्रित हुन्छ

प्रकाश ४-५ ले स्वर्गीय आराधना परमेश्वर र उहाँको महिमामा केन्द्रित छ भनी देखाउँछ। स्वर्गीय आराधकहरू अनन्त राजा र मृत्युबाट बौरी उठ्नु भएको थुमाको आराधना गर्छन्।

के तपाई कल्पना गर्न सक्नुहुन्छ कि एउटा स्वर्गदूतले यूहन्नालाई यसो भन्दै गरेको, "तिमीलाई आराधनामा अझ सहज बनाउन हामीले केही परिवर्तन गर्न सक्छौं?" पक्कै होइन! आराधना मेरो बारेमा होइन, परमेश्वरको बारेमा हो। आराधनाले आराधकलाई आशिष दिन्छ तर यो आराधनाको मुख्य उद्देश्य होइन। आराधनाको उद्देश्य परमेश्वरको सम्मान गर्नु हो। परमेश्वरको सिंहासन वरपरका आराधकहरूले परमेश्वरको प्रशंसाको भजन गाउँछन्:

> हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्‍चर्यपूर्ण छन्, युग-युगका महाराजा, तपाईंका मार्ग धार्मिक र सत्य छन्। हे परमप्रभु, तपाईंको डर कसले मान्दैन? र तपाईंका नाउँको महिमा कसले गर्दैन? किनकि तपाईं मात्र पवित्र हुनुहुन्छ। सबै जातिले आएर तपाईंलाई दण्डवत् गर्नेछन्, किनभने तपाईंका धार्मिक कार्यहरू प्रकट भएका छन् (प्रकाश १५:३-४)।

स्वर्गीय आराधना परमेश्वरको उपस्थितिमा हुन्छ। आदम र हव्वालाई बगैंचाबाट धपाएको समयदेखि मानिसलाई परमेश्वरबाट अलग गरिएको छ। स्वर्गमा, कुनै पनि दुष्टको प्रभाव बिना परमेश्वरको उपस्थितिमा फेरि आराधना हुनेछ।

> हेर, परमेश्‍वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्‍वर आफै तिनीहरूका परमेश्‍वर भएर तिनीहरूसँग रहनुहुनेछ (प्रकाश २१:३)।

### स्वर्गीय आराधनाले साँचो वास्तविकतालाई देखाउँछ

उनले प्रकाशको पुस्तकलाई लेख्दा खेरी, यूहन्ना पतमोस टापुमा निर्वासनमा थिए। रोमी साम्राज्यभरि ख्रीष्टियानहरूले सतावट भोगिरहेका थिए। संसारको दृष्टिकोणबाट, भविष्य अन्धकार थियो। यद्यपि, प्रकाशले संसारको घटनाहरूमा स्वर्गीय परिप्रेक्ष्य देखाउँछ।[31]

पृथ्वीमा, हामी इतिहासको एक मात्र पक्ष देख्छौं। हाम्रो वरपरको संसार परम वास्तविकता हो भनेर सोच्न हामी लालायित हुन्छौं। आराधना र स्वर्ग वास्तविक संसारको संघर्षबाट टाढा देखिन्छ। प्रकाश ४, ५ र १५ मा देखिएका स्वर्गीय आराधनाको झलकले हामीलाई वास्तविक संसारको चित्र देखाउँछ।

ख्रीष्टियान कामदारहरूका लागि, प्रकाशको पुस्तक यो संसारको सङ्घर्षहरू अस्थायी हुन् भनी महत्त्वपूर्ण सम्झना हो। आराधना वास्तविकताबाट साप्ताहिक भाग्ने होइन; बरु, आराधनाले परमेश्वरको दृष्टिकोणबाट वास्तविकतालाई देखाउँछ-र यसले हाम्रो संसारप्रतिको हाम्रो दृष्टिकोणलाई

[30] यस्तो अवस्था त्यतिखेर भयो जब कोरेसले 547 ई.पू. मा आक्रमण गरे। र फेरि जब एन्टिओकस तेस्रोले 214 ई.पू. मा आक्रमण गरे।

[31] उदाहरणका लागि: 6:1-7:8 पृथ्वीमा छन्; 7:9-8:6 स्वर्गमा छन्। 8:7-11:14 पृथ्वीमा छन्; 11:15-19 स्वर्गमा छन्।

परिवर्तन गर्छ। प्रकाशको पुस्तकमा, परमेश्वरले भन्नुहुन्छ, "वस्तुहरू जस्तो देखिन्छन् त्यस्तै हुँदैनन्। केही चीजहरू पनि नियन्त्रण भन्दा बाहिर छैनन्, शैतानले जितेको छैन, दुष्टले जितेको छैन। ढोकाबाट हेर्नुहोस् र वास्तविकताको झलक पाउनुहोस्। परमेश्वर आफ्नो सिंहासनमा हुनुहुन्छ।"[32]

## आज बाइबलीय आराधना

"उहाँ बौरिउनुभयो!" "उहाँ प्रभु हुनुहुन्छ!" यी घोषणाहरू आराधनाको केन्द्रबिन्दु हुन्। यो पुनरुत्थान थियो जसले येशुलाई प्रभुको रूपमा घोषणा गर्यो (रोमी १:४)।

प्रारम्भिक मण्डलीले प्रत्येक आइतवारलाई पुनरुत्थानको उत्सवको रूपमा मान्यता दियो; हरेक आइतबार इस्टर थियो। ख्रीष्टियानहरूले आइतवार उपवास गरेनन्; आइतबार उत्सवको दिन थियो।

आज हाम्रो आराधना उत्सवको समय हुनुपर्छ। हो, त्यहाँ सर्वोच्चको उपस्थितिमा प्रवेश गर्नको लागि एक गम्भिरता सम्बन्धित छ, तर त्यहाँ हामीलाई बौरिउठ्नुभएको प्रभुको उत्सव मनाउँदा आनन्द पनि छ। हाम्रो आराधनामा उत्सवको अवसरहरू समावेश हुनुपर्छ।

आराधनाले सदस्यहरूको जीवनमा प्रशंसाका गीतहरू र परमेश्वरको अनुग्रहको गवाहीहरू समावेश गर्दछ। नाइजेरियाको मण्डलीले भेटी दिंदा उत्सव मनाउँछन्। भेटी जम्मा भएपछि सदस्यहरू मण्डलीको वरिपरि मार्च गर्छन्। यी आराधकहरूलाई पुनरुत्थानको आनन्द थाहा छ। आराधनामा मृत्युमाथि ख्रीष्टको विजयद्वारा हामीले प्राप्त गरेको विजयलाई मनाउने अवसरहरू समावेश गर्नुपर्छ।

### जाँच

आफैलाई सोध्नुहोस्, "मेरो आराधना उत्सव हो कि केवल कर्तव्य हो? के म आराधनामा प्रवेश गर्न पाउँदा रमाउँछु, वा म ख्रीष्टियानको रूपमा मेरो दायित्व भएकोले मात्र आराधनामा उपस्थित हुन्छु?"

## यसलाई अभ्यास गर्नुहोस्

(१) हामीले आराधना गर्ने परमेश्वरलाई मनन गर्न समय निकाल्नुहोस्। पवित्रशास्त्रले उहाँको बारेमा के बताउँछ विचार गर्नुहोस्।

| **पवित्रशास्त्रमा परमेश्वर को हुनुहुन्छ**[33] | |
|---|---|
| उत्पत्तिमा | उहाँ सारा संसारको सृष्टिकर्ता हुनुहुन्छ |
| प्रस्थानमा | उहाँ निस्तार चाडको थुमा हुनुहुन्छ |
| लेवीमा | उहाँ सिद्ध बलिदान हुनुहुन्छ |
| गन्तीमा | उहाँ बादल हुनुहुन्छ |
| व्यवस्थामा | उहाँ एक साँचो अगमवक्ता हुनुहुन्छ |
| यहोशूमा | उहाँ परमप्रभुको सेनाका कप्तान हुनुहुन्छ |

[32] David Jeremiah, *Worship* (CA: Turning Point Outreach, 1995), 72
[33] Vernon Whaley बाट साभार गरिएको, *Called to Worship.* (Nashville: Thomas Nelson, 2009), 331-333.

| | |
|---|---|
| रूथमा | उहाँ नजिकको सम्बन्धको उद्धारकर्ता हुनुहुन्छ |
| १ र २ शमूएलमा | उहाँ अगमवक्ता हुनुहुन्छ |
| इतिहासमा | उहाँ स्वर्गीय मन्दिर हुनुहुन्छ |
| अय्यूबमा | उहाँ मध्यस्थकर्ता हुनुहुन्छ |
| भजनसंग्रहमा | उहाँ गोठालो हुनुहुन्छ |
| यशैयामा | उहाँ शान्तिका राजकुमार हुनुहुन्छ |
| इजकिएलमा | उहाँ मानिसको पुत्र हुनुहुन्छ |
| होशेमा | उहाँ विश्वासबाट पछि हटेकाहरूको चङ्गाइकर्ता हुनुहुन्छ |
| हाग्गैमा | उहाँ सबै राष्ट्रहरूको इच्छा हुनुहुन्छ |
| मलाकीमा | उहाँ धर्मको सूर्य हुनुहुन्छ |
| मत्तीमा | उहाँ प्रतिज्ञा गरिएको मसीह हुनुहुन्छ |
| मर्कूसमा | उहाँ सेवक हुनुहुन्छ |
| लूकामा | उहाँ मानिसको पुत्र हुनुहुन्छ |
| यूहन्नामा | उहाँ वचन हुनुहुन्छ |
| रोमीमा | उहाँ धर्मी ठहराउनुहुने व्यक्ति हुनुहुन्छ |
| फिलिप्पीमा | उहाँ हाम्रो आनन्द हुनुहुन्छ |
| कलस्सीमा | उहाँ ईश्वरत्वको पूर्णता हुनुहुन्छ |
| हिब्रूमा | उहाँ महान् प्रधान पुजाहारी हुनुहुन्छ |
| १ र २ पत्रुसमा | उहाँ बगालको मुख्य गोठालो हुनुहुन्छ |
| प्रकाशमा | उहाँ मारिएको थुमा हुनुहुन्छ, राजाहरूका राजा, र प्रभुहरूका प्रभु! |

## निष्कर्ष: प्रेरित यूहन्नाको गवाही

"मेरो नाम यूहन्ना हो। आराधनाले मेरो जीवन परिवर्तन गरेको छ। नासरतका येशुलाई पहिलो पटक भेटेदेखि नै म एक आराधक भएको हुँ।

"म त्यहाँ रूपान्तरणको पहाडमा थिएँ। हामीले स्वर्गबाट आवाज सुन्यौं, हामीले उहाँको महिमा देख्यौं, र हामी (हाम्रो) अनुहार घोप्टो पारि लड्यौं, र भयभीत भयौं (मत्ती १७:६)। हामीले असिद्ध रूपमा आराधना गर्यौं दुःख कष्टको हप्ताको समयमा हाम्रा कार्यहरूले देखाए कि हामीले डाडामा देखेका कुराहरूलाई बुझेनौं।

"पुनरुत्थान पछि येशु देखा पर्नु हुँदा म गालीलको डाँडामा थिएँ। हामीले उहाँलाई दण्डवत् गर्यौं, यद्यपि कतिपयले शंका गरे (मत्ती २८:१७)। हामीले असिद्ध रूपमा आराधना गर्यौं हामीलाई उहाँ बौरिउठ्नु भएको थियो भनी थाह थियो, तर हामीले यसको अर्थ बुझेका थिएनौं।

"म माथिल्लो कोठामा थिएँ जब हामीले एकसाथ प्रार्थनामा आफूलाई समर्पित गरि राखेका थियौं (प्रेरित १:१४)। हामीले आराधना गर्दा, पवित्र आत्मा हामीमा आउनुभयो। आराधना सुसमाचार प्रचारको लागि उत्प्रेरक बन्यो; हामीले सुसमाचारलाई यरूशलेम, यहूदिया र सामरिया र पृथ्वीको पल्लो छेउसम्म लग्यौं।

"पतमोसमा निर्वासनमा हुँदा, प्रभुको दिनमा म आत्मामा थिएँ जब मैले तुरहीको जस्तो ठूलो स्वर सुनें। यो अल्फा र ओमेगाको आवाज थियो, पहिलो र अन्तिम (प्रकाश १:१०-११)।

"म त्यहाँ थिएँ जब परमेश्वरले स्वर्गको ढोका खोलिदिनुभयो र मलाई परमेश्वरको सिंहासन वरिपरि आराधना हेर्न अनुमति दिनुभयो।

"म नयाँ यरूशलेममा सधैंभरि हुनेछु, जुन परमेश्वरबाट स्वर्गदेखि तल आउँदैछ (प्रकाश २१:२)। त्यो सहरमा, हाम्रो आराधना अन्ततः सिद्ध हुनेछ किनभने हामी जसको आराधना गर्छौं उहाँको अनुहारलाई त्यतिखेर देख्नेछौं। स्वर्गमा, 'परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ'। (प्रकाश २१:३)

"म यूहन्ना हुँ। र म मेरो परमेश्वर र उद्धारकर्ताको आराधनामा अनन्तकाल बिताउनेछु!"

## यसलाई अभ्यासमा राख्नुहोस्

यो पाठ छोड्नु अघि, आराधना गर्न समय लिनुहोस्। प्रकाश ४, ५, र १५ वा भजनसंग्रह १९ को गीतहरू पढ्नुहोस्। परमेश्वरको प्रशंसा गर्ने गीत गाउनुहोस्। आराधनाको प्रार्थना गर्नुहोस्। जसै परमेश्वरले तपाईसँग बोल्नुहुन्छ सुन्नुहोस्। परमेश्वरको साँचो आराधना गर्न समय निकाल्नुहोस्।

## समूह छलफल

► यस पाठको व्यावहारिक प्रयोगको लागि, निम्न छलफल गर्नुहोस्:

*दीपक एउटा मण्डलीमा पास्टरको रूपमा काम गर्नुहुन्छ जो सुसमाचारको बारेमा जोशीलो हुनुहुन्छ। नयाँ विश्वासीहरूले हरेक महिना बप्तिस्मा लिइरहेका छन्। यो मण्डलीमा एक रोमाञ्चक समय हो।*

*यद्यपि, मण्डलीले वास्तवमा आराधना गरिरहेको छैन भनेर दीपक चिन्तित छन्। धेरै जसो प्रचार अविश्वासीहरू र नयाँ विश्वासीहरूको लागि भएको छ। ठूला भजनहरू प्रयोग गर्न गाह्रो छ किनभने नयाँ मानिसहरूले गीतहरू जान्दैनन्। दीपकलाई डर छ कि उनको मण्डली आकारमा ठूलो छ तर आत्मिक गहिराइमा भने खोक्रो छ। उनी आराधनामा बढी ध्यान दिन चाहन्छन्। मण्डलीको आराधनालाई अझ गहिरो बनाउँदै सुसमाचार प्रचारमा जोड दिन दीपकले के गर्न सक्छन् भनेर छलफल गर्नुहोस्।*

## समीक्षामा पाठ ४

(१) सुसमाचारका पुस्तकहरूले देखाउँछन् कि येशुले पिताको आराधना गर्नुभयो र उहाँ स्वयं परमेश्वरको रूपमा आराधना गर्नुभयो।

- येशुले आराधनाको लागि एउटा नमुना प्रदान गर्नुभयो।
- येशुले झूटो आराधनाको परिक्षालाई अस्वीकार गर्नुभयो।
- येशुले प्रार्थनाको महत्त्वलाई मूर्त रूप दिनुभयो।
- येशुलाई अनन्तकाल सम्म आराधना गरिनेछ।

(२) प्रेरितको पुस्तकले आराधना र सुसमाचार प्रचारको बीचको सम्बन्धलाई देखाउँछ।

- साँचो आराधनाले सुसमाचार प्रचारलाई प्रेरित गर्छ।
- प्रभावकारी सुसमाचार प्रचारले आराधकहरू सिर्जना गर्दछ।
- सुसमाचार प्रचार तर्फ नडोर्याउने आराधना आत्मकेन्द्रित हुनेछ।

(३) पत्रहरूले प्रारम्भिक मण्डलीमा आराधनाका महत्त्वपूर्ण भागहरू देखाउँछन्। प्रारम्भिक मण्डलीमा आराधनामा समावेश गरिएका भागहरू:

- पवित्रशास्त्र पढाइ
- वचन प्रचार
- सार्वजनिक प्रार्थना
- गायन
- भेटीहरू
- बप्तिस्मा
- प्रभु भोज

(४) आराधना भनेको परमेश्वरको बढाइ गर्नु हो भनी प्रकाशको पुस्तकले देखाउँछ।

- आराधनाले आराधकलाई आशिष दिन्छ, तर यो आराधनाको मुख्य उद्देश्य होइन।
- आराधनाको मुख्य उद्देश्य परमेश्वरको सम्मान हो।
- स्वर्गीय आराधनाले हामीलाई सम्झाउँछ कि हामीले देखेको यो संसार अन्तिम वास्तविकता होइन।

## पाठ ४ क्रियाकलापहरू

(१) यस पाठबाट आराधनाका तीन सिद्धान्तहरू सूचीबद्ध गर्नुहोस्। प्रत्येक सिद्धान्तको लागि, तपाईंको मण्डलीमा सिद्धान्त लागू गर्ने व्यावहारिक तरिकाहरू छलफल गर्ने एउटा अनुच्छेद लेख्नुहोस्।

(२) अर्को पाठको सुरुमा, तपाईंले यस पाठमा आधारित परीक्षा दिनुहुनेछ। तयारी गर्दा खेरी परीक्षाका प्रश्नहरूलाई सावधानीपूर्वक अध्ययन गर्नुहोस्।

**पाठ ४ परीक्षा**

(१) येशुले साँचो आराधनाको नमुना बनाउनुभएका तीनवटा तरिकाहरूलाई सूचीबद्ध गर्नुहोस्।

(२) येशुको शिक्षा र उदाहरणले हामीलाई साँचो आराधनाको बारेमा के स्मरण गराउँछ?

(३) कुन दुई भनाइहरूले आराधना र सुसमाचार प्रचार बीचको सम्बन्धलाई संक्षेपमा देखाउँछन्?

(४) एथेन्सको झूटो आराधनालाई प्रेरित १७ मा कसरी वर्णन गरिएको छ?

(५) प्रेरित १७ मा साँचो परमेश्वरलाई कसरी वर्णन गरिएको छ?

(६) नयाँ करारको पत्रहरूमा सुरुको ख्रीष्टियान आराधनाको पाँचवटा भागहरूलाई सूचीबद्ध गर्नुहोस्।

(७) एसिया माइनरका मण्डलीहरूका बीचमा पाइने आराधनाका बाधाहरूका दुई उदाहरणहरूलाई सूचीबद्ध गर्नुहोस्।

(८) आफूले कण्ठ गरेको रोमी १२:१-२ लेख्नुहोस्।

# पाठ 5
# मण्डली इतिहासमा आराधना

## पाठका उद्देश्यहरू

यस पाठको अन्त्यसम्ममा, विद्यार्थीले सक्षम हुनुपर्छ:

(१) विभिन्न आराधनाका परम्पराहरू बीचको भिन्नतालाई सम्मान गर्ने।

(२) आराधनाका अपरिपर्तित सिद्धान्तहरू र परिवर्तनीय आराधना अभ्यासहरू बीचको भिन्नता बुझ्ने।

(३) आराधनाले हाम्रो ईश्वरीय विश्वासलाई प्रतिबिम्बित गर्छ र ती विश्वासहरूलाई प्रभाव पार्छ भनेर बुझ्ने।

(४) आज आराधना गर्न विभिन्न मण्डली परम्पराहरूको आराधनाबाट पाठहरू लागू गर्ने।

## पाठको तयारी

*भजनसंग्रह १००:१-५ कण्ठ गर्नुहोस्।*

## परिचय

प्रकाशले परम्परागत आराधनालाई महत्त्व दिन्छन्। तिनीहरूको मासिक बैठकमा समकालीन आराधना सेवाको नेतृत्व गर्ने आशिषले सोधे, "तपाईंहरू आफ्ना सेवाहरूमा किन नयाँ प्रयास गर्नुहुन्न?"

"हामी बाइबलीय हौं," प्रकाशले जवाफ दिए। "यदि बाइबलले कुनै विशेष आराधना अभ्यासलाई आदेश दिँदैन भने, हामी प्रारम्भिक मण्डलीको आराधना अभ्यासहरू थप्न स्वतन्त्र छैनौं। बाइबलीय आराधना परिवर्तन गर्ने हामी को हौं? हाम्रो मण्डलीमा, हामी केवल भजन गाउँछौं। ती गीतहरू प्रारम्भिक मण्डलीका गीतहरू थिए; तिनीहरू हाम्रो लागि पर्याप्त छन्!"[34]

आशिषले जवाफ दिए, "इतिहास प्रकाशको पुस्तकको अन्त्यसँगै रोकियो भन्ने तपाईं विचार गर्नुहुन्छ भने जस्तो मलाई लाग्छ। हामी २,००० वर्ष पुरानो आराधना शैलीमा कसरी हामी आफैलाई सीमित राख्न सक्छौं? जबसम्म बाइबलले कुनै अभ्यासलाई निषेध गर्दैन, र जबसम्म अभ्यासले मण्डलीलाई विभाजित गर्दैन, हामीले हाम्रो पुस्ताको आवश्यकता अनुसार आराधनालाई अनुकूलन गर्नुपर्छ। मेरो मण्डलीमा, हामी धेरै नयाँ गीतहरू गाउँछौं। यदि परमेश्वरले नयाँ गीतहरू निषेध गर्न चाहनुहुन्थ्यो भने, बाइबलले तिनीहरूलाई स्पष्ट रूपमा निषेध गर्ने थियो।"[35]

सुमनको प्रतिक्रिया व्यावहारिक थियो। "आराधनाको बारेमा बाइबलले के भन्छ हामीले अध्ययन गरेका छौं। हामीलाई पवित्रशास्त्रबाट आराधनाका सिद्धान्तहरू थाहा छ। अन्य ख्रीष्टियानहरूले प्रत्येक पुस्तामा यी सिद्धान्तहरूलाई कसरी लागू गरेका छन् भनेर हामीले हेर्नु आवश्यक छ। मण्डलीको इतिहासमा आराधना कस्तो देखिन्थ्यो?"

---

[34] यसलाई आराधनाको "नियामक सिद्धान्त" भनिन्छ। जोन क्याल्भिनद्वारा सिकाइएको, यसले पवित्रशास्त्रमा स्थापित नभएका कुनै पनि आराधना अभ्यासहरूलाई निषेध गर्दछ। मूलतः यसले कुनै पनि वाद्य सङ्गीत (नयाँ करारको आराधनामा वाद्ययन्त्रहरू उल्लेख गरिएको छैन) वा भजनबाहेक अन्य कुनै गीतहरूको प्रयोगलाई रोकेको थियो। आज यो सिद्धान्त पछयाउने केही मण्डलीहरूले वाद्ययन्त्रहरू र भजनहरू थपेका छन्; तर तिनीहरू आराधनाको लागि नयाँ दृष्टिकोणबाट टाढा रहन जारी राख्छन्।

[35] यसलाई आराधनाको "सामान्य सिद्धान्त" भनिन्छ। यस दृष्टिकोणले सिकाउँछ कि पवित्रशास्त्रमा निषेध नगरिएको कुनै पनि आराधना अभ्यासहरूलाई अनुमति दिइएको छ, जबसम्म तिनीहरूले मण्डलीको शान्ति र एकतामा बाधा पुऱ्याउँदैनन्।

सुमनले आराधनाको बारेमा छलफल गर्दा एउटा महत्त्वपूर्ण सिद्धान्त बुझ्छन्। यद्यपि आराधनाको बाइबलीय सिद्धान्तहरू अपरिवर्तित छन्, बाइबलमा आराधनाको प्रत्येक अनुभव फरक छ। विवरणहरू फरक हुन सक्छन्; तर आराधनाका आवश्यक भागहरू उस्तै रहन्छन्। हामीले अन्तिम दुई पाठहरूमा आराधनाका आवश्यक सिद्धान्तहरू देख्यौं, तर प्रवृत्ति परिवर्तन हुन्छ। विचार गर्नुहोस्:

- अब्राहामले आराधना गर्दा उनी आफ्नो पालको ढोकामा थिए। कसैले यो पढेर भन्न सक्छ, "साँचो आराधना घरमा हुँदा हुन्छ।" तर…
- यशैया मन्दिरमा थिए जब उनले प्रभुलाई उच्च पारिएको देखे। कसैले यो पढेर भन्न सक्छ, "साँचो आराधना तब हुन्छ जब तपाईं मण्डलीमा हुनुहुन्छ।" तर…
- अय्यूब टाउकोदेखि खुट्टासम्म खटिरै-खटिराले ढाकिएका थिए जस उनले यसो भने, "मेरा कानहरूले तपाईंका बारेमा सुनेका मात्र थिए, तर अब ता म तपाईंलाई आफ्नै आँखाले देख्दछु" (अय्यूब ४२:५)। कसैले यो पढेर भन्न सक्छ, "अहा! साँचो आराधना तब हुन्छ जब तिमी दुःख दायी अवस्थामा हुन्छौ।"

के तपाईंले मूख्य कुरा देख्नुहुन्छ? आराधना धेरै फरक परिस्थितिहरूमा, धेरै फरक तरिकामा, र धेरै फरक ढाँचाहरू पछयाएर हुन्छ। हामी प्रायः आराधनाको परिवर्तनशील परिस्थितिलाई अपरिवर्तित सिद्धान्तहरूसँग भ्रमित हुन्छौं।

यस पाठमा, हामी हेर्नेछौं कि मण्डलीले इतिहासभरि आराधनाका सिद्धान्तहरू कसरी लागू गरेको छ। यसले तपाईंलाई परमेश्वरका जनहरूले आराधना गर्ने विभिन्न तरिकाहरूबारे बुझाउनेछ। आशा छ कि यसले तपाईंलाई सबै परिस्थितिहरूमा सबै मानिसहरूले पालना गर्नुपर्ने आराधनाको लागि कुनै एकल ढाँचा छैन भनेर हेर्न मद्दत गर्नेछ। बरु, हामीले हाम्रो परिस्थितिहरूमा आराधनाका बाइबलीय सिद्धान्तहरूलाई कसरी लागू गर्ने भनेर निर्धारण गर्नको लागि परमेश्वरको आत्माको निर्देशन खोज्नुपर्छ।

यस पाठमा, हामी यो पनि हेर्नेछौं कि हामीले कसरी आराधना गर्छौं भन्ने कुराले हाम्रो विश्वासलाई प्रतिबिम्बित गर्दछ। हाम्रो आराधना अभ्यासहरू परमेश्वरको बारेमा हाम्रो विश्वास र हामी उहाँको अगाडि कसरी आउँछौं त्यसबाट प्रभावित हुन्छ।

तपाईंले आराधनाको बारेमा निर्णय गर्दा यो बुझाइ महत्त्वपूर्ण हुन्छ। के तपाईंको आराधना सेवालाई तपाईंको विश्वास बताउने तरिकामा तपाईंले सञ्चालन गर्नुहुन्छ, वा तपाईं केवल अर्को मण्डलीको ढाँचाको नक्कल गर्दै हुनुहुन्छ? यदि तपाईं अर्को मण्डलीको नक्कल गर्दै हुनुहुन्छ भने, तपाईंले यो सुनिश्चित गर्नुपर्दछ कि तपाईं परमेश्वरको बारेमा त्यो मण्डलीको विश्वास र हामी उहाँको नजिक कसरी आउँछौं भन्ने कुरालाई देखाउँदै हुनुहुन्छ। हाम्रो आराधनाले हामीले के विश्वास गर्छौं भन्ने कुरालाई देखाउँछ।

► यस पाठलाई जारी राख्नु अघि, तपाईंको हालको आराधना सेवाहरूबारे छलफल गर्नुहोस्। यदि व्यक्तिलाई तपाईंको सिद्धान्तको बारेमा केही थाहा छैन भने, तपाईंको आराधना शैलीले तिनीहरूलाई के भन्छ? तिनीहरूले परमेश्वरप्रतिको तपाईंको दृष्टिकोण, परमेश्वरसँगको हाम्रो सम्बन्धप्रतिको तपाईंको दृष्टिकोण र तपाईंको आराधना सेवाको परिणामस्वरूप सुसमाचार प्रचार गर्ने दृष्टिकोणबारे के सिक्नेछन्?

## दोस्रो शताब्दीमा आराधनाको एउटा चित्र

नयाँ करारको समय पश्चात् हाम्रो सबैभन्दा पहिलो आराधनाको दृश्य ईस्वी सम्वत् ११३ को एउटा पत्रबाट पाउँछौं। बिथिनियाका गभर्नर प्लिनीले सम्राट ट्राजनलाई लेखेको पत्रमा ख्रीष्टियान आराधनाको बारेमा वर्णन गरे।[36] उनले लेखे कि ख्रीष्टियानहरू, बिहान हुन अघि एक निर्दिष्ट दिनमा भेला

[36] Pliny, *Letters* 10.96-97, https://faculty.georgetown.edu/jod/texts/pliny.html बाट प्राप्त जनवरी 26, 2023 मा।

हुन्छन् र पालैपालो गरी ख्रीष्टको लागि एउटा देवताको रूपमा भजन गाउँछन्, र कुनै चोरी, कुनै धोखा, कुनै व्यभिचार नगर्ने ... भनेर तिनीहरूले शपथ लिन्छन् ...। अनि छुट्टिने र पछि फर्केर सँगै खाना खाने उनीहरूको चलन छ।

प्लिनीका अनुसार, ख्रीष्टियानहरू आइतबार सूर्योदय अघि भजन गाउन र नैतिक आचरणको प्रतिज्ञा गर्न भेला भए, सम्भवतः पवित्रशास्त्र पढेको प्रतिक्रिया स्वरूप। दिनको पछिल्लो समयमा, तिनीहरूले खाना खाए, जसमा प्रभु-भोज पनि समावेश थियो।

चालीस वर्ष पछि, जस्टिन मार्टरले आराधनाको थप विस्तृत विवरण दिए।[37] जस्टिनले रोमी सम्राटलाई ख्रीष्टियान आराधनाको रक्षा गर्न लेखे जसले ख्रीष्टियानहरूलाई अनैतिकता र साम्राज्यप्रति राजद्रोहको शङ्का गर्थे। जस्टिनले सम्राटलाई आश्वासन दिए कि ख्रीष्टियान आराधना रोमको लागि खतरा होइन। जस्टिनका अनुसार ख्रीष्टियान आराधनामा निम्न भागहरू थिए:

१. **पवित्रशास्त्रको पढाइ।**

२. **धर्मसभाका अगुवाद्वारा गरिएको वचनको सेवा।**

३. **प्रार्थना।** व्यक्तिहरूले चुपचाप प्रार्थना गरे; त्यसपछि अगुवाले औपचारिक प्रार्थनाको नेतृत्व गरे, जसलाई मानिसहरूले जवाफ दिए, "आमेन।" प्रार्थनाको अन्त्यमा, आराधकहरूले पवित्र आत्माको उपस्थितिलाई जनाउने पवित्र चुम्बनले एकअर्कालाई अभिवादन गरे।

४. **सेवा प्रभु-भोजसँगै समापन भएको थियो।** सेवापछि, दुई जना डिकनहरूले बिरामीहरू र जेलमा सहिद हुने पर्खाइमा रहेकाहरूका लागि बाँकी रोटी र दाखमद्य लान्थे।

५. **सेवाको अन्त्यमा, पैसा वा खानेकुरा हुनेहरूका उपहारहरू अगुवाकहाँ ल।** भेटीहरू चाहिँ "अनाथ र विधवाहरू, बिरामी वा अन्य कुनै कारणले खाँचोमा परेकाहरू र हाम्रा बीचमा बन्दीहरू र अपरिचितहरूको निम्ति लगिएको थियो।"

दोस्रो शताब्दीको आराधनाको शक्ति भनेको मण्डलीको सहभागिता थियो। प्लिनी र जस्टिन मार्टर दुवले एउटा सर सेवाबारे बताए, यसमा रोमको रहस्यात्मक मूर्तिपूजक धर्महरूमा सामान्य रूपमा पाइने जटिल रीतिरिवाहरू जस्तो केही कुरा थिएन। साना समूहहरू निजी घरहरूमा भेला भएकाले आराधना आत्मिय थियो।

अर्को शक्ति चाहिँ आराधना र जीवन बीचको स्पष्ट सम्बन्ध थियो। प्लिनीको पत्रले नैतिक व्यवहारप्रति ख्रीष्टियानको प्रतिबद्धतालाई उल्लेख गरेको छ; जस्टिन मार्टरले खाँचोमा परेकाहरूलाई मद्दत गर्ने उपहारहरू उल्लेख गर्छन्। आराधनामा सम्पूर्ण जीवन संलग्न हुन्छ।

► दोस्रो शताब्दीको आराधनाका कस्ता पक्षहरूले तपाईंको आराधनालाई फाइदा पुऱ्याउन सक्छ? के तपाईंले दोस्रो शताब्दीको आराधनामा कुनै खतरा देख्नुहुन्छ?

## मध्य युगमा आराधनाको चित्र

आराधनाको दोस्रो तस्वीरको लागि, १२ औं शताब्दीमा जानुहोस्। मध्यवर्ती वर्षहरूमा, ख्रीष्टियान धर्म पवित्र रोमन साम्राज्यको आधिकारिक धर्म बन्यो। सन् ३१३ मा कन्स्टेन्टाइनको *मिलानको आज्ञापत्रपछि,* मण्डलीहरूले बढ्दो रूपमा भव्य मण्डली भवनहरू निर्माण गर्न थाले। धेरै ठूला युरोपेली क्याथेड्रलहरू यी १,००० वर्षहरूमा निर्माण गरिएका थिए।

---

[37] Justin Martyr, (मार्कस डोड्सद्वारा अनुवादित), *The First Apology of Justin* (अध्याय 67)। https://en.wikisource.org/wiki/Ante-Nicene_Christian_Library/The_First_Apology_of_Justin_Martyr#Chapter_67 बाट प्राप्त जनवरी 26, 2023 मा।

मध्य युगमा, आराधना झन् भव्य भयो। सकारात्मक पक्षमा, क्याथेड्रल आराधनाले परमेश्वरको महिमा देखायो। काँचका झ्यालहरूले पढ्न नसक्नेहरूलाई बाइबलका घटनाहरू चित्रण गर्थे। आराधना झुण्डहरूले सुन्दर भजन गाए। आराधना नाटकीय र सुन्दर थियो।

**मध्य युगमा रहेका आराधनाका कमजोरीहरू**

***आत्माका कुराहरूभन्दा सुन्दरता महत्त्वपूर्ण थियो।***

आराधनाको लागि सुन्दर कुराहरू: धूप, प्रशिक्षित गायकहरूद्वारा गाइने विस्तृत सङ्गीत, घण्टीहरू र पूजाहारीका विशेष लुगाका प्रयोगमा जोड दिइयो। त्यहाँ आत्मिकभन्दा कलात्मक कुरा बढी महत्त्वपूर्ण भयो।

***मानिसहरूले सेवालाई बुझ्न सकेका थिएनन्।***

सेवा थोरै मानिसहरूले मात्र बुझ्ने ल्याटिन भाषामा थियो। धेरै स्थानीय पूजाहारीहरू वचन प्रचार गर्न धेरै कम तालिम पाएका थिए। प्रार्थनाहरू धेरै फरक स्रोतहरूको मिश्रित खण्डहरूबाट थिए र प्रायः एकैसाथ मिल्दैन थिए।

***मानिसहरू दर्शक थिए, सक्रिय आराधकहरू होइनन्।***

मानिसहरूको कमै सहभागिता थियो। मण्डली एक नाटक, भिड हेरिरहेका दर्शकहरूको समूह थियो। पूजाहारीहरूले आराधनाका घटनाहरू अभिनय गरे जहाँ दर्शकहरूले हेरिरहेका थिए। सेवाको केन्द्र वचन भन्दा प्रभु-भोज थियो।

रोमन क्याथोलिक मण्डलीले रोटी र दाखमद्य ख्रीष्टको वास्तविक शरीर र रगतमा परिणत भएको सिकाएको थियो (यसलाई *ट्रान्ससबस्टेन्सिएसन* को सिद्धान्त भनिन्छ।) अधिकांश सामान्य मानिसहरूले इस्टरमा मात्र प्रभु-भोज लिन पाउँथ्ये। पूजाहारीले दाखमद्य पिए र मण्डलीलाई रोटी मात्र बाँडे।

***सुसमाचारलाई रीतिरिवाजसँग प्रतिस्थापित गरिएको थियो।***

हाम्रो आराधनाले हाम्रो विश्वासलाई आकार दिन्छ। हामी मध्य युगतिर यो सिद्धान्तले काम गरिरहेको देख्छौं; रोमन क्याथोलिकको आराधनाले तिनीहरूको ईश्वरशास्त्रलाई आकार दियो। परमेश्वर मानव सरोकारबाट टाढा हटाइएको रूपमा देखिनु भयो। साधारण मानिसहरूले आफू परमेश्वरको नजिक पुग्न सक्ने महसुस गरेनन्; बरु, तिनीहरूले पूजाहारी मार्फत मात्र परमेश्वरसँग कुरा गर्न सक्थे। पूजाहारी, परमेश्वर र मानिस बीच मध्यस्थकर्ता बने।

मध्य युगमा आराधनाको शक्ति यसको महिमा र परमेश्वरसामु भयको भावमा थियो। वास्तुकला, सङ्गीत, नाटक र सुन्दर कलात्मकता मार्फत, आराधनाले परमेश्वरको महिमाको चित्रण गर्‍यो।

यद्यपि, मध्य युगको आराधनाको कमजोरीले यसको शक्तिलाई ओझेल पार्‍यो। साधारण ख्रीष्टियन आराधना सेवामा मात्र एक दर्शक थिए। धेरै तरिकामा, मध्य युगको आराधना नयाँ करारको आराधनाबाट एक दुखद विचलन थियो।

**आराधनाका खतराहरू: अर्थहीन आराधना**

जसै हामीले दैनिक रूपमा आराधना गर्छौं हामी यो किन गर्छौं भनेर हाम्रा मण्डलीहरूलाई सिकाउन समय निकाल्नुपर्छ, अन्यथा आराधकहरूलाई अर्थपूर्ण परम्पराहरू अर्थहीन लाग्न सक्छन्।

एक नयाँ विश्वासीले आफ्नो पास्टरलाई सोधे, "हामी किन प्रार्थनाको अन्त्यमा 'आमेन' भन्छौं? के 'आमेन' एउटा जादुले भरिएको शब्द हो जसले परमेश्वरलाई हामीले मागे अनुसार गराउँछ?" त्यो पास्टरले त्यस विश्वासीलाई आराधनाको विधिहरूबारे बुझाउनुपर्छ भन्ने महसुस गरे। यदि हामीले हाम्रो मण्डलीलाई आराधनाको बारेमा सिकाउँदैनौं भने "आमेन" जस्तो आधारभूत कुरा अर्थहीन हुन सक्छ।

आराधनाबाट प्रतीकात्मकता र रहस्य हटाउन आवश्यक छैन। यसको समाधान भनेको मण्डलीलाई हाम्रा आराधनाका अभ्यासहरूको अर्थ सिकाउनु हो। हामीले प्रयोग गर्ने भाषा किन प्रयोग गर्छौं भनेर उनीहरूले थाहा पाउनुपर्छ। मण्डलीको लागि मण्डलीको गायन किन महत्त्वपूर्ण छ भनेर उनीहरूले थाहा पाउनुपर्छ। पवित्रशास्त्रका वचनहरूको अर्थ के हो भनेर उनीहरूले थाहा पाउनुपर्छ।

► मध्य युगको आराधनाका कुन पक्षहरूले तपाईंको आराधनालाई फाइदा पुऱ्याउन सक्छ? के तपाईंले मध्य युगको आराधनामा कुनै खतराहरू देख्नुहुन्छ?

## धर्मसुधारको युगमा आराधनाको चित्र

हाम्रो आराधनाले हाम्रो ईश्वरशास्त्रलाई आकार दिन्छ भन्ने धर्म-सुधारकहरूलाई राम्रोसँग थाहा थियो। यसकारणले गर्दा, उनीहरूलाई थाहा थियो कि सुधारको ईश्वरशास्त्रीय सत्यताहरू हराउनेछन् जबसम्म आराधनाले सुधारको ईश्वरशास्त्रलाई प्रतिबिम्बित गर्दैन।

धर्मसुधारकहरूले प्राथमिक धर्मशास्त्रीय चिन्ता विश्वासीको पूजाहारीपन थियो। यसको मतलब विश्वासीहरूले प्रत्यक्ष रूपमा परमेश्वरको आराधना गर्छन्; हामी पूजाहारीको माध्यमबाट जाँदैनौं। सुधारकहरूले पनि दृढ विश्वास गरे कि परमेश्वरको वचन हरेक विश्वासीहरूको लागि उपलब्ध हुनुपर्छ।

धर्मसुधारको युगमा आराधनाले हरेक आराधकलाई सामेल गर्न खोज्यो। आराधना मानिसहरूको आफ्नै भाषामा थियो, ल्याटिनमा होइन। सबै आराधकहरूले आफ्नै भाषामा परमेश्वरको वचन बुझ्न सकून् भनेर पवित्रशास्त्र पढियो र प्रचार गरियो। मण्डलीको सामूहिक भजनले प्रत्येक आराधकलाई आराधनामा भाग लिन अनुमति दियो। मार्टिन लूथर एक भजन लेखक थिए, र उनका भजनहरू धर्मसुधारको युग फैलाउन मद्दतको लागि लागू गरिएको छ।

यी साझा क्षेत्रहरू बाहेक, आराधनाको सन्दर्भमा धर्मसुधारकहरू बीच धेरै असहमति थियो। लुथरन र एङ्गलिकेनहरूले रोमन क्याथोलिक मण्डलीको धेरै रीतिरिवाजहरूलाई राखे। लूथर विश्वास गर्थे कि, जबसम्म तिनीहरूलाई पवित्रशास्त्रमा निषेध गरिएको छैन वा मण्डलीमा द्वन्द्व उत्पन्न भएको छैन, नयाँ आराधनाका अभ्यासहरूलाई अनुमति दिनुपर्छ।

क्याल्भिन र तिनका अनुयायीहरूले केही रीतिरिवाजहरू पालन गरे तर ती आराधना अभ्यासहरूलाई अस्वीकार गरे जुन विशेष रूपमा पवित्रशास्त्रमा छलफल गरिएको थिएन। क्याल्भिनले सामूहिक गायनलाई प्रोत्साहन दिए, तर केवल भजन गाउनलाई मात्र। उनले विश्वास गरे कि "परमेश्वरको प्रशंसामा गाउन केवल परमेश्वरको वचन मात्र योग्य छ।"[38] उनी मण्डलीको सहभागिता हुने सामूहिक प्रभु-भोजमा फर्किए, र प्रभु-भोजको सेवा कम्तिमा पनि महिनामा एक पटक गर्ने सुझाव दिए, अझ बढी प्राथमिक रूपले प्रत्येक प्रभुको दिनमा।

एनाब्याप्टिस्ट र प्युरिटनहरूले धेरैजसो रीतिरिवाजलाई अस्वीकार गरे र आराधनाको सरल रूपतिर फर्के। यी समूहहरूले कहिलेकाहीँ निजी घरहरूमा मात्र आराधना गर्थे र आफूलाई मात्र पहिलो शताब्दीको आराधनालाई साँचो रूपमा पछ्याउनेहरू हुन् भनी ठान्थे।

आराधनाको सुधारको युगको शक्ति यसको मण्डलीको सामूहिक संलग्नतामा फर्कनुमा थियो। धर्मसुधारको युगमा विभिन्न मण्डलीहरू बीच भिन्नताहरू भए तापनि, सबै धर्मसुधारकहरूले आराधनामा विश्वासीहरूको पूजाहारीपनलाई नमूना बनाउन खोजे।

---

[38] Donald P. Hustad, *Jubilate II* (Carol Stream: Hope Publishing Company, 1993) मा उद्धृत, 194।

► धर्मसुधारको युगको आराधनाका कुन पक्षहरूले तपाईंको आराधनालाई फाइदा पुऱ्याउन सक्छ? के तपाईंले सुधारको युगको आराधनामा कुनै खतरा देख्नुहुन्छ?

## स्वतन्त्र मण्डलीहरूमा आराधनाको एक चित्र

धर्मसुधारको युगपछि, केही मण्डलीहरूले राज्यको नियन्त्रण अस्वीकार गरे। "स्वतन्त्र मण्डलीहरू" भनिने यी मण्डलीहरूमा एनाब्याप्टिस्ट, प्युरिटान्स, स्वतन्त्रवादीहरू, पृथकतावादीहरू र असन्तुष्टवादीहरू समावेश थिए। यी मध्ये धेरैले निश्चित आराधना र रीतिरिवाजलाई पनि अस्वीकार गरे।

स्वतन्त्र मण्डलीका आराधनाका विशेषताहरू:

**(१) प्रचार केन्द्रमा थियो।**

**(२) मण्डलीको सहभागिता महत्त्वपूर्ण थियो।**

मण्डलीको सहभागिताको प्रकृति एउटा मण्डलीदेखि अर्को मण्डलीमा फरक-फरक थियो।

- केही मण्डलीहरूमा मण्डलीका सदस्यहरूले भजन गाए। अन्य मण्डलीहरूमा, सार्वजनिक आराधनामा सङ्गीत थिएन।
- केही मण्डलीहरूमा मण्डलीका सदस्यहरूले ठूलो स्वरमा प्रार्थना गरे। अन्य मण्डलीहरूमा पास्टरले मानिसहरूको तर्फबाट प्रार्थना गर्थे।

सर्वसाधारण र पास्टरबीच थोरै भेद थियो। धेरैजसो स्वतन्त्र मण्डलीहरूमा पास्टरहरूको लागि कुनै विशेष लुगाहरू थिएनन्।

**(३) सबै आराधना मानिसहरूको आफ्नै भाषामा हुन्थ्यो।**

१६०८ मा सेवाको रूपरेखाले निम्न कुराहरूलाई समावेश गर्दछ (सेवा चार घण्टासम्म चल्यो):

- प्रार्थना
- पवित्रशास्त्र पढाइ (व्याख्या सहित १-२ अध्याय)
- प्रार्थना
- वचन (एक घण्टा वा बढी)
- सामान्य मानिसद्वारा वचनात्मक योगदान
- प्रार्थना
- भेटी

आराधनामा अब प्रभु-भोज र पूजाहारीको प्रभुत्व थिएन। स्वतन्त्र मण्डलीहरूको आराधना सेवाहरू नयाँ करारको मण्डलीको आराधना जस्तै देखिन्थ्यो।

आराधना गर्ने यस पद्धतिमा खतराहरू छन्। स्वतन्त्र मण्डलीहरूले विश्वासीको पूजाहारीपनको सेवाबारे सिकाउँथे, तापनि व्यवहारमा प्रचारकले कहिलेकाहीँ आराधनाको केन्द्रबिन्दुको रूपमा पूजाहारीलाई प्रतिस्थापित गरे। केही मण्डलीहरूमा भने, त्यस मण्डलीका सदस्यहरूको संलग्नता थोरै हुन्थ्यो।

सायद स्वतन्त्र आराधनाको सबैभन्दा ठूलो खतराहरू चरम व्यक्तिवादको खतरा थियो। यदि विश्वासीको पूजाहारीपनको सेवाको सिद्धान्त मण्डलीको

एकताको सिद्धान्तको साथमा छैन भने, मण्डली आराधनामा एकताबद्ध भएको ख्रीष्टको शरीर हुनुको सट्टा व्यक्तिहरूको एउटा संग्रह बन्छ। यो त्यसबेला देखिन्छ जब मण्डली शरीरको रूपमा चिनिँदैन, आराधना "येशु र म" बारे मात्र हुन्छ।

► स्वतन्त्र मण्डलीहरूको आराधनाका कुन पक्षहरूले तपाईंको आराधनालाई फाइदा पुऱ्याउन सक्छ? के तपाईंले स्वतन्त्र मण्डलीहरूको आराधनामा कुनै खतराहरू देख्नुहुन्छ?

## वेस्लियन जागृतिको समयमा आराधनाको चित्र

जोन वेस्ली एङ्ग्लिकन मण्डलीबाट प्राप्त सामूहिक आराधनाको परम्परा र एनाब्याप्टिस्ट परम्परासँगको सम्पर्कबाट प्राप्त व्यक्तिगत आत्मिक अनुभवमा जोड दिएर दुवैबाट प्रभावित भएका थिए। त्यो समयमा जब एङ्ग्लिकन आराधनाले मध्यकालीन रोमन क्याथोलिक मण्डलीको व्यर्थखाले रीतिरिवाजलाई पछ्याइरहेको थियो, वेस्ली र तिनीहरूका अनुयायीहरूले (जसलाई मेथोडिस्ट भनिन्छ) आराधनाको वास्तविकतालाई पुनर्जीवित गरे जसले आराधकहरूलाई परमेश्वरको उपस्थितिमा ल्यायो।

**मेथोडिस्टवाद र**
**अठारौं शताब्दीको आराधना**

अठारौं शताब्दीको असफल आराधनाको प्रतिक्रिया स्वरूप मेथोडिस्टवादको उदय भयो।

"जब पवित्र-विधिहरू मण्डली जीवनको किनारमा थियो, प्रारम्भिक मेथोडिस्टवादले तिनीहरूलाई केन्द्रमा राख्यो; जब धार्मिक जोशमा गिरावट थियो, मेथोडिस्टवादले उत्साहलाई महत्वपूर्ण बनायो; जहाँ धर्म क्याथेड्रलहरूमा सीमित थियो, मेथोडिस्टवादले यसलाई खेत र सडकहरूमा पुऱ्यायो।"

- रोबर्ट वेबरको पुस्तकमा जेम्स ह्वाइटको भनाइ
*ख्रीष्टियान आराधनाको बीसौं शताब्दी*

प्रारम्भिक मेथोडिस्ट आराधनाको जोड:

१. **प्रचार।** जोन वेस्लीका वचनहरू प्रकाशित भएका थिए र यो मेथोडिस्ट आराधकहरूको लागि सैद्धान्तिक आधार बन्यो।

२. **बारम्बारको प्रभु-भोज।** जोन वेस्लीले हप्तामा औसत पाँच पटक प्रभु-भोज लिए। उनले आफ्ना अनुयायीहरूलाई हप्तामा कम्तिमा एक पटक प्रभु-भोज लिन प्रोत्साहित गरे।

३. **भजन गायन।** चार्ल्स वेस्लीका भजनहरूले ब्रिटिश टापुहरू र नयाँ संसारमा मेथोडिस्ट सिद्धान्त फैलाए।

४. **साना समूहहरू।** मेथोडिस्ट चेलापनको लागि कक्षा बैठकहरू केन्द्रीय थिए।

५. **सामूहिक आराधना।** मेथोडिस्टहरू बारम्बार भेट्थे, र धेरै एङ्ग्लिकन पूजाहारीहरूले मेथोडिस्टहरूलाई अस्वीकार गरेपछि पनि, वेस्लीले आफ्ना अनुयायीहरूलाई एङ्ग्लिकन आराधनामा उपस्थित हुन प्रोत्साहित गरिरहे।

६. **सुसमाचार प्रचार।** मेथोडिस्टको जागृति इङ्गल्याण्ड र बाहिर फैलिएपछि हजारौं नयाँ नयाँ विश्वासीहरू ख्रीष्टमा जीतिएका थिए।

मेथोडिस्टको आराधनामा परमेश्वरको महिमा गर्ने भजन, परिपक्व विश्वासीहरूलाई निर्माण गर्ने चेलापन, र मण्डली र खाँचोमा परेको संसार दुवैलाई सत्यता घोषणा गर्ने प्रचार समावेश थियो।

► वेस्लियन जागृतिमा आराधनाका कुन पक्षहरूले तपाईंको आराधनालाई फाइदा पुऱ्याउन सक्छ? के तपाईंले वेस्लियन जागृतिको आराधनामा कुनै खतराहरू देख्नुहुन्छ?

## प्रारम्भिक अमेरिकामा आराधनाको चित्र

सुरुमा अङ्ग्रेजहरू अहिलेको संयुक्त राज्य अमेरिकाको पूर्वी तटमा बसोबास गरे। १७०० को उत्तरार्धमा र त्यसपछि, मानिसहरूले भूमि खोज्न र घरहरू निर्माण गर्न पश्चिमका अस्तव्यस्त इलाकामा सर्न जारी राखे। मानिसहरूले धेरै चुनौतीहरूको सामना गरे किनभने मण्डलीहरू, विद्यालयहरू र कानुन प्रवर्तन बिस्तारै विकसित भयो। इतिहासमा बिस्तारै बसोबास गरेको यस क्षेत्रलाई अमेरिकी सीमावर्ती क्षेत्र भनिन्छ।

अमेरिकाको प्रारम्भिक इतिहासमा आराधना अध्ययन गर्नुको उद्देश्य अमेरिकी नमुनालाई सबै आराधनाको ढाँचाको रूपमा व्यक्त गर्नु होइन, तर यसलाई अन्य ठाउँहरूका युवा मण्डलीहरूमा विकसित हुने आराधनासँग तुलना गर्नु हो। धेरै देशहरूमा भर्खरै स्थापित मण्डलीहरूले पनि यस्तै चुनौतीहरूको सामना गरिरहेका छन्।

प्रारम्भिक अमेरिकामा आराधनाका विशेषताहरू:

१. **सम्प्रदायहरू र आराधनाको औपचारिक स्वरूपहरूबाट स्वतन्त्रता।** अमेरिकी सीमावर्ती मण्डलीहरू सांप्रदायिक नियन्त्रणबाट स्वतन्त्र हुन थाले। तिनीहरूले रीतिरिवाजयुक्त र पहिलै क्रमवद्ध रूपमा निर्धारित गरिएको आराधनामा न्यूनतम ध्यान दिए (यद्यपि जोन वेस्लीले उपनिवेशहरूमा प्रयोगको लागि आफ्नो आराधनाको ढाँचालाई समायोजीत गरे)। मण्डली भवनहरू र आराधना सेवाहरू सरल र सादा थिए।

२. **प्रभु-भोजका दुर्लभ अवसरहरू।** इङ्गल्याण्डमा, वेस्लीहरूले नियमित प्रभु-भोजको महत्त्वलाई जोड दिएका थिए।अमेरिकी सीमावर्ती क्षेत्रमा, पास्टरीय अभिषेक पाएकाहरूको अभावको अर्थ विश्वासीहरूले प्रभु-भोजको अभ्यास गर्न थोरै अवसर पाएका थिए।

३. **वचनको प्रचार।** आराधना सेवाहरूमा प्रचारलाई मुख्य जोड दिइयो। अप्रशिक्षित प्रचारकहरूले पनि वेस्ली र अन्य सेवकहरूको प्रवचन पढ्छन्। मण्डलीको केन्द्र बिन्दु वचन प्रचार गर्ने मंच थियो, प्रभु-भोजको टेबल होइन। प्राथमिक जोड वचनको प्रचारमा थियो।

४. **जीवन्त गायन।** गायन जीवन्त थियो। अमेरिकी मण्डलीहरूले अशिक्षित मण्डलीले सिक्न सजिलो भएको शैलीमा साक्षीका साधारण गीतहरूसँगै चार्ल्स वेस्लीका भजनहरू गाए।

५. **प्रार्थना, सुसमाचार प्रचार र जागृति।** प्रार्थना अनौपचारिक थियो र प्रायः सामान्य मानिसहरूको नेतृत्वमा हुने गर्थ्यो। सुसमाचार प्रचार महत्त्वपूर्ण थियो, र अमेरिकामा भएको जागृतिको अवधिले हजारौंको रूपान्तरण देखायो। वचन प्रचार सामान्यतया अविश्वासी मानिसहरूलाई अगाडि आउन र पश्चात्तापको प्रार्थना गर्न निमन्त्रणाद्वारा अगाडी बढ्थ्यो। अमेरिकामा ख्रीष्टियान पवित्रता प्रतिको जोड फैलिए सँगै, निमन्त्रणाले अविश्वासीहरूलाई रूपान्तरण र विश्वासीहरूलाई पूर्ण अभिषेक गर्न बोलायो।

अन्य परम्पराहरू जस्तै, यस आराधनामा शक्ति र खतराहरू थिए। शक्तिहरूमा, व्यक्तिगत संलग्नता र जोश समावेश थियो। खतराहरू चाहिँ सिद्धान्तमा थोरै जोड दिएर व्यक्तिगत अनुभवलाई बढी जोड दिनु थियो। झूटा शिक्षालाई सीमावर्ती क्षेत्रहरूमा फैलाउन सजिलो थियो किनभने त्यहाँ कम उत्तरदायित्व थियो।

► अमेरिकी सीमावर्ती क्षेत्रहरूको आराधनाका कुन पक्षहरूले तपाईंको आराधनालाई फाइदा पुऱ्याउन सक्छ? के तपाईंले अमेरिकी सीमावर्ती क्षेत्रहरूको मण्डलीको आराधनामा कुनै खतराहरू देख्नुहुन्छ?

## आराधनाका खतराहरू: अपरिवर्तित सिद्धान्तहरूका साथ अलमल्याउने खालका परिवर्तित अभ्यासहरू

हामी प्रायः बाइबलीय आराधनाका अपरिवर्तनीय सिद्धान्तहरूसँग परिवर्तित हुने खालका आराधनाको अभ्यासहरूसँग अलमल हुने परिक्षामा परेका छौं। विचार गर्नुहोस्:

- केही मण्डलीहरूमा, आराधकहरूले प्रार्थना गर्दा नम्रता देखाउन आफ्नो घुँडा टेक्छन्। अन्य मण्डलीहरूमा, आराधकहरूले प्रार्थना गर्दा पवित्र हात उचालछन्।
- केही मण्डलीहरूमा, प्रार्थनाको समयमा मधुर स्वरमा वाद्यवाद्यदन बजाइन्छ। अन्य मण्डलीहरूमा, त्यहाँ मौनता हुन्छ जब पास्टरले प्रार्थनाको नेतृत्व गरिरहेका हुन्छन्। अन्य मण्डलीहरूमा, सबैले ठूलो स्वरमा प्रार्थना गर्छन्।
- केही मण्डलीहरूमा, कोरसहरू प्रोजेक्टरद्वारा पर्दामा देखाइन्छन्। अन्य मण्डलीहरूमा, मानिसहरूले भजन पुस्तकबाट हेरेर गाउँछन्।
- केही मण्डलीहरूमा, पास्टरले आफ्नो उपदेशको सुरुमा पवित्रशास्त्र पढ्छन्। अन्य मण्डलीहरूमा, पास्टरले प्रचार गर्नु अघि सामान्य व्यक्तिले पवित्रशास्त्र पढ्छन्। अन्य मण्डलीहरूमा, त्यहाँ दुई वा तीन पटक पवित्रशास्त्र पढाइहरू हुन्छन्।

यी मध्ये कुनै पनि गलत छैनन्; ती अभ्यासका विषयहरू हुन्, सिद्धान्त होइनन्। हामीले हाम्रो बाटो मात्र बाइबलीय बाटो हो भनेर सोच्नु हुँदैन। साँचो आराधना भनेको शैलीको कुरा होइन; यो परमेश्वरको उपस्थिति हुने कुरा हो।

त्यहाँ केही सिद्धान्तहरू छन् जुन अपरिवर्तित छन्। हामीले यी सिद्धान्तहरूलाई बाइबलमा आराधनासम्बन्धी पाठहरूमा देखेका छौं। यी सिद्धान्तहरू ऐच्छिक छैनन्। ख्रीष्टियनहरूको हैसियतमा, यी सिद्धान्तहरूले हामीलाई परमेश्वरको अगाडि जाने कुराममा डोऱ्याउछन्।

अर्को केही पाठहरूमा, हामी आराधना गर्ने अभ्यासहरू हेर्नेछौं। सिद्धान्तहरू परिवर्तन हुँदैनन्; अभ्यासहरू विभिन्न स्थान र समयहरूमा फरक हुन्छन्। यसकारणले गर्दा, हामीले आराधना गर्ने तरिका भन्दा फरक रूपमा आराधना गर्नेहरूप्रति सहिष्णु हुनुपर्छ। यसको मतलब यो होइन कि अभ्यास महत्वहीन छ; तर यसको मतलब सिद्धान्तहरू भन्दा अभ्यासको सन्दर्भमा यो अधिक लचिलो हुनेछ।

ओसवाल्ड चेम्बर्सले हाम्रो जीवनमा परमेश्वरको लागि ठाउँ बनाउने बारेमा लेखे। यो आराधनामा लागू हुन्छ:

> परमेश्वरका सेवकहरूको रूपमा, हामीले उहाँको लागि ठाउँ बनाउन सिक्नु पर्छ ... हामी योजना गर्छौं, तर हामी परमेश्वरले छनौट गरे अनुसार उहाँ आउनको लागि ठाउँ बनाउन बिर्सन्छौं। के हामी अचम्ममा पर्नेछौं यदि परमेश्वर हाम्रो सभामा वा हाम्रो प्रचारमा आउनु भयो जसरी हामीले उहाँ आउनुहुनेछ भन्ने खालको अपेक्षा गरेका थिएनौं? परमेश्वरलाई उहाँ कुनै खास तरिकामा आउन हुन्छ भनेर नहेर्नुहोस्, तर उहाँलाई हेर्नुहोस्। उहाँको लागि ठाउँ बनाउने तरिका अपनाउनु भनेको उहाँको आगमनको अपेक्षा गर्नु हो, तर यहि खास तरिका हुनुपर्छ भन्ने रूपमा होइन।
>
> आफ्नो जीवनलाई परमेश्वरसँग निरन्तर सम्पर्कमा यति राख्नुहोस् कि उहाँको आश्चर्यजनक शक्तिले कुनै पनि बिन्दुलाई तोडोस्। प्रत्याशाको एक स्थिर अवस्थामा बाँच्नुहोस्, र उहाँले निर्णय गरे अनुसार परमेश्वर आउनको लागी ठाउँ छोड्नुहोस्।[39]

[39] Oswald Chambers, *My Utmost for His Highest* (25 जनवरी प्रविष्टि)। 22 जुलाई, 2020 मा https://utmost.org/leave-room-for-god/ बाट प्राप्त।

## निष्कर्ष: आजको आराधनाको चित्र

२१ औं शताब्दीमा आराधना कस्तो देखिन्छ? यो एक प्रश्न हो जसको सरल जवाफ दिन सकिदैन। २१ औं शताब्दीमा आराधनाले विभिन्न रूपहरू लिन्छ। केही मण्डलीहरूले रीतिरिवाज र परम्परालाई महत्त्व दिन्छन्; अन्य मण्डलीहरूले आराधनामा व्यक्तिगत स्वतन्त्रताको पक्षमा रीतिरिवाज अस्वीकार गर्छन्।

आजको आराधनाको वर्णन गर्ने प्रयास गर्नुको सट्टा, तपाईंको आफ्नै विवरण बनाउन समय लिनुहोस्। तपाईंको मण्डलीमा आराधना कस्तो देखिन्छ? यदि तपाईं समूहमा अध्ययन गर्दै हुनुहुन्छ भने, तपाईंको समूहमा प्रतिनिधित्व गर्ने मण्डलीहरूमा आराधना बीचको भिन्नता र समानताहरू छलफल गर्नुहोस्।

पाठ्यक्रमको यस बिन्दुमा, यस विवरणको उद्देश्य मूल्याङ्कन होइन। प्रश्न यो होइन, "हामी सही छौं कि गलत?" प्रश्न सरल छ, "हामी हाम्रो आराधना सेवामा के गर्छौं?"

यसको विवरण बनाउनुको कारण निम्न पाठहरूको लागि आधारशिला राख्नु हो। एकचोटि तपाईंले हाल आराधनामा के गर्नुहुन्छ भन्ने विवरण प्राप्त गरेपछि, तपाईंले सोध्न थाल्न सक्नुहुन्छ, "हामीले जे गर्छौं त्यो किन गर्छौं?" र "हामी यसलाई कसरी राम्रो गर्न सक्छौं?"

आराधनाका निर्णयहरूले ईश्वरशास्त्रीय विश्वासहरूलाई प्रतिबिम्बित गर्दछ। हाम्रो आराधनाका भागहरूले हामी परमेश्वरको बारेमा के विश्वास गर्छौं र हामी उहाँसँग कस्तो सम्बन्ध राख्छौं भनेर देखाउँछ; हाम्रो आराधनाका भागहरूले हामी मण्डलीको बारेमा के विश्वास गर्छौं र हामी कसरी एकअर्कासँग सम्बन्ध राख्छौं भनेर देखाउँछ; हाम्रो आराधनाका भागहरूले हराएका मानिसबारे हामी के विश्वास गर्छौं र कसरी आराधना तिनीहरूसम्म पुग्न सक्छ भनेर देखाउँछ।

एउटा उदाहरणलाई लिऔं-सामूहिक गायन।

- रोमन क्याथोलिक मण्डलीमा सामूहिक गायनको अनुपस्थितिमा सामान्य मानिसहरूले पवित्रशास्त्र (पवित्रशास्त्र सहितको गायन) बुझ्न सक्दैनन् भन्ने विश्वासलाई झल्काउँछ। जसरी सामान्य व्यक्तिलाई आफ्नै शास्त्र पढ्न अनुमति थिएन, त्यसरी सामान्य व्यक्तिलाई आराधनाका गीतहरू गाउन अनुमति थिएन। पूजाहारीले नै आराधना गर्दैथे।
- धर्मसुधारको युगको सामूहिक गायनको जोडले लुथरको विश्वासलाई प्रतिबिम्बित गऱ्यो कि प्रत्येक ख्रष्टियानले ख्रीष्टको शरीरको अङ्गको रूपमा आराधना गर्न सक्छ।
- स्तुतिका भजन बाहेक अन्य भजनहरूलाई अनुमति दिन क्याल्भिनले गरेको इन्कारले उनको विश्वासलाई प्रतिबिम्बित गऱ्यो कि केवल परमेश्वरको वचन मात्र आराधनामा स्वीकार्य छ।
- सामूहिक गायन र भजनहरू मार्फत सिद्धान्त सिकाउनमा मेथोडिस्टले गरेको जोडले प्रत्येक विश्वासीले गाउनै पर्छ र हामीले गाउने कुरालाई हामीले विश्वास गरेको कुरालाई असर गर्छ भन्ने वेस्लीको विश्वासलाई प्रतिबिम्बित गर्यो।
- सीमावर्ती क्षेत्रमा भएको गायनको सरलताले मेथोडिस्टहरूको यो विश्वास देखायो कि मुक्ति सबै मानिसहरूको लागि हो। यही विश्वासका कारण उनीहरूले सबैलाई उत्साहपूर्ण गायनमा सम्मिलित गरे।

हामीले यो पाठ्यक्रमलाई जारी राख्दा, हामी आराधनाका धेरै भागहरू हेर्नेछौं। आराधनाको सन्दर्भमा तपाईंको पहिलो प्रश्न हुन सक्छ, "के मलाई यो मनपर्छ?" त्यो महत्त्वपूर्ण प्रश्न होइन। धेरै महत्त्वपूर्ण कुरा चाहिँ, "मेरो आराधनाले मैले विश्वास गरेको कुराको बारेमा के भन्छ? के यसले परमेश्वर र उहाँसँगको मानिसको सम्बन्धको सही बुझाइ देखाउँछ?" भन्ने कुरा हो।

हाम्रो आराधनाले हामीले विश्वास गर्ने कुरालाई आकार दिन्छ, तर यसको विपरीत पनि सत्य हुन्छ: हाम्रो विश्वासले हामीले आराधना गर्ने तरिकालाई आकार दिन्छ।

**समीक्षामा पाठ ५**

(१) प्रारम्भिक मण्डलीमा:

- आराधना अनौपचारिक र घनिष्ठ थियो।
- आराधनाले सर्वसाधारणको सहभागितालाई जोड दिएको थियो।
- आराधनाले सम्पूर्ण जीवनलाई समाविष्ट गरेको थियो।

(२) मध्य युगको आराधनामा:

- आत्माका कुराहरूभन्दा सुन्दरता महत्त्वपूर्ण थियो।
- मानिसहरूले सेवालाई बुझ्न सकेका थिएनन्।
- मानिसहरू दर्शक थिए, सक्रिय आराधकहरू होइनन्।
- सुसमाचार लाई रीतिरिवाजसँग प्रतिस्थापित गरिएको थियो।

(३) सुधारको युगमा:

- आराधनाले विश्वासीको पूजाहारीपनलाई देखाएको थियो।
- आराधना मानिसहरूको आफ्नै भाषामा हुन्थ्यो।
- लुथर, क्याल्भिन र प्युरिटनहरू आराधनामा रीतिरिवाजको भूमिकामा असहमत थिए।

(४) धर्मसुधारको युगलाई पछ्याउने स्वतन्त्र मण्डलीहरूमा:

- प्रचार केन्द्रमा थियो।
- मण्डलीको सहभागिता महत्त्वपूर्ण थियो।
- सबै आराधना मानिसहरूको आफ्नै भाषामा हुन्थ्यो।

(५) प्रारम्भिक मेथोडिस्ट आराधना निम्न कुराहरूद्वारा चिन्हित गरिएको थियो:

- प्रचारमा जोड
- लगातारको प्रभु-भोजमा जोड
- भजन गायनमा जोड
- साना समूहहरूमा जोड

- सामूहिक आराधनामा जोड
- सुसमाचार प्रचारमा जोड

(६) प्रारम्भिक अमेरिकामा आराधना:

- व्यक्तिगत संलग्नता र सुसमाचार प्रचारको लागि जोशको प्रवर्द्धन
- कहिलेकाहीँ सैद्धान्तिक अखण्डताको मूल्यमा व्यक्तिगत अनुभवलाई जोड दिइयो

(७) आजको हाम्रो आराधनाले परमेश्वरप्रतिको हाम्रो विश्वास र उहाँसित हामी कस्तो सम्बन्ध राख्छौं भनेर प्रतिबिम्बित गर्छ।

## पाठ ५ क्रियाकलाप

(१) जस्टिन मार्टरले दोस्रो शताब्दीको मण्डलीको आराधनालाई केही अनुच्छेदहरूमा वर्णन गरे। उनले ख्रीष्टियान आराधना सेवा कहिल्यै नदेखेको व्यक्तिलाई लेख्दै थिए। २-३ अनुच्छेदहरू लेख्नुहोस् जसमा तपाईंले आफ्नो आराधना सेवाबारे ख्रीष्टियान मण्डलीमा नगएको व्यक्तिलाई वर्णन गर्दै हुनुहुन्छ। तपाईंको आराधनामा सबैभन्दा महत्त्वपूर्ण कुरा के हो, ध्यानपूर्वक विचार गर्नुहोस्। ख्रीष्टियान आराधनाको केन्द्रबिन्दुले के कुरालाई सञ्चार गर्ने भन्ने तरिकामा तपाईंको आफ्ना सेवाहरूले कसरी व्याख्या गर्न सक्नुहुन्छ?

यदि तपाईं समूहमा अध्ययन गर्दै हुनुहुन्छ भने, तपाईंको अर्को कक्षा बैठकमा समूहको प्रत्येक सदस्यको जवाफहरू छलफल गर्नुहोस्।

(२) अर्को पाठको सुरुमा, तपाईंले यस पाठमा आधारित परीक्षा दिनुहुनेछ। तयारी गर्दा खेरी परीक्षाका प्रश्नहरूलाई सावधानीपूर्वक अध्ययन गर्नुहोस्।

## पाठ ५ परीक्षा

(१) जस्टिन मार्टरद्वारा वर्णन गरिएको दोस्रो शताब्दीको आराधनाका तीन भागहरूलाई सूचीबद्ध गर्नुहोस्।

(२) मध्य युगमा आराधनाका तीन कमजोरीहरूको सूची बनाउनुहोस्।

(३) विश्वासीहरूको पूजाहारीपनसँग सम्बन्धित धर्मसुधारको युगका दुई प्राथमिक सरोकारहरू के-के थिए?

(४) धर्मसुधारको युगमा ती समूह(हरू)को पहिचान गर्नुहोस् जो प्रत्येक विवरणमा राम्रोसँग मेल खान्छ।

- पवित्रशास्त्रमा निषेध नगरिएको कुनै पनि आराधना अभ्यासहरूलाई अनुमति दिइएको छ: ________________
- पवित्रशास्त्रमा छलफल नभएका आराधनाका अभ्यासहरूलाई अनुमति दिइएन: ________________
- अधिकांश रीतिरिवाज अस्वीकार गरियो। कहिलेकाहीँ निजी घरहरूमा आराधना गरियो: ________________

(५) स्वतन्त्र मण्डलीका आराधनाका तीनवटा विशेषताहरूलाई सूचीबद्ध गर्नुहोस्।

(६) प्रारम्भिक मेथोडिस्ट आराधनाको तीनवटा जोडहरूलाई सूचीबद्ध गर्नुहोस्।

(७) प्रारम्भिक अमेरिकामा आराधनाका तीन विशेषताहरूलाई सूचीबद्ध गर्नुहोस्।

(८) आफूले कण्ठ गरेको भजनसंग्रह १००:१-५ लेख्नुहोस्।

# पाठ 6
# आराधनामा सङ्गीत

### पाठका उद्देश्यहरू

यस पाठको अन्त्यसम्ममा, विद्यार्थीले सक्षम हुनुपर्छ:

(१) आराधनामा सङ्गीतको बाइबलीय, ईश्वरशास्त्रीय र व्यावहारिक कारणहरू पहिचान गर्नुहोस्।

(२) बुझ्नुहोस् कि सङ्गीतले दिमाग, हृदय, शरीर र चाहानासँग कुरा गर्छ।

(३) आराधनामा सङ्गीत छनोट गर्न मार्गदर्शन गर्ने बाइबलीय सिद्धान्तहरूमा प्रतिबद्ध हुनुहोस्।

(४) आराधनामा सङ्गीतसँग सम्बन्धित व्यावहारिक प्रश्नहरूमा बाइबलका सिद्धान्तहरू लागू गर्नुहोस्।

### पाठको तयारी

*कलस्सी ३:१५-१७ कण्ठ गर्नुहोस्।*

### परिचय

सुनीलले आफ्नो मण्डलीमा पास्टरको पदबाट राजीनामा दिन चाहन्छन्। उनी मण्डलीमा ठूलो उत्साह र आशाका साथ आइपुगे। उनी अध्ययन गर्न र वचन तयार गर्न मन पराउँछन्। उनी मानिसहरूलाई भेट्न र चोट पुर्‍याउनेहरूलाई सान्त्वना दिन्छन्। अविश्वासीहरूसँग सुसमाचार बाँड्ने मौका पाउँदा उनी रोमाञ्चित हुन्छन्। उनको मण्डलीका सदस्यहरू उनले गरेको वचनको सेवाहरू मन पराउँछन्। त्यहाँ नयाँ मानिसहरू उपस्थित भइरहेका छन्। सुनील पास्टरको रूपमा सेवा गर्दा उत्साहित भएको हुनुपर्छ। तर केही त्यहाँ गलत भइरहेको छ। यो सबै द्वन्द्व सङ्गीतको कुरामा आउँछ।

हरेक आइतवार बिहान, नीरजले मण्डलीको कार्यालयमा फोन गर्छन्। "पास्टर, हिजोको सङ्गीत नरमाइलो थियो! मलाई अन्तिम गीत थाहा थिएन। किबोर्डको आवाज धेरै ठूलो थियो। म त्यो सहन सक्दिनँ। तपाईंले यस मण्डलीमा सङ्गीतको बारेमा केही गर्नुपर्छ!"

त्यसपछि प्रत्येक मंगलवार, सुनीलले आफ्नो सङ्गीत निर्देशक, प्रवीणलाई भेट्छन्। प्रवीणको बेग्लै गुनासो छ। "पास्टर, हामी अहिलेसम्म किन यति धेरै पुराना भजनहरू गाइरहन्छौं? गायक झुण्डहरू यी गीतहरूले गर्दा थकित छन्। शनिवार, हामीले दुईवटा पुराना भजनहरू र एउटा नयाँ गीत गायौं। हामी किन यी भजनहरूबाट छुटकारा पाउन सक्दैनौं? सबै ठूला मण्डलीहरू परिवर्तन भएका छन्। कृपया मलाई सङ्गीत परिवर्तन गर्न अनुमति दिनुहोस्!"

मंगलवार राति, सुनीलले आफ्नो सेवकाइ छोड्ने जस्तो महसुस गर्छ। मण्डलीको केही भागले पुरानो भजनहरू मन पराउँछन्; हरेक पटक नयाँ गीत आएपछि उनीहरू गुनासो गर्छन्। मण्डलीको केही भागले पुरानो भजनहरूलाई घृणा गर्छन्; तिनीहरू केवल प्रशंसा र आराधनाका गीत गाउन चाहन्छन्। सुनीलले समाधान पाउन सक्दैनन्।

► तपाईं पास्टर सुनीललाई के सल्लाह दिन सक्नुहुन्छ? उहाँको धर्मसभाको प्रत्येक समूहलाई उहाँको मण्डलीको सङ्गीतले कसरी सेवा गर्न सक्छ?

## आराधनामा सङ्गीत महत्त्वपूर्ण हुनुको कारणहरू

मण्डलीमा सङ्गीतको बारेमा एक अन्तर्वार्तामा, एकपटक एकजना पास्टरले भने, "हामीलाई आराधनामा सङ्गीत चाहिँदैन। यदि मैले प्रभावकारी रूपमा परमेश्वरको वचन प्रचार गर्छु भने, गीत गाउनु आवश्यक छैन।" यस पास्टरले आराधनामा सङ्गीतको कुनै मूल्य देखेनन्।

► तपाईं यो पास्टरलाई कसरी जवाफ दिनुहुन्छ? हाम्रो आराधनामा सङ्गीत किन महत्त्वपूर्ण छ?

ख्रीष्टियानहरू गाउने मानिसहरू हुन्। मुस्लिमहरू गीत गाउन भेला हुँदैनन्। बुद्धिस्टहरू गीत गाउन भेला हुँदैनन्। हिन्दूहरू गीत गाउन भेला हुँदैनन्। ख्रीष्टियानहरू गीत गाउन भेला हुन्छन्। हरेक ख्रीष्टियानले प्रचार गर्दैनन्, प्रार्थनामा अगुवाइ गर्दैनन् वा सार्वजनिक रूपमा पवित्रशास्त्र पाठ गर्दैनन्। सबै ख्रीष्टियानहरूले गाउन सक्छन् र गाउनै पर्छ। ख्रीष्टियान आराधनामा सङ्गीत महत्त्वपूर्ण छ भन्ने केही कारणहरू यहाँ छन्।

### आराधनामा सङ्गीतको बाइबलीय कारण

आराधनामा सङ्गीत महत्त्वपूर्ण छ किनभने बाइबलमा सङ्गीत महत्त्वपूर्ण छ। पवित्रशास्त्रमा गायन र सङ्गीतको लगभग ६०० सन्दर्भहरू छन्। बाइबलका ४४ पुस्तकहरूले सङ्गीतको कुरा गर्छन्।

विभिन्न प्रकारका घटनाहरूसँग सम्बन्धित भएका बाइबलीय गीतहरू:

- इस्राएलले फारोको सेनामाथि गरेको विजयको लागि परमेश्वरको प्रशंसा गऱ्यो (प्रस्थान १५)।
- याबीनमाथि दबोराको विजयपछि इस्राएलले परमेश्वरको प्रशंसा गऱ्यो (न्यायकर्ताहरू ५)।
- गायकहरूले मन्दिरको समर्पणमा आराधना गरे (२ इतिहास ५:११-१४)।
- गायकहरूले मन्दिरको पुनर्निर्माणमा आराधनाको नेतृत्व गरे (एज्रा ३:१०-१२)।
- भजनसंग्रहको पुस्तक, यहूदी र ख्रीष्टियान आराधनाको लागि भजनहरूको संग्रह हो।
- येशु र चेलाहरूले निस्तार-चाडको अन्तिम भोजमा भजन गाए (मत्ती २६:३०)।
- पावल र सिलासले जेलमा प्रशंसाका गीत गाए (प्रेरित १६:२२-२५)।
- यूहन्नाले देखे कि गायन स्वर्गमा आराधनाको भाग हो (प्रकाश ४ र ५)।

### आराधनामा सङ्गीतको ईश्वरशास्त्रीय कारणहरू

यहूदी आराधकहरूले आराधना गर्दा गीत गाए। सुरुका ख्रीष्टियानहरूले प्रभुको निम्ति आफ्नो हृदयमा धन्यवादका साथ गाए (कलस्सी ३:१६)। सङ्गीत ख्रीष्टियान आराधनाको महत्त्वपूर्ण भाग थियो।

दुर्भाग्यवश, मध्य युगमा आराधनामा सङ्गीतको भूमिकामा परिवर्तन आयो। चर्चहरूले प्रायः मण्डलीलाई भजनहरू गाउन अनुमति दिँदैनथे। त्यसको सट्टा, तालिमप्राप्त गायकमण्डलीहरूले जटिल भजनहरू गाइरहँदा मण्डलीले हेर्ने र सुन्ने मात्र गर्थे।

मार्टिन लुथरले आराधनाको सङ्गीतलाई पुनः मण्डलीमा फर्काए। मण्डलीय सङ्गीतले "**विश्वासीहरूको याजकत्व**" भन्ने धार्मिक सिद्धान्तलाई प्रकट गर्दछ। यस सिद्धान्तले सिकाउँछ कि हरेक ख्रीष्टियन सीधै परमेश्वरकहाँ आउन सक्छ; हामीलाई मध्यस्थको रूपमा याजकको आवश्यकता छैन। यसको अर्थ हरेक विश्वासीका विशेषाधिकार र जिम्मेवारीहरू छन्:

- सीधै परमेश्वरसँग प्रार्थना गर्नु।
- उहाँको वचनमार्फत परमेश्वर बोल्नुभएको सुन्नु।

- आराधनामा गीत गाउनु।

मार्टिन लुथरले पवित्रशास्त्र पढ्नु र गाउनु बीचको सम्बन्धलाई देखे। उनले भने, "परमेश्वरलाई पवित्रशास्त्र मार्फत आफ्ना जनहरूसँग सीधै बोल्न दिनुहोस्, र उहाँका मानिसहरूले प्रशंसाका कृतज्ञ गीतहरूद्वारा प्रतिक्रिया देऊन्।"

सङ्गीतद्वारा व्यक्त गरिएको दोस्रो ईश्वरशास्त्रीय सिद्धान्त **मण्डलीको एकता** हो। गायनका लागि धेरैजसो बाइबलीय सन्दर्भहरू भनेको सामूहिक गायन हुन्, सबै मानिसहरूको गायन। पावलले प्रारम्भिक ख्रीष्टियानहरूलाई गीतद्वारा एकअर्कालाई सिकाउन र चेतावनी दिन आज्ञा दिए (कलस्सी ३:१६)। जसरी मण्डलीले सँगै गाउँछ, हामी मण्डलीको एकतालाई व्यक्त गर्छौं।

### आराधनाका खतराहरू: सामूहिक गीतको क्षति

आइज्याक वाट्सको एउटा उत्कृष्ट भजनले भन्छ,

> "उनीहरूले गाउन इन्कार गरून् जसले हाम्रा परमेश्वरलाई कहिल्यै चिन्दैनन्।
> तर स्वर्गीय राजाका छोराछोरीहरूले प्रशस्तसँग आफ्नो आनन्द व्यक्त गर्न सक्छन्!"[40]

मार्टिन लुथरले भने, "यदि कसैले गाउँदैन र ख्रीष्टले हाम्रो लागि के गर्नुभएको छ भनेर बताउँदैन भने, उसले वास्तवमा विश्वास गरेको छैन भनेर देखाउँदछ।"[41] सामूहिक गीतको विशेषाधिकार जुन मध्य कालमा हराएको थियो त्यो सुधारकर्ताहरूले फर्काए। गीतमा आराधना गर्ने कुरा साधारण मानिसहरूसँग सम्बन्धित छ भन्ने विश्वास थियो। दुःखको कुरा, धेरै मण्डलीहरूमा यो सुअवसर फेरि हराइरहेको छ।

विश्वासीको पूजाहारीपनको साङ्गीतिक अभिव्यक्तिलाई सामान्य गायकको पहुँचसम्म नपुग्ने सङ्गीतले खतरामा पारेको छ। यो तब हुन्छ जब प्रशिक्षित गायकहरूले त्यस्तो सङ्गीत गाउँछन् जुन धेरै मानिसहरूलाई गाउन गाह्रो हुन्छ। यस्तो अवस्था तब हुन्छ जब प्रशंसा टोलीहरूले नयाँ गीतहरू गाउँछन् जुन थोरै मानिसहरूले मात्र सिक्न सक्छन्। हामीले कहिले पनि साना समूहहरूलाई सामूहिक गीतको प्रतिस्थापन गर्न अनुमति दिनु हुँदैन।

मण्डलीको एकताको सङ्गीतात्मक अभिव्यक्ति ती मण्डलीहरूमा खतरामा पर्छ, जसले आराधनाको फरक शैली वा पुस्तागत भिन्नताको आधारमा धर्मसभालाई छुट्टाछुट्टै सेवाहरूमा विभाजन गर्छन्। वरिष्ठ अङ्गहरूले कनिष्ठ अङ्गहरूलाई कहिल्यै नदेख्दा, मण्डलीलाई एउटै शरीरको रूपमा हेर्न गाह्रो हुन्छ।

एफिसीको मण्डलीलाई पावलले दिएका निर्देशनहरूलाई केही आधुनिक मण्डलीहरूका लागि गरिएको पुनर्व्याख्याको कल्पना गर्नुहोस्:

- नयाँ भजन गाउनेहरू शनिवार बिहान ८:३० बजे भेट्नेछन्।
- पुराना स्तुति भजन गाउनेहरू शनिवार बिहान ११:०० बजे भेट्नेछन्।
- आत्मिक गीत गाउनेहरू शनिवार साँझ ७ बजे भेट्नेछन्।

होइन! पावलले *सबै* मण्डलीका सदस्यहरूसँग कुरा गरिरहेका थिए जब उनले उनीहरूलाई आत्माले भरिपूर्ण हुन आग्रह गरे, भजन, स्तुतिगान र आत्मिक गीतहरूमा एक-अर्कालाई सम्बोधन गर्दै, गाउन र प्रभुको लागि धुन निकाल्न भन्छन् (एफिसी ५:१८-१९)।

---

[40] यस पुस्तकको लागि अंग्रेजीबाट अनुवाद गरिएको। Isaac Watts, "We're Marching to Zion!" जनवरी 12, 2023 मा प्राप्त गरिएको। https://library.timelesstruths.org/music/Were_Marching_to_Zion/

[41] Ronald Allen and Gordon Borror, *Worship: Rediscovering the Missing Jewel* (Colorado Springs: Multnomah Publishers, 1982) मा उद्धृत, 165।

व्यवहारमा, यसको अर्थ ख्रीष्टको शरीरको प्रत्येक भागले शरीरको एकताको खातिर आफ्नो केही प्राथमिकताहरूलाई त्याग गर्दछ। किशोर अवस्थाकाहरूले एउटा धुनसँग एक पुरानो स्तुतिगानको भजन गाउछन् जुन धेरै रोमाञ्चक हुँदैन। किन? किनकी ऊ शरीरको अङ्ग हो, र शरीरले पुरानो स्तुतिगानको भजन गाइरहेछ। एक पुरानो सन्त नयाँ प्रशंसाका गीतमा सामेल हुन्छन् जुन उनलाई रमाइलो लाग्दैन। किन? किनकी उनी शरीरको अङ्ग हुन्, र शरीरले नयाँ गीत गाइरहेछ।

एउटा सानो ग्रामीण मण्डलीमा प्रशिक्षित सङ्गीतकारले साङ्गेतिक रूपमा चुनौतीपूर्ण नभएका गीतहरू गाउँछन्। किन? किनभने उनी शरीरको अङ्ग हुन्, र शरीरमा भव्य खालको सङ्गीतको कदर नगर्ने सदस्यहरू समावेश छन्। एक अप्रशिक्षित मण्डली सदस्यले एउटा यस्तो शैलीमा गाएको गीत हुन्छ जसको अन्त्यमा "आमेन" पनि भन्न सक्छिन् जुन उनले पूर्ण रूपमा त्यसलाई आत्मसाथ गर्दिनन्। किन? किनभने उनी पनि शरीरको अङ्ग हुन्, र शरीरमा त्यस्ता सदस्यहरू पनि समावेश छन् जसले उनले आत्मसाथ गर्नसक्ने भन्दा बाहिरको गीत गाउँछन्।

यो सिद्धान्त सङ्गीतभन्दा अगाडि जान्छ। एक जना पास्टरले आफ्नो वचनलाई बच्चाहरू र नयाँ विश्वासीहरूलाई बुझ्ने बनाउन सरल बनाउँछन्। नयाँ विश्वासीहरूले बाइबलको आफ्नो सीमित ज्ञानलाई फैलाउने वचनको पाठ बुझ्न अध्ययन गर्छन्।

किशोरकिशोरीहरू धेरै लामो लाग्ने सेवामा बस्छन्। किन? किनभने तिनीहरू शरीरको अङ्ग हुन् र सेवाका केही पक्षहरू उनीहरूको समझभन्दा माथि हुन सक्छन् भन्ने उनीहरूलाई थाहा छ। पाका सन्तहरूले सेवामा ठूलो स्वरमा रुने बच्चालाई स्वागत गर्छन्। किन? किनभने तिनीहरू शरीरको अङ्ग हुन्, र तिनीहरू शरीरमा जवान, कोलाहलपूर्ण जीवन समावेश भएकोमा आनन्दित हुन्छन्।

के यो आराधनाको भाग हो? बिल्कुल! आराधनाको बाइबलीय ईश्वरशास्त्रमा मण्डलीको एकताको लागि प्रशंसा समावेश छ। यसको अर्थ शरीरको लागि व्यक्तिगत प्राथमिकताहरू त्याग्नु हो। यसको मतलब तपाईंलाई मन नपर्ने गीत गाउनु हो। अगुवाहरूका लागि, यसको अर्थ आफूलाई मनपर्ने स्तुतिगानको भजन मात्र होइन शरीरका सबै अङ्गहरूलाई सेवा दिने गीतहरू छनोट गर्नु हो। सामूहिक गीतहरूले सम्पूर्ण मण्डलीलाई सेवा दिनैपर्छ, सीमित समूहहरूलाई मात्र होइन।

► विगत चार हप्तामा तपाईंले आराधनामा प्रयोग गर्नुभएको सङ्गीतको बारेमा सोच्नुहोस्। के तपाईंले आफ्नो सम्पूर्ण मण्डलीको हरेक अङ्गलाई बोल्ने खालको गीतहरू गाउनुभयो? अगुवाको हैसियतमा, के तपाईंले स्वेच्छाले तपाईंलाई मन नपर्ने तर मण्डलीको लागि बोल्ने गीतहरू छान्नुभएको छ? के तपाईंको सङ्गीतले मण्डलीका प्रत्येक सदस्यको सहभागितालाई प्रोत्साहित गरेर विश्वासीको पूजाहारीपन र मण्डलीको एकतालाई देखाउँछ?

## आराधनामा सङ्गीत महत्त्वपूर्ण हुनु कारणहरू (माथिकै शीर्षको निरन्तरता)

### आराधनामा सङ्गीतको लागि व्यावहारिक कारणहरू

बाइबलीय र ईश्वरशास्त्रीय कारणहरूसँगै, आराधनामा सङ्गीतलाई महत्त्व दिने व्यावहारिक कारणहरू पनि छन्। सङ्गीतको शक्ति हाम्रो अस्तित्वको सबै पक्षहरूसँग बोल्ने क्षमताबाट आउँछ।

#### *सङ्गीतले दिमागसँग कुरा गर्छ।*

विद्यालयका शिक्षकहरूलाई थाहा छ कि व्याकरणको नियमलाई सरल लयमा व्यवस्थित गर्नाले बच्चाहरूलाई कण्ठ गर्न सजिलो बनाउँछ। गायन शास्त्रले सिक्न सजिलो बनाउँछ। "म बाइबल कण्ठ गर्न सक्दिन" भन्ने केही मानिसहरूलाई पहिले नै पवित्रशास्त्रका धेरै पदहरू थाहा भएको हुन्छ; तिनीहरूले प्रशंसाका कोरसहरूमा गाउँछन्। केही उत्कृष्ट प्रशंसाका गीतहरू पवित्रशास्त्रका पदहरू सम्झन सकिने मधुर सङ्गीतहरूमा मिलाइएको हुन्छ।

सङ्गीत र दिमागसँग सम्बन्धित दुई सिद्धान्तहरू महत्त्वपूर्ण छन्।

**(१) सङ्गीतले दिमागसँग बोल्नु पर्छ, भावनासँग मात्र होइन।**

सङ्गीत भावनात्मक हुन्छ; त्यो त्यसको शक्तिको अंश हो। सङ्गीतमा भावनात्मक शक्ति हुनुसँग कुनै गल्ती छैन, तर सङ्गीतले हाम्रो दिमागसँग पनि बोल्नुपर्दछ।

कतिपय आराधनाहरूले गीत गाउँदा आफ्नो दिमाग बन्द गर्न सक्छन् भन्ने सोच्छन्। गितारको आवाज चर्को छ, ढय्याङढय्याङ ढुङढुङ बढी छ, सङ्गीत एकदमै भावुक छ, त्यसैले उनीहरू आराधना गर्दैछन् भन्ने अनुमान गर्छन्। हामीले कहिल्यै बिर्सनु हुँदैन कि पावलले भनेका थिए, "आत्माले स्तुति गर्नेछु, र म दिमागले पनि स्तुति गर्नेछु" (१ कोरिन्थी १४:१५)।

जब हाम्रो सङ्गीतले दिमागको कुरा नगरी भावनाहरूलाई मात्र बोल्छ, हामी झूटो आराधनाको खतरामा हुन्छौँ। भावनाहरूसँग बोल्ने सङ्गीतमा कुनै गल्ती छैन; खतरा भनेको दिमागसँग नबोली भावनासँग मात्र बोल्ने सङ्गीत हो। बुद्धिमान् पास्टरहरूले यो सुनिश्चित गर्नेछन् कि आराधनाको सङ्गीतले दिमागलाई केन्द्रभन्दा बाहिर राख्ने छैन।

**(२) हामीले गाउने सन्देश सत्य हुनुपर्छ।**

सङ्गीतले दिमागसँग कुरा गर्छ, त्यसैले गीतहरू सिद्धान्त सिकाउने एक शक्तिशाली औजार हुन्।

१८औँ शताब्दीमा, परमेश्वरले दुई दाजुभाइहरू, चार्ल्स र जोन वेस्लीलाई प्रयोग गर्नुभयो, जसले धेरै मानिसहरूलाई आवश्यक बाइबलीय सत्य घोषणा गरे: सबै मानिसहरू पापबाट उद्धार पाउन सक्छन्, र सबै मानिसहरूलाई उद्धारको व्यक्तिगत सुनिश्चितता पाउन सकिन्छ। यी दाजुभाइहरूले यो सत्य दुई तरिकाले फैलाए: जोनले प्रवचनहरूमा सत्य बोल्थे भने चार्ल्सले सत्य व्याख्या गर्ने भजनहरू लेख्थे। उनका भजनहरू सरल थिए, जसले गर्दा कुनै पनि मानिस सजिलै गाउन सक्थे, किनकि सङ्गीत जटिल थिएन। चार्ल्सका भजनहरू सुन्ने र गाउनेहरूले, पढ्न नसके पनि, परमेश्वरको सत्य बुझ्न र सम्झन सक्थे। आज हाम्रा गीतहरूले पनि गाउने र सुन्ने दुवैलाई ठोस बाइबलीय सत्य सिकाउनुपर्छ।

> विश्वासीहरूले गीत गाउनुपर्ने कारणहरू परमेश्वरप्रतिको आफ्नो भक्तिलाई जागृत गर्न, आफ्ना विश्वासलाई बलियो बनाउन, आफ्ना आशालाई प्रेरित गर्न, र परमेश्वर तथा अरूहरूको प्रति प्रेम बढाउन हो।
>
> – जोन वेस्लीबाट अनुकूलित

पास्टरहरू, यदि तपाईंले गैर-बाइबलीय गीतहरूलाई प्रवेश गर्न अनुमति दिनुभयो भने, तपाईंले आफ्नो सेवकाइको प्रभावकारितालाई कमजोर बनाउनु हुनेछ। तपाईंको वचनको रूपरेखा बिर्सिसकेपछि मानिसहरूले गीतलाई सम्झनेछन्। सेवाहरूको लागि सङ्गीतको योजना गर्न समय खर्च गर्नुहोस्। गीतहरूले तपाईंको वचनको सत्यतालाई समर्थन गर्छन् भनी सुनिश्चित गर्नुहोस्।

**जाँच**

के तपाईंको आराधनाका गीतहरू बाइबलीय सिद्धान्तसँग साँचो छन्? धेरै मण्डलीहरूले गीतहरू गाउँछन् जसले या त गलत कुरा सिकाउँछ **या** केही पनि सिकाउँदैनन् (शब्दहरू शून्य हुन्छन्)। के तपाईंका गीतहरूले पापमाथि विजयको वास्तविकतालाई सिकाउँछन्? के तपाईंका गीतहरूले मुक्ति सबैका लागि उपलब्ध छ भनी सिकाउँछन्? के तपाईंका गीतहरूले सिकाउँछन् कि परमेश्वरले प्रत्येक विश्वासीलाई शुद्ध हृदय दिन चाहनुहुन्छ?

***सङ्गीतले हृदयसँग कुरा गर्छ।***

जोनाथन एडवर्ड्सले भने कि हामीलाई परमेश्वरको प्रशंसा गाउन आदेश दिइएको छ किनभने गायनले "हाम्रो भावनाहरूलाई उत्प्रेरित गर्छ।".[42] आफ्नै लागि भावनामा केन्द्रित हुनु खतरनाक हुन्छ, भावना सङ्गीतको लागि सामान्य र योग्य प्रतिक्रिया हो।। गायनले सत्यको लागि भावनात्मक प्रतिक्रिया ल्याउँछ। सङ्गीतले दिमाग र हृदय दुवैसँग कुरा गर्छ।

केही पश्चिमी ख्रीष्टियानहरू भावनाहरूलाई गहिरो रूपमा बोल्ने सङ्गीतसँग डराउँछन्, तर बाइबलभित्रका मानिसहरू जसले परमेश्वरको उपस्थितिमा प्रवेश गरे तिनीहरूले सधैं भावनात्मक प्रतिक्रिया महसुस गरे। उत्तम आराधनाको सङ्गीतले दिमागसँग बोल्छ र हृदयबाट प्रतिक्रिया माग्छ:

► तपाईंको भाषामा उपलब्ध भजन र स्तुतिगीतहरूको सङ्ग्रह हेर्नुहोस्। परमेश्वरप्रति व्यक्तिगत समर्पणको प्रार्थना रूपमा लेखिएको गीतको एउटा उदाहरण खोज्नुहोस्।

***सङ्गीतले शरीरसँग कुरा गर्छ।***

एउटा कन्सर्टमा एक बच्चालाई हेर्नुहोस्; यदि सङ्गीतमा ढुङढुङ आवाज छ भने, तिनीहरू त्यसको तालमा हल्लिन्छन्। सङ्गीतले शरीरसँग कुरा बोल्छ।

शरीरसँग मात्र बोल्ने सङ्गीत कामुक हुन्छ। यद्यपि, जब बाइबलले आराधनाको बारेमा बोल्छ, यसले प्राय: आराधनाहरूको शारीरिक स्थितिको बारेमा कुरा गर्छ: उठाइएको हात, टेकिएको घुँडा, लम्पसार परेर प्रणाम गरेको शरीर, र शारीरिक हाउभाउ। हाम्रो मुद्रा र शारीरिक हाउभाउहरूले कहिलेकाहीँ हाम्रो शब्दहरूले भन्दा बढी शक्तिशाली ढङ्गले बोल्दछ।

भजनसंग्रह १४९:३ मा, इस्राएललाई नाच्दै उहाँको नाउँको प्रशंसा गर्न, खैँजडी र वीणा बजाएर उहाँको नाउँको प्रशंसा गर्न भनिएको छ। यद्यपि केही आधुनिक संस्कृतिहरूले कामुक गतिको सन्दर्भमा मात्र नाच्छन्; बाइबलले आराधनामा कुनै पनि शारीरिक गतिविधिलाई वर्णन गर्न *नृत्य* शब्दलाई प्रयोग गर्दछ। भजनरचयिताले प्रशंसामा भौतिक शरीर पनि संलग्न छ भनी बुझे।

यो नाइटक्लबको कामुक नृत्य होइन, न यो मण्डलीका कुर्सीहरूमा चुपचाप बस्नु नै हो। आराधनाका गीतहरूमा बाइबलीय नृत्य केही हदसम्म चलेको थियो। जब हामी प्रशंसामा हात उठाउँछौं वा सङ्गीतमा कुनै तरिकामा हलचल गर्छौं, यो बाइबलीय शब्द *नृत्य*सँग मिल्दछ।

जबकि भौतिक हाउभाउको अर्थ एउटा संस्कृतिदेखि अर्को संस्कृति र एउटा पुस्तादेखि अर्को पुस्तामा फरक हुन्छ, हामीले परमेश्वरको पवित्र आराधनालाई हाम्रो वरपरको संस्कृतिको अपवित्र अभ्यासहरूद्वारा पछि नमूना हुन दिनु हुँदैन।

► आराधनाको लागि प्रस्थान ३२ को समीक्षा गर्नुहोस् जसले एक तथाकथित पवित्र भनिएको "परमप्रभुको निम्ति एउटा चाड़" (३२:५) लाई मिश्री आराधनाको अपवित्र चित्रहरू (३२:४) र मूर्तिपूजक संस्कृतिको लाजमर्दो अभ्यासहरू (३२:२५) सँग जोडेको छ। हाम्रो आराधनाले वरपरको संस्कृतिलाई सुसमाचार प्रचारको माध्यमबाट प्रभाव पार्नुपर्दछ। वरपरको संस्कृतिले हाम्रो आराधना अभ्यासहरू निर्धारण गर्नु हुँदैन।

बुद्धिमान् पास्टरहरू र अगुवाहरूले आराधनालाई अपवित्र हुनबाट जोगाउने सङ्गीत प्राप्त गर्नेछन्, तर यसले सम्पूर्ण व्यक्तिसँग पनि बोल्छ, मण्डलीलाई गीतमा साँचो आराधना गर्न अनुमति दिन्छ।

[42] Bob Kauflin को वाक्य, *Worship Matters* (Wheaton: Crossway Books, 2008), 98

### जाँच

के तपाईंको आराधनाको सङ्गीतले शरीरलाई आराधना गर्न उपयुक्त तरिकाले बोल्छ? के तपाईंका आराधनाहरूले शारीरिक रूपमा आफ्नो प्रशंसा र आराधनालाई कामुक अभ्यासहरूद्वारा अपवित्र आराधना नगरी व्यक्त गर्छन्?

### *सङ्गीतले चाहानासँग कुरा गर्छ।*

सङ्गीतले प्रायः इच्छाको प्रतिक्रियाको लागि आह्वान गर्दछ। पावलले कलस्सीहरूलाई भजन, स्तुतिगान र आत्मिक गीतहरूमा एक-अर्कालाई अर्ती दिन आज्ञा दिए (कलस्सी ३:१६)। अर्ती दिनु भनेको गल्ती सुधार्नु हो। एक हप्काइले प्रतिक्रियाको माग गर्छ; सुधारले व्यक्तिलाई आफ्नो व्यवहारमा परिवर्तन गर्न आग्रह गर्दछ। पावलले, सङ्गीत, जीवन परिवर्तनको एउटा कारण हुनसक्ने अपेक्षा गरे। सङ्गीतले इच्छालाई प्रतिक्रियाको लागि आह्वान गर्दछ।

► तपाईंको भाषामा उपलब्ध भजन र स्तुतिगीतहरूको सङ्ग्रह हेर्नुहोस्। परमेश्वरप्रति व्यक्तिगत समर्पण र प्रतिबद्धताको गीतको एउटा उदाहरण खोज्नुहोस्।

आराधनामा सङ्गीत महत्त्वपूर्ण छ किनभने यसले सम्पूर्ण व्यक्तिसँग बोल्छ। यसकारण, सङ्गीत मूल्यवान र खतरनाक दुवै छ। यो मूल्यवान छ किनकि यसले सत्यलाई शक्तिशाली तरिकामा प्रस्तुत गर्न सक्छ। यो खतरनाक छ किनभने यसले झूटा शिक्षालाई आकर्षक बनाउन सक्छ। वारेन वियर्सबिले चेतावनी दिए, "म विश्वस्त छु कि मण्डलीहरूले उनीहरूले सुनेका वचनहरूबाट भन्दा उनीहरूले गाउने गीतहरूबाट धेरै ईश्वरशास्त्रलाई (राम्रो र नराम्रो तरिकाले) सिक्छन्।[सङ्गीत] आत्माको हातमा एक अद्भुत औजार वा विरोधीको हातमा एक भयानक हतियार बन्न सक्छ। **सोझा मण्डलीहरूले के भइरहेको छ भनेर बुझ्नु अघि नै झूटो तरिकाले गाउन सक्छन्।**"[43]

सङ्गीत शक्तिशाली छ; यसलाई बुद्धिमानीसँग प्रयोग गर्नुहोस्।

### जाँच

तपाईंले विगत चार हप्तामा गाउनुभएको गीतहरूको बारेमा सोच्नुहोस्। के तपाईंले सम्पूर्ण व्यक्तिसँग बोल्ने गीतहरू गाउनुभयो?

- तपाईंको मण्डलीलाई सिद्धान्त सिकाउने एउटा गीतको नाउँ दिनुहोस्।
- तपाईंको मण्डलीका भावनाहरूलाई गहिरो रूपमा बोल्ने एउटा गीतको नाउँ दिनुहोस्।
- तपाईंको मण्डलीलाई परमेश्वरप्रति गहिरो प्रतिबद्धताको लागि चुनौती दिने एउटा गीतको नाउँ दिनुहोस्।

## आराधनाको लागि सङ्गीत छनोट गर्ने सिद्धान्तहरू

हामीले यो पाठ आराधनाको सङ्गीतमा द्वन्द्वको कथाबाट सुरु गर्‍यौं। यदि तपाईं यस प्रकारको द्वन्द्वको सामना गर्ने पास्टर हुनुहुन्छ भने, यो नयाँ समस्या होइन भनेर बुझ्नुहोस्! प्रत्येक पुस्तामा, मण्डलीले आराधनाको लागि उपयुक्त सङ्गीतको प्रकार निर्धारण गर्न सङ्घर्ष गरेको छ। धेरै मण्डलीहरूको लागि, सङ्गीत साँचो आराधनाको माध्यमको सट्टा द्वन्द्वको स्रोत भएको छ।

[43] Warren Wiersbe, *Real Worship* (Grand Rapids: Baker Books, 2000), 136। महत्व थपिएको

आराधना सेवाहरूमा सङ्गीत मुख्य हुन्छ। धेरै मण्डलीहरूमा, आधा जस्तो सेवामा सङ्गीत समावेश हुन्छ: सङ्गति सुरु हुँदखेरिको सङ्गीत, सामूहिक गायन, विशेष गीतहरू, सङ्गति अन्तय हुँदखेरिको सङ्गीत, र प्रार्थनाको समयमा मधुर सङ्गीत। आराधनामा सङ्गीत महत्त्वपूर्ण हुने भएकाले सङ्गीतको विषयमा विवाद गम्भीर बन्दै गएको छ।

मानिसहरूको सङ्गीत शैलीहरूको लागि कडा प्राथमिकताहरू छन्। धेरै मानिसहरू सङ्गीतको त्यस्ता शैलीहरू सहन चाहँदैनन् जुन तिनीहरूलाई रमाइलो लाग्दैन।

सङ्गीत शैलीहरूको नैतिकताको बारेमा विचारको भिन्नताबाट द्वन्द्व आउँछ। यहाँ तीन साझा दृष्टिकोणहरू छन्:

१. केही मानिसहरू विश्वास गर्छन् कि निश्चित खालका सङ्गीत शैलीहरू खराब हुन्छन्। तिनीहरूले त्यस्ता सङ्गीत शैलीहरू प्रयोग गर्न छनौट गर्छन् जुन तिनीहरू शुद्ध छन् भनी विश्वास गर्छन।

२. कोही-कसैले सङ्गीत शैली राम्रो वा नराम्रो हुन सक्दैन, र त्यसैले हरेक शैली स्वीकार्य छ भनी विश्वास गर्छन्। यी मानिसहरू सामान्यतया आराधनाको लागि संस्कृतिको सङ्गीत शैलीहरू प्रयोग गर्न चाहन्छन्।

३. कोही-कोही विश्वास गर्छन् कि सङ्गीत शैलीहरू नैतिक रूपमा तटस्थ छन् तर तिनीहरूसँग भावनात्मक र सांस्कृतिक सम्बन्धहरू छन् जसले आराधनाको लागि तिनीहरूको उपयोगितालाई असर गर्छ। यी मानिसहरू, सामूहिक आराधनाले परमेश्वरको आदर गर्ने तरिका अपनाउनमा मद्दत गर्छ कि गर्दैन भनेर विचार गर्न प्रत्येक शैलीको मूल्याङ्कन गर्छन्।

यस खण्डमा, हामी हाम्रो आराधनामा सङ्गीतलाई सम्बोधन गर्ने बाइबलीय सिद्धान्तहरू हेर्नेछौं।

### आराधनाको सङ्गीतको पाठले स्पष्टरूपमा सत्यलाई व्यक्त गर्नुपर्छ

पवित्रशास्त्रको प्राथमिक ध्यान गीतको पाठको विषयवस्तुमा हुन्छ, सङ्गीतको शैलीमा होइन।

साङ्गीतिक शैली जस्तोसुकै भए पनि, झूटा सन्देश (वा कुनै सन्देश बिनाको) भएका गीतहरू आराधनाको लागि अनुपयुक्त छन्। वारेन वियर्सवी चेताउनी दिन्छन् कि धेरै पाठहरू "अस्पष्ट र भावनात्मक छन्, ईश्वर शास्त्रीय होइन।"[44] हाम्रो साङ्गीतिक सन्देशको एउटा परीक्षणको लागि, "के नास्तिकवादी, हिन्दू वा मुस्लिमले शब्दहरू परिवर्तन नगरी यो पाठ गाउन सक्छ?" यदि तपाईं गीतको सन्देश परिवर्तन नगरी बुद्ध नाउँ प्रतिस्थापन गर्न सक्नुहुन्छ भने, यो आराधनाको लागि अनुपयुक्त छ। यदि गीतले स्पष्ट रूपमा सत्य बोल्दैन भने, हामीले आराधनामा यसको महत्त्वमाथि प्रश्न उठाउनु पर्छ। हाम्रा गीतहरूले हाम्रो विश्वास व्यक्त गर्नुपर्छ। यदि तिनीहरूले गर्दैनन् भने, हाम्रा गीतहरूले आराधनाहरूलाई परमेश्वरतर्फ औंल्याउँदैनन्।

**बीस वर्षको शासन**

"कसैले बीस वर्षसम्म हाम्रा गीतहरू गाउँदै हुर्कियो भने, उसले परमेश्वरलाई कत्तिको राम्ररी चिन्ला त? के तिनीहरूले परमेश्वर पवित्र, बुद्धिमान्, सर्वशक्तिमान् र सार्वभौम हुनुहुन्छ भनी थाह पाउनेछन्? के तिनीहरूले सुसमाचारको महिमा र भित्री भाग बुझ्नेछन्?"

बब काफ्लिन

आराधनाले महत्वपूर्ण प्रभाव पार्छ

पवित्रशास्त्रबाट एउटा गीत सुन्नुहोस्:

> हल्लेलूयाह!
> स्वर्गबाट परमप्रभुको प्रशंसा गर,
> उच्च स्थानहरूमा उहाँको प्रशंसा गर।

[44] Warren Wiersbe, *Real Worship* (Grand Rapids: Baker Books, 2000), 137

हे उहाँका स्वर्गीय दूतगण, उहाँको प्रशंसा गर।
हे उहाँका सारा स्वर्गीय सेना, उहाँका प्रशंसा गर।
हे सूर्य र चन्द्र, उहाँको प्रशंसा गर।
हे चम्किला तारा हो, उहाँको प्रशंसा गर।
हे सर्वोच्च आकाश र आकाशमाथिका पानी हो,
तिमीहरूले उहाँको प्रशंसा गर।
तिनीहरूले परमप्रभुका नाउँको प्रशंसा गरून्,
किनकि उहाँले आज्ञा गर्नुभयो, र तिनको सृजना भयो।
हाँले तिनलाई सदासर्वदाको निम्ति स्थापित गर्नुभयो... (भजनसंग्रह १४८)।

यसलाई हालैको लोकप्रिय गीतसँग तुलना गर्नुहोस्:

"येशुको नाउँमा नाच्दा नाच्नु ठीक छ
जब तपाईं प्रभुको लागि नाच्दै हुनुहुन्छ तब नाच्नु ठीक छ..."[45]

कुन गीतले परमेश्वरको वचनको घोषणा गर्छ? बुझ्न नसकिने खालको आराधना विरुद्ध पावलले चेतावनी दिए। उनले भने, "आत्माले स्तुति गर्नेछु, र म दिमागले पनि स्तुति गर्नेछु" (१ कोरिन्थी १४:१५)। जब हामी पवित्रशास्त्रका गीतहरू अध्ययन गर्छौं, हामीले पाउँछौं कि तिनीहरूले स्पष्टताका साथ सिकाउँछन्। हाम्रो आराधनाको सङ्गीतको पाठले बाइबलीय सत्यलाई प्रकट गर्नुपर्छ।

**गीत मूल्याङ्कन गर्ने फारम**[46]

| | कमजोर | औसत | बलियो |
|---|---|---|---|
| के यो पाठ सैद्धान्तिक रूपमा सत्य छ? | | | |
| के यो पाठ ख्रीष्टियान अनुभवको लागि विश्वासयोग्य छ? | | | |
| के यो पाठ मण्डलीले बुझ्ने खालको छ? | | | |
| के सङ्गीतको शैली शब्दहरूसँग मेल खान्छ? | | | |
| के लयमा गाउन मण्डलीको लागि सजिलो छ? | | | |

**जाँच**

के तपाईंका आराधनाका गीतहरू साँच्चै बाइबलीय छन्? के एक नयाँ विश्वासीले तपाईंको मण्डलीमा गाइने गीतहरूबाट बाइबलको परमेश्वरलाई चिन्न सक्छ?

[45] James Roberson, *"Everybody Dance!"* जनवरी 10, 2023 मा प्राप्त गरिएको। https://genius.com/James-roberson-everybody-dance-lyrics

[46] Constance M. Cherry बाट लिइएको, *The Worship Architect* (Grand Rapids: Baker Academic, 2010), 202-203।

## आराधनाको सङ्गीतको शैली फरक हुन सक्छ

परमेश्वर अनन्त विविधताका परमेश्वर हुनुहुन्छ। उहाँले नयाँ करारमा चारवटा सुसमाचारको अभिलेखहरू राख्न अभिप्रेरित गर्नुभयो, एउटा मात्र होइन। उहाँले प्रत्येक लेखकको अद्वितीय व्यक्तित्व मार्फत बोल्नुभयो। उहाँले एक होइन हजारौं प्रजातिका माछाहरू सृष्टि गर्नुभयो। उहाँले ८० लाख रङ्गको भिन्नताहरू बीच भेद गर्न सक्ने क्षमताको साथ मानव आँखा सिर्जना गर्नुभयो। सृष्टिले आफ्नो विविधता र सुन्दरतामा परमेश्वरको महिमा देखाउँछ। उहाँले अद्वितीय व्यक्तित्वहरू सिर्जना गर्नुभयो, केवल एक प्रकारको व्यक्तित्व मात्र होइन। परमेश्वरले अनन्त विविधता देखाउनुहुन्छ।

हाम्रो सङ्गीतले हामीले आराधना गर्ने परमेश्वरको रचनात्मक विविधतालाई प्रतिबिम्बित गर्नुपर्छ। कलस्सी ३:१६ मा पावलले आराधनाको लागि प्रयोग गरिनु पर्ने तीन प्रकारका गीतहरू सूचीबद्ध गरेका छन्: भजन, गीत र आत्मिक गान (एफिसी ५:१९ पनि हेर्नुहोस्)। पावलले यी तीन शैलीहरूको परिभाषा दिएनन्। धेरै लेखकहरूले तिनीहरूलाई यसरी परिभाषित गरेका छन्:

- *भजनले* सायद भजनसंग्रहको पुस्तकलाई जनाउँछ।
- *गीतहरू सम्भवत:* मानव रचना गरिएका गीतहरू हुन्। धेरै लेखकहरूले यो शब्दलाई परमेश्वर वा परमेश्वरको बारेमा गाइएका गीतहरूमा सीमित गर्छन्। यसमा भजनसंग्रहको पुस्तक बाहेकका बाइबलीय गीतहरू समावेश हुन सक्छन्।
- *आत्मिक गानहरू* परिभाषित गर्न सबैभन्दा गाह्रो छ। केही लेखकहरूले यसलाई अनौपचारिक गीतहरूको रूपमा परिभाषित गर्छन्; अरूले आत्मिक गीतहरूलाई ख्रीष्टियान जीवन र व्यक्तिगत गवाहीका गीतहरू भनी मान्छन्।

यो परिभाषाको बावजुद, यी पदहरूले देखाउँछन् कि मण्डलीले आफ्नो प्रारम्भिक दिनदेखि विभिन्न प्रकारका गीत गाएको थियो।

वारेन वियर्सविले प्रामाणिकताको सिद्धान्तको कुरा गर्छन्। उनी लेख्छन्, "आराधनाका अभिव्यक्तिहरू प्रामाणिक हुनुपर्छ, जसले मानिसहरूको सांस्कृतिक भिन्नताहरू प्रकट गर्छ।"[47] प्रामाणिक आराधनाले प्रत्येक संस्कृतिको भाषामा परमेश्वरको जीवित वचन बोल्छ। प्रत्येक पुस्तामा, ख्रीष्टियनहरूले गीतहरू लेखेका छन् जसले उनीहरूको संस्कृतिको सङ्गीत शैलीमा परमेश्वरको प्रशंसा गर्दछ। हाम्रो संस्कृतिको सङ्गीत नै मात्र प्रामाणिक पवित्र सङ्गीत हो भनेर हामीले मान्नु हुँदैन। बरु, जबसम्म कुनै शैलीले पवित्रशास्त्रका स्पष्ट सिद्धान्तहरूको विरोध गर्दैन, तबसम्म हामीले प्रत्येक संस्कृति र प्रत्येक पुस्तालाई उनीहरूको भाषामा परमेश्वरको प्रशंसा गर्न अनुमति दिनुपर्छ।

### जाँच

के तपाईंको मण्डलीको सङ्गीतले हाम्रो परमेश्वरको रचनात्मक विविधतालाई देखाउँछ?

## हरेक शैली हरेक परिस्थितिको लागि उपयुक्त हुँदैन

यद्यपि धेरै मानिसहरूले बाइबलीय सङ्गीत शैलीलाई परिभाषित गर्ने प्रयास गरेतापनि, बाइबलले कुनै विशेष खालको सङ्गीत शैलीलाई मात्र आदेश दिँदैन। सङ्गीत शैलीहरूमा रहेको दर्शनको अध्ययन गरेपछि, फ्रान्सिस शेफरले लेखे, "मलाई दृढताका साथ भन्न दिनुहोस् कि त्यहाँ कुनै ईश्वरीय शैली भन्ने जस्तो कुनै चीज छैन ..."[48]

---

[47] Warren Wiersbe, *Real Worship* (Grand Rapids: Baker Books, 2000), 139

[48] Francis Schaeffer, *Art and the Bible* (Downers Grove: InterVarsity Press, 1973), 51

साङ्गीतिक ध्वनिहरूले नैतिक विषयवस्तुलाई सञ्चार गर्दैनन्। सङ्गीतको तार न त ईश्वरीय छ न त अईश्वरीय। के यसको मतलब हरेक सङ्गीत शैली आराधनाको लागि उपयुक्त छ? अहँ। केही शैलीहरू खराब संस्कृतिसँग यसरी जोडिएका छन् कि तिनीहरूले आराधनामा ईश्वरीय सन्देश सुनाउँदैनन्।

सङ्गीतकार र मिसनरीहरूले एउटै कुरा फेला पारेका छन्: मानिसहरूले विभिन्न तरिकामा सङ्गीतको आवाजलाई प्रतिक्रिया दिन्छन्। एउटै सङ्गीत दुईजनाले सुनिरहेका छन् भने एक जनालाई गीतले असर परेको हुनाले ऊ रुन सक्छ। अन्य व्यक्तिले सङ्गीतको प्रतिक्रियामा केही महसुस नगर्न पनि सक्छन्।[49]

आराधनाको सङ्गीत यस किसिमले एउटा निर्णायक जाँच हुन सक्दैन, "के मलाई यो मनपर्छ?" वा "के यसले मलाई प्रेरित गर्छ?" निर्णायक जाँच परमेश्वरको महिमा हो। यसको मतलब यो हो कि हामीले हाम्रो सांस्कृतिक सन्दर्भभित्र सङ्गीत शैलीले के सञ्चार गर्छ भनेर मूल्याङ्कन गर्नुपर्छ। हामीले सोध्नु पर्छ, **"मेरो सांस्कृतिक सन्दर्भमा, के यो सङ्गीत शैलीले परमेश्वरको महिमा गर्छ?"**

सबै कुरा न्यायसङ्गत छन्, तर सबै कुराले सुधार गर्दैनन्। (१ कोरिन्थी १०:२३)। यदि आराधनाको सङ्गीतको एउटा लक्ष्य विश्वासीहरूलाई सुधार्नु हो भने, हामीले प्रयोग गर्ने शैलीले यस उद्देश्यलाई बाधा पुर्‍याउनु हुँदैन। उही सङ्गीतले एउटा संस्कृतिमा आराधना गर्न मद्दत गर्छ भने, अर्को संस्कृतिमा बाधा पुर्‍याउनु सक्छ र आराधना गर्ने। होशिया अगुवाले आफूले नेतृत्व गर्ने मानिसहरूका लागि उपयुक्त सङ्गीत छनोट गर्नेछ।

सङ्गीतको एक विशेष शैली उपयुक्त छ कि छैन भनेर हामी कसरी निर्धारण गर्छौं? एक अगुवाको रूपमा, तपाईं आफ्नो सांस्कृतिक व्यवस्थामा यस प्रश्नको माध्यमबाट आफ्ना मानिसहरूलाई काम गर्न मद्दत गर्न जिम्मेवार हुनुहुन्छ। एउटा संस्कृतिमा जे उपयुक्त छ, त्यो अर्को संस्कृतिमा उपयुक्त नहुन सक्छ। कुनै विशेष शैलीको धार्मिक अर्थ वा शैली वरपरको संस्कृतिको पापपूर्ण अभ्यासहरूसँग सम्बन्धित भएको कारणले, सङ्गीत शैली आराधनाको लागि उपयुक्त नहुन सक्छ। तपाईंले आफ्नो अवस्थाको लागि सङ्गीतको उपयुक्तताको सन्दर्भमा मूल्याङ्कन गर्नुपर्छ।

पावलले हामीलाई सबै कुराको जाँच गर्न र त्यसपछि असल कुरालाई पक्रिराख्न आज्ञा दिए (१ थेसलोनिकी ५:२१)। हामीले जाँच र प्रमाणित नगरी केही पनि स्वीकार गर्नु हुँदैन। यसमा हामीले गाउने सङ्गीत समावेश छ।

**जाँच**

के तपाईं तपाईंको सांस्कृतिक परिवेशभित्र अनुपयुक्त गीतहरू गाउनुहुन्छ? के सङ्गीतले कामुक वा सांसारिक शैली **तपाईंको संस्कृतिमा** सञ्चार गर्छ? के सङ्गीतको सन्देश पाठको सन्देशको विरोधाभास हो?

### हाम्रो आराधना सङ्गीतमा सन्तुलन हुनुपर्छ

भजनसंग्रहको पुस्तकले देखाउँछ कि परमेश्वरले आराधनामा विविधताको कदर गर्नुहुन्छ। भजनसंग्रहको पुस्तकमा प्रशंसा, विलाप, सहायताको लागि पुकार, र छुटकाराको लागि धन्यवाद समावेश छ। भजनसंग्रहले सबै आराधकहरूको आराधना आवश्यकताहरूसँग बोल्छ।

मण्डलीमा परिपक्वताको एउटा चिन्ह विविधता हो (१ कोरिन्थी १२:४-६)। ख्रीष्टको शरीरमा विभिन्न संस्कृतिहरू, विभिन्न भाषाहरू, विभिन्न व्यक्तित्वहरू, र विभिन्न वरदानहरू समावेश छन्। हाम्रो सङ्गीत सहितको आराधनाले, ख्रीष्टको शरीरका सबै सदस्यहरूसँग बोल्नुपर्छ। वास्तवमा, हाम्रो आराधनाले अविश्वासीहरूलाई सुसमाचार दिनको लागि मण्डलीभन्दा बाहिर बोल्नुपर्छ। बाइबलका गीतहरू तीन खाले श्रोताहरूसँग बोल्छन्।[50]

---

[49] Gerardo Marti, *Worship across the Racial Divide: Religious Music and the Multiracial Congregation*. (England: Oxford University Press, 2012)

[50] यो Herbert Bateman, editor बाट लिइएको हो। *Authentic Worship* (Grand Rapids: Kregel Publications, 2002), 150-155।

***सङ्गीतले परमेश्वरको प्रशंसाको घोषणा गर्नुपर्छ: "प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै"  (एफिसी ५:१९)।***

► भजनसंग्रह ९१ पढ्नुहोस्।


भजनसंग्रह ९१ ले देखाउँछ कि हामी प्रभुको लागि गाउँछौं। सङ्गीतले परमेश्वरको प्रशंसा व्यक्त गर्नुपर्छ। प्रस्थान १५ मा प्रशंसाको गीतदेखि प्रकाशमा स्वर्गीय गीतहरूसम्म, बाइबलीय गीतहरूले उहाँको महानताको लागि परमेश्वरको प्रशंसा गर्दछ। बाइबलमा सङ्गीतको प्राथमिक विषय प्रशंसा हो। विलाप, बिन्ती वा प्रशंसाका भजनसंग्रहरूले प्रायः परमेश्वरलाई सम्बोधन गर्दछ।

भजनसंग्रहको पुस्तक मार्फत गाउनुहोस् र तपाईंले गाउनुहुनेछ:

- "मैले सहायताको निम्ति परमेश्वरमा पुकारा गरें।"
- "हे धार्मिक परमेश्वर, मेरा रक्षक! मैले पुकार गर्दा मलाई जवाफ दिनुहोस्!"
- "हे परमप्रभु, मेरो पूरा हृदयले म तपाईंको प्रशंसा गर्नेछु।"
- "मेरो जीवनभरि म परमप्रभुको भजन गाउँदैरहनेछु…"
- "हे परमप्रभु, मेरो शक्ति, म तपाईंलाई।"

***सङ्गीतले मण्डलीलाई सत्यको घोषणा गर्नुपर्छ: "एउटाले अर्कालाई सिकाओ र अर्ती देओ" (कलस्सी ३:१६)।***

धेरै आराधनाका अगुवाहरूले भनेका छन्, "हामीले अन्य श्रोताहरूको निम्ति भनेर गाउनु हुँदैन; हामी परमेश्वरको लागि मात्र गाउँछौं।" यद्यपि, धेरै भजनसंग्रहले इस्राएलको लागि गाउँछन्। यद्यपि यो सत्य हो कि धेरै बाइबलीय गीतहरूले परमेश्वरसँग बोल्छन्, यसको साथै यो पनि सत्य हो कि धेरै बाइबलीय गीतहरूले मण्डलीसँग पनि कुरा गर्छन्।




एफिसी ५:१९ ले विश्वासीहरूलाई भजन, गीत र आत्मिक गानमा एक अर्कासँग कुरा गर्न निर्देशन दिन्छ। कलस्सी ३:१६ हाम्रो गाउने उद्देश्यको सन्दर्भमा अझ विशिष्ट छ: "ख्रीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग वास गरोस्। पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ।"

पावलले देखाउँछन् कि ख्रीष्टको वचन मण्डलीको गायन मार्फत घोषणा गरिएको छ। जब हामी गाउँछौं, हामी हाम्रा सँगी आराधकहरूलाई परमेश्वरको सत्यता घोषणा गर्छौं गीतको माध्यमबाट मण्डलीले एकअर्कालाई सिकाउँछ। गीतको माध्यमबाट, विश्वासीहरू निर्माण गरिन्छ र ख्रीष्टको शरीर बनाइन्छ।

***सङ्गीतले संसारलाई सुसमाचारको घोषणा गर्नुपर्छ: जाति-जातिहरूका बीचमा उहाँका महिमाको घोषणा गर..." (भजनसंग्रह ९६:३)।***

भजनरचयिताले हामीलाई जाति-जातिहरूलाई गवाहीको रूपमा गाउन बोलाए:

> परमेश्वरको निम्ति एउटा नयाँ भजन गाओ, हे सारा पृथ्वी, परमप्रभुको निम्ति गाओ। परमप्रभुको निम्ति भजन गाओ, उहाँका नाउँको प्रशंसा गर, दिनहुँ उहाँले दिनुभएको उद्धारको घोषणा गर। जाति-जातिहरूका बीचमा उहाँका महिमाको घोषणा गर, सबै मानिसहरूका बीचमा उहाँका अचम्मका कामहरूको वर्णन गर (भजनसंग्रह ९६:१-३)।

► १ राजाहरू ८:४१-४३ लाई पढ्नुहोस्।

जब परमेश्वरको प्रशंसा गरिन्छ, जाति-जातिहरूलाई सुसमाचारको घोषणा गरिन्छ। मन्दिरको समर्पणमा, सोलोमनले प्रार्थना गरे कि विदेशीहरूले पनि मन्दिरमा आराधना गर्नेछन्; पृथ्वीका सबै मानिसहरूलाई परमप्रभुको नाउँ थाहा होस् भनी उनले प्रार्थना गरे। जब हामी आराधना गर्छौं, हामीलाई हेर्ने संसारलाई सुसमाचारको घोषणा गरिएको हुन्छ।

हाम्रो आराधनाको सङ्गीतले परमेश्वर र परमेश्वरको बारेमा बोल्नुपर्छ; हाम्रो आराधनाको सङ्गीतले मण्डलीसँग कुरा गर्नुपर्छ; हाम्रो आराधनाको सङ्गीतले संसारमा सुसमाचार घोषणा गर्नुपर्छ।

जब हामी यी श्रोताहरूमध्ये एकलाई बिर्सन्छौं, हाम्रो आराधनाले मण्डलीको लागि परमेश्वरको पूर्ण उद्देश्य प्राप्त गर्न असफल हुन्छ। जब हामी बिर्सन्छौं कि परमेश्वर आराधनाको प्रमुख श्रोता हुनुहुन्छ, तब हाम्रो आराधना मुख्य रूपमा परमेश्वरसँग बोल्न असफल हुन्छ। जब हामी बिर्सन्छौं कि मण्डली आराधनाको लागि दर्शक हो, हामी आराधनामा एकअर्कालाई सिकाउन र अर्ती दिन असफल हुन्छौं। जब हामी बिर्सन्छौं कि आराधनाले संसारलाई सुसमाचार घोषणा गर्नुपर्छ, हामी सुसमाचार प्रचार गर्न र महान् आज्ञा पूरा गर्न असफल हुन्छौं।

**जाँच**

तपाईंका गीतहरूमा के तपाईं परमेश्वर, मण्डली र अविश्वासीहरूसँग बोल्नुहुन्छ? प्रत्येक गीतले यी प्रत्येकसँग बोल्दैन; तर सेवाभरि, हामीले यी प्रत्येक श्रोतासँग बोल्नुपर्छ।

**यसलाई अभ्यास गर्नुहोस्**

आराधनामा सङ्गीत किन महत्त्वपूर्ण छ भनेर हामीले देखेका छौं। हामीले आराधनामा सङ्गीतको बाइबलीय सिद्धान्तहरू जाँचेका छौं। हामी आराधनामा सङ्गीतको व्यावहारिक विचारहरू हेरेर यो पाठ समाप्त गर्नेछौं। तपाईं यसलाई तपाईंको समुदाय र मण्डलीको परिवेशअनुसार मिलाएर लैजान सक्नुहुन्छ।

माथि सूचीबद्ध सिद्धान्तहरूको जवाफमा, एक विद्यार्थीले सोधे, "यदि आराधनाको सङ्गीतको शैलीहरू फरक छन् र यदि सङ्गीत शैलीहरू स्वाभाविक रूपमा राम्रो वा खराब छैनन् भने, त्यहाँ हाम्रो मण्डलीको लागि सङ्गीत छनोट गर्नलाई मद्दत गर्न सक्ने कुनै दिशानिर्देशनहरू छन्?"

हो, त्यहाँ व्यावहारिक दिशानिर्देशनहरू छन् जसले हामीलाई मद्दत गर्न सक्छ। तपाईंले तपाईंको विशेष परिस्थितिमा यी कसरी लागू गर्ने भनेर निर्धारण गर्नुपर्दछ, तर केही आधारभूत सिद्धान्तहरूले मण्डली सङ्गीतको बारेमा हाम्रा निर्णयहरूलाई मार्गदर्शन गर्नुपर्छ।

**मण्डलीको सबैभन्दा महत्त्वपूर्ण सङ्गीत सामूहिक गायन हो**

मण्डलीको सङ्गीतले मण्डलीको एकता र विश्वासीहरूको पूजाहारीपनलाई व्यक्त गर्ने भएकोले, हाम्रो सबैभन्दा महत्त्वपूर्ण सङ्गीत मण्डलीको गायन हो। जबकि गायकहरू, एकल, प्रशंसा टोली, वाद्यवाद्यन समूह र अन्य विशेष सङ्गीत मूल्यवान छन्, सामूहिक सङ्गीत ख्रीष्टियान आराधनामा सबैभन्दा महत्त्वपूर्ण सङ्गीत हो। सामूहिक गीत विकास गर्न हामीले चाल्न सक्ने केही व्यावहारिक कदमहरू छन्।

यार राख्नुहोस्:

१. **वाद्ययन्त्र अति विस्तृत वा चर्को हुनुहुँदैन कि यसले गायनबाट ध्यान हटाओस्।** नयाँ करारमा, गायन मण्डलीको प्राथमिक सङ्गीत हो। अर्गनिस्टहरू, पियानोवादकहरू, गितारवादकहरू र ड्रमहरू मण्डलीको प्राथमिक सङ्गीत होइनौं। मण्डलीलाई गाउन दिनुहोस्!

२. **कतिपय गीतहरू कुनै वाद्य यन्त्र बिना नै राम्रोसँग गाइन्छ।** प्रार्थनामा गाइने गीतहरू कहिलेकाहीं शान्त गायन र कुनै वाद्ययन्त्रहरू बिना राम्रोसँग व्यक्त गर्न सकिन्छ। यसले मण्डलीलाई पाठको सन्देशमा ध्यान केन्द्रित गर्न अनुमति दिन्छ।

३. **सङ्गीत यति गाह्रो वा नयाँ हुनु हुँदैन कि मण्डलीले यसमा भाग लिन नसकोस।** नयाँ गीतहरू राम्रा हुन्छन्, तर हामीले अरू नयाँ गीतहरू थप्नुअघि मण्डलीलाई नयाँ गीत राम्ररी सिक्न दिनु पर्छ। नयाँ गीतहरूको लगातारको भोजन यति हामीले सन्देशलाई अवशोषित गरि नसकेसम्म नयाँ गीतहरूको निरन्तर आहार भारी हुन्छ। एक राम्रो सामान्य समाधान चाहीँ परिचित गीतहरूलाई यथावत् राख्दै नयाँलाई थप्नु हो।

४. **पास्टरहरूले मण्डलीसँगै गाउनै पर्छ।** यदि सामूहिक गायन आराधना हो भने, तपाईंले आराधना गर्नुपर्छ। जब पास्टरले सामूहिक गीत गाउने क्रममा अन्य कामहरू गर्छन् भने, उसको कार्यले भन्छ, "आराधना सेवामा मेरो उपदेश मात्र महत्त्वपूर्ण कुरा हो।" पास्टरहरू मण्डलीको बाँकी भागको लागि आराधनाको एउटा नमुना बनिनुपर्छ।

## सङ्गीतले पाठको सेवा गर्नुपर्छ

आराधनाको सङ्गीतको उद्देश्य परमेश्वरको प्रशंसाको घोषणा गर्न, मण्डलीमा सत्य बोल्न र संसारलाई सुसमाचारको घोषणा गर्नको लागि हो, र पाठ सबैभन्दा महत्त्वपूर्ण तत्व हो। सङ्गीतको शैली जस्तोसुकै भए पनि, यदि सङ्गीतले पाठको सञ्चारमा बाधा पुऱ्याउँछ भने, हामीले भजन, गीत र आत्मिक गानमा एक अर्कालाई सम्बोधन गरिराखेका हुँदैनौं।

यसको मतलब वाद्यवाद्यन सङ्गीत महत्वहीन छ भन्ने होइन। उपकरणहरूले हामीलाई हाम्रो दिमाग, भावना र इच्छालाई आराधनामा केन्द्रित गर्न मद्दत गर्न सक्छ। आराधनामा वाद्यवाद्यन सङ्गीत बहुमूल्य हुन सक्छ, तर मण्डलीको गीतमा प्राथमिक ध्यान पाठ हुनुपर्छ।

### *अगुवाले मण्डलीलाई पाठको अर्थमा ध्यान केन्द्रित गर्नको लागि मद्दत गर्नुपर्छ।*

अगुवाहरूले आफूले नेतृत्व गर्ने तरिकाद्वारा पाठलाई अझ अर्थपूर्ण बनाउन सक्छन्। दुईवटा उदाहरणहरूले अगुवाले गीतको सन्देशलाई कसरी प्रभाव पार्छ भनेर देखाउनेछ।

सुजनले मण्डलीय गीतहरूको सन्देशबारे ध्यानपूर्वक विचार गर्दैनन्। गत हप्ता, सुजनले त्रिएकको बारेमा दुईवटा गीतहरू नेतृत्व गरे। पहिलो गीतका प्रत्येक पदहरू फरक-फरक विषयमा केन्द्रित छन्: पहिलो पद पिता प्रति प्रार्थना हो; दोस्रो पद पुत्र प्रति प्रार्थना हो; तेस्रो पद पवित्र आत्मा प्रति प्रार्थना हो; र चौथो पद त्रिएक प्रति प्रार्थना हो।

गीत गाउनुअघि, सुजनले भने, "हामी पद १, २, र ४ गाउनेछौं।"

तर तेस्रो पद छोड्नुमा समस्या के हो? यो गीत त्रिएकबारे हो; यदि एउटा पद छोडिन्छ भने सन्देश कमजोर हुन्छ।

दोस्रो गीतमा, प्रत्येक तीन पदहरू त्रिएकका विशिष्ट व्यक्तिहरू प्रति आराधना र स्तुति हुन्। सुजनले भने, "हामी दुई पदहरू गाउनेछौं।" फेरि पनि, सुजनले बिर्से कि त्रिएकप्रति गीतमा तीनै व्यक्तिहरू समावेश हुनुपर्छ। पाठलाई विचार नगरी भजनका पदहरू छोड्दा मण्डलीय आराधनामा बाधा आउँछ।

विकासलाई थाहा छ कि मण्डलीको गायन आराधनामा महत्त्वपूर्ण छ। आइतवार, उनले एउटा अपरिचित भजन नेतृत्व गरे। उनले यसरी सुरु गरे: "यो गीत हामीका लागि नयाँ हो। भजनसंग्रह १५० सुन्नुहोस्, जसमा यो भजन आधारित छ।" थोरै शब्दहरू प्रयोग गरेर, विकासले मण्डलीलाई नयाँ गीतको अर्थमा केन्द्रित गराए।

सेवाको पछि, विकासले परमेश्वरको राजा-स्वरूप महानताबारे वर्णन गर्ने गीत नेतृत्व गरे। गीत गाउनु अघि, विकासले १ तिमोथी १:१७ पढे: "युग-युगका राजा, अविनाशी र अदृश्य एकमात्र परमेश्वरलाई आदर र महिमा सदासर्वदा होस्। आमेन।" मण्डलीले धेरै पटक गाएको गीतलाई पवित्रशास्त्रले नयाँ दृष्टिकोण दियो, जसमा गीतको प्रेरणा निहित थियो। भजनलाई यसको बाइबलीय आधारसँग जोड्दा मण्डलीय आराधनामा प्रोत्साहन मिल्छ।

► तपाईंको भाषामा उपलब्ध भजन र स्तुतिगीतहरूको सङ्ग्रह हेर्नुहोस्। एउटा गीत र त्यसलाई प्रस्तुत गर्न उपयुक्त पवित्रशास्त्रको अंश छान्नुहोस्।

***यदि तपाईं प्रोजेक्टर प्रयोग गर्नुहुन्छ भने, प्रोजेक्टरको जिम्मेवार व्यक्ति आराधनाको नेतृत्वको एक भाग हो।***

स्क्रिनमा भएका शब्दहरूले आराधकहरूलाई पाठमा ध्यान केन्द्रित गर्न वा पाठबाट विचलित हुन मद्दत गर्न सक्छ। प्रोजेक्टरको मुख्य व्यक्ति आफ्नो नेतृत्वमा सावधान हुनुपर्छ। बच्नुपर्ने केही समस्याहरू यसप्रकार छन्:

- शब्दहरूको गलत वर्तनी गर्नु
- पाठलाई गलत रूपमा विरामचिन्ह लगाउनु
- गीतका हरफहरूलाई वाक्यांशको बीचमा होइन, वाक्यांशहरू बीचमा विभाजन गर्नु
- स्लाइडहरूलाई गलत क्रममा राख्नु
- सही समयमा स्लाइड नफेर्नु

यी सबै समस्याहरूले आराधनाबाट ध्यान भंग गर्छन्। जब गल्तीहरू हुन्छन्, मानिसहरू आराधनामा ध्यान केन्द्रित गर्नुभन्दा ती गल्तीहरूबारे सोचिरहेका हुन्छन्। स्क्रिनमा शब्दहरूको उपस्थितिले मण्डलीको गायनलाई असर पार्छ।

आराधनाको सङ्गीतमा, सङ्गीतले पाठको सेवा गर्नुपर्छ। यो सत्य भएको हुनाले, आराधनाका अगुवाहरूले मण्डलीलाई अर्थपूर्ण गीत गाउन मद्दत गर्नुपर्छ। यी मध्ये कुनै पनि कुराले आराधनालाई **सृष्टि** गर्दैन; आराधना हृदयदेखि हुन्छ। यद्यपि, विचलनहरूलाई हटाउँदा आराधकहरूलाई आराधनाको वास्तविक व्यक्ति, अर्थात् परमेश्वरमा ध्यान केन्द्रित गर्न प्रोत्साहन दिन्छ।

### सामूहिक गीतलाई सुधार गर्न व्यावहारिक कदमहरू

१. **गीतमा आराधना गर्नुको महत्त्वलाई सिकाउनुहोस्।** जसरी ख्रीष्टियानहरूलाई प्रार्थनाको महत्त्व र अन्य आत्मिक अनुशासनहरू सिकाउनु पर्छ, त्यसरी नै परमेश्वर, उनीहरूले कसरी गाएको चाहनुहुन्छ भनेर उनीहरूले सिक्नुपर्छ।

२. **यो निश्चित गर्नुहोस् कि मण्डलीलाई थाहा छ कि किन तिनीहरू गीत गाउँदैछन्।** यदि यो प्रार्थना हो भने, तिनीहरूलाई सम्झाउनुहोस्। यदि यो प्रतिबद्धताको गीत हो भने, त्यसलाई औंल्याउनुहोस्। यदि यसले प्रचार गरिएको सन्देशलाई प्रतिबिम्बित गर्दछ भने, त्यसलाई स्पष्ट पार्नुहोस्। यदि उनीहरूले गीत किन गाउँदैछन् भन्ने थाहा पाए भने मानिसहरूले थप उत्साहका साथ गाउनेछन्।

३. **प्रदर्शन गर्ने गीहरूभन्दा सामूहिक गीतहरूलाई नै चयन गर्नुहोस्।** सामूहिक गीतहरूमा गायनयोग्य र सम्झन लायकको धुनहरू हुन्छन्। यदि तपाईं सबै मानिसहरूले गाउएको चाहनुहुन्छ भने, विचार गर्नुहोस् कि, "के बालबालिकाहरूले घरमा यात्रा गर्दा यो गीत गाउन सक्छन्?"

४. **वाद्यवाद्यनको आवाज घटाउनुहोस्।** गितार, अर्गन, ड्रम, वा गायकहरूको आवाजले मण्डलीको आवाजलाई निसासिन नदिनुहोस्। कोठामा सबैभन्दा ठूलो आवाज मण्डलीको आवाज हुनुपर्छ।

५. **नयाँ गीतहरू र पुराना गीतहरू बीच सन्तुलन खोज्नुहोस्।**

६. **ख्रीष्टियान अनुभवको बृहत् दायरा प्रतिनिधित्व गर्ने गीतहरू प्रयोग गर्नुहोस्।** यदि सबै सङ्गीत अनन्दपूर्ण छ भने, तपाईं मण्डलीका पीडित सदस्यहरूको लागि बोलि राख्नु भएको छैन। भजनसंग्रह जस्तै, हाम्रा भजनहरूमा पनि सुखी ख्रीष्टियानहरू, दुःखी ख्रीष्टियानहरू, परिक्षित ख्रीष्टियानहरू, र पीडित ख्रीष्टियानहरूका लागि शब्दहरू हुनुपर्छ।

७. **आफूहरूले राम्रो गाउन नसकेको महसुस गरे तापनि, पास्टर र मण्डलीका अगुवाहरूले उत्साहित हुँदै भजन गाउनुपर्छ।** गाउँदै नगाउँनु भन्दा बेतालको गायन राम्रो हुन्छ। गाउने क्रममा प्रवचनको नोटहरू हेरिरहेका पास्टरले भनिरहेका हुन्छन्, "आराधनामा गाउनु धेरै महत्त्वपूर्ण छैन।"

८. **तिनीहरू सामूहिक आराधनामा प्राथमिक साधन हुन् भनेर मण्डलीलाई सम्झाउनुहोस्।** यदि मानिसहरूले उत्साहपूर्वक गाउन सकेनन् भने, सामूहिक सङ्गीतले आफ्नो उद्देश्य प्राप्त गर्न असफल हुन्छ। मण्डलीहरूलाई आराधनाको कार्यको रूपमा गाउनु उनीहरूको विशेषाधिकार र जिम्मेवारी हो भनेर सिकाउनु पर्छ।

## निष्कर्ष: ग्लोरियाको गवाही

के परमेश्वर आराधनाको सङ्गीत मार्फत बोल्नुहुन्छ? ताइवानका एकजना पास्टरको गवाही सुन्नुहोस्।

जब मेइ-लिङ हाम्रो मण्डलीमा आइन्, उनले कहिल्यै सुसमाचार सुनेकी थिइनन्। उनले प्रवचन खोजिरहेकी थिइनन्; उनलाई ख्रीष्टियान बन्ने इच्छा थिएन। मेइ-लिङले परमेश्वरलाई खोजिरहेका थिइनन्, तर परमेश्वरले मेइ-लिङलाई खोज्दै हुनुहुन्थ्यो!

मेइ-लिङ आफ्नो अङ्ग्रेजी भाषालाई सुधार गर्न हाम्रो मण्डलीमा आएकी थिइन्। हाम्रो मण्डलीले नि:शुल्क अङ्ग्रेजी कक्षाहरू दिने गरेको उनले सुनिन्, त्यसैले उनी अंग्रेजी भाषा सिक्न आएकी थिइन्। उनको पहिलो भ्रमणमा, मेइ-लिङ ढिलो आइपुगिन्। जसै उनी पवित्र स्थानमा आइपुगिन्, त्यतिखेर मण्डलीले भजनसंग्रह ४२:१ मा आधारित एउटा साधारण कोरस गाउँदै थियो, "जसरी हरिणले खोलाका पानीको तृष्णा गर्दछ, त्यसरी नै, हे परमेश्वर, मेरो प्राणले तपाईंको तृष्णा गर्दछ।"

एक वर्षपछि उनको बप्तिस्मामा, मेइ-लिङले यो गवाही दिइन्:

"म बस्दा तपाईंहरूले गाएको गीत बाहेक मलाई त्यो सेवाको बारेमा अरू केही याद छैन। गीत सुनेपछि म रुन थालें। ३० वर्षदेखि, मृग पानीको लागि तिर्खाएझैं म परमेश्वरको लागि तिर्खाइरहेको छु, तर मलाई केको तिर्खा लागेको थियो मलाई थाहा थिएन। मैले शिक्षालाई चाखें; मैले पैसा कमाउने कुरालाई चाखें; मैले मनोरञ्जन प्राप्त गर्ने कुरालाई चाखें; मैले सबै कुरा चाखें-र म अझै पनि खाली थिए। मैले अङ्ग्रेजी भाषा सिक्ने निर्णय गरें, त्यसैले म तपाईंको मण्डलीमा आएँ।

"अङ्ग्रेजी भाषाको सट्टा, मलाई चाहिएको पानी मैले भेट्टाएँ। जसै म सेवामा बसेँ, परमेश्वरले मेरो मनको चाहना पूरा गर्नुहुन्छ भन्ने बुझेर म रोएँ। उहाँ नै वास्तविक आनन्ददाता हुनुहुन्छ। त्यो दिन, मैले मेरो हृदय परमेश्वरलाई दिने संकल्प गरें। आज उहाँ मेरो आँखाको नानी हुनुहुन्छ।"

## समीक्षामा पाठ ६

(१) हाम्रो आराधनामा सङ्गीत महत्त्वपूर्ण छ

- किनभने बाइबलअनुसार आराधनामा सङ्गीत महत्त्वपूर्ण थियो।
- किनभने यसले विश्वासीको पूजाहारीपनको ईश्वरशास्त्रीय सिद्धान्तलाई व्यक्त गर्दछ।
- किनभने यसले मण्डलीको एकताको ईश्वरशास्त्रीय सिद्धान्तलाई व्यक्त गर्दछ।

(२) सङ्गीतले

- दिमागसँग कुरा गर्छ, त्यसैले हामीले गाउने सन्देश सत्य हुनुपर्छ।
- हृदयसँग कुरा गर्छ र भावनालाई छुन्छ।
- शरीरसँग कुरा गर्छ र संसारका अपवित्र अभ्यासहरूलाई अनुसरण गर्नु हुँदैन।
- चाहानासँग कुरा गर्छ र प्रतिक्रियाको लागि आह्वान गर्दछ।
- सम्पूर्ण व्यक्तित्वसँग कुरा गर्छ। यसले सत्य सिकाउँछ भने यसलाई मूल्यवान बनाउँछ र जब यसले झूट सिकाउँछ भने यसले खतरनाक बनाउँछ।

(३) आराधनाको सङ्गीतको लागि पवित्रशास्त्रीय सिद्धान्तहरूले निम्न कुराहरूलाई समावेश गर्दछ:

- आराधनाको सङ्गीतको पाठले स्पष्टरूपमा सत्यलाई व्यक्त गर्नुपर्छ।
- आराधनाको सङ्गीतको शैली फरक हुन सक्छ। *पावलले भजन, स्तुतिगान र आत्मिक गीतहरूलाई जनाउँछन्। प्रारम्भिक कालदेखि नै, मण्डलीले विभिन्न प्रकारका गीत गाउँथ्यो।*
- हरेक शैली हरेक परिस्थितिको लागि उपयुक्त हुँदैन। *हामीले सोध्नु पर्छ, "मेरो सांस्कृतिक सन्दर्भमा, के यो सङ्गीतको शैलीले परमेश्वरको महिमा गर्छ?"*

(४) सङ्गीतले तीन खाले श्रोताहरूसँग बोल्नुपर्छ:

- सङ्गीतले परमेश्वरको प्रशंसाको घोषणा गर्नुपर्छ।
- सङ्गीतले मण्डलीलाई सत्यको घोषणा गर्नुपर्छ।
- सङ्गीतले संसारमा सुसमाचार घोषणा गर्नुपर्छ।

(५) मण्डलीको सङ्गीतको लागि निम्न सिद्धान्तहरू समावेश छन्:

- मण्डलीको सबैभन्दा महत्त्वपूर्ण सङ्गीत सामूहिक गायन हो।
- सङ्गीतले पाठको सेवा गर्नुपर्छ।

## पाठ ६ क्रियाकलाप

(१) आराधनाको लागि उपलब्ध सङ्गीतको विविधताको मूल्याङ्कन गर्न, निम्न शीर्षकहरू मध्ये प्रत्येकलाई सम्बोधन गर्ने ४ वा सो भन्दा बढी गीतहरूको सूची बनाउनुहोस्। तपाईंको सूचीलाई त्यतिखेर प्रयोग गरिनेछ जब तपाईंले पछिल्लो पाठमा आराधना सेवाको लागि योजना बनाउनुहुनेछ। दिमाग, हृदय र इच्छालाई बोल्ने गीतहरू खोज्नुहोस्।

- परमेश्वरको स्वभावमा आधारित ४ गीतहरू
- येशु र उहाँको मृत्यु र पुनरुत्थानमा आधारित ४ गीतहरू
- पवित्र आत्मा र मण्डलीमा आधारित ४ गीतहरू
- ४ गीतहरू जसले परमेश्वरका मानिसहरूलाई समर्पित, पवित्र जीवनको लागि आह्वान गर्दछन्
- सुसमाचार र मिसनको लागि ४ गीतहरू

यदि तपाईं समूहमा अध्ययन गर्दै हुनुहुन्छ भने, तपाईंको सूची अरूलाई पनि बाँड्नुहोस् र त्यसपछि छलफल गर्नुहोस् कि, "हामीले विगत एक वर्षमा यीमध्ये कतिवटा गीतहरू गाएका छौं? के हामीले आफ्नो गायनमा सम्पूर्ण सुसमाचारलाई प्रचार गर्दैछौं?"

(२) अर्को पाठको सुरुमा, तपाईंले यस पाठमा आधारित परीक्षा दिनुहुनेछ। तयारी गर्दा खेरी परीक्षाका प्रश्नहरूलाई सावधानीपूर्वक अध्ययन गर्नुहोस्।

## पाठ ६ परीक्षा

(१) बाइबलबाट तीनवटा गीतहरूको सूची बनाउनुहोस्।

(२) हाम्रो आराधनाको सङ्गीतमा प्रदर्शन गरिनुपर्ने दुई ईश्वरशास्त्रीय सिद्धान्तहरूलाई सूचीबद्ध गर्नुहोस्।।

(३) आराधनामा सङ्गीतको चार व्यावहारिक कारणहरूलाई सूचीबद्ध गर्नुहोस्।

(४) आराधनाको लागि सङ्गीत छनोटमा मार्गदर्शन गर्ने चार सिद्धान्तहरूलाई सूचीबद्ध गर्नुहोस्।

(५) पावलले कलस्सी ३:१६ मा कुन तीन प्रकारका गीतहरूलाई सूचीबद्ध गरेका छन्?

(६) हाम्रो आराधनाको सङ्गीतको निर्णायक जाँच के हो?

(७) बाइबलका गीतहरूमा आधारित सङ्गीतले विभिन्न श्रोताहरूसँग बोल्ने तीन तरिकाहरूलाई सूचीबद्ध गर्नुहोस्।

(८) कलस्सी ३:१६ ले आराधनाको सङ्गीतको उद्देश्यबारे के सिकाउँछ?

(९) आफूले कण्ठ गरेको कलस्सी ३:१५-१७ लेख्नुहोस्।

# पाठ 7
# आराधनामा पवित्रशास्त्र र प्रार्थना

## पाठका उद्देश्यहरू

यस पाठको अन्त्यसम्ममा, विद्यार्थीले सक्षम हुनुपर्छ:

(१) आराधनामा पवित्रशास्त्रको महत्त्वलाई कदर गर्नु।

(२) आराधनामा पवित्रशास्त्रको प्रयोगका व्यावहारिक चरणहरूलाई जान्नु।

(३) वचन प्रचारलाई आराधनाको एउटा भागको रूपमा मान्यता दिनु।

(४) आराधनामा प्रार्थनाको महत्त्वलाई मूल्य दिनु।

(५) अर्थपूर्ण सामूहिक प्रार्थनामा मण्डलीको नेतृत्व गर्नु।

(६) भेटी उठाउनु आराधनाको एउटा कार्य हो भन्ने बुझ्नु।

(७) प्रभु-भोजलाई आनन्दपूर्ण उत्सव र गम्भिर सम्झना दुवैको रूपमा अवलोकन गर्नु।

## पाठको तयारी

मत्ती ६*:५-८ लाई कण्ठ गर्नुहोस्।*

## परिचय

कखग मण्डली यसको आराधना समयको लागि राम्रोसँग परिचित छ। उनीहरूको सेवाहरूले निम्न ढाँचाहरूलाई पछयाउँछन्:

| मण्डली सेवाको क्रम | |
|---|---|
| परिचय र सूचनाहरू | |
| आराधनाको समय (प्रशंसाका गीतहरू) | ३० मिनेट |
| भेटी/विशेष सङ्गीत/प्रार्थना | १५ मिनेट |
| वचन | ३० मिनेट |
| आराधनाको समय (प्रशंसाका गीतहरू) | १५ मिनेट |

मानिसहरूले कखग मण्डलीमा सङ्गीत मन पराउँछन्। आगन्तुकहरू धैरै जोसिलो सेवाको प्रशंसा गर्छन्। तर, पास्टर अनिल आफ्नो सेवकाइको दीर्घकालीन नतिजालाई लिएर चिन्तित भएका छन्। नयाँ विश्वासीहरू चाँडै अन्य मण्डलीहरूमा जान्छन्। अझ नराम्रो कुरा त, लामो समयसम्म

उपस्थित हुनेहरूको सर्वेक्षणले पत्ता लगायो कि मण्डलीले "येशु ख्रीष्टका पक्का चेलाहरू उत्पादन गरिरहेको छैन। सङ्ख्या त वृद्धि भएको छ; चेलाहरू चाहिँ छैन।"[51]

पास्टर अनिल विश्वास गर्छन् कि समस्याको पाटो भनेको मण्डलीको आराधना प्रतिको बुझाइ हो। कखग मण्डलीमा, आराधना भनेको सङ्गीत हो। पास्टर अनिलले सोध्न थालेका छन्, "के साँचो आराधनामा सङ्गीतभन्दा बढी अरू केही समावेश हुन्छ? के हामी परमेश्वरको वचन र प्रार्थनालाई आराधनाबाट अलग गर्दैछौं? के यसले वचन प्रचारको प्रभावलाई कम गर्छ?"

► कृपया पास्टर अनिलको चिन्ताको जवाफ दिनुहोस्। के आराधना र प्रचारमा फरक छ? कखग मण्डलीले आराधना सेवाका सबै भागहरूलाई आराधकहरूको विचारमा कसरी जोड्न सक्छ?

## आराधनामा पवित्रशास्त्रको महत्त्व

हामी इभान्जेलिकलहरू हाम्रा सिद्धान्तहरू र आराधनाहरू पवित्रशास्त्रबा निर्देशित छन् भनेर सिकाउँछौं। हामी विश्वास गर्छौं कि बाइबलले हाम्रो आराधनामा केन्द्रीय स्थान राख्नुपर्छ। परमेश्वरले उहाँका मानिसहरूसँग वचनको पढाइमा बोल्नुहुन्छ। पुरानो करारको समयदेखि, पवित्रशास्त्रलाई आराधनामा केन्द्रित गरिएको छ।

दुःखको कुरा, हामी बाइबल हाम्रो आराधनाको मूल हो भनी भन्दछौं, तर धेरै मण्डलीहरूले तिनीहरूको सेवामा थोरै मात्र पवित्रशास्त्रको भागलाई समावेश गर्दछन्। केही मण्डलीहरूमा सेवामा उपस्थित हुन र पवित्रशास्त्रका थोरै पदहरू मात्र सुन्न सम्भव छ। यो आराधनाको बाइबलीय उदाहरणबाट टाढा छ।

### बाइबलीय आराधनामा वचन पढ्नु महत्त्वपूर्ण थियो

► प्रस्थान २४:१-१२ पढ्नुहोस्।

प्रस्थान २४:७ मा, मोशाले करारको पुस्तक लिए, र मानिसहरूको सुनुवाइमा पढे। मानिसहरूले परमेश्वरका आज्ञाहरू पालन गर्ने प्रतिज्ञा गरे: "परमप्रभुले भन्नुभएका सबै कुरा हामी गर्नेछौं र आज्ञाकारी हुनेछौं।" यसपछि, परमेश्वरले ढुङ्गाका पाटीहरूमा करार (दश आज्ञाहरू) को सारांश लेख्नुभयो। इस्राएल त्यो पुस्तकका मानिसहरू थिए। लिखित करार इस्राएलको आराधनाको केन्द्रबिन्दु थियो।

पवित्र-वासस्थान र मन्दिरमा परमेश्वरको वचन मुख्य थियो। यहूदी वर्षमा वार्षिक चाडहरू सबैभन्दा महत्त्वपूर्ण घटनाहरू थिए। निस्तार चाडमा, अगौटे फलको चाड र छाप्रो-वासको चाड चाडमा परमेश्वरको वचनका अङ्गहरू सार्वजनिक रूपमा पढिन्थ्यो। प्रत्येक सात वर्षमा, मानिसहरू व्यवस्था पढेको सुन्न भेला हुन्थे, र करारलाई नवीकरण गरिन्थ्यो।[52]

नयाँ करारमा, पावलले ख्रीष्टियानहरूलाई सार्वजनिक रूपमा पवित्रशास्त्र पढ्न आज्ञा दिए। यसमा पुरानो करार, पावलका पत्रहरू, र पवित्रशास्त्रको रूपमा वर्गीकृत अन्य लेखहरू समावेश थिए।[53] उनले एक जवान सेवकलाई पवित्रशास्त्रको सार्वजनिक पाठ, उपदेश र शिक्षामा आफूलाई समर्पित गर्न निर्देशन दिए (१ तिमोथी ४:१३)। नयाँ करारको आराधनामा परमेश्वरको वचन मुख्य थियो।

---

[51] यो अमेरिकाको सबैभन्दा ठूलो मण्डलीहरूमध्ये एउटाले गरेको सर्वेक्षणबाट उद्धृत गरिएको हो। तिनीहरूले फेला पारे कि तिनीहरूका बहुसङ्ख्यक नयाँ विश्वासीहरू कहिल्यै साँचो चेला बन्न सकेनन्।

[52] Timothy J. Ralston, "Scripture in Worship" in *Authentic Worship*. Edited by Herbert Bateman. (Grand Rapids: Kregel, 2002), 201

[53] 1 तिमोथी 4:13, 1 थेसलोनिकी 5:27, कलस्सी 4:16, 2 पत्रुस 3:16

### बाइबलीय आराधनामा वचन प्रचार गर्नु महत्त्वपूर्ण थियो

► नहेम्याह ८:१-१८ लाई पढ्नुहोस्।

निर्वासनबाट फर्केपछि, एज्राले मानिसहरूको लागि व्यवस्था पढेर सुनाए। एज्राले पुरुष र स्त्रीहरू र बुझ्न सक्नेहरूको उपस्थितिमा व्यवस्था पढ्दा मानिसहरू सुन्न भेला भए। र सबै मानिसहरूका कान व्यवस्थाको पुस्तकबाट सुन्नमा चनाखो थियो (नहेम्याह ८:३)। जवाफमा, मानिसहरूले "आमेन" भने र आराधनामा घोप्टो परे। एज्रा र तिनका सहायकरूले पढ्दै गर्दा, तिनीहरूले पवित्रशास्त्रको व्याख्या गरे र सुन्नेहरूलाई पढेको कुरा बुझ्न प्रेरित गरे। यो परमेश्वरको वचनलाई प्रचार गर्ने, व्याख्या गर्ने र मानिसहरूका आवश्यकताहरूमा लागू गर्ने बाइबलीय उदाहरण हो। साँचो बाइबलीय प्रचारले वचनको प्रतिक्रिया स्वरूप आराधनालाई प्रेरित गर्छ।

येशु आफ्नो आदतअनुसार शबाथको दिन सभाघरमा जानुभयो र यशैयाको पुस्तकबाट पढ्नुभयो। जब उहाँले पढिसक्नुभयो, येशुले एउटा वचन प्रचार गर्नुभयो जसमा उहाँले देखाउनुभयो कि उहाँ यशैयाको प्रतिज्ञा पूरा गर्न आउनुभएको थियो (लूका ४:१६-२९)।

पेन्तिकोसको समयमा आफ्नो प्रचारमा, पत्रुसले पुरानो करारका प्रतिज्ञाहरू येशुको सेवकाइमा र पवित्र आत्माको आगमनमा पूरा भएको देखाए। उनले पश्चात्ताप गर्न र बप्तिस्मा लिने निमन्त्रणाको साथ पवित्रशास्त्रको व्याख्या समाप्त गरे (प्रेरित २:१४-४१)। बाइबलीय प्रचारले उनलाई सुन्नेहरूबाट प्रत्युतर माग्यो। प्रचारले दिमागसँग बोल्छ, तर यसले हृदयसँग पनि बोल्नुपर्छ। प्रचारले इच्छाबाट प्रतिक्रियाको लागि आह्वान गर्नुपर्छ। जब येशुले इम्माउसको बाटोमा पवित्रशास्त्रको अर्थ खोल्नु भयो, उहाँलाई सुन्नेहरूको हृदय तिनीहरूभित्र प्रज्वलित भयो (लूका २४:३२)।

> **बाइबलीय प्रचारमा**
>
> "साँचो बाइबलीय व्याख्याको आशिष् एक प्रज्वलित हृदय हो, फुलेको टाउको होइन।"
>
> - वारेन वियर्सबि

सुरुका मण्डलीहरूको विस्तारमा प्रचार गर्नु महत्त्वपूर्ण थियो। प्रेरितमा, परमेश्वरको वचन २० पटक भन्दा बढी उल्लेख गरिएको छ। प्रेरितहरूले प्रभुको वचन प्रचार गरे; तिनीहरूले साहसका साथ परमेश्वरको वचन बोलेका थिए। तिनीहरूले परमेश्वरको वचन सिकाए। जवाफमा, धेरै मानिसहरूले परमेश्वरको वचन प्राप्त गरे; परमेश्वरको वचन बढ्यो र वृद्धि भयो; परमेश्वरको वचन प्रबल भयो; अनि अन्यजातिहरूले प्रभुको वचनको महिमा गरे। परमेश्वरको वचन प्रेरितहरूको सन्देशको जग थियो।

जबकि प्रचार भनेको पवित्रशास्त्रले बोल्ने एक मात्र माध्यम होइन, यो परमेश्वरका मानिसहरूलाई परमेश्वरको वचन पुऱ्याउनको लागि प्राथमिक माध्यम हो। यो उद्देश्य पूरा गर्नको लागि, एक पास्टरले कहिल्यै बिर्सनु हुँदैन कि परमेश्वरको वचन केन्द्रमा हुनुपर्छ। बाइबलीय प्रचार परमेश्वरको वचनबाट सुरु हुनुपर्दछ, परमेश्वरको वचनको व्याख्या गर्नुपर्दछ, र परमेश्वरको वचनमा व्यक्तिगत प्रतिक्रियाको लागि आह्वान गर्नुपर्छ।

### मण्डलीको इतिहासमा वचन प्रचार गर्नु महत्त्वपूर्ण थियो

मण्डलीको सुरुको शताब्दीहरूमा वचन प्रचार आराधनाको केन्द्रबिन्दु थियो। दोस्रो शताब्दीमा, जस्टिन मार्टरले लेखे कि ख्रीष्टियानहरू आइतवारको दिनमा पत्रहरू र भविष्यवक्ताहरूको पुस्तक पढ्न र तिनीहरूलाई व्याख्या गरिएको सुन्न भेला हुन्थे। तेस्रो शताब्दीसम्ममा, आराधनाको समयमा बाइबलको प्रत्येक प्रमुख खण्डको सानो अंशहरू पढिन्थ्यो।

मध्य युगको दौरान, क्याथोलिक मण्डलीले प्रचारको भूमिकालाई कम गऱ्यो, तर धर्मसुधारकहरूले आराधनाको केन्द्रीय स्थानमा प्रचारलाई फर्काए। सुधारिएको प्रचारको लक्ष्य मनोरञ्जन, प्रचारकको व्यक्तिगत एजेन्डा वा समाजका सांस्कृतिक मागहरू थिएन। प्रचारको लक्ष्य परमेश्वरको वचनको सावधानीपूर्वक व्याख्या गर्नु थियो; सुन्नेहरूलाई प्रभाव पार्ने र जीवन परिवर्तन गर्ने प्रतिक्रियाको लागि आह्वान गर्ने तरिकामा पवित्रशास्त्रको व्याख्या गर्नु थियो।

## आराधनामा पवित्रशास्त्रलाई मुख्य बनाउनु

यदि परमेश्वरको वचन हाम्रो आराधनामा मुख्य हुनुपर्छ भने, हामीले यो सिद्धान्तलाई कसरी व्यवहारमा उतार्ने? हाम्रो आराधनामा पवित्रशास्त्रलाई मुख्य बनाउनको लागि व्यावहारिक कदमहरू निम्न प्रकारले समावेश छन्:

### आराधनाको सबै भागहरूमा पवित्रशास्त्र समावेश हुनुपर्छ

आराधनामा पवित्रशास्त्र सुन्नको लागि हामीले वचनको समयसम्म पर्खनु हुँदैन। परमेश्वरको वचनबाट आराधना सुरु गर्नुभन्दा राम्रो अरू कुनै तरिका छैन।

आराधनाको लागि दुई खाले सुरुवातलाई विचार गर्नुहोस्। परमेश्वरको उपस्थितिमा आउनको लागि कुन चाहिँ प्रभावकारी निमन्त्रणा हो?

१. "आज मण्डलीमा आउनु भएकोमा धन्यवाद। वर्षाले तपाईंहरूमध्ये केहीलाई यात्रा गर्न गाह्रो बनायो, तर तपाईं आउनु भएकोमा म खुसी छु। आफ्नो ध्यान परमेश्वर र आराधनामा केन्द्रित गरौं। जसै हामी गाउँछौँ 'पवित्र, पवित्र, पवित्र भनेर के तपाईंहरू खडा हुन सक्नुहुन्छ?"

२. "'जब तिनीहरूले मलाई भने, ‘‘परमप्रभुको भवनमा हामी जाऔं,’’ तब म आनन्दित भएँ' परमेश्वरको भवनमा स्वागत छ! मन्दिरमा, यशैयाले परमप्रभुलाई उच्च र माथि अग्लिएको देखे। तिनले स्वर्गदूतहरूलाई 'सेनाहरूका परमप्रभु 'सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।' जसै हामी 'पवित्र, पवित्र, पवित्र' भन्दै गाउँछौँ हामीसँग प्रशंसामा सामेल हुनुहोस्।"

पहिलो अगुवाले हामीलाई यात्राको कठिनाइहरूको सम्झना गराए; दोस्रो अगुवाले हामीलाई आराधनाको आनन्दको सम्झना गराए। पहिलो अगुवाले सामान्य शब्दहरूबाट सुरु गरे; दोस्रो अगुवाले परमेश्वरको वचनबाट सुरु गरे। पहिलो अगुवाले एउटा साधारण भजन गाए; दोस्रो अगुवाले हामीलाई सम्झाए कि स्वर्गदूतहरूले परमेश्वरको प्रशंसामा यो भजन गाउँछन्। कुन मण्डलीले बढी उत्साहका साथ गाउनेछ?

संयुक्त राज्य अमेरिकामा सेप्टेम्बर ११, २००१ आतंककारी हमलाहरू पछि, मण्डलीहरू आइतवार तिनीहरूका मण्डलीहरूमा सामान्य रूपमा आराधना गर्न भेला भए। यी दुई मण्डलीहरूबाट आराधना सेवाहरूको संचालनको तुलना गर्नुहोस्:

१. "आज हामीसँग सामेल हुनुभएकोमा धन्यवाद। यो हाम्रो देशको लागि एक दुखद हप्ता भएको छ। हामीमध्ये धेरैलाई शोक भएको छ। यो अँध्यारो समयमा पनि आराधना गर्न आउनु भएकोमा धन्यवाद। हामी 'पुरानो कठोर क्रूस' भन्ने गीतलाई गाएर सुरु गर्नेछौं।"

२. "'परमेश्वर हाम्रा शरणस्थान र शक्ति हुनुहुन्छ, सङ्कष्टमा सधैँ हाजिर रहने सहायता।' यी कठिन समयहरूमा, हामीले उहाँ हाम्रो आशा हुनुहुन्छ भनेर बिर्सनु हुँदैन। उहाँ हाम्रो शरणस्थान हुनुहुन्छ। 'एउटा शक्तिशाली किल्ला हाम्रो परमेश्वर हुनुहुन्छ, एउटा पर्खाल **कहिल्यै** नढल्नु हुने' भनेर सम्झेर गाउँदै गर्दा हामीसँगै सामेल हुनुहोस्।"

सुरुको अगुवाले मण्डलीलाई उनीहरूको शोकको सम्झना गराए; दोस्रो अगुवाले उनीहरूलाई सम्झाए कि परमेश्वर उनीहरूको आशा हुनुहुन्छ। पवित्रशास्त्र र त्यस पवित्रशास्त्रमा आधारित भजनले मानिसहरूको विश्वासको जाँच भइरहेको बेला एक हप्तामा बलियो जग प्रदान गऱ्यो।

आराधना सेवाको धेरै भागहरूमा पवित्रशास्त्र प्रयोग गर्न सकिन्छ:

- सेवा सुरु गर्दाखेरि बोलिने सुरुका वचनहरू
- भेटीको लागि आह्वान
- सङ्गीतका शब्दहरू
- प्रार्थना

हाम्रो आराधना परमेश्वरको वचनबाट तृप्त हुनुपर्छ। आराधना भनेको परमेश्वरले उहाँको वचनमा आफूलाई प्रकट गर्नुभएको एउटा प्रतिक्रिया हो। पवित्रशास्त्रले आराधना सेवाका सबै भागहरूलाई निहित गर्नुपर्छ।

### पवित्रशास्त्रको पढाइले आराधनामा केन्द्रीय स्थान प्राप्त गर्नुपर्छ

के तपाईंले कहिल्यै पास्टरले यसो भनेको सुन्नु भएको छ, "आज हामीसँग समयको कमी छ र मसँग लामो प्रवचन छ, त्यसैले म वचनको पाठ पढ्न छोड्नेछु?" कुन बढी महत्त्वपूर्ण छ, परमेश्वरको वचन वा हाम्रा शब्दहरू? हामीले आराधनामा पवित्रशास्त्रलाई समय दिनु पर्छ।

पवित्रशास्त्र पढ्नु आराधना हो, हामीले यसलाई कसरी पढ्ने भन्नेमा ध्यान दिनुपर्छ। यसलाई शुद्धसँग र प्रस्टसँग पढ्नुपर्छ। पाठकले (चाहे पास्टर होस् वा सामान्य व्यक्ति) सेवा अघि अभ्यास गर्नुपर्छ। मण्डलीको पहिलो तीन शताब्दीमा, पवित्रशास्त्रको पाठकको स्थानलाई पवित्र ढङ्गले सुम्पिएको थियो। पाठकहरूले आफूले तोकेका किताबहरू घरमै राखेर पढ्ने अभ्यास गर्थे। जब तिनीहरू आराधनामा पढ्थे, तिनीहरू शुद्धसँग र प्रस्टसँग व्यक्त गरेर पढ्न तयार हुन्थे।[54]

याद गर्नुहोस्, यो परमेश्वरको वचन हो जुन परमेश्वरको घरमा परमेश्वरका मानिसहरूको लागि आराधनाको रूपमा पढिन्थो। यदि आराधनाको सङ्गीत अभ्यासको योग्य छ भने, परमेश्वरको वचन पनि अभ्यासको योग्य छ। यो हाम्रो क्षमतामा गर्व गर्ने कुरा होइन; यो सुनिश्चित गर्ने कुरा हो कि परमेश्वरको वचन श्रोताहरूलाई सुनाइन्छ। यो परमेश्वरको वचन हो; यो महत्त्वपूर्ण छ!

हामीले वचन पाठलाई अर्थपूर्ण बनाउनुपर्छ। विभिन्न प्रकारका पाठहरू प्रयोग गर्नाले सुन्नेहरूको कानमा पवित्रशास्त्र ताजा रहनेछ।

**(१) मण्डलीले परमेश्वरले बोल्नु भएको कुरा सुन्ने हुँदा कहिलेकाहीँ अगुवाद्वारा पवित्रशास्त्र पढ्न सकिन्छ।** यस प्रकारको पढाइ पंचपुस्तक र धेरैजसो भविष्यसूचक पुस्तकहरूको लागि उपयुक्त छ।

**(२) कहिलेकाहीँ अगुवा र मण्डलीले आलो पालो गर्दै पढ्न सक्छन्।** यस प्रकारको उत्तरदायी पाठका लागि धेरै भजनसंग्रहहरू उपयुक्त छन्।

► भजनसंग्रह १३६ पढ्नुहोस्। कक्षाको अगुवालाई प्रत्येक पद सुरु गर्न लगाउनुहोस्। कक्षाले प्रत्येक पदको दोस्रो भागमा प्रतिक्रिया स्वरूप भन्नुपर्छ, "उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ।"

डाँडाको उपदेश अनुक्रियात्मक रूपले पाठ गर्नको लागि उपयुक्त छ (मत्ती ५:१-१०):

*अगुवा*: धन्य आत्मामा दीन हुनेहरू,
*मण्डली*: किनभने स्वर्गको राज्य तिनीहरूको हो।
*अगुवा*: धन्य शोक गर्नेहरू,
*मण्डली*: किनभने तिनीहरूले सान्त्वना पाउनेछन्।

**(३) केही पवित्रशास्त्रहरू मण्डलीले एकैसाथ पढ्न सक्छन्।** सामूहिक गीत जस्तै, शरीरको रूपमा पवित्रशास्त्र पढ्दा मण्डलीको एकता देखाउँछ। सबै मण्डलीहरू परमेश्वरको वचन बोल्नमा सामेल हुन्छन्। भजनसंग्रह १२४ जस्ता प्रार्थनाहरू एकरूपमा पढ्नका लागि उपयुक्त छन्।

एज्राको व्यवस्था पढाइसम्बन्धी नहेम्याहको विवरणले आराधनामा पवित्रशास्त्र मुख्य भाग हुँदाखेरिको प्रभावलाई देखाउँछ।

► यदि तपाईंलाई यो तथ्यमा समीक्षा गर्न आवश्यक छ भने नहेम्याह ८ फेरि पढ्नुहोस्।

---

[54] Keith Drury, *The Wonder of Worship*, (Fishers, IN: Wesleyan Publishing House, 2002), 35

पढाइको विवरणलाई ध्यान दिनुहोस्।

- एज्राले सबै मानिसहरूको सामुन्ने पुस्तक खोले। त्यहाँ शब्दसँग दृश्य सम्बन्धित थियो।
- उनी सबै मानिसहरू भन्दा माथि उभिए। पाठकलाई स्पष्ट देख्न र सुन्न सकिन्थ्यो।
- जब उनले पढ्न थाले, सबै मानिसहरू उठे। त्यहाँ वचनको लागि शारीरिक प्रतिक्रिया थियो।
- जब उनले पढे, सबै मानिसहरूले जवाफमा भने, "आमिन, आमिन," आफ्ना हात उठाए, र तिनीहरूले आफ्ना शिर निहुर्‍याए, र भुइँमा घोप्टो परेर परमप्रभुलाई आराधना गरे। तिनीहरूले परमेश्वरको वचनप्रति आफ्नो समर्पणता प्रकट गरे।
- लेवीहरूले परमेश्वरको व्यवस्थालाई स्पष्ट रूपमा पढे, र अर्थ खुलाए, ताकि मानिसहरूले पढेको बुझे। तिनीहरूले परमेश्वरको वचन बुझ्न ध्यान दिए। यो आजको प्रचारको लक्ष्य हो।
- मानिसहरू रोए, जब तिनीहरूले व्यवस्थाका वचनहरू सुने। नहेम्याहले तिनीहरूलाई आनन्दित हुन आज्ञा दिए, "किनभने परमप्रभुको आनन्द नै तिमीहरूको बल हो।" परमेश्वरको वचनले पश्चात्ताप र आनन्द दुवैलाई प्रेरित गर्‍यो।

यद्यपि यस विशेष अवसरको हरेक विवरण हाम्रा सेवाहरूमा दोहोरिने छैन; यस तथ्यले पवित्रशास्त्रको शक्तिलाई देखाउँछ। हामीले हाम्रो आराधनामा पवित्रशास्त्रलाई केन्द्रमा राख्नुपर्छ।

**जाँच**

के तपाईंको मण्डलीले आराधनामा बाइबल पढाइको महत्त्व बुझ्छ? पवित्रशास्त्र पढ्दा मण्डलीको वरिपरि हेर्दा तपाईंले देख्नुहुने केही व्यवहार र प्रतिक्रियाहरू वर्णन गर्नुहोस्।

औसत शनिवार, तपाईंको मण्डलीले कतिवटा फरक-फरक पवित्रशास्त्रका पदहरू सुन्छ? के आराधकहरूलाई थाहा छ यसमा किन प्रत्येक खण्ड समावेश गरिएको छ?

**वचन प्रचार हाम्रो आराधनाको मुख्य केन्द्रबिन्दु हुनुपर्छ**

जसरी हरेक पुस्तामा सङ्गीतका शैलीहरू परिवर्तन हुन्छन्, प्रत्येक पुस्ताका आवश्यकताहरू पूरा गर्न प्रचारको शैलीहरू पनि परिवर्तन हुन्छन्। पवित्रशास्त्रले एउटा *खास* सङ्गीत शैलीलाई आराधना सङ्गीतको लागि बाइबलीय शैलीको रूपमा परिभाषित गर्दैन; पवित्रशास्त्रले एउटा *खास* प्रचार विधिलाई बाइबलीय प्रचार शैलीको रूपमा परिभाषित गर्दैन।

शैली पुस्तादेखि पुस्ता र संस्कृतिबाट संस्कृतिमा परिवर्तन हुन सक्छ; विषयवस्तु परिवर्तन हुनु हुँदैन। पवित्रशास्त्रले सङ्गीत शैली परिभाषित गर्दैन, तर यसले विषयवस्तुलाई परिभाषित गर्दछ। त्यसै गरी, प्रचार शैलीहरू पुस्तादेखि पुस्तामा परिवर्तन हुन सक्छ, तर विषयवस्तु परिवर्तन हुनु हुँदैन।

पवित्रशास्त्रमा भएका प्रवचनहरूले परमेश्वरको वचनको घोषणा गर्नु मण्डलीको अगाडि उभिने प्रचारकको प्राथमिक जिम्मेवारी हो भनी देखाउँछ। परमेश्वरको वचनमा एकाग्र हुने कुरा समकालीन प्रचारमा केन्द्रविन्दुमा हुनुपर्छ। प्रविधि र सिक्ने शैलीहरूमा भइरहने परिवर्तनले गर्दा प्रचार गर्ने शैलीलाई असर गर्न सक्छ; वचन प्रचारमा विषयवस्तुले जरा गाडिराखेको हुनुपर्छ।

**आराधनाको रूपमा प्रचार: व्यावहारिक प्रभावहरू**

प्रचारलाई आराधनाको रूपमा हेर्नुको व्यावहारिक प्रभावहरू के-के हुन्? यसले प्रचार गर्ने हाम्रो दृष्टिकोणलाई कसरी असर गर्छ?

> "यदि प्रचार गर्नु आराधनाको कार्य होइन भने, मण्डलीले परमेश्वरको आराधना गर्नुको सट्टा प्रचारकको आराधना गर्न सक्छ।"
>
> - वारेन वियर्सबि

***वचन प्रचारलाई होसियारीपूर्ण तयारी चाहिन्छ।***

यदि प्रचार गर्नु आराधना हो भने, हामी जिम्मेवार छौँ सावधानीपूर्वक तयारी गर्न। हामीले हाम्रा उत्कृष्ट उपहारहरू परमेश्वरको वेदीमा ल्याउनै पर्छ। दाऊदले आफू मोल तिर्नु नपरेको कुरा ल्याएनन्; हामीले परमेश्वरको अघि हाम्रो उपहारको रूपमा तयारबेगरको प्रवचनहरू ल्याउनु हुँदैन। हामीले सेवा गर्नु अघि हाम्रो उपदेश सावधानीपूर्वक तयार गर्नुपर्छ (२ शमूएल २४:२४)।

> "प्रचार, यदि आराधना होइन भने, अपवित्र छ ...। साँचो प्रवचन भनेको परमेश्वरको कार्य हो, र केवल मानिसले गरेको प्रदर्शन होइन।"
>
> - जे.आइ. प्याकरबाट साभार गरिएको

***वचन प्रचारमा मण्डलीले प्रतिक्रिया जनाउन आवश्यक छ।***

यदि वचन प्रचार गर्नु आराधना हो भने, यसलाई मण्डलीबाट प्रतिक्रिया चाहिन्छ। आराधनामा हामी परमेश्वरलाई देख्छौं, हामी आफैलाई देख्छौं, र हामी हाम्रो संसारको आवश्यकताहरू देख्छौं (यशैया ६:१-८; पाठ १ हेर्नुहोस्)। हाम्रा प्रवचनहरूले सुन्नेलाई परमेश्वर प्रकट गर्नुपर्छ, हाम्रा प्रवचनहरूले सुन्नेलाई आवश्यकताको निश्चयता ठहराउनुपर्छ, र हाम्रा प्रवचनहरूले मण्डलीलाई हराएको संसारमा पुग्न प्रेरित गर्नुपर्छ। आराधनाको रूपमा प्रचार गर्नाले पापीहरूलाई आफू दोषी भएको महसुस गराउनेछ र विश्वासीहरूलाई सुसमाचार प्रचार गर्न प्रेरित गर्नेछ।

***वचन प्रचारमा प्रचारकले प्रतिक्रिया जनाउन आवश्यक छ।***

यदि प्रचार गर्नु आराधना हो भने, हामीले प्रचार गर्न हामीबाट प्रतिक्रिया चाहिन्छ भनेर बुझ्नेछौं। यदि हामी बलिदानको आराधनाको रूपमा प्रचार गर्न तयार छौं भने, हामी परमेश्वरलाई देख्नेछौं; हामी हाम्रो आफ्नै जीवनमा आवश्यक क्षेत्रहरूको निश्चयतालाई महसुस गर्नेछौं; र हामी हाम्रो वरपरको संसारको आवश्यकताहरूलाई देख्नेछौं। प्रतिक्रिया स्वरूप, हामी यशैयासँगै कराउनेछौं, "म हाजिर छु। मलाई पठाउनुहोस्।" साँचो प्रचारले प्रचारकलाई परिवर्तन गर्नेछ। परमेश्वरले हामीसँग व्यक्तिगत रूपमा बोल्नुभएन र हामीले स्वीकार नगरेसम्म हामीले हाम्रो मण्डलीहरूमा परमेश्वरको सन्देश ल्याउनु हुँदैन।

येशुले आफ्नो समयका शास्त्रीहरूलाई (प्रचारकहरू) खराब प्रचारहरूको लागि हप्काउनुभएन; तिनीहरूले प्रचार गरेअनुसार जीवन बाँच्न असफल भएकोमा उहाँले तिनीहरूलाई हप्काउनुभयो। उनीहरूलाई पवित्रशास्त्र र वचनको व्याख्या कसरी गर्ने भन्ने थाहा थियो, तर तिनीहरू पवित्रशास्त्रद्वारा परिवर्तन भएनन्। येशुले भन्नुभयो, "किनकि तिनीहरूले शिक्षा त दिन्छन्, तर त्यसअनुसार गर्दैनन्" (मत्ती २३:३)। यदि प्रचार गर्नु आराधना हो भने, हामी पास्टरको रूपमा हामीले प्रचार गर्ने सत्यताहरूद्वारा परिवर्तन हुनेछौं। बदलामा, हामीले प्रचार गर्ने मानिसहरूको हृदय र जीवन परिवर्तन गर्न परमेश्वरले हामी मार्फत बोल्नुहुनेछ।

***प्रचारक पवित्र आत्माको शक्तिद्वारा भरिएको हुनुपर्छ।***

यदि प्रचार गर्नु आराधना हो भने, प्रचारक पवित्र आत्माद्वारा बलियो बनाइनुपर्छ। जसरी आराधनाका अन्य सबै क्षेत्रहरूमा साँचो शक्तिको लागि पवित्र आत्मामा भर पर्छन्, त्यसरी नै एक प्रचारक प्रभावकारी हुनको लागि परमेश्वरको आत्माद्वारा अभिषेक हुनुपर्छ।

► २ कोरिन्थी ३:३-१८ लाई पढ्नुहोस्।

हामी प्रवचनको लागि तयारीको हाम्रो उत्तम बलिदान ल्याउँछौं; तापनि, हाम्रो तयारी पूरा भएपछि, प्रचार गर्ने शक्ति पवित्र आत्माद्वारा आउँछ। पवित्र आत्माको शक्ति बिना, हामी अरूको सोचाइमा बोल्न सक्छौं, हामी मण्डलीलाई प्रभावित पार्न सक्छौं, र हामीसँग राम्रो विषयवस्तु हुनसक्छ, तर हामीले जीवन परिवर्तन गर्ने छैनौं।

**जाँच**

के तपाईंको प्रचार बाइबलीय आराधनाको एउटा कार्य हो? यदि एउटा व्यक्तिले तपाईंको नियमित रूपमा प्रचार सुन्छ भने, के तिनीहरूले सन्तुलित बाइबलीय सत्यलाई सुन्नेछन्?

### आराधनाका खतराहरू: परमेश्वरको वचन गुम्नु

धेरै नाममात्र ख्रीष्टियानीहरूको दैनिक जीवनमा बाइबलले आफ्नो स्थान गुमाएको छ। दुःखको कुरा, यसले धेरै मण्डलीहरूको साप्ताहिक आराधनामा पनि आफ्नो स्थान गुमाएको छ। जहाँ सुरुका मण्डलीले भजन गाउँथे, आज केही मण्डलीहरूले थोरै वा कुनै बाइबलीय विषयवस्तु बिना गीतहरू गाउँछन्। जहाँ सुरुका मण्डलीले पवित्रशास्त्रका लामो खण्डहरू पढ्थे, आज केही मण्डलीहरूले प्रवचन अघि केही पदहरू मात्र पढ्छन्। धेरै सेवाहरूमा, पवित्रशास्त्रलाई गीत र उपदेशले प्रतिस्थापन गरिएको छ जसले गर्दा परमेश्वरको वचनमा थोरै ध्यान पुगिराखेको हुन्छ।

समकालीन आराधना अभियानका केही अगुवाहरूले पवित्रशास्त्रको सार्वजनिक पाठ अबका आधुनिक आवश्यकताहरूसँग बोल्दैन भनेर जोड दिन्छन्। एक प्रसिद्ध पास्टरले भखरै आफ्नो मण्डलीका कर्मचारीहरूलाई आफ्नो प्रचारको मूल्याङ्कन गर्न आग्रह गरे। तिनीहरूले उनलाई धेरै बाइबल प्रयोग गरिरहेको बताए! "बाइबलमा आफ्नो उपदेशलाई आधार बनाउनु तपाईंको लागि राम्रो हो, तर तपाईंले चाँडै सान्दर्भिक कुरामा पुग्नु राम्रो हुन्छ, नत्रता हामी सुन्न छोड्छौं।" यस मण्डलीका कर्मचारीहरूले बाइबल आजका मानिसहरूका लागि सान्दर्भिक छ भनेर सोचेका थिएनन्!

आराधनाका अगुवाहरूको रूपमा, हामीले आराधनामा पवित्रशास्त्रको केन्द्रीयता कायम राख्नुपर्छ। आराधनामा, हामी प्रार्थना र प्रशंसाका गीतहरू मार्फत परमेश्वरसँग कुरा गर्छौं। आराधनामा, हामी वचनको पाठ र घोषणाद्वारा परमेश्वरले हामीसँग बोल्नु भएको सुन्छौं। हाम्रो आराधनाको शैली जस्तोसुकै भए तापनि, हामीले आराधनामा परमेश्वरको वचनको केन्द्रीयतालाई कहिल्यै गुमाउनु हुँदैन।

► नहेम्याह ८ को समीक्षा गर्नुहोस्। व्यवस्थाको पाठमा मानिसहरूले राखेको मूल्य देखाउने प्रत्येक वाक्यांशको सूची बनाउनुहोस्। यसलाई तपाईंको आजको आराधनामा पवित्रशास्त्रको पढाइसँग तुलना गर्नुहोस्। तपाईंको आराधनामा पवित्रशास्त्रको प्रभाव बढाउन सक्ने एउटा व्यावहारिक कदमबारे छलफल गर्नुहोस्।

### आराधनामा प्रार्थनाको महत्त्व

सुनिता[55] एक प्रतिबद्ध ख्रीष्टियान हुन्। उनी स्कुलमा हुँदा पनि हरेक बिहान परमेश्वरसँग एक्लै समय बिताउँथिन्। बिहानको खाजा अघि, उनले बाइबल र प्रार्थनामा समय बिताइन्।

तर अहिले उनी चार सन्तानकी आमा भइसकेकी हुनाले, प्रार्थना गर्न र बाइबल पढ्न धेरै गाह्रो भइरहेको छ। एउटा बच्चा शिशु अवस्थामा छ र रातमा सुनितालाई जगाउँछ। सुनिताले केटाकेटीहरू ब्यूँझनुअघि बिहान ओछ्यानबाट उठ्नका लागि प्रायः सङ्घर्ष गर्ने गरेको पाउँछिन्। रातको समयमा, प्रार्थना र बाइबलमा ध्यान केन्द्रित गर्नलाई तिनी धेरै थकित हुन्छन्।

[55] सुनिताको कथा Keith Drury बाट लिइएको हो, *The Wonder of Worship* (Fishers, IN: Wesleyan Publishing House, 2002), 17।

शनिवार आइपुग्दा सुनिता धेरै खुसी हुन्छिन्। प्रत्येक शनितवार, उनले आराधनाको क्रममा आत्मिक प्रोत्साहन पाउँछिन्, तर हप्ताभर उनी निरुत्साहित हुन्छिन्। उनको भक्तिको जीवन पूर्ण रूपमा असफल भएको उनी महसुस गर्छिन्।

► कृपया सुनितालाई उनको भक्तिपूर्ण जीवनको लागि व्यावहारिक सल्लाह दिनुहोस्।

हामीले यो पाठलाई आराधनामा पवित्रशास्त्रको अध्ययनको महत्त्वबाट सुरु गऱ्यौं। हामी आराधनामा प्रार्थनाको महत्त्व बारेमा अध्ययन जारी राख्नेछौं। पवित्रशास्त्रमा, परमेश्वर हामीसँग बोल्नुहुन्छ; प्रार्थनामा, हामी परमेश्वरलाई जवाफ दिन्छौं। पवित्रशास्त्र र प्रार्थनाले हाम्रो आराधनाको प्रत्येक अङ्गलाई पूर्णरूपमा भरिनुपर्छ।

### बाइबलीय आराधनामा सार्वजनिक र व्यक्तिगत प्रार्थना

हामीले देखेका छौं कि भजनसंग्रहको पुस्तक यहूदी आराधनाको लागि भजन पुस्तक थियो। यो यहूदी आराधनाको लागि "प्रार्थना पुस्तक" पनि थियो। भजनसंग्रहरूमा सार्वजनिक आराधना र व्यक्तिगत प्रार्थनाको लागि प्रार्थनाहरू समावेश गरिएको छ। यहूदी आराधनाको लागि सार्वजनिक र व्यक्तिगत दुवै प्रार्थना महत्त्वपूर्ण थियो।

घरमा बस्दा, इमानदार यहूदीहरूले दिनमा तीन पटक प्रार्थना गर्थे (दानिएल ६:१०)।[56] धेरै भजनसंग्रहरू व्यक्तिगत प्रार्थनाहरू हुन्। यी प्रार्थनामा **हामी** को सट्टा **म** प्रयोग गरेर पहिचान गर्न सकिन्छ। व्यक्तिगत प्रार्थनाको लागि भजनसंग्रहरूको उदाहरणहरू निम्न रूपमा समावेश छन्:

- भजनसंग्रह १८ – धन्यवादको गीत
- भजनसंग्रह ३२ – क्षमा पाएकोमा आनन्दको प्रार्थना[57]
- भजनसंग्रह ३८ – पश्चात्तापको प्रार्थना
- भजनसंग्रह ४१ – दयाको लागि प्रार्थना
- भजनसंग्रह ५१ – पश्चात्तापको प्रार्थना
- भजनसंग्रह ८८ – दुखको समयमा गरिएको एक विलाप
- भजनसंग्रह ११६ – परमेश्वरको हेरचाहको लागि धन्यवादको गीत

मन्दिरमा, यहूदी आराधकहरू सार्वजनिक प्रार्थनामा एकसाथ सामेल भए। मन्दिरको समर्पणमा, सोलोमनले मानिसहरूमा परमेश्वरको अनुग्रह आउनको लागि राष्ट्रिय प्रार्थनाको नेतृत्व गरे (२ इतिहास ६)। यशैयाले यहूदामा परमेश्वरको सन्देश ल्याए; "मेरो भवन सबै जातिहरूका निम्ति प्रार्थनाको घर भनिनेछ" (यशैया ५६:७)। निर्वासन पछि, सभाघरको आराधना व्यवस्थाको पढाइ र प्रार्थनामा केन्द्रित थियो। सभाघरमा सेवा प्रार्थनाको एक श्रृंखलाबाट सुरु भयो।

सुरुको मण्डलीमा हिब्रू प्रार्थनाको ढाँचा जारी थियो। प्रथम शताब्दीका ख्रीष्टियानले घरमा दिनमा तीन पटक प्रार्थना गर्थे। जब ख्रीष्टियानहरू आराधनाको लागि भेला भए, तिनीहरूले एउटै शरीरको रूपमा प्रार्थना गरे। प्रभुको प्रार्थना प्रत्येक आराधना सेवाको भाग थियो। प्रत्येक आराधना सेवामा अन्य प्रार्थनाहरू चढाइन्थ्यो।

[56] दानिएलको अभ्यास इमानदार यहूदीहरूमाझ सामान्य थियो।

[57] यो भजनसंग्रह सम्भवतः भजनसंग्रह 51 मा दाऊदको पश्चात्ताप पछि तुरुन्तै रचना गरिएको थियो।

### आजको आराधनामा प्रार्थना

यदि प्रार्थना बाइबलीय आराधनामा महत्त्वपूर्ण थियो भने, प्रार्थना आज हाम्रो आराधनामा पनि महत्त्वपूर्ण हुनुपर्छ। सार्वजनिक र व्यक्तिगत प्रार्थना दुवै महत्त्वपूर्ण छ।

> "धेरै ख्रीष्टियानहरू व्यक्तिगत भक्ति गर्नुभन्दा त्यसमा विश्वास मात्र गर्छन्।"
>
> किथ ड्ररी

**व्यक्तिगत प्रार्थना** ले हामीलाई दाखसँग जोड्छ र हाम्रो आत्मिक जीवनको लागि पोषण प्रदान गर्दछ। व्यक्तिगत प्रार्थनाको कमीले धेरै मण्डलीहरूमा आत्मिक शक्तिको कमीलाई व्याख्या गर्न सक्छ। यदि येशुलाई आफ्नो पृथ्वीको सेवकाइको दौरान व्यक्तिगत प्रार्थनाको समय चाहिन्थो भने, हामी कति बढी आत्मिक पोषण र सेवामा शक्तिको लागि प्रार्थनामा निर्भर छौं।

**सार्वजनिक प्रार्थना** आराधनाको महत्त्वपूर्ण भाग हो। केही मण्डलीहरूले प्रार्थनामा थोरै ध्यान दिन्छन्। एक जना पास्टरले आफ्नो मण्डलीमा सार्वजनिक प्रार्थनाको कमीलाई यसो भन्दै बचाउ गरे, "आँखा बन्द हुँदा तपाईंले मानिसहरूको चासो राख्न सक्नुहुन्न।"[58] उनी विश्वास गर्थे कि आफूलाई सुन्नेहरूलाई खुसी पार्नु परमेश्वरलाई खुसी पार्नु भन्दा महत्त्वपूर्ण छ।

सामूहिक प्रार्थनाले ख्रीष्टियान जीवन मेरो र परमेश्वरसँगको मात्र मेरो सम्बन्ध हो भन्ने गलत धारणालाई सच्याउछ; हामी शरीरका अङ्ग हौं। जब हामी प्रार्थनाका अनुरोधहरू सुन्छौं र सामूहिक प्रार्थनामा सामेल हुन्छौं, हामी सँगी ख्रीष्टियानको रोग, भावनात्मक चोटहरू र जीवनका परिस्थितिहरूबारे सचेत हुन्छौं। सामूहिक प्रार्थनाले हामीलाई मण्डलीका सदस्यहरू एउटै शरीर हुन् भनी सम्झाउँछ। सामूहिक प्रार्थनाले हामीलाई सम्झाउँछ कि परमेश्वरले मण्डलीलाई शरीरको रूपमा हेरचाह गर्नुहुन्छ।

जसरी आराधना सेवामा पवित्रशास्त्रको प्रयोग गरिनुपर्छ, त्यसरी नै आराधना सेवामा प्रार्थना पनि चढाइराख्नु पर्छ। सेवामा परमेश्वरको उपस्थितिलाई स्वागत गर्ने सुरुको प्रार्थनाबाट, मानिसहरूका आवश्यकताहरूको लागि प्रार्थनाको विशेष समयसम्म, सदस्यहरू संसारमा सेवा गर्न छुट्टिदा आशीर्वादको समापन प्रार्थनासम्म, प्रार्थनाले हाम्रो आराधनामा ध्यान केन्द्रित गर्नुपर्छ।

## आराधनामा प्रार्थनालाई केन्द्रविन्दु बनाउनु

हामीले प्रार्थनालाई सार्वजनिक आराधनाको अझ अर्थपूर्ण भाग बनाउन सक्ने केही व्यावहारिक तरिकाहरू के-के हुन्? यहाँ छ वटा व्यावहारिक सुझावहरू छन्।

### आफ्नो व्यक्तिगत प्रार्थनाको जीवनलाई मलजल गर्नुहोस्

> "ख्रीष्टियान जीवनको मुख्य तत्व भनेको हाम्रो व्यक्तिगत अस्तित्वको केन्द्रको रूपमा परमेश्वरको आराधना र बढ़ाइको दैनिक अनुभव हो।"
>
> डेनिस किन्ल

पहिले आफूले आराधना नगरेसम्म कोही पनि अरूलाई आराधनामा अगुवाइ गर्न तयार भएको हुँदैन। कोही पनि सार्वजनिक प्रार्थनाको अगुवाइ गर्न तयार हुँदैन जबसम्म उसले पहिले आफूले व्यक्तिगत रूपमा प्रार्थना गरेको हुँदैन। हामीले व्यक्तिगत प्रार्थनाको जीवन विकास गरेपछि मात्र हामी सार्वजनिक प्रार्थनामा अगुवाइ गर्न सुसज्जित हुन्छौं। एउटा आराधना अगुवाको रूपमा, दैनिक व्यक्तिगत प्रार्थनाको अनुशासनमा आफैलाई प्रतिबद्ध गर्नुहोस्।

[58] Keith Drury मा उद्धृत गरिएको, *The Wonder of Worship* (Fishers, IN: Wesleyan Publishing House, 2002), 28।

### कसरी प्रार्थना गर्ने सिक्नुहोस्

येशुका चेलाहरूले भने, "हामीलाई पनि प्रार्थना गर्न सिकाउनुहोस्" (लूका ११:१)। जवाफमा, येशुले 'प्रभुको प्रार्थना' भनेर चिनिने नमुना प्रार्थना गर्न सिकाउनुभयो। प्रार्थना गर्न सिक्न सकिन्छ।

केही हदसम्म, प्रार्थना गर्ने कुरा परमेश्वरका प्रत्येक छोराछोरीको लागि स्वाभाविक हो; तथापि, प्रार्थना गर्न सिक्न सकिन्छ। एउटा सानो बच्चाले बोल्ने कक्षा नलिइकन कुरा गर्न सिक्छ। यद्यपि, बच्चा बढ्दै जाँदा, तिनीहरूले भाषा, शब्दावली, र शिष्ट बोलीको बारेमा थप जान्दछन्। त्यसै गरी, एउटा जवान ख्रीष्टियान स्वाभाविक रूपमा परमेश्वरसँग कुरा गर्न चाहन्छ, तर हामी विश्वासमा परिपक्व हुँदैजाँदा, प्रार्थना प्रतिको हाम्रो समझ र मूल्याङ्कन गहिरिएर गएको हुन्छ।

प्रार्थनाको बारेमा लेखिएका पुस्तकहरूले प्रार्थना प्रतिको तपाईंको बुझाइलाई गहिरो बनाउन सक्छ। प्रार्थनाको बारेमा लेखिएका पुस्तकहरू जसले हरेक ख्रीष्टियानलाई फाइदा पुऱ्याउन सक्छ:

- E.M. Bounds द्वारा लिखित *Power Through Prayer*
- Andrew Murray द्वारा लिखित *With Christ in the School of Prayer*
- Wesley Duewel द्वारा लिखित *Mighty Prevailing Prayer*

### पवित्रशास्त्रका वचनहरूद्वारा प्रार्थना गर्नुहोस्

पवित्रशास्त्रमा भन्दा प्रार्थना सिक्नको लागि कुनै राम्रो ठाउँ छैन। प्रार्थनाको पहिलो विद्यालय बाइबल हो। भजनसंग्रह र अन्य बाइबलीय प्रार्थनाहरूले हामीलाई प्रभावकारी रूपमा प्रार्थना गर्न सिकाउँछन्। मण्डली इतिहासमा, महान् ख्रीष्टियानहरूले आफ्नो प्रार्थना पवित्रशास्त्रले भरेका छन्। बाइबलका केही महान् प्रार्थनाहरू निम्नानुसार समावेश छन्:

- ***आराधनाको प्रार्थना।*** प्रस्थान १५:१-१८, १ शमूएल २:१-१०, १ इतिहास २९:११-२०, लूका १:४६-५५, लूका १:६८-७९, १ तिमोथी ६:१५-१६, र प्रकाश ४:८-५:१४।

- ***पाप स्वीकारको प्रार्थना।*** एज्रा ९:५-१५, भजनसंग्रह ५१, र दानिएल ९:४-१९।

- ***अन्तरबिन्तीको प्रार्थना।*** उत्पत्ति १८:२३-३३, प्रस्थान ३२:११-१४, एफिसी १:१५-२३, र फिलिप्पी १:९-११।

### परमेश्वरसँग सञ्चार गर्नमा केन्द्रित हुनुहोस्

धेरै पटक, हाम्रो प्रार्थनाले परमेश्वरलाई अनुरोध मात्र गर्दछ। केही मानिसहरूले परमेश्वरलाई अनुरोधहरूको सूची नै दिन्छन्, अघिल्लो दिनको अनुरोधहरूको जवाफ दिनुभएकोमा उहाँलाई धन्यवाद दिन्छन्, र त्यसपछि "आमेन" भन्छन्। साँचो प्रार्थना अनुरोधहरूको सूची भन्दा बढी हुनुपर्छ; प्रार्थना भनेको परमेश्वरसँग सञ्चार गर्नु हो।

प्रभुको प्रार्थनाले प्रार्थना गर्नको लागि एउटा नमुना प्रदान गर्दछ (मत्ती ६:९-१३)। प्रभुको प्रार्थनामा यी कुराहरू समावेश थिए:

- **आराधना:** "हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस्।"
- **समर्पण**: "तपाईंको राज्य आओस्। तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्।"
- **निवेदन:** "हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्।"

- **पाप स्वीकार:** "हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं।"
- **मार्गनिर्देशनको लागि प्रार्थना:** "हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् किनभने राज्य,"
- **प्रशंसा**: "पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्, आमेन।"

धेरै ख्रीष्टियानले चार-भागको ढाँचा पछ्याउँछन् जसमा येशुले सिकाउनु भएको नमुना प्रार्थनामा प्रत्येक भाग समावेश छ: बढ़ाइ, पाप स्वीकार, धन्यवाद र बिन्ती।

***बढ़ाइ***

प्रार्थनामा आराधना र प्रशंसालाई कहिल्यै हटाउनु हुँदैन। प्रशंसाको साथ सुरु गरेर, हामी सुनिश्चित गर्छौं कि हाम्रो प्रार्थना सहायता पाउँनको लागि अनुरोध गरिएको सूची भन्दा बढी हो। भजनसंग्रहले प्रार्थनाको लागि नमुना प्रदान गर्दछ जुन प्रशंसामा आधारित छ। विलापका भजनसंग्रहहरूमा पनि प्रशंसा समावेश छ। यदि प्रार्थना साँचो आराधना हो भने, यसमा परमेश्वरको बढ़ाइ समावेश हुनेछ।

***पाप स्वीकार***

यशैया ६ ले देखाउँछ कि जब हामी परमेश्वरलाई देख्छौं (बढ़ाइ), हामी आफैलाई देख्नेछौं। जब हामी आफैलाई परमेश्वरको पूर्ण शुद्धताको प्रकाशमा देख्छौं, हामी पाप स्वीकारको आवश्यकता बुझ्छौं। कुनै पनि ख्रीष्टियान, जतिसुकै परिपक्व भए पनि, परमेश्वरसँगको उसको यात्रा जतिसुकै गहिरो भए पनि, ऊ त्यो ठाउँमा पुग्नु हुँदैन जहाँ उसले भन्छ, "मलाई पाप स्वीकार गर्न आवश्यक छैन। मेरो सिद्धतामा कुनै शङ्का छैन।" येशुले आफ्ना चेलाहरूलाई भन्नुभयो, "तिमीहरूले प्रार्थना गर्दा यसो भन... हाम्रा पाप हामीलाई क्षमा गरिदिनुहोस्, किनकि हामी पनि हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई क्षमा गर्दछौं" (लूका ११:४)। साँचो आराधनामा पापको स्वीकारोक्ति समावेश हुन्छ।

***धन्यवाद***

बढ़ाइ गर्दा उहाँ को हुनुहुन्छ भनेर परमेश्वरको प्रशंसा गरिन्छ; धन्यवाद दिने कार्यले हाम्रो संसारमा उहाँले के गरिरहनुभएको छ भनेर त्यसको लागि परमेश्वरको प्रशंसा गर्दछ। धन्यवाद दिने कार्यले हरेक असल दान र हरेक सिद्ध वरदान माथिबाट आएको हो भनी मान्यता दिन्छ (याकूब १:१७)। धन्यवाद दिने कार्यमा, उहाँले हाम्रो जीवनमा के गर्नुभएको छ भनेर हामी परमेश्वरलाई धन्यवाद दिन्छौं। १० कुष्ठरोगीको कथाले धन्यवाद दिनुको महत्त्वलाई देखाउँछ (लूका १७:१२-१९)।

***बिन्ती***

प्रभुको प्रार्थनामा, येशुले देखाउनु भयो कि परमेश्वरले आफ्ना छोराछोरीहरूको बिन्तीको कदर गर्नुहुन्छ। परमेश्वर पृथ्वीको शासकजस्तो हुनुहुन्न जो एक साधारण नागरिकको आवश्यकता पूरा गर्न पनि दिक्क मानेर व्यस्त हुन्छ। यसको सट्टामा, आफ्ना छोराछोरीहरूलाई असल वरदानहरू दिनुहुने परमेश्वर सिद्ध पिता हुनुहुन्छ। प्रभुको प्रार्थनामा, हामीलाई सामान्य आवश्यकताहरू ("हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्") र आत्मिक मार्गदर्शनको लागि ("हामीलाई परीक्षामा पर्न नदिनुहोस्") प्रार्थना गर्न प्रोत्साहित गरिन्छ।

प्रभुको प्रार्थनामा, हामीले अनुरोध गर्दा हाम्रो इच्छा परमेश्वरलाई समर्पण गर्न सिक्छौं। भरोसा गर्ने छोराछोरीहरूको रूपमा, हामी उहाँको इच्छा सिद्ध छ भनेर सिक्छौं। उहाँको "हुन्न" भन्ने जवाफ हाम्रो भलाइको लागि हो। प्रार्थना हाम्रो इच्छा पूरा गर्न परमेश्वरलाई जबरजस्ती गर्नको लागि गरिने चमत्कारी औजार होइन। प्रार्थना एक आत्मिक अनुशासन हो जसले हामीलाई परमेश्वरको इच्छामा आनन्दपूर्ण समर्पणतामा ल्याउँछ।

**आफ्नो प्राथमिकताहरूलाई परमेश्वरको प्राथमिकताहरूसँग मिलाउनुहोस्।**

प्रार्थनाले प्रायः हाम्रो लागि सबैभन्दा महत्त्वपूर्ण कुरा देखाउँछ। हाम्रो सबैभन्दा साँचो हृदयको प्रार्थना हुनको लागि, शारीरिक आवश्यकता वा आत्मिक आवश्यकताहरू कुन कुराले प्रेरित गर्छ?

थेसलोनिकीका ख्रीष्टियानहरूका लागि आफ्नो प्रार्थनामा पावलले भने, "यस हेतुले हामी तिमीहरू सबैका निम्ति निरन्तर प्रार्थना पनि गर्छौं, कि हाम्रा परमेश्वरले तिमीहरूलाई आफ्नो बोलावटको योग्य बनाऊन्, र हरेक असल उद्देश्य र विश्वासको कामलाई उहाँको शक्तिद्वारा पूर्ण गरिदेऊन्, ताकि हाम्रा परमेश्वर र प्रभु येशू ख्रीष्टको अनुग्रहअनुसार हाम्रा प्रभु येशूको नाउँ तिमीहरूमा महिमित होस्, र तिमीहरू उहाँमा" (२ थेसलोनिकी १:११-१२)। पावलको सबैभन्दा ठूलो चासो परमेश्वरले उनीहरूको जीवनमा आफ्नो उद्देश्य पूरा गर्नुहुन्छ भन्ने कुरामा थियो। यी ख्रीष्टियनहरूलाई सताइएको थियो, तर पावलको प्रार्थना परमेश्वरसँग तिनीहरूलाई दुःखबाट बचाउनको लागि थिएन। बरु, उनले प्रार्थना गरे कि तिनीहरूमा प्रभु येशुको नाउँ महिमित होस्।

जसरी हाम्रा बिन्तीहरूले हाम्रा प्राथमिकताहरू देखाउँदछन्, त्यसरी नै हाम्रो धन्यवाद दिने कार्यले हाम्रा प्राथमिकताहरू देखाउँदछन्। यदि हाम्रो धेरैजसो धन्यवाद भौतिक आशिष्हरूको लागि मात्र हो भने, भौतिक आशिष्हरूको नै हामीले सबैभन्दा महत्त्वपूर्ण मानेका हुन सक्छौं। यदि हाम्रो धेरैजसो धन्यवाद दिने कार्य हाम्रो आत्मिक जीवनमा परमेश्वरको सहायताको लागि हो भने, हाम्रो लागि आत्मिक वृद्धि भनेको सबैभन्दा महत्त्वपूर्ण कुरा हो।

थेसलोनिकीहरूका निम्ति आफ्नो प्रार्थनामा, पावलले परमेश्वरलाई धन्यवाद दिए किनभने तिनीहरूको विश्वास प्रशस्त मात्रामा बढिरहेको थियो, र तिनीहरूको एकअर्काप्रतिको प्रेम बढ्दै गइरहेको थियो (२ थेसलोनिकी १:३)। उनले दिएका सबैभन्दा ठूलो धन्यवादको प्रार्थना क्षणिक आशिष्हरूको लागि थिएन; उनको सबैभन्दा ठूलो धन्यवादको प्रार्थना तिनीहरूको आत्मिक वृद्धिको लागि थियो। तपाईंले धन्यवादको प्रार्थना गर्नको लागि सबैभन्दा ठूलो कारण, आर्थिक आशिष् हो या तपाईंको जीवनमा भएको आत्मिक वृद्धि हो?

**परमेश्वरसँग कुरा गर्नुहोस्, मण्डलीसँग होइन**

पवित्रशास्त्र मार्फत, परमेश्वरले मण्डलीसँग बोल्नुहुन्छ। प्रार्थनामा, मण्डलीले परमेश्वरसँग बोल्छ। सार्वजनिक प्रार्थनाको समय त्यो अवसर होइन जहाँ अगुवाले (प्रार्थना मार्फत)विश्वासीहरूलाई आफ्नो कुरा बताउँछ! प्रार्थनामा परमेश्वरसँग बोलिन्छ।

येशुले आफ्ना चेलाहरूलाई साँचो आराधनाको भावमा प्रार्थना गर्ने तरिका बताउनुभयो:

> जब तिमी प्रार्थना गर्दछौ तब ढोंगीहरूजस्ता नहोओ, किनकि तिनीहरू सभाघरहरूमा र सड़कहरूका कुनामा मानिसहरूले देखून् भनी खड़ा भएर प्रार्थना गर्न मन गर्दछन्। साँच्चै, म तिमीहरूलाई भन्दछु, तिनीहरूले आफ्नो इनाम पाइसकेका छन्। तर तिमी जब प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ। र प्रार्थना गर्दा अन्यजातिहरूजस्ता व्यर्थै नबरबराओ। किनभने धेरै शब्दमा बोल्दा तिनीहरूको सुनाइ हुन्छ भन्ने तिनीहरू विचार गर्दछन्। यसकारण तिनीहरूजस्ता नहोओ। किनभने तिमीहरूले उहाँसँग माग्नभन्दा अघिबाटै तिमीहरूलाई कुन-कुन कुराको खाँचो छ, सो तिमीहरूका पिता जान्नुहुन्छ (मत्ती ६:५-८)।

साँचो प्रार्थनाले परमेश्वर वा मण्डलीलाई प्रभावित पार्ने प्रयास गर्दैन; यसले हाम्रो स्वर्गीय पितासँग सरल र स्पष्ट रूपमा बोल्दछ।

► तपाईंको व्यक्तिगत प्रार्थनाको जीवनमा बढ्नको लागि तपाईंले के गर्नुहुनेछ? तपाईंले आफ्नो मण्डलीमा प्रार्थनालाई सार्वजनिक आराधनाको रूपमा अझ अर्थपूर्ण अंश कसरी बनाउनुहुनेछ?

## परमेश्वरको वचनको प्रतिक्रियाको रूपमा भेटी चढाँउनु

प्रार्थना भनेको परमेश्वरको वचन प्रतिको स्वाभाविक प्रतिक्रिया हो। यस कारणले, हामीले पवित्रशास्त्र पाठ र प्रार्थनाको साथ उपदेशलाई पछ्याउनुपर्छ। प्रार्थनामा, हामीले परमेश्वरको वचनबाट प्राप्त गरेको सत्यतालाई प्रतिक्रिया दिन्छौं; हामी आज्ञाकारितामा प्रतिबद्ध छौं।

भेटी पनि परमेश्वरको वचनको प्रतिक्रिया हो। पुरानो करारमा, बलिदान (भेटी) व्यवस्था (परमेश्वरको वचन) प्रति आराधकको प्रतिक्रिया थियो। नयाँ करारमा, भेटि दिने कार्य हाम्रो सम्पूर्ण अस्तित्व परमेश्वरमा समर्पण भएको प्रतीक हो।

भेटी दिने कार्य आराधनाको अङ्ग हो। भजनरचयिताले आराधकहरूलाई भेटी लिएर उहाँको मन्दिरमा प्रवेश गर्न आह्वान गरे (भजनसंग्रह ९६:८)। हिब्रूका लेखकले आराधनालाई दानसँग जोडेका छन्; "भलाइ गर्न र आफूसँग भएका कुरा बाँड़चूँड़ गर्न नभुल, किनकि यस्तै बलिहरूमा परमेश्वर प्रसन्न हुनुहुन्छ" (हिब्रू १३:१६)। पावलले फिलिप्पीहरूलाई भनेका थिए कि उनलाई तिनीहरूले दिएको उपहार उनको निम्ति सुगन्धित भेटी थियो, एउटा ग्रहणयोग्य र परमेश्वरलाई मनपर्ने बलिदान (फिलिप्पी ४:१८)।

### आराधनापूर्वक दान दिने विषयको ईश्वरत्रशास्त्र

मण्डली जानेहरू धेरै जनाले भेटीलाई मण्डलीका बिलहरू तिर्ने माध्यमको रूपमा हेर्छन्। यसले भेटीलाई आत्मिक आराधनाको सट्टा आर्थिक लेनदेन बनाउँछ। ख्रीष्टियान भण्डारेपनलाई आराधनाको भागको रूपमा बुझ्नुपर्छ। निम्न सिद्धान्तहरूमध्ये प्रत्येक हाम्रो निम्ति दान दिने कार्य ईश्वरत्रशास्त्रको भाग हुनुपर्छ।

#### *आराधनापूर्वक दिइएको दान अनुग्रहले उत्प्रेरित हुन्छ, डरले होइन।*

आराधनाको कार्यको रूपमा दान दिन कुरा परमेश्वरको अनुग्रहको लागि कृतज्ञताबाट प्रेरित हुन्छ। पावलले कोरिन्थीहरूलाई यरूशलेमका खाँचोमा परेका ख्रीष्टियनहरूलाई मद्दत गर्न आग्रह गरे। उनले तिनीहरूलाई यसो भनेर धम्की दिएनन्, "तिमीहरूले *दिनुपर्छ* किनकि तिमीहरूलाई पनि कुनै दिन सहायता चाहिन्छ।" बरु, उनले प्रशंसाको साथ आफ्नो आग्रहलाई समाप्त गरे, "उहाँको वर्णन गर्न नसक्ने वरदानको निम्ति परमेश्वरलाई धन्यवाद होस्" (२ कोरिन्थी ९:१५)। तिनीहरूको दान परमेश्वरको अनुग्रहको उपहारको लागि धन्यवादद्वारा उत्प्रेरित हुनेछ। यदि भेटी दिने कार्य साँचो आराधना हो भने, यो इच्छुक हृदयबाट आउँछ।

#### *आराधनापूर्वक दान दिने कार्य प्रेमले प्रेरित हुन्छ, इनाम होइन।*

साँचो आराधना **परमेश्वरप्रतिको प्रेमद्वारा** प्रेरित हुन्छ, इनामको चाहनाले होइन। हामीले दिने मौद्रिक भेटीहरू परमेश्वरको निम्ति हामी आफैलाई भेटीको रूपमा दिइएको कुराको एउटा प्रतीक हो। पावलले माकेडोनियन ख्रीष्टियानको प्रशंसा गरे किनभने "तिनीहरूले पहिले आफैलाई प्रभुमा अर्पण गरे, र परमेश्वरको इच्छाअनुसार हामीलाई दिए" (२ कोरिन्थी ८:५)। तिनीहरूले दिएका भेटीहरू परमेश्वर र तिनीहरूको इलाकामा सुसमाचार ल्याउने प्रेरितहरूका लागि तिनीहरूको प्रेमको प्रतीक थियो।

जसरी सङ्गीत वा अन्य कुनै आराधनाको गतिविधि गलत उद्धेश्यले गर्न सकिन्छ, दान दिने कार्य परमेश्वरप्रतिको प्रेमको सट्टा इनामको चाहनाले प्रेरित हुन सक्छ। केही प्रचारकहरूले वाचा गर्छन् कि आर्थिक भेटीहरू दिएकोमा परमेश्वरले आर्थिक आशिष्हरूद्वारा फेरि त्यसलाई फिर्ता गर्नुहुनेछ। तिनीहरूको बाइबलीय सन्दर्भबाट पाठहरूलाई घुमाएर, तिनीहरूले परमेश्वरलाई दिएको भेटीहरूको लागि सय गुणा इनाम दिने वाचा गर्छन्। यस्तो प्रकारले दान दिने कार्य प्रेमिलो आराधनाको कार्य हुनेछैन, तर यो एउटा संसारिक लटरी टिकट किन्नुजस्तै हुनेछ जसमा दिने व्यक्तिले ज्याकपोटमा पुग्ने आशा राख्छ! यस प्रकारको दानलाई बाइबलले कतै पनि प्रशंसा गरेको छैन।

बरु, बाइबलले मरियमले दिएको कुराको प्रशंसा गर्छ। जब उनले येशुलाई अभिषेक गरिन्, त्यहाँ कुनै इनाम थिएन। उनले आफ्नो बचतको फिर्ता पाउने कुराको कुनै विचार नगरी येशुको शिरमा खन्याइन्। उनले गरेको नोक्सानी देखेर चेलाहरू पनि रिसाए। केवल येशुले उनको दानलाई देख्नुभयो र प्रशंसा गर्नुभयो, एउटा दान जुन केवल प्रेमद्वारा प्रेरित थियो (मत्ती २६:६-१३)।

आराधनापूर्वक दान दिने कार्य परमेश्वरप्रतिको प्रेमले मात्र होइन, तर **अरूप्रतिको प्रेमले** पनि प्रेरित हुन्छ। यूहन्नाले आफ्ना पाठकहरूलाई सम्झना गराए कि साँचो प्रेम शब्दहरू भन्दा बढी हुन्छ; यो व्यवहारिक कार्य हो। पावलको लागि फिलिप्पीहरूको प्रेम तिनीहरूले दिएको दानद्वारा देखियो। विश्वासीले अरूहरूप्रति गरेको प्रेम उनीहरू दिने दानमा देखिन्छ।

> कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ? मेरा साना बालकहरू, वचन वा मुखले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं (१ यूहन्ना ३:१७-१८)।

***आराधनापूर्वक दिइएको दान उदारता हो, कन्जुस्याइँ होइन।***

पावलले कोरिन्थीको मण्डलीलाई उदारतापूर्वक दान दिने कुरामा चुनौती दिए जब उनले भने, "तिमीहरूको ठूलो उदारताको निम्ति हरेक कुरामा तिमीहरू धनी तुल्याइनेछौ, जुन उदारताले हामीद्वारा परमेश्वरमा चढ़ाउने धन्यवाद उत्पन्न गराउनेछ। यस सेवाको कामले सन्तहरूको अभाव पूरा हुन्छ। त्यति मात्र होइन, परमेश्वरप्रति धेरै धन्यवादका भावना उर्लेर आउँछन्" (२ कोरिन्थी ९:११-१२)। दान दिने कार्य साँचो आराधना हुनको लागि, यो उदारले पूर्ण हुनुपर्छ।

***आराधनापूर्वक दान दिने कार्य नम्रताले उत्प्रेरित हुन्छ, घमण्डले होइन।***

► मत्ती ६:१-४ पढ्नुहोस्।

डाँडाको उपदेशमा, येशुले दान दिने कार्यलाई गलत उद्धेश्यले प्रेरित हुने कुरामा चेतावनी दिनुभयो। कोही अरूबाट प्रशंसा प्राप्त गर्नलाई दान दिन्छन्; तिनीहरूको इनाम प्रशंसा हो। "तिनीहरूले आफ्ना इनाम पाइसकेका छन्।" कसै-कसैले आफ्नो नम्रताको प्रशंसा गर्दै चुपचाप दिन्छन्; तिनीहरूको इनाम आत्म-सन्तुष्टि हो। येशुले भन्नुभयो, "तिम्रो दाहिने हातले के गरिरहेछ सो देब्रे हातले थाहा नपाओस्।" आफ्नो उदारतामा आफैलाई प्रशंसा नगर्नुहोस्। बरु, स्वर्गमा हुनुहुने तपाईंको पिताले चाहानुभए अनुसार उहाँलाई हेर्न र इनाम दिन अनुमति दिनुहोस्।

### आनन्दपूर्वक दान दिनुको कथा

जोन वेस्लीले भर्खरै मात्र आफ्नो कोठाको लागि तस्बिरहरू किनेका मात्र के थिए एक जना नोकरनी उनको ढोकामा आइन्। त्यो चिसो दिन थियो र तिनले पातलो गाउन मात्र लगाएकी उनले देखे। उनले तिनलाई कोट किन्नको लागि केही पैसा दिन आफ्नो खल्तीमा हात पुऱ्याए, र उनले थोरै पैसा बाँकी रहेको पाए। उनले कराएर भने, "मैले मेरो भित्तालाई पैसाले सजाएको छु जसले यो गरिब महिलालाई चिसोबाट बचाउन सक्छ!"

वेस्लीले आफ्नो खर्च सीमित गर्न थाले ताकि उनीसँग गरिबहरूलाई दिनको लागि पैसा होस्। आफ्नो दैनिकी अभिलेखमा, उनले लेखे कि एक वर्षको उनको आम्दानी ३० पाउण्ड थियो, र उनको जीवनयापनको खर्च २८ पाउण्ड थियो। त्यसैले उनीसँग २ पाउण्ड दान दिनको लागि थियो। अर्को वर्ष, उनको आम्दानी दोब्बर भयो, तर उनीले अझै २८ पाउण्डमा नै आफ्नो जीवनयापन गरे र ३२ पाउण्ड दान दिए। तेस्रो वर्षमा, उनको आम्दानी ९० पाउण्ड पुग्यो; फेरि उनले २८ पाउण्डमा नै आफ्नो जीवनयापन गरे, ६२ पाउण्ड दान दिए। चौथो वर्षमा, उनले १२० पाउण्ड कमाए, फेरि २८ पाउण्डमा नै आफ्नो जीवनयापन गरे, र ९२ पाउण्ड गरिबलाई दिए।

वेस्लीले ख्रीष्टियानले दशांश मात्र नभई त्यो भन्दा बेसी दिनु पर्छ भनी प्रचार गरे। आम्दानी बढेसँगै हाम्रो दान दिने कार्य पनि बढ्नुपर्छ भन्ने उनको मान्यता थियो। उनले जीवनभर यो अभ्यास गरे। जब उनको आम्दानी हजारौं पाउन्डमा बढ्यो, त्यसबेला पनि उनले सरल जीवन बिताए र उब्रेको पैसा दिए। एक वर्ष उनको कमाइ १,४०० पाउण्ड भन्दा बढी थियो; उनले ३०[59] पाउण्ड बाहेक सबै दान दिए। उनले आफ्नो जीवनकालमा कमाएको ३०,००० पाउण्ड मध्ये धेरैजसो नै दान दिए।[60]

यस कथाको मुख्य विषयवस्तु गरिबीको लागि कानुनी आदेश होइन! मुख्य वषयवस्तु आनन्दको भरिपुरी र परमेश्वरप्रतिको इच्छुक आज्ञाकारिता हो। परमेश्वरले सबैलाई जोन वेस्लीलाई दिए जस्तै आम्दानी दिनुहुन्न; परमेश्वरले सबैलाई जोन वेस्लीलाई जस्तै समान दरमा दान दिन बोलाउनु हुन्न। परीक्षा यो होइन कि, "के मैले अरूले जत्तिकै भेटी दिइरहेको छु?" परीक्षा यो हो, "के म परमेश्वरलाई आनन्दले पूर्ण आज्ञाकारितामा दिइरहेको छु?" परमेश्वरले हामीलाई बलिदान दिएर आराधना गर्न बोलाउनुहुन्छ।

### दान दिने अभ्यास

किनभने दान दिनु भनेको आराधनाको कार्य हो, भेटीहरू सङ्कलन गर्दा आराधनाको भावलाई योगदान पुर्‍याउने गर्ने तरिकाले गर्नुपर्छ। निम्न व्यावहारिक सोचहरूलाई विचार गर्नुहोस्।

#### *भेटीमा जोड दिने कार्य आराधना हुनुपर्छ, आवश्यकतामा होइन।*

हुनसक्छ धेरै ख्रीष्टियानहरूले भेटीलाई मुख्य रूपमा मण्डलीको बिलहरू तिर्ने माध्यमको रूपमा देख्नुको कारण यो हो कि भेटी दिनुलाई बिलहरू तिर्नुमा जोड दिइएको हुन्छ! यो झन् त्यतिबेला खराब हुन्छ जतिबेला मन खोलेर भेटी नदिएकोले आर्थिक सङ्कटले हामीलाई यसो भन्न बाध्य गराउँछ, "मण्डली बन्द हुनेछ" वा "हामीसँग मिसनरी पठाउने पैसा छैन"। कहिलेकाहीं पास्टरले भेटी मागेकोमा माफी माग्नुहुन्छ; "म चाहन्छु कि हामीले तपाईंसँग पैसा माग्नु पर्दैन।" बरु, भेटी दिने कार्य आनन्दपूर्ण धन्यवादको अभिव्यक्ति हुनुपर्छ।

भेटी लिँदा आराधनामा जोड दिइनुपर्छ। भेटीलाई पवित्रशास्त्रको वचनका साथ प्रस्तुत गर्न सकिन्छ जसले आराधकहरूलाई भेटीको उद्देश्यको सम्झना दिलाउँछ। २ कोरिन्थी ८: ९ र ९:७, प्रस्थान २५:२, प्रेरित २०:३५, र यूहन्ना ३:१६ जस्ता पवित्रशास्त्रका वचनहरूले भेटी दिनको लागि साँचो प्रेरणाको संकेत गर्दछ।

#### *भेटी दिने कार्य आराधना सेवाको भाग हुनुपर्छ।*

कुनै-कुनै संस्कृतिहरूमा मानिसहरूलाई सेवा बाहेकका क्षेत्रहरूमा तिनीहरूको भेटी दिन प्रोत्साहित गर्नु सामान्य हुन्छ। यो देखावटी हुनबाट जोगिन वा सेवामा समय बचत गर्ने इच्छाबाट प्रेरित हुन सक्छ, यसले दानलाई आराधनाबाट अलग गर्छ। भेटीलाई आराधना सेवाको भागको रूपमा लिनुले आराधकहरूलाई दान दिने कार्य आराधनाको कार्यको रूपमा बुझ्न मद्दत गर्दछ।

बलिदान भनेको परमेश्वरप्रतिको हाम्रो प्रतिक्रिया भएकोले, तपाईंले वचनको भागको अघिको सट्टा पछि भेटी उठाउने विचार गर्न सक्नुहुन्छ। यसले भन्छ, "हामी परमेश्वरलाई उहाँको वचनको प्रतिक्रिया स्वरूप भेटी दिइरहेका छौं।"

---

[59] आहिलेको तुलनामा, यो लगभग २ करोड ६६ लाख रुपैयाँ  कमाउने र ६ लाख ६५ हजार रुपैयाँ बाहेक सबैलाई दिने बराबर हो। आफ्नो जीवनकालमा, वेस्लीले आजको पैसामा लगभग ३ करोड ९० लाख रुपैयाँ बराबर कमाए र दान दिए।

[60] यो कथा Charles Edward White बाट साभार गरिएको हो, “Four Lessons on Money from One of the World’s Richest Preachers” Christian History 19 (Summer 1988): 24। https:// christianhistoryinstitute.org/uploaded/50cf76d05900d6.14390582.pdf जुलाई 22, 2020 मा उपलब्ध।

***आमाबाबुले आफ्ना छोराछोरीहरूलाई आराधनामा दान दिने कार्यसँग परिचित गराउनुपर्छ।***

जसरी हामीले हाम्रा छोराछोरीहरूलाई गाउन, प्रार्थना गर्न, र पवित्रशास्त्र पढेको र प्रचार गरिएको सुन्न सिकाउँछौं, हामीले हाम्रा छोराछोरीहरूलाई खुसीसाथ दिन सिकाउनुपर्छ। हाम्रा छोराछोरीहरूले दान दिनु भनेको प्रशंसाको आनन्ददायी कार्य हो भनी सिके भने, तिनीहरू पनि आराधक बन्छन्।

***भेटीको समयमा बजाइने सङ्गीत आराधनामय हुनुपर्छ।***

यदि भेटी दिनु आराधना हो भने, भेटीको समयमा बजाइने सङ्गीत आराधनामय हुनुपर्छ। यो सङ्गीत वाद्यवाद्यनको वा मौखिक गायन हुन सक्छ; यो एकल वा सामूहिक हुन सक्छ; यो शान्त र चिन्तनशील वा आनन्दपूर्ण र उत्साहपूर्ण हुन सक्छ; शैली जस्तोसुकै भए पनि, यो आराधनाको एक भाग हुनुपर्छ। भेटीको समयमा सङ्गीत दिनेहरूले आत्मिक मार्गदर्शनको लागि प्रार्थना गर्नुपर्छ जसरी आराधनाका अगुवाले आत्मिक मार्गदर्शनको लागि प्रार्थना गर्छन्। आराधनाको कुनै पनि भागलाई हल्का रूपमा लिनु हुँदैन।

***भेटी उठाउने कार्य अर्पणको प्रार्थना पछि हुनुपर्छ।***

भेटी परमेश्वरको लागि दिइने दान भएकोले, अर्पणको प्रार्थना पछि उठाउनुपर्छ। यसले आराधकहरूलाई दिनुको उद्देश्यलाई सम्झना गराउँछ र आराधनाको रूपमा दान दिनुको कारणलाई स्पष्ट प्रमाण प्रदान गर्दछ।

***मण्डलीका अगुवाहरू मानिसहरूका भेटीहरूको असल भण्डारे हुनुपर्छ।***

भेटी दिँदा, आराधकहरूले आफ्ना दानहरू मण्डलीका अगुवाहरूको भण्डारेपनलाई सुम्पिरहेका हुन्छन्। मण्डलीका अगुवाहरू दानहरूको राम्रो हेरचाह गर्ने हुनुपर्छ। पैसाको प्रयोगको लागि मण्डलीलाई लेखा देखाउँने कुराले स्पष्ट पार्छ कि भेटीहरू परमेश्वरको कामको लागि प्रयोग भइरहेको छ। यसले मण्डलीमा दान दिनलाई प्रोत्साहित गर्छ र नेतृत्वमा बेइमानीको परिक्षालाई कम गर्छ। ख्रीष्टियान अगुवाहरूलाई अविश्वासको नजरले हेरिएको संसारमा, हामीले आफूलाई निर्दोष देखाउनको लागि सम्भव हुने सबै प्रयास गर्नुपर्छ।

भेटी दिनु बिल तिर्ने तरिका भन्दा धेरै हो; यो आराधनाको एक कार्य हो। आफ्नो वचनद्वारा, परमेश्वरले आफूलाई आराधकहरूसामु प्रकट गर्नुहुन्छ। हामी आनन्दित हृदयबाट दिइएका बलिदानपूर्ण भेटीहरूको साथ प्रतिक्रिया दिन्छौं। यो साँचो आराधना हो।

**जाँच**

के तपाईंको मण्डलीका मानिसहरूले उनीहरूले भेटी दिँदा आराधना गर्दै छन् भन्ने महसुस गर्छन्, वा उनीहरूले बिलहरू मात्र तिरिरहेका छन् भन्ने महसुस गर्छन्? भेटीलाई आराधनाको कार्य बनाउन तपाईं कस्ता व्यावहारिक कदमहरू चाल्न सक्नुहुन्छ?

## प्रभु-भोज

► तपाईंको मण्डलीमा हुने प्रभु-भोजको अभ्यासबारे छलफल गर्नुहोस्। तपाईं प्रभु-भोज कति पटक लिनुहुन्छ? जब तपाईं प्रभु-भोजको अभ्यास गर्नु हुन्छ, के यो सेवाको अभिन्न अङ्ग हो?

जसरी परमेश्वर **लिखित** वचन (पवित्रशास्त्रको पढाइ) र **बोलिएको** वचनमा (उहाँको वचनको प्रचार) प्रकट हुनुहुन्छ, त्यसरी नै उहाँ प्रभु-भोजको **प्रदर्शित** वचनमा प्रकट हुनुहुन्छ।[61] प्रभु-भोज, येशुको प्रायश्चित मृत्यु र उहाँको पुनरुत्थानको उत्सवको सम्झना हो। प्रभु-भोज निस्तार चाडसँग सम्बन्धित थियो, तर यसले नयाँ करारको पनि उद्घाटन गर्‍यो।

[61] Franklin M. Segler and Randall Bradley, *Christian Worship: Its Theology and Practice* (Nashville: B&H Publishing, 2006), 178

► मत्ती २६:१७-३० र १ कोरिन्थी ११:१७-३४ पढ्नुहोस्।

प्रभु-भोज सम्बन्धी नयाँ करारका सन्दर्भहरू सुसमाचारका पुस्तकहरूमा रहेका विवरणहरू र कोरिन्थीको मण्डलीलाई पावलको निर्देशनहरूमा समावेश छन्।

"प्रभु-भोज उहाँका मानिसहरूसँगको प्रभुको भेटघाटको वाचा हो। ख्रीष्टसँगै यो भेटघाटको वाचा पालन गर्नेहरूले उहाँ निश्चित रूपमा तिनीहरूलाई भेट्न आउनुहुनेछ भन्ने बेधक आशा गर्न सक्छन्।"

- फ्रैंकलिन सेगलर र यॉण्डल ब्राडली


तीनवटा प्रश्नहरू प्रायः प्रभु-भोजको अभ्याससँग सम्बन्धित छन्।

- प्रभु-भोजको अर्थ के हो?
- प्रभु-भोजलाई कति पटकसम्म अभ्यास गर्नु पर्छ?
- प्रभु-भोजलाई कसरी अभ्यास गर्नुपर्छ?

**प्रभु-भोजको अर्थ के हो?**

प्रभु-भोज अभ्यास गर्नु भनेको आराधनाको अर्थपूर्ण भाग हो।[62] कोरिन्थीको मण्डलीलाई लेख्दै, पावलले प्रभु-भोजको बारेमा देखाउनुभयो:

१. हामी ख्रीष्टको मृत्युलाई फर्केर हेर्छौं ("तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ")।
२. हामी ख्रीष्टको पुनरागमनको प्रतीक्षा गर्छौं ("उहाँ नआउञ्जेल")।



जब हामी प्रभु-भोज लिन्छौं, हामी उहाँको बलिदानलाई सम्झन्छौं, र हामी उहाँको प्रतिज्ञा गरिएको पुनरागमनको प्रतीक्षा गर्छौं। रोटी र दाखमद्यहरूले ख्रीष्टको शरीर र रगतलाई प्रतिनिधित्व गर्दछ र तिनीहरूले हामीलाई प्रभुको मृत्युमा हाम्रो सहभागिताको सम्झना गराउँछन्। "आशिष्का त्यो कचौरा जुनको निम्ति हामी आशिष् माग्छौं, के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन र? त्यो रोटी, जुन हामी भाँच्छौं, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन?" (१ कोरिन्थी १०:१६) प्रभु-भोज क्रूसमा टाँगिएका र बौरी उठ्नु भएको प्रभुको निरन्तर उपस्थितिको शक्तिशाली प्रतीक हो।

**प्रभु-भोजलाई कति पटकसम्म अभ्यास गर्नु पर्छ?**

न त पवित्रशास्त्र वा मण्डली इतिहास कुनै पनि कुराले यस प्रश्नको निश्चित जवाफ दिँदैन। सुरुका मण्डलीमा यो देखिन्छ कि प्रभु-भोज हरेक आइतवार लिइएको थियो। आज, केही मण्डलीहरूले प्रभु-भोज साप्ताहिक रूपमा अभ्यास गर्छन् जबकि अरूहरूले यसलाई वर्षमा एक वा दुई पटक मात्र अभ्यास गर्छन्।

साप्ताहिक बाइबल पढाइले आराधनामा पवित्रशास्त्रको महत्त्वलाई नघटाएझैं, प्रभु-भोज आराधनाको एक आदरणीय पक्ष भएकोसम्म यसको बारम्बारको अभ्यासले प्रभु-भोजको अर्थलाई पनि घटाउँदैन।

[62] चित्र: Allison Estabrook ले 14 अक्टोबर 2022 मा लिइएको "*The Lord's Supper*" https://www.flickr.com/photos/sgc-library/52476662295/ बाट प्राप्त, CC BY 4.0 अन्तर्गत इजाजतपत्र प्राप्त।

### प्रभु-भोजलाई कसरी अभ्यास गर्नुपर्छ?

पावलले कोरिन्थीहरूलाई "अयोग्य रीतिले" खाने र पिउने बारेमा चेतावनी दिए (१ कोरिन्थी ११:२७)।[63] केही व्यावहारिक कदमहरूले हामीलाई प्रभु-भोजलाई ख्रीष्टियानका निम्ति यसको महत्त्वको हिसाबले अभ्यास गर्न मद्दत गर्न सक्छ।

#### *प्रभु-भोज आराधना सेवाको केन्द्रीय भाग हुनुपर्छ, परिशिष्ट होइन।*

प्रभु-भोजको लागि स्वभाविक समय भनेको वचनको भाग पछि हो। यस अवस्थामा, वचनले हामीलाई प्रभु-भोजको गहिरो बुझाइमा डोऱ्याउनुपर्छ। यो प्रभु-भोजमा सिधै सम्बोधन गरिएको वचन वा सम्बन्धित विषय (उद्धार, प्रायश्चित, अनुग्रह, चेलापन) मा उपदेश मार्फत गर्न सकिन्छ। प्रभु-भोज बारम्बार मनाउने मण्डलीहरूका लागि, प्रत्येक सेवाको विषयवस्तुलाई प्रभु-भोजमा केन्द्रित गर्नु उपयुक्त हुँदैन। तापनि, प्रभु-भोजको अभ्यास र अघिल्लो सेवा बीचको स्पष्ट सम्बन्ध हुनुपर्छ।

#### *प्रभु-भोज एक गम्भीर र रमाइलो दुवै अवसर हो।*

प्रभु-भोज एक गम्भीर आत्म-जाँच र परमेश्वरको अनुग्रहको आनन्दमय उत्सवको समय हो। प्रभुको मृत्युको स्मरणमा प्रभु-भोज खाएको सम्झनाले यस अभ्यासको गम्भीरता झल्काउँछ। यस अभ्यासको आनन्द प्रभुको पुनरागमनको प्रतिज्ञामा प्रतिबिम्बित हुन्छ।

कहिलेकाहीं, पुनरुत्थानको उत्सव र ख्रीष्टको पुनरागमनको प्रत्याशा प्रभु-भोजमा प्राथमिक जोड हुन सक्छन्। अन्य समयमा, येशुको मृत्युको गम्भीरता र आत्म-जाँचको महत्त्व प्राथमिक जोड हुन सक्छन्। दुबै पक्षहरू यस अभ्यासका अङ्गहरू हुन्।

हामी प्रभु-भोजमा रमाउँछौं किनभने प्रभु-भोज परमेश्वरको अनुग्रहले गर्दा सम्भव भएको हो। प्रभु-भोजमा, हामीलाई स्मरण गराइन्छ कि अनुग्रहले मात्र हामीलाई मुक्ति प्रदान गर्दछ। प्रभु-भोजमा हाम्रो सहभागिताले हामी पापबाट भाग्ने प्रतिबद्धतालाई जनाउँछ भन्ने कुरालाई सम्झन्छौं। प्रभुको टेबुलमा, प्रत्येक आराधकले आफैलाई जाँच गर्नुपर्छ।

#### *प्रभु-भोजले मण्डलीको एकतालाई प्रतिबिम्बित गर्नुपर्छ।*

यो दुःखको कुरा हो कि प्रभु-भोजको व्यवस्था जुन मण्डलीको एकतालाई प्रतिबिम्बित गर्ने उद्देश्यले स्थापित भएको थियो तर यो कहिलेकाहीं विभाजनको कारण भएको छ। प्रभु-भोजको सेवा कसरी गरिन्छ (व्यक्तिगत कचौरामा, एक साझा कचौरामा, कचौरामा रोटी चोपेर) र कसले खान सक्छ भन्ने भिन्नताहरूले (सबै पक्का विश्वासीहरूले, बप्तिस्मा लिएकाहरू मात्रले, स्थानीय मण्डलीका सदस्यहरूले मात्र) मण्डलीहरू बीच विभाजन ल्याएको छ।

पावलले कोरिन्थीको मण्डलीलाई सम्झाए कि तिनीहरूले एउटै रोटीलाई बाढ्ने, यसकारण तिनीहरू एउटै शरीर हुनुपर्छ। "किनभने रोटी एउटै हो, हामी धैरै भए तापनि एउटै शरीर हौं, किनकि हामी सबै एउटै रोटीबाट खान्छौं" (१ कोरिन्थी १०:१७)।

हामीले सम्झनुपर्छ कि प्रभु-भोजमा, आराधना प्राथमिक हुन्छ जबकि विधिहरू माध्यमिक हुन्छन्। मण्डलीले सुसमाचार र १ कोरिन्थीप्रति इमानदार हुने तरिकाहरू कायम गर्नुपर्छ। यद्यपि, प्रभु-भोज जस्तोसुकै तरिकाले खाए पनि, यो विभाजनकारी हुनु हुँदैन। प्रभु भोजमा, हामी परमेश्वरको परिवारको एकताको उत्सव मनाउँछौं।

---

[63] कोही पनि येशुको बलिदानको योग्य छैन। कोरिन्थीमा सच्याउनुपर्ने समस्या आराधकको अयोग्यताको लागि थिएन, तर तिनीहरूले यस पवित्र भोजको अभ्यास गर्ने अनादरपूर्ण, अयोग्य तरिकामा गरिएको थियो।

## निष्कर्ष: आराधनाको शक्तिशाली प्रभाव

के आराधना महत्त्वपूर्ण छ? यहाँ १९४५ को एक गवाही छ जसले देखाउँछ कि एक साधारण व्यक्तिले प्रार्थना मार्फत आराधना गर्दा के हुन सक्छ।

दोस्रो विश्वयुद्धको समयमा, बेलर विश्वविद्यालयमा, प्रभु येशुलाई विश्वास गरेर रूपान्तरित भएका बौद्ध धर्मावलम्बी जापानी-अमेरिकी व्यक्ति सो विश्वविद्यालयका विद्यार्थीहरूको जागृतीको लागि एक साधन बने। रेजी होसिजाकीले विद्यालय जानको लागि पैसा तिर्नको निम्ति चौकीदारको रूपमा काम गरे। कक्षाकोठा सफा गर्दा, उनले प्रत्येक डेस्कको छेउमा प्रार्थना गर्न थाले।

एक दिन, हप्ताभरिको प्रार्थना पछि, रेजी कक्षामा बसिरहेका थिए जब उनी आफ्ना सहपाठीहरूको कष्टले यति धेरै विचलित भए कि उनी घुँडा टेकेर रुन र प्रार्थना गर्न थाले। विद्यार्थीहरूले सोधे, "रेजीसँग के गलत छ?" रेजीसँग केही गलत थिएन; उनको कुर्सी उनको वेदी बन्यो।

रेजीको अन्तरविन्ती मार्फत, जागृति बेलर विश्वविद्यालय र त्यसपछि टेक्सास राज्यभरि फैलियो। दर्जनौं विद्यार्थी प्रचारकहरूले पूरै दक्षिणपश्चिमी संयुक्त राज्य अमेरिकामा जागृती फैलाउन बेलरको क्याम्पस छोडे। प्रार्थना आराधनाको अनिवार्य अङ्ग हो। जब हामी आराधना गर्छौं, हाम्रो संसार परमेश्वरको शक्तिले परिवर्तन हुन्छ।

## पाठ ७ को समीक्षा

(१) हामी हाम्रो आराधनाको सबै भागहरूमा पवित्रशास्त्र समावेश गरेर आराधनामा पवित्रशास्त्रलाई केन्द्रबिन्दु बनाउन सक्छौं।

(२) आराधनामा पवित्रशास्त्र केन्द्रबिन्दु भएको हुनाले, हामीले यसलाई सफासँग पढिएको, स्पष्ट रूपमा वचार तथा भावव्यक्त गरिएको र विभिन्न तरिका अपनाएर जसले गर्दा पढाइलाई ताजा बनाउँछ।

(३) प्रचार गर्नु आराधनाको भाग भएकोले:

- वचन प्रचारलाई होसियारीपूर्ण तयारी चाहिन्छ।
- वचन प्रचारमा मण्डलीले प्रतिक्रिया जनाउन आवश्यक छ।
- वचन प्रचारमा प्रचारकले प्रतिक्रिया जनाउन आवश्यक छ।
- प्रचारक पवित्र आत्माको शक्तिद्वारा भरिएको हुनुपर्छ।

(४) प्रार्थनालाई सार्वजनिक आराधनाको अर्थपूर्ण भाग बनाउने व्यावहारिक तरिकाहरू:

- आफ्नो व्यक्तिगत प्रार्थनाको जीवनलाई मलजल गर्नुहोस्।
- कसरी प्रार्थना गर्ने सिक्नुहोस्।
- पवित्रशास्त्रका वचनहरूद्वारा प्रार्थना गर्नुहोस्।
- परमेश्वरसँग सञ्चार गर्नमा केन्द्रित हुनुहोस्।
- आफ्नो प्राथमिकताहरूलाई परमेश्वरको प्राथमिकताहरूसँग मिलाउनुहोस्।
- परमेश्वरसँग कुरा गर्नुहोस्, मण्डलीसँग होइन।

(५) भेटी दिने कार्य आराधनाको भाग भएकोले:

- आराधनापूर्वक दिइने दान अनुग्रहले उत्प्रेरित हुनुपर्छ, डरले होइन।
- आराधनापूर्वक दान दिने कार्य प्रेमले प्रेरित हुनुपर्छ, इनाम होइन।
- आराधनापूर्वक दिइने दान उदारता हुनुपर्छ, कन्जुस्याइँ होइन।
- आराधनापूर्वक दान दिने कार्य नम्रताले उत्प्रेरित हुनुपर्छ, घमण्डले होइन।
- हामीले भेटी सङ्कलन गर्ने तरिकाले आराधनाको भावलाई योगदान पुऱ्याउने हुर्नुपर्छ।

(६) प्रभु-भोज

- ख्रीष्टको मृत्युलाई फर्केर हेर्छ।
- ख्रीष्टको पुनरागमनको प्रतीक्षा गर्छ।
- योग्य रीतिले अभ्यास गर्नुपर्छ।
- गम्भिर र आनन्दपूर्वक दुवै तरिकाले अभ्यास गर्नुपर्छ।
- मण्डलीको एकतालाई प्रतिबिम्बित गर्ने तरिकामा अभ्यास गर्नुपर्छ।

**पाठ ७ क्रियाकलाप**

(१) पाठ ६ मा, तपाईले पाँच फरक विषयहरूसँग सम्बन्धित भएका गीतहरूलाई चयन गर्नुभयो। यी पाँचवटा विषयहरूमध्ये प्रत्येकको लागि, यस विषयमा बोल्ने ३-४ वटा पवित्रशास्त्रका पदहरू खोज्नुहोस्। जसै तपाईंले आराधना सेवाको योजना गर्नुहुन्छ तपाईंको सूचीहरूलाई पछिल्लो पाठमा प्रयोग गरिनेछ।

- परमेश्वरको स्वभावको विषयमा ३-४ वटा पदहरू
- येशु र उहाँको मृत्यु र पुनरुत्थानको विषयमा ३-४ वटा पदहरू
- पवित्र आत्मा र मण्डलीको विषयमा ३-४ वटा पदहरू
- ३-४ पदहरू जसले परमेश्वरका जनहरूलाई आत्मसमर्पण गरेको, पवित्र जीवनमा बोलाउँछन्
- सुसमाचार र मिसनको विषयमामा ३-४ वटा पदहरू

(२) अर्को पाठको सुरुमा, तपाईंले यस पाठमा आधारित परीक्षा दिनुहुनेछ। तयारी गर्दा खेरी परीक्षाका प्रश्नहरूलाई सावधानीपूर्वक अध्ययन गर्नुहोस्।

**पाठ ७ परीक्षा**

(१) आराधनामा पवित्रशास्त्रको महत्त्व देखाउने तीनवटा उदाहरणहरूलाई सूचीबद्ध गर्नुहोस्।

(२) पवित्रशास्त्र प्रयोग गर्न सकिने आराधना सेवाका तीन भागहरूलाई नाउँ दिनुहोस्।

(३) प्रचार गर्नु भनेको आराधना हो भन्ने सिद्धान्तका चार व्यावहारिक अर्थहरूलाई सूचीबद्ध गर्नुहोस्।

(४) प्रार्थनालाई सार्वजनिक आराधनाको अर्थपूर्ण भाग बनाउनका लागि तीनवटा व्यावहारिक सुझावहरूलाई सूचीबद्ध गर्नुहोस्।

(५) आराधनामूलक दानका चार ईश्वरशास्त्रीय सिद्धान्तहरूलाई सूचीबद्ध गर्नुहोस्।

(६) दान दिने कार्यलाई आराधनाको कार्य बनाउनका लागि चाहिने चारवटा व्यावहारिक विचारहरूलाई सूचीबद्ध गर्नुहोस्।

(७) १ कोरिन्थीमा ग्रहणयोग्य प्रभु-भोजका दुई पक्षहरूको सूची बनाउनुहोस्।

(८) आफूले कण्ठ गरेको मत्ती ६:५-८ लेख्नुहोस्।

# पाठ 8
# आराधनाको योजना र अगुवाइ

## पाठका उद्देश्यहरू

यस पाठको अन्त्यसम्ममा, विद्यार्थीले सक्षम हुनुपर्छ:

(१) आराधनालाई नेतृत्व गर्नको लागि आत्मिक रूपमा तयार हुनुको महत्त्वलाई बुझ्ने।

(२) आराधना सेवाहरूमा रूपरेखाको भूमिका र विषयवस्तुलाई बुझ्ने।

(३) सन्तुलित आराधना सेवाहरूको योजना बनाउने जसले ख्रीष्टको सम्पूर्ण शरीरसँग बोल्छ।

(४) आराधनाको अगुवामा चाहिने गुणहरूको कदर गर्ने।

(५) नेतृत्व र आराधनाको नियन्त्रण बीचको भिन्नतालाई छुट्याउने।

(६) प्रभावकारी आराधनाको नेतृत्वको लागि व्यावहारिक कदमहरू लागू गर्ने।

## पाठको तयारी

*२ इतिहास ५:१३-१४ कण्ठ गर्नुहोस्।*

## परिचय

► प्रत्येक हप्ताको आराधना सेवाको योजना बनाउनलाई कति समय दिनुहुन्छ? के तपाईं गीतहरूलाई प्रवचनसँग मेल गराउनु हुन्छ? के यस प्रकारको योजना आवश्यक छ वा अग्रिम योजनाले आराधनामा पवित्र आत्माको स्वतन्त्रतालाई बाधा पुऱ्याउँछ?

विशेष पाहुनाहरूका लागि खाना तयार गरिरहेकी एक जना महिलाको कल्पना गर्नुहोस्। पाहुनाहरू खाना खान आउँदा मेजमानले भन्छिन्, "खाना पाउनमा धेरै समय खेर फाल्ने कुरामा म विश्वास गर्दिनँ। यहाँ केही उब्रेका रोटी, मासु र तरकारीहरू छन्। आफूलाई जे-जे मन पर्छ ती हालेर खानुहोस्।" के तपाईं विशेष अतिथिहरूसँग यस्तै व्यवहार गर्नुहुन्छ? पक्कै पनि गर्नुहुन्न! तपाईंको पाहुनाहरूलाई तपाईंले तपाईंको उत्तम कुराहरू दिन चाहानुहुन्छ।

एक जना पास्टरको कल्पना गर्नुहोस् जसले परमेश्वरकहाँ आराधनलाई आफ्नो भेटीको रूपमा लैजान्छन्। उनी भन्छन्, "म आराधनाको योजनामा धेरै समय बिताउनमा विश्वास गर्दिनँ। म पवित्र आत्मालाई म मार्फत बोल्ने स्वतन्त्रता दिन चाहन्छु, त्यसैले म कुनै योजना बनाउँदिनँ। म आत्माले मलाई डोऱ्याउन दिन्छु।"

केही अगुवाहरू विश्वास गर्छन् कि पवित्र आत्माले राम्रोसँग तयार गरिएको प्रवचन वा योजनाबद्ध सेवाद्वारा काम गर्न सक्नुहुन्न। तथापि, बाइबलले आराधनाको लागि योजना बनाउनुको महत्त्वलाई देखाउँछ। कोरिन्थीको मण्डलीको लागि आराधनाको सन्दर्भमा मन्दिरको आराधनाको लागि सङ्गीतकारहरूको सावधानीपूर्वक तयारीदेखि पावलको निर्देशनहरू सम्ममा, पवित्रशास्त्रले देखाउँछ कि सेवकाइमा अगुवाइ गर्नको लागि योजना बनाउनु महत्त्वपूर्ण हुन्छ। हामीले त्यस्तो भेटी ल्याउनु हुँदैन जसमा हाम्रो केही मूल्य परेको हुँदैन। आराधना परमेश्वरप्रतिको हाम्रो बलिदान भएकोले, परमेश्वर हाम्रो उत्तम बलिदानको योग्य हुनुहुन्छ।

यस पाठमा हामी आराधनाको नेतृत्वका दुई पक्षहरूलाई हेर्नेछौं। पहिलो, हामी आराधनाको योजनाको महत्त्वलाई अध्ययन गर्नेछौं। त्यसपछि, हामी आराधना सेवामा प्रभावकारी नेतृत्वलाई हेर्नेछौं।

## आराधना सेवाको तयारी

► प्रस्थान २८-२९ लाई पढ्नुहोस्। इस्राएलको आराधनामा अगुवाइ गर्नेहरूको सावधानीपूर्वक तयारीलाई ध्यान दिनुहोस्। आराधनाको नेतृत्व गर्न तपाईं आत्मिक, मानसिक र भावनात्मक रूपमा कसरी तयार हुनुहुन्छ?

### आराधनाको अगुवा तयार गर्नु

आराधना सेवाको लागि योजना र तयारी गर्नु महत्त्वपूर्ण हुन्छ; **आराधनाको अगुवा** तयार गर्नु अझ महत्त्वपूर्ण हुन्छ। हामी नपुगेको ठाउँमा मानिसहरूलाई नेतृत्व गर्न सक्दैनौं। यसकारण, हामीले आराधनामा अरूलाई अगुवाइ गर्ने प्रयास गर्नुअघि आफ्नो हृदय तयार गर्नुपर्छ।

पाठ २ मा, हामीले आराधकहरूका लागि परमेश्वरको आवश्यकताहरू देख्यौं। परमेश्वरले आफ्ना आराधकहरूलाई सफा हात र शुद्ध हृदय हुन बोलाउनुहुन्छ। आराधना सेवाको तयारी सुरु गर्नु अघि, हामीले आफूलाई आराधनाको अगुवाको रूपमा तयार गर्नुपर्छ। आराधनाको नेतृत्व गर्न हामी आत्मिक तवरमा तयार हुनुपर्छ।

प्रार्थना र पवित्रशास्त्र पढेर आराधनाको योजना सुरु गर्नुहोस्। आफ्नो आत्मिक विकासको लागि परमेश्वरको वचनमा समय बिताउनुहोस्। आराधना अगुवाहरूको लागि निरन्तरको खतराले व्यक्तिगत आत्मिक विकासको लागि सेवाको तयारीलाई प्रतिस्थापन गर्न अनुमति दिइरहेको हुन्छ। हामी अरूहरूको लागि प्रवचनहरू तयार गर्न बाइबल अध्ययन गर्न सक्छौं तर परमेश्वरको वचनलाई हाम्रा आफ्नै आत्मिक आवश्यकताहरू पूरा गर्न अनुमति दिन चुकिरहेका हुन्छौं।

> "राजाको उपस्थितिमा अरूलाई डोऱ्याउने व्यक्तिले राजाको देशमा धेरै टाढा यात्रा गरेको हुनुपर्छ र बारम्बार उसको अनुहार हेरेको हुनुपर्छ।"
>
> - चार्ल्स स्पर्जन

मण्डलीमा परमेश्वरको वचन बोल्ने खाले वचन-खण्ड र गीतहरू छनोट गर्नु अघि, परमेश्वरको वचन र परमेश्वरको आत्मालाई एक व्यक्तिको रूपमा तपाईंसँग बोल्न दिनको लागि समय लिनुहोस्। त्यसपछि जब तपाईं शनिवारको सेवाको लागि योजना बनाउन थाल्नुहुन्छ, वचन-खण्ड, प्रवचनको विषय र मानिसहरूका आवश्यकताहरू पूरा गर्न सङ्गीतमा मार्गदर्शन गर्नको लागि परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

### जाँच

तपाईं आफ्नो जीवनमा निजी आराधनाको स्वस्थ ढाँचा कसरी विकास गर्नुहुन्छ? तपाईं के कस्ता बाधाहरूको सामना गर्नुहुन्छ? ती अवरोधहरूलाई तपाईं कसरी सम्बोधन दिनुहुन्छ?

### आराधना सेवाको योजना बनाउनु[64]

फ्रेड बकले लोयड जोन ओगिल्भीको पास्टरको तयारीबारे वर्णन गरे जसको अधीनमा बसेर उनले सेवा गरेका थिए डा. ओगिल्भीले वर्षभरि आफ्नो प्रवचनको योजना बनाए। धेरै पटक, जनावरीमा छनोट गरिएको प्रवचनको विषय जुलाइमा प्रचार गर्दा मण्डलीको आवश्यकताहरूका लागि उपयुक्त थियो। किन? "हाम्रो परमेश्वर हिजो, आज र भोलिका परमेश्वर हुनुहुन्छ। उहाँलाई हाम्रा आवश्यकताहरू पहिले नै थाहा छ, हामीले थाहा गर्नुभन्दा धेरै अघि। …र जब हामी तयार र सङ्गठित हुन्छौं, यसले हामीलाई पवित्र आत्माको लागि थप उपयोगी, लचिलो औजार बनाउँछ।"[65] पवित्र आत्माले

[64] आराधनाको योजना बनाउनु बारेका धेरैजसो विषयवस्तु "The Nuts and Bolts of Worship Planning" बाट आएको हो जुन http://worship.calvin.edu/resources/resource-library/the-nuts-and-bolts-of-worship-planning मा उपलब्ध छ, जुलाइ 22, 2020 मा प्राप्त गरिएको हो।

[65] Lois and Fred Bock, *Creating Four-Part Harmony*, (Carol Stream: Hope Publishing, 1989), 43

जान्नुहुन्छ कि तपाईंको सेवामा को-को सहभागी हुनेछन्; उहाँले तपाईंलाई ती गीतहरू र पवित्रशास्त्रहरूमा मार्गदर्शन गर्न सक्नुहुन्छ जसले तिनीहरूको आवश्यकताहरूको लागि बोल्नेछ।

सायद तपाईंले एक पटकमा एक वर्षको योजना बनाउनु हुँदैन होला, तर आराधनाको योजना बनाउनु महत्त्वपूर्ण हुन्छ। सावधानीपूर्वक बनाएको योजनाले हामीलाई "अब के हुन्छ?" भनी चिन्ता गर्नुको सट्टा सेवाको समयमा आराधनामा ध्यान केन्द्रित गर्न स्वतन्त्र बनाउँछ। जब हामी योजना बनाउँदैनौं, हामीले अघिल्लो हप्ता के गर्‍यौं भनेर त्यसमा फर्कने प्रवृत्ति हुन्छ। योजनाले हामीलाई शृजनशील हुन स्वतन्त्र बनाउँछ।

***एउटा रूपरेखाबाट सुरु गर्नु।***

हामीमध्ये धेरैलाई क्रम अनुसारले मिलेको जीवन मन पर्छ। हामी बिहानको खाजा र बेलुकाको खाना खान रुचाउँछौं। हामी प्राय: अनियमित रूपमा पृष्ठहरू पढ्नुको सट्टा अध्याय १ देखि अन्त्यसम्म पुस्तकहरू पढ्छौं। कुनै पनि यात्रु त्यस्तो खाले अन्तर्राष्ट्रिय उडानमा चढ्न चाहँदैन जहाँ पाइलटले, "हामीले आज कुन रुट लिने भन्ने निर्णय गरेका छैनौं। हामी केवल उड्नेछौं र के हुन्छ हेर्नेछौं" भनेको सुन्न चाहँदैन। हामीलाई रूपरेखा मनपर्छ।

आराधनाको रूपरेखाले पवित्र आत्मालाई पछयाउने हाम्रो स्वतन्त्रतालाई सीमित गर्दैन जब उहाँले हाम्रा योजनाहरूलाई परिवर्तन गर्नुहुन्छ! रूपरेखाले आराधनाको लागि मार्गनिर्देशन दिन्छ, जबकि पवित्र आत्माको अगुवाइको लागि खुला रहन्छ यदि उहाँले हाम्रो रूपरेखालाई रद्द गर्नुहुन्छ भने। मन्दिरको अर्पण सेवामा योजनाबद्ध रूपरेखा थियो, तर परमेश्वरको उपस्थितिले सेवाको क्रमलाई परिवर्तन गर्‍यो (२ इतिहास ५:१३-१४)।

> "व्यवस्था बिनाको स्वतन्त्रता अराजक हुन सक्छ, र स्वतन्त्रता बिनाको व्यवस्था निर्जीव हुन सक्छ।"
>
> - फ्रैंकलिन सेगलर र र्याण्डल ब्राडली

परिशिष्ट अ मा केही अगुवाहरूले आराधनाको योजनाको लागि प्रयोग गर्ने रूपरेखाहरू छन्। तपाईंलाई तपाईंको सेवाहरूको लागि उनीहरूमध्ये कुनै एकलाई अनुकूल बनाउन उपयोगी लाग्न सक्छ। यी एक अपरिवर्तनिय ढाँचा होइनन् तर यसले एक रूपरेखा प्रदान गर्न सक्छ जुन तपाईंले आफ्नो आवश्यकताहरूमा मिलाउन सक्नुहुन्छ।

आराधनाको योजनाका केही सामान्य रूपरेखाहरूमा यी कुराहरू समावेश हुन्छन्:[66]

**(१) प्रवचनमा केन्द्रित रूपरेखा**

- सत्यको उद्घोषणा: भजन, पवित्रशास्त्र, प्रवचन
- सत्यको प्रतिक्रिया: निमन्त्रणा, भेटी, समापनको भजन

**(२) आराधनामा परमेश्वरका मानिसहरूको गतिविधिमा आधारित रूपरेखा**

- परमेश्वरका मानिसहरू भेला हुन्छन्: आराधनाको आह्वान, प्रशंसाको भजन, प्रार्थना
- परमेश्वरका जनहरूले वचन सुन्छन्: पवित्रशास्त्र पढाइ र प्रवचन
- परमेश्वरका मानिसहरूले वचनप्रति प्रतिक्रिया जनाउँछन्: प्रतिक्रियाको गीत, प्रार्थना, भेटी
- परमेश्वरका मानिसहरू बाहिर पठाइएका छन्: समापनको भजन, आशीर्वादको प्रार्थना

---

[66] मैले यहाँ समावेश गरेको रूपरेखाहरू सम्पूर्ण सेवाका लागि हुन्। केही आराधनाका अगुवाहरूले मात्र सेवाको सङ्गीतको भागको लागि मात्र रूपरेखाहरू प्रयोग गर्छन्। मैले यिनीहरूलाई समावेश गरेको छैन किनभने तिनीहरूले आराधनालाई बाँकी सेवाबाट अलग गर्ने प्रवृत्ति राख्छन्। बाइबलमा, आराधनाले सबै सेवाहरू समावेश गर्दछ, प्रवचनबाट अलग गरिएको कुनै विशेष सङ्गीत खालको आराधना मात्र होइन।

**(३) परमेश्वर र उहाँका जनहरू बीचको संवाद देखाउने रूपरेखा** (यशैया ६ मा आधारित)

- परमेश्वरले आफैलाई प्रकट गर्नुहुन्छ (पद १): आराधनाको आह्वान
- परमेश्वरका मानिसहरूले प्रशंसा र स्वीकारोक्तिको साथ प्रतिक्रिया दिन्छन् (पद ३-५): भजन र प्रार्थना
- परमेश्वर आफ्ना जनहरूसँग बोल्नुहुन्छ (पद ६-८): पवित्रशास्त्र पढाइ र प्रवचन
- परमेश्वरका मानिसहरू प्रतिबद्धतामा जवाफ दिन्छन् (पद ८): भजन र भेटी
- परमेश्वरले आफ्ना मानिसहरूलाई आज्ञा दिनुहुन्छ (पद ९): आशीर्वादको प्रार्थना

**(४) भजनसंग्रह ९५ मा आधारित रूपरेखा**

- आनन्दसाथ धन्यवाद चढाउँदै प्रवेश गर्नुहोस्: (पद १-५): आराधनाको आह्वान, प्रशंसाको भजन
- श्रद्धापूर्ण आराधनालाई जारी राख्नुहोस् (पद ६-७): समर्पणको भजन, प्रार्थना
- परमेश्वरको आवाज सुन्नुहोस् (पद ७-११): पवित्रशास्त्र पढाइ र प्रवचन

***सबै समेटिएको सन्देश सञ्चार गर्नु।***

आराधनाले परमेश्वरसँग बोल्छ, तर यसले मण्डलीसँग पनि बोल्छ। आराधनामा, हामी आराधकहरूका लागि परमेश्वरको वचन ल्याउँछौं। सेवाको योजना बनाउँदा, "यस सेवामा परमेश्वरले आफ्ना जनहरूलाई के सन्देश दिन चाहनुहुन्छ?" भनेर सोध्नु उपयोगी हुन्छ?

के तपाईंले कहिल्यै यस्तो सेवामा भाग लिनुभएको छ?

| सेवाको क्रम | विषय/थीम |
|---|---|
| मण्डलीय भजन १ | प्रार्थनाको लाभहरू |
| मण्डलीय भजन २ | परमेश्वरको स्तुति |
| मण्डलीय भजन ३ | स्वर्गको आशा |
| एकल/गायकमण्डली भजन | पवित्र आत्मालाई हाम्रो जीवनमा निम्त्याउने |
| प्रवचन | "योनाको निनवेमा बोलावट" - सुसमाचार प्रचारको चुनौती |
| मण्डलीय भजन ४ | परमेश्वरको स्तुति |

आराधकहरूसँग के सन्देश बाँकी रहन्छ? उनीहरूले प्रार्थना, परमेश्वरको स्तुति, स्वर्ग, र पवित्र आत्माबारे गीत गाए, तर प्रवचन भने पूरै फरक विषयमा थियो। आउँदो हप्तामा के मानिसहरू सुसमाचार प्रचारको चुनौती सम्झनेछन्? सायद, तर सेवाको संरचनाले यस विषयलाई बलियो बनाएको थिएन।

अब सुसमाचार प्रचारको विषयमा योजना गरिएको सेवा विचार गर्नुहोस्:

| सेवाको क्रम | विषय/थीम |
|---|---|
| मण्डलीय भजन १ | परमेश्वरको स्तुति |
| मण्डलीय भजन २ | स्तुति र सुसमाचार प्रचार |
| मण्डलीय भजन ३ | हाम्रो सुसमाचार सन्देशको सार |
| मण्डलीय भजन ४ | सुसमाचार प्रचारको आवश्यकता |
| प्रवचन | "योनाको निनवेमा बोलावट" - सुसमाचार प्रचारको चुनौती |
| एकल/गायकमण्डली भजन | सुसमाचार प्रचारको आदेश |
| मण्डलीय भजन ५ | आदेशप्रतिको प्रतिक्रिया |

किनकि अगुवाहरूले सेवाको योजना एउटै विषयलाई संप्रेषण गर्नका लागि बनाए, मानिसहरूले हप्ताभर परमेश्वरको स्वर सुन्ने सम्भावना बढी हुन्छ, जसले उनीहरूलाई सुसमाचार प्रचारको बोलावट सम्झाइरहन्छ। जब उनीहरूले खाली जीवन भएका मानिसहरूलाई देख्छन्, उनीहरूले शायद त्यो गीतका शब्दहरू सम्झनेछन् जसले भन्छ कि मानिसहरूलाई प्रभु आवश्यक छ। जब उनीहरू मंगलबार काम गर्दैछन्, उनीहरूले शायद आनन्द मनाउनेछन् कि येशू उद्धार गर्नुहुन्छ, र सम्झनेछन् कि येशूले हामीलाई उद्धार गर्नुभएकोले हामीले यो आनन्द अरूसँग बाँड्नुपर्छ।

के केन्द्रीय विषयवस्तु बिनाको सेवाद्वारा परमेश्वरले काम गर्नुहुन्छ? अवश्य! तथापि, होसियारीसाथ योजना बनाउन समय निकाल्दा हामी हाम्रो मण्डलीलाई सन्देशमा केन्द्रित हुन मद्दत गर्छौं। के यो सधैं आवश्यक छ? होइन। सेवामा कहिलेकाहीं धेरै विषयवस्तुहरू हुन्छन् जुन परमेश्वरले मण्डलीमा विभिन्न आवश्यकताहरू पूरा गर्न प्रयोग गर्नुहुन्छ। परमेश्वरले एउटै तरिकाद्वारा मात्र काम गर्नुहुन्छ भन्ने सोचाइको जालमा हामी कहिल्यै पर्नु हुँदैन। यद्यपि, एक एक रूपता भएको विषयवस्तुले प्राय: आराधकहरूलाई सेवाको सन्देशमा ध्यान केन्द्रित गर्न मद्दत गर्दछ।

***आराधनामा सन्तुलन राख्नुहोस्।***

हामी सबैको मन पर्ने कुराहरू हुन्छन्: मनपर्ने खानाहरू, मनपर्ने सङ्गीत, मनपर्ने पुस्तकहरू, मनपर्ने खेलहरू, र मनपर्ने बाइबल पुस्तकहरू हुन्छन्। आराधनाको योजना बनाउँदा, यो महत्त्वपूर्ण हुन्छ कि अगुवाले आफ्नो मनपर्ने गीतहरू, पवित्रशास्त्रका वचनहरू र प्रवचनका विषयवस्तुहरू भन्दा बढी नै समावेश गर्नुपर्दछ। सन्तुलित आराधनाले सम्पूर्ण मण्डलीलाई सम्पूर्ण सुसमाचार सुनाउनेछ।

**(१) सन्तुलित आराधनाले परमेश्वरको महिमा र हामीसँग रहेको परमेश्वरको उपस्थिति दुवैलाई देखाउँछ।**

परमेश्वर एक सर्वोच्च परमेश्वर हुनुहुन्छ जसले सारा पृथ्वीमा राज्य गर्नुहुन्छ; परमेश्वर एक सर्वव्यापी परमेश्वर पनि हुनुहुन्छ जो उहाँका मानिसहरू माझ वास गर्नुहुन्छ। हामी यो सन्तुलन पवित्रशास्त्रभरि देख्छौं।

लाल समुद्र पार गरेपछि, इस्राएलका मानिसहरूले परमेश्वरको शक्तिको गीत गाए; "हे परमप्रभु, देवताहरूमा तपाईंझैं को छ र? पवित्रतामा अति महान्, महिमामा भययोग्य, र उदेकका कर्म गर्नुहुने तपाईंझैं को छ र?" तिनीहरूले परमेश्वरको हेरचाहको बारेमा गीत गाए। "तपाईंले छुटकारा गर्नुभएका

मानिसहरूलाई तपाईंले आफ्नो नचुक्ने प्रेममा डोऱ्याउनुहुनेछ। तपाईंले आफ्नो शक्तिद्वारै तिनीहरूलाई आफ्नो पवित्र वासस्थानमा अगुवाइ गर्नुहुनेछ" (प्रस्थान १५:११-१३)।

यशैयाले परमप्रभुलाई सिंहासनमा बसेको, अग्लो र माथि उचालिएको देखे। उहाँ महिमित र पृथ्वीभन्दा धेरै माथि हुनुहुन्थ्यो। परमप्रभु सर्वोच्च हुनुहुन्थ्यो, तर उहाँले व्यक्तिगत रूपमा यशैयालाई आज्ञा दिनुभयो "जाऊ गएर यी मानिसहरूलाई भन…" (यशैया ६:१-१३)।

भजनरचयिताले सर्वोच्च परमेश्वरको प्रशंसा गरे; "हे हाम्रा सर्वमान्य परमप्रभु, सारा पृथ्वीभरि तपाईंको नाउँ कति महिमित छ! तपाईंका महिमाको स्तुतिगान उच्च स्वर्गमा हुँदछ।" उहाँ सर्वोच्च हुनुभएको परमेश्वरले मानिसजातिसँग घनिष्ट रूपमा संलग्न हुनको लागि झुक्नुभएको छ; "मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ? मानिसको छोरो के हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ?" (भजनसंग्रह ८)

आराधनामा, हामी परमेश्वरको महिमा र हामीसँग रहेको परमेश्वरको उपस्थितिमा ध्यान दिन्छौं। जब हाम्रो आराधनाले परमेश्वरको महिमालाई बिर्सन्छ, उहाँ एक अनौपचारिक मित्र बन्नुहुन्छ जसलाई अब हाम्रो आज्ञाकारिता र सेवाको आवश्यकता पर्दैन। जब हाम्रो आराधनाले हामीसँग परमेश्वरको उपस्थित रहिरहने संलग्नतालाई बिर्सन्छ, हामी उहाँलाई टाढाको परमेश्वरको रूपमा आराधना गर्छौं जसले हाम्रो चिन्ताको बारेमा कुनै वास्ता गर्दैन। आराधनाको योजना बनाउने क्रममा, हामीले मानिसजातिसँगको परमेश्वरको सम्बन्धका दुवै पक्षहरूमा ध्यान दिनुपर्छ। हामीले आराधकहरूलाई सम्झाउनै पर्छ कि हामी परमेश्वरसँग डराउँछौं; हामीले यो पनि सम्झनुपर्छ कि हामी परमेश्वरमा रमाउँछौं। प्रार्थनामा, हामी परमेश्वरका शक्तिशाली कार्यहरूको लागि उहाँको स्तुति गर्छौं; हामी उहाँकहाँ आफ्ना घनिष्ठ व्यक्तिगत आवश्यकताहरू पनि ल्याउँछौं।

► तपाईंको भाषामा उपलब्ध भजन र स्तुतिगीतहरूको सङ्ग्रह हेर्नुहोस्। परमेश्वरको महिमालाई स्वीकार गर्ने गीतको एउटा उदाहरण खोज्नुहोस्। त्यसपछि, उहाँ हाम्रो नजिकको सम्बन्धमा हुनुहुन्छ भन्नेबारे बोल्ने अर्को गीत पनि खोज्नुहोस्।

### (२) सन्तुलित आराधना सामूहिक र व्यक्तिगत दुवै हुन्छ।

भजनसंग्रहको पुस्तकले सामूहिक प्रशंसा र व्यक्तिगत प्रशंसा दुवैलाई समावेश गर्दछ। केही भजनसंग्रहहरूले "हाम्रो" प्रशंसाको कुरा गर्छन्; केही भजनसंग्रहहरूले "मेरो" प्रशंसाको कुरा गर्छन्। मन्दिरमा, हिब्रू आराधकहरूले सँगै आराधना गरे; घरमा, तिनीहरूले व्यक्तिगत रूपमा प्रार्थना गरे। येशु प्रायः सामूहिक आराधनाको लागि सभाघरमा जानुहुन्थ्यो; उहाँ पनि आफ्नो पितासँग एक्लै समय बिताउन सुनसान ठाउँमा जानुभयो (लूका ४:१६ र मर्कूस १:३५)। बाइबलीय आराधना सामूहिक र व्यक्तिगत दुवै थियो। आराधनामा, हामीले मण्डलीलाई शरीरको रूपमा आराधना गर्ने अवसरहरू र व्यक्तिगत आराधकहरूलाई परमेश्वरप्रति आफ्नो व्यक्तिगत भक्ति व्यक्त गर्ने अवसरहरू प्रदान गर्नुपर्दछ।

**यसलाई अभ्यास गर्नुहोस्**

सामूहिक र व्यक्तिगत दुवै प्रकारको आराधनाले सेवाको सबै पक्षहरूलाई प्रभाव पार्नेछ। हामी सँगै सम्पूर्ण मण्डलीका लागि गीतहरू गाउनेछौं; हामी सँगै व्यक्तिगत आराधनाका गीतहरू पनि गाउनेछौं। हामी "हाम्रो स्वर्गीय पिता" सँग प्रार्थना गर्नेछौं; हामीसँग सामूहिक प्रार्थनाका समयहरू हुनेछन्, जसमा प्रत्येक सदस्यले शरीरभित्र व्यक्तिगत रूपमा प्रार्थना गर्न सक्नेछन्।

इतिहासमा कुनै पनि समय भन्दा बढी, अहिले सामूहिक आराधना एक चुनौती भएको छ। मोबाइलफोन, ट्याब्लेट, टेक्स्टिङ, र निरन्तर इन्टरनेट पहुँचको युगमा, हामी भावनात्मक र आत्मिक रूपमा अलग रहँदै आराधना सेवामा बस्न सक्छौं। सामूहिक आराधनाको प्रतिबद्धताले हामीले ध्यानभङ्ग गर्ने कुराबाट आफूलाई अलग गर्न र शरीरसँग आराधना गर्नुपर्ने आवश्यकताको बारेमा बताउँछ।

► तपाईंको भाषामा उपलब्ध भजन र स्तुतिगीतहरूको सङ्ग्रह हेर्नुहोस्। सामूहिक दृष्टिकोणबाट लेखिएका बोलहरू भएको गीतको एउटा उदाहरण खोज्नुहोस्। यसमा "हाम्रो," "हामी," "हामीलाई" जस्ता सर्वनामहरू वा "सबै मानिसहरू" जस्ता शब्दहरू समावेश हुन सक्छन्। त्यसपछि, एउटा

व्यक्तिको दृष्टिकोणबाट लेखिएका बोलहरू भएको गीतको एउटा उदाहरण खोज्नुहोस्। यसमा “मेरो,” “म,” “मलाई” जस्ता सर्वनामहरू समावेश हुन सक्छन्।

### (३) सन्तुलित आराधनामा परिचित र नयाँ दुवै भजनहरू समावेश हुन्छन्।

यो सन्तुलन ईश्वरशास्त्रीय हुनुको सट्टा व्यावहारिक छ, तर यदि हामी मण्डलीलाई आराधनामा सक्रिय रूपमा समावेश गर्न चाहन्छौं भने यो महत्त्वपूर्ण छ। आराधनाको योजना बनाउँदा हामीले परिचित र नयाँ भजनहरूलाई सन्तुलनमा राख्नुपर्छ।

धेरै नयाँ कुराहरूले मण्डलीलाई आराधकको सट्टा पर्यवेक्षक बनाउँछ; उनीहरू सेवामा राम्रोसँग सहभागी हुन सक्दैनन् किनभने उनीहरूले गीतहरू जानेका हुँदैनन्। सि.एस. लुईसले एक पटक गुनासो गरे कि धेरै पास्टरहरूले बिर्सन्छन् कि "येशुले पत्रुसलाई 'मेरा भेडाहरूलाई खुवाऊ' भन्नुभयो, 'मेरा प्रदर्शन गर्ने कुकुरहरूलाई नयाँ कलाहरू सिकाऊ' भन्नु भएन।'" धेरै नयाँपनले आराधनामा ध्यान केन्द्रित गर्न गाह्रो बनाउँछ।

धेरै परिचित कुराहरूले दिनचर्यालाई खाली बनाउँछ। एउटा सेवा जसलाई पूर्णतया अनुमान गर्न सकिन्छ त्यस्तो सेवाले मण्डलीको ध्यान गुमाउँछ र आराधनाबाट अलग राख्छ।

आराधना योजनामा परिचित र नयाँ भजनहरू दुवै समावेश हुनुपर्छ। उदाहरणका लागि, एउटा आराधना अगुवाले प्रायश्चित्तको बारेमा नयाँ भजनमा मण्डलीलाई नेतृत्व गर्न रोजे। भजनले प्रायश्चित्तको मूल्य देखाउँछ। त्यो गीत गाइसकेपछि, आराधना अगुवाले येशूको बलिदानप्रति प्रतिक्रिया जनाउन मण्डलीलाई आह्वान गर्ने पुरानो र बढी परिचित गीतमा नेतृत्व गरे।

परिचित र नयाँ भजनको सन्तुलनले मण्डलीलाई सक्रिय आराधना गर्न प्रोत्साहन दिन्छ।

**यसलाई अभ्यास गर्नुहोस्**

परिचित र नयाँ भजनलाई सन्तुलनमा राख्ने आराधनामा पुरानो र नयाँ भजनहरू समावेश हुन्छन्। यसमा परिचित र कम परिचित दुवै खण्डका पढाइहरू समावेश हुनेछन्। यूहन्ना ३:१-२१ जस्ता परिचित खण्ड पढ्नु अघि जसमा येशुले नयाँ जन्मको बारेमा सिकाउनुहुन्छ, हामी इजकिएल ३६:१६-३८ जस्ता कम परिचित खण्ड पढ्न सक्छौं जसमा परमेश्वरले इस्राएललाई पानीले धोइदिने र उहाँका मानिसहरूलाई नयाँ हृदय दिने प्रतिज्ञा गर्नुहुन्छ। यी दुई वचन खण्डहरू विषयवस्तुमा नजिकबाट सम्बन्धित छन्। तिनीहरूलाई सँगै पढ्दा यूहन्ना ३ मा येशुले दिनु भएको शिक्षाको बारेमा बुझ्न मण्डलीको समझलाई अझ गहिरो बनाउनेछ।

यदि तपाईं नयाँ गीत प्रस्तुत गर्दै हुनुहुन्छ भने, परिचित गीतहरूलाई नयाँ गीतसँगै राख्नुहोस्। जब हामी एक अपरिचित गीतबाट आराधनालाई सुरु गर्छौं, सेवा एक अनिश्चित सुरमा थालनी हुन्छ। परिचित गीतबाट सुरु गरेर मात्रै नयाँ गीत प्रस्तुत गर्नु बुद्धिमानी हुन्छ।

ताइवानको एउटा मण्डलीमा गीतहरू प्रस्तुत गर्ने रचनात्मक तरिका थियो। तिनीहरूका मण्डलीमा धेरै जसो नयाँ विश्वासीहरू थिए र गाइएका धेरै गीतहरू थाहा नभएका थिए। यस मण्डलीले प्रत्येक सेवा अघि पूर्वाभ्यास गऱ्यो। आराधनाको बीस मिनेट अघि, मानिसहरूले आराधना सेवाको समावेश हुने गीतहरू गाए। पियानोवादकले धुन बजाए ताकि सबैले धुन सिक्न सकून्। यो एक पूर्वाभ्यास भएको हुनाले, मण्डलीले राम्ररी नसिकेसम्म अगुवाले रोक्न र वाक्यांश डोहोऱ्याउन सक्थे। १०:०० बजेसम्म, मानिसहरूले आत्मविश्वासका साथ नयाँ गीतहरू पनि गाए।

► तपाईंको भाषामा उपलब्ध भजन र स्तुतिगीतहरूको सङ्ग्रह हेर्नुहोस्। एउटै विषयमा आधारित दुईवटा गीत वा आपसमा सम्बन्धित विषय भएका दुईवटा गीत खोज्नुहोस्। ती दुई गीतबीच स्पष्ट सम्बन्ध हुनुपर्छ। गीतमध्ये एकदम परिचित गीत हुनुपर्छ र अर्को अपरिचित। यदि तपाईंले यी दुई गीतहरूलाई आराधना सेवामा प्रयोग गर्नुभयो भने, कुन गीत पहिले गाउनेहुन्छ? दोस्रो गीतमा कसरी संक्रमण गर्नेहुन्छ?

### *समूहमा मिलेर योजना बनाउनुहोस्।*

उपदेशकको पुस्तकले यो व्यावहारिक सल्लाह दिन्छ; "एकभन्दा दुई असल हो, किनभने तिनीहरूले आफ्नो कामको असल फल पाउनेछन्" (उपदेशक ४:९)। आराधनाको योजना गर्दा त्यहाँ टोली गतिविधि हुनुपर्छ। आराधना सेवाको नेतृत्वमा संलग्न सबैको त्यस योजनामा भूमिका रहेको हुनुपर्छ।

जसरी पास्टर, गीतको अगुवा, र अन्य मण्डलीका अगुवाहरू सेवाको लागि परमेश्वरको इच्छा खोज्न एकसाथ भेला हुन्छन्, प्रत्येक व्यक्तिको वरदानहरू एकसाथ जोडिएका हुन्छन्। एक टोलीको रूपमा काम गरेर, मण्डली नेतृत्वको प्रत्येक सदस्यको शक्तिले आराधनामा योगदान पुर्‍याउँछ।

### *दीर्घकालीन योजना बनाउनुहोस्।*

कुनै पनि सेवाले बाइबलको सम्पूर्ण सन्देशलाई समावेश गर्दैन, तर समयसँगै हामीले हाम्रा आराधकहरूलाई सुसमाचारका सबै पक्षहरू बताउनुपर्दछ। हामीमध्ये प्रत्येकलाई मनपर्ने विषयहरू छन्; हामीले आफूलाई मन नपर्ने विषयहरू प्रचार गर्न र गाउन आफैंलाई जोड दिनुपर्छ।

केही पास्टरहरू र आराधनाका अगुवाहरूले क्यालेन्डर प्रयोग गर्छन् जसले तीन वर्षमा बाइबल मार्फत सिकाउने विषयवस्तुहरू निर्धारण गर्दछ।[67] अरूहरूले साप्ताहिक योजना बनाउँछन् तर समयको अवधिमा पवित्रशास्त्रको सम्पूर्ण सन्देश मार्फत काम गर्न होसियार हुन्छन्।

यदि तपाईंले कडा शिक्षा क्यालेन्डर पालना गर्नुभएन भने पनि, ख्रीष्टियान वर्षको प्राथमिक ऋतुहरूको जागरूकताले तपाईंलाई सुसमाचारका महत्त्वपूर्ण पक्षहरूमा मार्गदर्शन गर्नेछ। ख्रीष्टियान वर्षमा महत्त्वपूर्ण ऋतुहरू यी हुन्:

- **एडभेन्ट** (ख्रीष्टमस अघि आउने चार शनिवारहरू): ख्रीष्टको पहिलो र दोस्रो आगमनमा केन्द्रित।
- **ख्रीष्टमस**: ख्रीष्टको अवतार र जन्ममा केन्द्रित।
- **लेन्ट** (इस्टर अघि आउने छ शनिवारहरू): येशुको पीडा, मृत्युका साथै, प्रत्येक विश्वासी चेला हुने मागमा केन्द्रित।
- **इस्टर**: ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहणमा केन्द्रित।
- **पेन्तिकोस**: पवित्र आत्मा र मण्डलीमा केन्द्रित।

चाहे तपाईं एक औपचारिक अनुक्रम पालना गर्नुहुन्छ वा साप्ताहिक आधारमा योजना बनाउनुहुन्छ, यो सुनिश्चित गर्नुहोस् कि तपाईंको मण्डलीले सबै सुसमाचारलाई आराधनाको एक भागको रूपमा सुनेको छ।

### *शान्तिपूर्वक योजना बनाउनुहोस्।*

आराधना हाम्रो बारेमा होइन; आराधना परमेश्वरको लागि हाम्रो बलिदान हो। हाम्रो आराधनाको योजना त्यो बलिदानको एक हिस्सा हो। दोषबाट प्रेरित "के यो पर्याप्त छ त?" भन्ने सोचाइ बिना हामी आराधनाको योजना बनाउँछौं। हामी अनुग्रहको परमेश्वरको आराधना गर्छौं। हाम्रो भेटी पर्याप्त भएको कारण ग्रहण गरिएको होइन, तर आफ्ना सन्तानका इच्छित भेटी भएकोले परमेश्वरले यसलाई ग्रहण गर्नुभएको हो।

"हामीसँग फलानो मण्डलीजत्तिकै राम्रो सेवा हुनुपर्छ" भन्ने दबाबबाट बच्न यो महत्त्वपूर्ण छ। आजको प्रविधि र मल्टि-मिडियाको संसारमा, धेरै मण्डलीका अगुवाहरूले अन्य मण्डलीहरू जस्तै आधुनिक हुन निरन्तर दबाब महसुस गर्छन्। पास्टरहरू नवीनतम प्रविधिको लागि प्रतिस्पर्धा गर्छन्। सङ्गीत निर्देशकहरू नयाँ गीतहरू गाउन प्रतिस्पर्धा गर्छन्। आराधकहरू नयाँ आकर्षणहरू प्रदान गर्ने मण्डली खोज्ने पसलेहरू बन्छन्।

[67] http://lectionary.library.vanderbilt.edu/calendar.php जुलाइ 22, 2020 मा अनलाइन उपलब्ध छ।

तपाईंको बलिदानले परमेश्वरलाई प्रभाव पार्न प्रयास गर्ने खालको परिक्षामा नपर्नुहोस्। सङ्गीत र प्रविधि जस्ता आराधनाका औजारहरूलाई वास्तविक आराधनाको स्थानमा राख्न नदिनुहोस्। अनुग्रहका परमेश्वर तपाईंको बलिदानको सुगन्धमा हर्षित हुनुहुनेछ भन्ने कुरा थाहा पाएर उहाँको निम्ति उत्तम बलिदान ल्याउनुहोस्। उहाँलाई आफ्नो सबै भन्दा उत्तम भाग दिनुहोस्, र त्यसपछि उहाँले तपाईंको भेटी स्वीकार गर्नुहन्छ भनेर विश्वास गर्नुहोस्। आराधना अन्य मण्डलीहरूसँग गर्ने प्रतिस्पर्धा होइन; यो परमेश्वरलाई दिइएको वरदान हो।

## आराधना सेवाको अगुवाइ

### सबैभन्दा महत्त्वपूर्ण प्रश्न: श्रोताहरू को हुन्?

► आराधनामा मण्डलीको भूमिका के हो? आराधना गर्ने अगुवाहरूको भूमिका के हो? परमेश्वरको भूमिका के हो?





धेरै मानिसहरूले आराधनालाई कन्सर्ट जस्तै हेर्छन्। मण्डलीले पास्टर र सङ्गीतकारहरूको प्रदर्शनीको रूपमा सुन्छन्। पवित्रस्थान कन्सर्ट हल बन्न पुग्छ।

ब्यारी लिस्चले आराधनाको यो दृष्यलाई फुटबल खेलको रूपमा वर्णन गरे:[68]

- आराधना गर्ने अगुवाहरू आराधना गर्ने खेलाडीहरू हुन्।
- मण्डली भनेको दर्शकदीर्घाबाट खेल हेर्ने दर्शकहरू हुन्।
- परमेश्वर चाँहि आराधनाका अगुवाहरूलाई के गर्ने भनेर बताउने प्रशिक्षक हुनुहुन्छ।

आराधनाको बाइबलीय चित्र धेरै फरक छ। बाइबलीय आराधनामा, मण्डलीले आराधना गर्दछ जहाँ आराधनाका अगुवाहरूले आराधनालाई मार्गदर्शन गर्ने प्रशिक्षकको रूपमा काम गर्छन्:





- आराधनाको अगुवा मण्डलीलाई मार्गदर्शन गर्ने प्रशिक्षक हुन्।
- आराधना गर्नेहरू खेलाडीहरू हुन् जसले आराधना गरिरहेका हुन्छन्।
- परमेश्वर हाम्रो आराधना ग्रहण गर्ने दर्शक हुनुहुन्छ।

नाटक प्रदर्शनीमा, तपाईंले निर्देशकलाई कहिल्यै याद गर्नुहुन्न। निर्देशकलाई नाटकको प्रत्येक अंश थाहा हुन्छ र प्रवेश गर्ने समय हुँदा प्रत्येक अभिनेतालाई उनले सङ्केत गर्दछन्। *यदि उनले आफ्नो काम राम्ररी गर्छिन् भने, दर्शकहरूले उनलाई कहिल्यै याद गर्दैनन्।* त्यो आराधनाका अगुवाहरूको भूमिका हो। हाम्रो काम मानिसहरूको लागि आराधना गर्नु होइन; हाम्रो काम मण्डलीलाई आराधनामा डोऱ्याउनु हो। मण्डलीले परमेश्वरको उपस्थितिमा पास्टर र सङ्गीत अगुवाको साथ आराधना गर्दछ। आराधनामा हाम्रो लक्ष्य परमेश्वरलाई खुसी पार्नु हो। बाइबलीय आराधनाको नमूना, परमेश्वर हाम्रो आराधनाको लागि दर्शक हुनुहुन्छ।

[68] Barry Liesch, *The New Worship,* 2nd edition (Grand Rapids: Baker Books, 2001), 123

यद्यपि, परमेश्वर दर्शक भन्दा बढी हुनुहुन्छ; हामीले आराधनामा गर्ने सबै कुरामा परमेश्वरले शक्ति दिनुहुन्छ। र, आराधनाको अगुवा प्रशिक्षक वा निर्देशक दुवै भन्दा बढी हो। आराधनाको अगुवा निर्देशक र आराधक दुवै हो। आराधनाले धेरै सम्बन्धहरू समावेश गर्दछ:

- परमेश्वरले आराधकहरूलाई स्वागत गर्नुहुन्छ, आराधनालाई ग्रहण गर्नुहुन्छ, र मण्डलीमा आराधना सेवा गर्दा आराधनाका अगुवाहरूलाई मार्गदर्शन गर्नुहुन्छ।
- आराधनाका अगुवाहरूले मण्डलीलाई आराधनामा मार्गदर्शन गर्छन्, परमेश्वरको आवाज सुन्छन् र आराधकहरूको रूपमा भाग लिन्छन्।
- मण्डलीले परमेश्वरलाई आराधना चढ़ाउँछ, परमेश्वरको वचन सुन्छ र आराधनामा एकअर्कासँग कुरा गर्छ।




**आराधनालाई प्रदर्शनी.[69] को रूपमा हेर्नबाट कसरी जोगिने**

१. मानिसहरूले जान्ने वा सजिलै सिक्न सक्ने गीतहरू गाउनुहोस्। ती गीतहरूलाई मण्डलीले गाउन सक्ने स्वरहरूमा गाउनुहोस्। नयाँ गीतहरूलाई सन्तुलित रूपमा प्रयोग गर्नुहोस्।

२. परमेश्वरको शक्ति, महिमा र मुक्तिको गीत गाउनुहोस् र उत्सव मनाउनुहोस्। आफ्नो मण्डलीको सेवा गर्नुहोस्। तिनीहरूलाई परमेश्वरको वचनले भर्नुहोस्। नराम्रो शब्द वा फितलो ईश्वरशास्त्र भएका गीतहरू नगाउनुहोस्।

३. बत्ती बालेर राख्नुहोस्। अति धेरै बोल्न बन्द गर्नुहोस्। सुसमाचारको मुख्य सन्देश गुम्ने गरी तार/बत्ती/श्रव्यदृश्यहरूलाई सृजनशिलताको लागि तपाईंको निकास बन्न नदिनुहोस्।

४. तपाईंको आराधनाको अगुवाइ र तपाईंले छनौट गर्ने गीतहरू तपाईंको अधिकांश मण्डलीको लागि हुने गरी मिलाउनुहोस्। पास्टरीय तरिकाले नेतृत्व गर्नुहोस्।

५. येशुतिर सङ्केत गर्नुहोस्। आफैलाई ध्यान नदिनुहोस्।

**आराधना गर्ने अगुवाका गुणहरू**

तपाईंको पदको बावजुद, एउटा आराधनाको अगुवाको रूपमा तपाईं एक पास्टरीय भूमिकाको सेवा गर्नुहुन्छ। यदि तपाईं पास्टर हुनुहुन्छ भने, तपाईंले यो पहिले नै बुझ्नुभइसकेको छ। यदि तपाईं सामान्य अगुवा हुनुहुन्छ भने, तपाईंले बुझ्नुपर्छ कि तपाईंको भूमिकाले तपाईंलाई आत्मिक नेतृत्वको स्थानमा राख्छ।

आराधनाको अगुवा छनोट गर्दा हामीले आत्मिक योग्यताहरू विचार गर्नुपर्दछ, सङ्गीतको वा व्यक्तिगत योग्यता मात्र होइन। जब प्रेरितहरूले ग्रीसियन विधवाहरूको हेरचाह गर्न डिकनहरू चुने, तिनीहरूले आत्मा र बुद्धिले भरिपूर्ण, सबैबाट आदर पाएका मानिसहरू खोजे (प्रेरित ६:३)। नैतिक, आत्मिक र सदाचार योग्यताहरू प्राथमिक महत्वको विषय थियो।

---

[69] Jamie Brown बाट साभार गरिएको, "Are We Headed For A Crash? Reflections on the Current State of Evangelical Worship." उपलब्ध छ https://worthilymagnify.com/2014/05/19/crash/ मा, जुलाइ 22, 2020 मा।

केही मण्डलीहरूमा, गीत गाउने अगुवाहरू, सङ्गीतकारहरू, र अन्य नेतृत्व भूमिकाहरूको छनौट लोकप्रियतामा आधारित हुन्छ। यदि खुवाउने पियाउने सेवा गर्ने डिकनहरू तिनीहरूको आत्मिक योग्यताको आधारमा छनौट गरिएका थिए भने, निश्चित रूपमा आत्मिक गुणहरूको आधारमा आराधनाका अगुवाहरू छान्नुपर्छ।

यदि तपाईंले आफ्नो मण्डलीमा आराधनाको नेतृत्व गर्नुहुन्छ (पास्टर, सङ्गीतकार, वा आराधनामा अन्य अगुवाको रूपमा), तपाईंले प्रभावकारी आराधनाको अगुवा बनाउने गुणहरू विकास गर्न खोज्नुपर्छ।

- **आत्मिक अन्तर छुट्याउनु**। "के म पवित्र आत्माको अगुवाइप्रति संवेदनशील छु?"
- **संवेदनशीलता**। "के म मण्डलीका आवश्यकताहरूप्रति संवेदनशील छु? के म ती आवश्यकताहरू पूरा गर्ने गीत र पवित्रशास्त्रका वचनहरू छान्छु?"
- **सहकार्य**। "के म टोलीमा प्रभावकारी रूपमा सेवा गर्छु? के म सहयोगी छु जब पास्टरले मलाई समापनको गीत परिवर्तन गर्न भन्नुहुन्छ? के म सम्पूर्ण टोलीको आवश्यकतालाई आत्मसात गर्छु?"
- **ज्ञान**। "के म परमेश्वरको वचनको निम्ति मेरो ज्ञानमा बढ्दैछु? के म परमेश्वरको वचनलाई आराधनामा केन्द्रित गर्छु?"
- **बुद्धि**। "के म आराधनाको बारेमा उठ्ने विवादहरू बुझ्न र त्यसलाई सम्बोधन गर्न बुद्धिमा बढ्दैछु? के म आफैलाई सुन्नमा छिटो र बोल्नमा ढिलो हुन अनुशासित गर्छु?" (याकूब १:१९)
- **धैर्य**। "सेवाको लागि *मेरो योजना* लाई स्वीकार गर्न मण्डली ढिलो हुँदा के म धैर्य गर्छु?"
- **नम्रता**। "के म मेरो मण्डलीका कम प्रशिक्षित सदस्यहरूको आवश्यकता पूरा गर्ने गीत गाउन इच्छुक छु? के म मेरो मण्डलीका अशिक्षित सदस्यहरूको आवश्यकता पूरा गर्ने सरल शैलीमा प्रचार गर्न इच्छुक छु? के म नम्रताका साथ अगुवाइ गर्छु, वा परमेश्वरले मलाई जुन मण्डलीमा राख्नु भएको छ त्यो मण्डलीभन्दा म आफूलाई उच्च ठान्छु?" आराधनाको अगुवाको रूपमा, तपाईंको सृजनशिलता तपाईंको पास्टरीय जिम्मेवारीको निम्ति उपज हुनुपर्छ। तपाईंको पहिलो दायित्व मानिसहरूको सेवा गर्नु हो।
- **सिर्जनशीलता**। "के म आराधनालाई अर्थपूर्ण बनाउने उपायहरू खोज्छु? के म दोहोरिरहने ढाँचामा पर्नबाट जोगिन सक्छु जसमा सबै सेवाहरू उस्तै उस्तै हुन्छन्?"
- **अनुशासन**। "के म आराधनामा ध्यान भङ्ग हुनबाट जोगाउन मेरो सृजनशिलतालाई अनुशासन गर्छु? के मैले प्रत्येक सेवालाई अति नयाँ बनाउनबाट जोगाएको छु ताकि मानिसहरूले आफ्नो ध्यान परमेश्वरमा केन्द्रित गर्न सक्दैनन्?"
- **उत्कृष्टता**। "के म हरेक हप्ता मेरो उत्कृष्ट बलिदान ल्याउँछु? के म निरन्तर आराधना गर्ने अगुवाको रूपमा बढिरहेको छु?"[70]

### आराधनाको अगुवाइमा व्यावहारिक कदमहरू

एक अगुवाले मानिसहरूलाई आराधना गर्न बाध्य पार्न सक्दैन; तथापि, अगुवाले मण्डलीलाई आराधनामा ध्यान दिन सजिलो बनाउन सक्छ।

---

[70] उत्कृष्टताको गुणस्तरको अर्थ व्यावसायिक रूपमा प्रशिक्षित अगुवाहरूले मात्र आराधनाको नेतृत्व गर्न सक्छन् भन्ने होइन। ह्यारोल्ड बेस्टले उत्कृष्टतालाई "म पहिले भन्दा राम्रो बन्ने दौरानमा" भनेर परिभाषित गर्दछन्। आराधना भनेको परमेश्वरलाई हामीले चढ़ाउने बलिदान भएकोले, हामी निरन्तर पहिले भन्दा उत्कृष्ट बन्न खोज्छौं। Harold Best, *Music through the Eyes of Faith* (San Francisco: Harper Books, 1993), 108

### *उदाहरणबाट अगुवाइ गर्नु*

आराधनामा अगुवाइ गर्ने सुअवसरहरू मध्ये एउटा *मण्डलीसँग* आराधना गर्ने अवसर हो। आराधनामा मण्डलीको नेतृत्व गर्दा अगुवाले पनि सँगै आराधना गर्नुपर्छ।

दुर्भाग्यवश, आराधनाको अगुवाको लागि आराधना एक चुनौती हुन सक्छ। हामी आराधनामा यति व्यस्त हुन सक्छौं कि हामी आराधना गर्न चुकिराखेका हुन्छौं! यदि तपाईं सङ्गीत निर्देशक हुनुहुन्छ भने, तपाईंले आफूलाई आराधना गर्ने प्रयास गरिरहनुभएको बेलामा तपाईंले विभिन्न विचारहरू सोच्न सक्नुहुन्छ जस्तैः

- "एकल गीत गाउने गायिका आउन ढिला भयो। तैपनि मलाई आशा छ कि उनी विशेष गीत गाउनको लागि समयमै यहाँ आइपुग्छिन्!"
- "पहिलो भजनमा मानिसहरूले राम्रोसँग गाएनन्। के त्यो गीत हाम्रो मण्डलीको लागि गाउन धेरै गाह्रो छ?"
- "हामी धेरै बिस्तारै गाउँदैछौं जस्तो लाग्छ। के मैले अर्को पदको गति अलि बढाउनु पर्छ?"

यदि तपाईं पास्टर हुनुहुन्छ भने, तपाईंले आफूलाई आराधना गर्ने प्रयास गरिरहनुभएको बेला तपाईंले यस्तो सोचिरहेको पाउन सक्नुहुन्छः

- "हामीसँग गत हप्ता भन्दा १० जना व्यक्तिहरू कम छन्। तिनीहरू कहाँ छन्?"
- "के मैले केही आह्वानका साथ प्रवचनलाई समाप्त गर्नुपर्छ?"
- "त्यो गीत मेरो प्रवचनसँग मेल खाँदैन! म कसरी स्वर्गको बारेमा गाएको गीतबाट न्यायको मेरो प्रवचनमा जान सक्छु?"

हामीले सेवाको नेतृत्व गर्ने तरिकाले हाम्रो जीवनमा आराधनालाई प्रतिस्थापन गर्न दिनु हुँदैन। जसरी हामी आराधनाको नेतृत्व गर्छौं, हामीले पनि आराधना गर्नुपर्छ। यसले मण्डलीलाई पनि आराधना गर्न प्रेरित गर्छ। एकजना वक्ताले भने, "आराधना गर्ने अगुवाहरूको हैसियतमा हामी **भेडा कुकुरहरू** होइनौं जसले मण्डलीलाई हामीले चाहेको दिशामा जबरजस्ती गर्नका लागि कुकुरहरूले टोक्छन्। हामी **आराधकहरू** हौं जसले मण्डलीलाई हामीसँग परमेश्वरको उपस्थितिमा जान आह्वान गर्छौं" अगुवाले तिनीहरूलाई आराधना गर्न भन्दैमा मण्डलीले आराधना गर्दैन; अगुवाले आराधना गर्दा मण्डलीले पनि आराधना गर्छन्। आराधनाको अगुवाले उदाहरणद्वारा नेतृत्व गर्छन्।

### *हौसलाका साथ अगुवाइ गर्ने*

गीता बिहान ३:०० बजेसम्म बिरामी बच्चाको हेरचाह गर्दै थिइन्। तीन घण्टा सुतिसकेपछि, उनी बिहानको खाजा बनाउन र मण्डलीको लागि तयार हुन उठिन्। उनी निद्राको अभावबाट थकित भइ मण्डलीमा आइपुगिन्, उनी निरुत्साहित भइन् किनभने उनको छोरोले खेलौना राख्न बिर्सेकोमा उनलाई कडासँग हप्काएकी थिइन्, र यस हप्ता परमेश्वरसँग एक्लै समय बिताउन नसक्दा आत्मिक रूपमा रिक्त भएकी थिइन्।

पास्टर राजन आराधनामा थप संलग्नता भएको हेर्न चाहन्छन्। पहिलो गीत गइसकेपछि उनी मञ्चमा पुग्छन्, "तपाईंहरूलाई के भयो? हामी परमेश्वरको उपस्थितिमा छौं। हामी राजाको आराधना गर्दैछौं, र तपाईंहरू मध्ये कोही कोही बरु घरमा गएर सुत्नु भएको भए असल हुन्थ्यो जस्तो देखिनुहुन्छ! तपाईंहरूलाई लाज लाग्नु पर्ने। आराधनामा सामेल हुनुहोस्!"

पास्टर राजनको मनसाय राम्रो छ। उहाँ आफ्नो मण्डली सक्रिय आराधकहरू भएको चाहनुहुन्छ, तर गीताले के सुनिन्? "म आमाको रूपमा असफल छु; म मेरो छोराको लागि धेरै कठोर भए। म एक ख्रीष्टियानको रूपमा असफल छु; मैले हिजोको मेरो सङ्गतिलाई छुटाए। म मण्डली जानमा पनि असफल छु; परमेश्वर रिसाउनुभएको छ किनभने मैले गाएको छैन।" दोषी भावनालाई उत्प्रेरकको रूपमा प्रयोग गरेर, पास्टर राजनले गीताको लागि आराधनालाई अझ कठिन बनाएका छन्।

आराधनाका अगुवाहरूको रूपमा, हामीले आराधनालाई प्रोत्साहन गर्नुपर्छ। हामीले हाम्रो आफ्नै जीवनमा आराधनालाई नमूना बनाउनुपर्छ। त्यसपछि हामी परिणामहरूलाई परमेश्वरमा छोड्न सक्छौं। यो परमेश्वरको कृपा हो जसले आराधना सम्भव बनाउँछ; यो परमेश्वरको अनुग्रह हो जसले साँचो आराधनालाई शक्ति दिन्छ; यो परमेश्वरको कृपा हो जसले आराधकको हृदयलाई आकर्षित गर्दछ।

हामीले आराधनालाई सकारात्मक शब्दहरूद्वारा प्रोत्साहित गर्नुपर्छ, तर हामीले आराधकहरूलाई दोषी भावनाको साथ नियन्त्रण गर्ने वा कृत्रिम रूपमा भावनाहरूलाई उत्तेजित गर्ने प्रयास गर्नु हुँदैन। हाम्रो लक्ष्य भनेको आराधकहरूलाई परमेश्वरतर्फ औंल्याउनु हो। उहाँले आराधनालाई प्रेरित गर्नुहुन्छ; आराधना हाम्रो प्रेरक प्रविधि वा भावनात्मक नियन्त्रणमा निर्भर हुँदैन। हामी आराधनाका अगुवाहरूको रूपमा परमेश्वरले गर्ने काम गर्नु आवश्यक छैन!

यो खण्ड गीताको कथाबाट सुरु भयो। एक विनम्र, प्रोत्साहन गर्ने आराधनाको अगुवाको सत्य कथाको साथ यसलाई समाप्त गरौं। युवाहरूलाई आराधनामा सक्रिय बनाउन मनोजले सङ्घर्ष गरे। उनले आराधनामा भन्दा मोबाइलको टेक्सट म्यासेजमा उनीहरूले आफ्नो ध्यान बढी केन्द्रित गरेको पाए। केही अगुवाहरूले सेवा यसरी सुरु गरेका हुन सक्थे: "नानीबाबुहरू, हामी यहाँ आराधना गर्न आएका छौं। ती फोनहरूलाई टाढा राख र आराधनामा ध्यान देऊ। तिमीहरू परमेश्वरको अनादर गर्दैछौ!"

मनोजले धेरै फरक काम गरे। गितारवादकले आराधनाको शान्त प्रकृतिको गीत बजाउँदा, मनोजले बिस्तारै भने, "जब हामी परमेश्वरको उपस्थितिमा आउँछौं, मलाई थाहा छ तपाईं आफ्नो छिमेकीको आराधनाबाट ध्यानभङ्ग गराउन चाहनुहुन्न। आज बिहान सबैले आफ्नो फोन राखौं र परमेश्वरको आवाज सुनौं।" कोठामा रहेका प्रत्येक व्यक्तिले आफ्नो फोन राखे। मनोजले आफ्नो जवानहरूलाई नम्र भई आराधना गर्न सिकाए।

### अगुवाइ वा चलाकी?

एक जना आधुनिक आराधनाको अगुवाको गवाही सुन्नुहोस्:

"नयाँ मानिसको रूपमा, मैले मेरो विश्वविद्यालय नजिकैको एउटा मण्डलीमा गएँ; यसको… चम्किलो बत्ती र चर्को सङ्गीत रोमाञ्चक [थियो]। आराधनाको अगुवासँग शैली मिलाएको कपाल, जिन्स पाइन्ट र महँगो गितार थियो। सेवाको सुरुमा, मैले उसको कम्मरको उचाईसम्मको प्रयोग नगरिएको माइक्रोफोन देखेँ। 'यसले के उद्देश्य सेवा गर्न सक्छ?' म अचम्ममा परें, र त्यसपछि मैले हात उठाएँ र धुनमा हराए।

"आवाज अद्भुत थियो, प्रशंसा टोली उत्कृष्ट थियो, र सङ्गीतलाई अन्तिम गीतमा लैजानको लागि सावधानीपूर्वक योजना गरिएको थियो। जब अगुवाले अन्तिम शब्दहरू गाए ('म मेरो घुँडा टेक्दै छु, मेरो सबै कुरा बलिदान गर्दैछु'), उनले घुँडा टेके। यो बिन्दुमा मैले प्रयोग नगरिएको माइक्रोफोनको उद्देश्यलाई महसुस गरें। यसलाई मिलेको उचाइमा राखिएको थियो ताकि अगुवाले आफ्नो घुँडा टेकेर गितार बजाउन र गाउन सक्षम हुनसकोस्। म यस मण्डलीको मनसायको निम्ति न्याय गर्न चाहन्न, तर मैले मद्दत गर्न सकिनँ तर मलाई यो भावनात्मक क्षणमा प्रतिक्रिया दिन नियन्त्रण गरिएको जस्तो महसुस भयो, जुन स्पष्ट रूपमा समय अगावै योजना गरिएको थियो।".[71]

यो उदाहरण आधुनिक आराधनाबाट आएको हो, तर हामीले परम्परागत आराधनाबाट पनि उदाहरणहरू प्रयोग गर्न सक्छौं। नियन्त्रणको समस्या एउटै आराधना शैलीमा मात्र सीमित छैन। हाम्रो साङ्गीतिक शैली वा निश्छल मनशाय जस्तोसुकै भए पनि, हामी मण्डलीलाई कठपुतलीको रूपमा व्यवहार गर्न सक्छौं जुन हामीले विशेष भावनात्मक प्रतिक्रियामा नियन्त्रण गर्छौं।

[71] Joel Wentz, "Confessions of a Former Worship Leader." https://relevantmagazine.com/life5/1301-confessions-of-a-former-worship-leader/ जुलाइ 22, 2020 मा उपलब्ध छ।

के आराधनामा भावना गलत छ? होइन; हामी आराधनाको भावनात्मक प्रभावको धेरै बाइबलीय उदाहरणहरू देख्छौं। के भावनात्मक प्रतिक्रियालाई प्रेरित गर्ने प्रयास गर्नु गलत हो? होइन; राम्रो बोलिवचनले दिमाग र भावना दुवैलाई छुन्छ। यद्यपि, यदि हामी होसियार छैनौं भने, हामी पवित्र आत्माको काम बाहेक, विशेष भावनात्मक प्रभाव सिर्जना गर्न काम गर्न सक्छौं।

आराधनाको नेतृत्व र नियन्त्रण बीचको भिन्नता हामी कसरी बताउन सक्छौं? नियन्त्रण तब आउँछ जब मण्डलीको प्रतिक्रिया पवित्र आत्माको शक्तिमा भन्दा अगुवाहरूको कार्यहरूको प्रभावकारितामा बढी निर्भर हुन्छ। हुनसक्छ हामी नेतृत्व र नियन्त्रण बीच पूर्ण रूपमा छुट्याउन सक्दैनौं, तर त्यहाँ केही सङ्केतहरू छन् जसले सुझाव दिन्छ कि हामी नियन्त्रण भित्र आउन रेखा पार गर्दैछौं।

१. **जब हामीले भावनालाई आराधनासँग भ्रमित गर्छौं तब हामी आराधनालाई नियन्त्रण गर्ने खतरामा हुन्छौं**। हामी भावनात्मक प्रतिक्रिया सिर्जना गर्ने जिम्मेवारी हाम्रो हो भन्ने महसुस गर्न थाल्छौं। केही आराधनाका अगुवाहरूले भनेका छन्, "यो वास्तविक नभएसम्म नक्कली बनाउनुहोस्। भावनालाई नक्कली बनाउनुहोस् जबसम्म मानिसहरूले यसलाई वास्तविक महसुस गर्दैनन्।" यसले यो मान्दछ कि हाम्रो काम भनेको आराधना सिर्जना गर्न भावना प्रयोग गर्नु हो। आराधनाका अगुवाहरूले आराधनाको नेतृत्व गर्छन्; हामीले आराधना सृजना गर्दैनौं।

२. **हृदय परिवर्तनको लागि उच्च भावनाको अवस्था आवश्यक छ भनी मान्दा हामी आराधनालाई नियन्त्रण गर्ने खतरामा छौं**। परमेश्वरले भावनाले भरिएको मण्डली सेवामा काम गर्न सक्नुहुन्छ, तर उहाँले घरको शान्त क्षणहरूमा पनि काम गर्न सक्नुहुन्छ। हामी मण्डलीलाई नियन्त्रण गर्ने प्रयास गर्ने खतरामा हुन्छौं यदि हामी विश्वास गर्छौं कि यो हाम्रो प्रयासले मात्र परमेश्वरले हामीले सेवा गरिरहेका मानिसहरूका हृदयमा परिवर्तन ल्याउन सक्नुहुन्छ।

३. **हामी आराधनामा नियन्त्रण गर्ने खतरामा हुन्छौं जब हामीले कुनै विशेष शारीरिक कार्यलाई आराधनासँग तुलना गर्छौं**। कहिलेकाहीँ मानिसहरूले प्रतिक्रिया दिएको अगुवाले चाहन्छन्, त्यसैले उनी भन्छन्, "यदि तपाईंले येशुलाई प्रेम गर्नुहुन्छ भने, तपाईंले आफ्नो हात माथि उचाल्नुहुनेछ।" स्पष्ट छ, मण्डलीमा येशुलाई साँचो माया नगर्ने कोहीले हात उठाउन सक्छ! वा, येशुलाई प्रेम गर्ने मण्डलीको कोहीले आफ्नो हात माथि नउचाल्न सक्छ। आराधनालाई कुनै विशेष शारीरिक क्रियाकलापसँग तुलना गरिदैन। गायन गर्दा ताली बजाउनु आराधना गरिरहेको प्रमाण होइन, जसरी प्रार्थना गर्दा चुपचाप बस्नु प्रार्थना गरिरहेको प्रमाण होइन। परमेश्वरले मात्र आराधकको हृदय देख्नुहुन्छ। "**जब आराधनाका अगुवाहरूले बाह्य क्रियाकलाहरूलाई आन्तरिक मनोवृत्तिको मुख्य परीक्षा बनाउँछन्, तिनीहरू खतरनाक भूमिको सतहमा हिंडिरहेका हुन्छन्।**"[72]

४. **हामीले अर्को समय वा ठाउँमा परमेश्वरले गर्नुभएको कुराको नक्कल गर्ने प्रयास गर्दा हामी आराधनालाई नियन्त्रण गर्ने खतरामा छौं।** परमेश्वरले गत हप्ता एउटा विशेष गीतलाई आशीर्वाद दिनुभएको हुनाले, उहाँले यस हप्ता उही गीतलाई आशिष् दिनुपर्छ भनेर हामीले मान्नु हुँदैन। जब परमेश्वरले काम गर्नुहुन्छ, उहाँले आफ्नै तरिकाले काम गर्नुहुन्छ। आराधना गर्ने अगुवाहरूले परमेश्वरलाई उहाँले चाहेअनुसार आउन स्वतन्त्र छोड्नुपर्छ। त्यहाँ कुनै चमत्कारी सुत्र छैन जसले हरेक परिस्थितिमा समान आत्मिक प्रतिक्रिया सिर्जना गर्दछ।

५. **जब हामीले हाम्रो सेवकाइलाई मानिसहरूबाट प्रतिक्रिया प्राप्त गर्ने हाम्रो क्षमताको आधारमा मापन गर्छौं तब हामी आराधनालाई नियन्त्रण गर्ने खतरामा हुन्छौं।** कुनै पनि सार्वजनिक वक्ता वा सङ्गीतकार आफूलाई सुन्नेहरूबाट प्रतिक्रिया प्राप्त गर्न मन पराउँछन्; त्यो सामान्य हो। तर जब हामीले यी प्रतिक्रियाहरूद्वारा हाम्रो सेवकाइको प्रभावकारिता नाप्छौं भने, हामी पवित्र आत्माको सट्टा हाम्रो सीपमा भर पर्ने खतरामा हुन्छौं।

[72] Warren Wiersbe, *Real Worship* (Grand Rapids: Baker Books, 2000), 215

यो विषय गाह्रो छ। धेरै पटक दुई फरक परिस्थितिहरूमा बोलिने एउटै शब्दहरूले धेरै फरक प्रेरणाहरूको प्रतिनिधित्व गर्दछ। एकातिर, यदि हामी लापरवाह छौं भने हामी आराधनालाई नियन्त्रण गर्न सुरु गर्न सक्छौं। अर्कोतर्फ, यदि हामी भावनाबाट धेरै डराउँछौं भने हामीले कुनै पनि नेतृत्व प्रदान गर्न सक्दैनौं!

यसकारणले गर्दा, हामी अरू कसैले गरेको आराधनाको नेतृत्वको न्याय गर्न ढिलो हुनुपर्छ तर आफ्नै नेतृत्वको मूल्याङ्कन गर्न छिटो हुनुपर्छ। हामीले नेतृत्व गर्दा हाम्रो मनसाय के छ भनेर देखाउनको लागि परमेश्वरलाई सोध्नु पर्छ। हामीले चाहेको विशेष प्रतिक्रियामा आराधकहरूलाई नियन्त्रण नगरी आराधनामा अगुवाइ गर्न होसियार हुनुपर्छ।

**व्यावहारिक प्रश्नहरू**

***हामी कसरी सेवा सुरु गर्छौं?***

एक खराब उदाहरण:

*१०:०० बजे, यो सेवा सुरु गर्ने समय हो। पास्टरले गीतको अगुवा खोज्ने प्रयास गरिरहनुभएको छ। तीन महिलाहरू एउटा पकाउने विधि साटासाट गरिरहेका छन्। बालीनालीका लागि पानी नपरेको भन्दै चार जना पुरुषहरू कुरा गरिरहेका छन्। यी सबै गतिविधिबाट हामी कसरी आराधनामा लाग्ने?*

आराधना अगुवाको महत्त्वपूर्ण जिम्मेवारीहरू मध्ये एक सेवाको उद्घाटन हो। हामी कसरी परमेश्वरका मानिसहरूलाई परमेश्वरको उपस्थितिमा आमन्त्रित गर्छौं?

- **केही मण्डलीहरू मौनताको एक पलबाट सुरु गर्छन्।** अगुवाले सामान्य तवरमा सुरु गर्छन्, "हामी परमेश्वरको उपस्थितिमा प्रवेश गर्दा मौन प्रार्थनाको एक क्षणमा हामीसँग सामेल हुनुहोस्।"

- **केही मण्डलीहरू एक साङ्गीतिक "आराधना गर्न आह्वान" बाट सुरु गर्छन्।** यो एक आराधना झुण्ड वा व्यक्तिद्वारा गाउन सकिन्छ, वा यो मण्डलीको लागि कोरस हुन सक्छ। केही मण्डलीहरूमा, पास्टरले अगाडि पाइला चाल्नुहुन्छ र एउटा कोरस गाउन थाल्नुहुन्छ, "धन्यवादी भई वहाँको ढोकाभित्र पस्नेछु…" (कोरस भजनसंग्रह १००:४ मा आधारित)।

- **केही मण्डलीहरू पवित्रशास्त्रको एउटा पदबाट सुरु गर्छन्,** यो प्रायः भजनसंग्रहबाट लिइएको हुन्छ।

> आओ, परमप्रभुको निम्ति हामी आनन्दले गाऔं, हाम्रो उद्धारको चट्टानकहाँ चर्को सोरले कराऔं। धन्यवाद चढ़ाउँदै उहाँको सामुन्ने आऔं, भजन र गीतले उहाँको प्रशंसा गरौं (भजनसंग्रह ९५:१-२)।

परमेश्वरको उपस्थितिमा आराधकहरूलाई स्वागत दिने भजनहरूमा भजनसंग्रह १५, भजनसंग्रह ६६:१-४, भजनसंग्रह ९६:१-४, भजनसंग्रह १००, भजनसंग्रह १०५:१-३, भजनसंग्रह १०७:१-३, भजनसंग्रह १४९:१-२, र भजनसंग्रह १५० समावेश छन्।

***के सूचनाहरू आराधना हुन्?***

एक स्पेनी पास्टरले सोधे, "आराधनामा सूचनाहरू कहाँ उपयुक्त हुन्छन्? हामी हाम्रो मण्डलीमा आराधना र परमेश्वरको उपस्थितिमा ध्यान केन्द्रित गर्ने प्रयास गर्छौं। हामीले अद्भुत सेवा गरेका हुन्छौं र त्यसपछि दिक्क लाग्दो सूचनाहरूको लामो सूचीको साथ समाप्त गर्छौं यसले सेवाको भावनालाई असर गर्छ। हामी कसरी सूचनाहरूलाई आराधनाको भाग बनाउन सक्छौं?"

हामीले जहाँ सूचनाहरू राखेका हुन्छौं, तिनीहरूले सेवामा बाधा पुऱ्याउन सक्छन्। सूचनाहरू विरलै आराधना हुन्छन्; बरु, तिनीहरूले आराधनामा बाधा पुऱ्याउँछन्। तपाईं के गर्न सक्नुहुन्छ? त्यहाँ कुनै उत्तम जवाफ छैन, तर केही सुझावहरूले मद्दत गर्न सक्छ:

- सम्भव भएसम्म, ठूलो स्वरले पढ्नुको सट्टा सूचनाहरू छाप्नुहोस्। जब तपाईंले सार्वजनिक सूचनाहरू गर्नु पर्छ, तिनीहरूलाई छोटो बनाउनुहोस्।

- सेवा सुरु हुनु अघि सूचनाहरू देखाउन ओभरहेड प्रोजेक्टर प्रयोग गर्नुहोस्।

- केही मण्डलीहरूमा पहिले सूचनाहरू हुन्छन्, प्रार्थनाको समय हुन्छ र त्यसपछि सेवा सुरु हुन्छ। त्यहाँ एउटा मण्डली छ जसले १०:०० मा आफ्नो सेवा सुरु गर्छ। यो मण्डलीले ९:५० मा सूचनाहरू गर्छ। पास्टरले भने, "यसले दुईवटा कुराहरूलाई पूरा गर्छ। पहिलो, यसले मानिसहरूलाई चाँडै आउन प्रोत्साहन दिन्छ किनभने यदि तिनीहरू ९:५० सम्म यहाँ आएका छैनन् भने तिनीहरूले सूचनाहरू सुन्ने छैनन्। दोस्रो, यसले हामीलाई सेवाको पहिलो शब्दहरूबाट पूर्ण रूपमा आराधनामा ध्यान केन्द्रित गर्न समर्थन दिन्छ।"

- सूचनाहरूले आराधनाको भावलाई अवरोध गर्न नदिनुहोस्। बरु, मण्डलीको सेवकाइ पूरा गर्ने भागको रूपमा सूचनाहरूलाई हेर्नुहोस्, सूचनाहरू गर्नुहोस्, र अगाडि बढ्नुहोस्। जब हामीले मण्डलीका गतिविधिहरू (प्रार्थना सङ्गतिहरू, समुदायको सेवा, बाहिर गएर गर्ने सेवाहरू, र मण्डली परियोजनाहरू) आराधनाको भाग हुन् भनी बुझ्छौं, यी गतिविधिहरूको सूचनाहरू मण्डलीको आराधनाको भाग हुन्। जसरी एउटा बुबाले हप्ताको योजनाहरूको बारेमा परिवारलाई स्मरण गराएर परिवारको सङ्गति समाप्त गर्न सक्नुहुन्छ, पास्टरले पनि हप्ताको गतिविधिहरूको बारेमा मण्डली परिवारलाई स्मरण गराएर आराधना सेवा समाप्त गर्न सक्नुहुन्छ। मण्डलीका गतिविधिहरूको सूचनाले हामीलाई स्मरण गराउँछ कि हामी एक परिवार हौं; परिवारको सङ्गति आराधनाको महत्त्वपूर्ण पक्ष हो।

### आराधनाका खतराहरू: "हामी यो गर्छौं किनभने…"

एउटी नयाँ दुलही आइतवारको खानाको लागि सुँगुरको मासु पकाउँदै थिइन्। सुँगुरको मासुलाई चूल्होमा राख्नु अघि, उनले सुँगुरको मासुको एक छेउलाई सावधानीपूर्वक काटिन् र त्यसलाई सानो प्यानमा राखिन्। श्रीमानले सोधे, "तिमी किन त्यसो गर्छौ?"

"यसरी तिमीले सुँगुरको मासु पकाउनु पर्छ। मेरी आमाले सधैं पकाउनु अघि सुँगुरको मासुको एउटा छेउ काट्नुहुन्थ्यो। मलाई लाग्छ कि यसले स्वाद आउनमा मद्दत गर्दछ।" जवान दुलहीले सोच्न थालिन्, "सुँगुरको मासुको छेउ काट्दा स्वादको लागि के हुन्छ?" उनले आमालाई बोलाएर सोधिन्, "किन तपाईं सुँगुरको मासुको एउटा छेउ काट्नुहुन्छ?"

उनकी आमाले भनिन्, "किनकि तिम्री हजुरआमा, मेरी आमा सधैं खाना पकाउनु अघि सुँगुरको मासुको एक छेउ काट्नुहुन्थ्यो। यसले स्वाद बढाउन मद्दत गर्नुपर्छ। उहाँलाई सोधौं।"

जवान दुलहीले धेरै बुढी हजुरआमालाई बोलाइन्। हजुरआमाले अब खाना पकाउनु हुँदैन, तर उहाँले उनीहरूको प्रश्नको जवाफ दिनुभयो। "हो, मलाई याद छ कि मैले सुँगुरको मासुको एउटा छेउ किन काटें। जब तिम्रो हजुरबुबाको र मेरो विवाह भयो, हामीले धेरै पकाउने प्यानहरू किन्न सकेनौं। मेरो मासु तार्ने प्यान सानो थियो। मैले सुँगुरको मासुको एउटा छेउ नकाटेसम्म त्यो मेरो प्यानमा अट्दैन थियो!"

५० वर्षसम्म ती हजुरआमाकी छोरी र त्यसपछि नातिनीले अर्थहीन 'परम्परा' जारी राखेकी थिइन्। तिनीहरूले कहिल्यै सोधेका थिएनन्, "किन?"

आराधनाका अगुवाहरूको रूपमा, हामी कहिलेकाहीँ "किन भन्ने प्रश्नको" विचार नगरी कामहरू गर्छौं।

मण्डलीहरूले कुनै खास तरिकामा कामहरू गर्नुका कारणहरू:

१. **विगतका मण्डलीहरूले त्यसो गरे।** परम्परामा मूल्यमान्यता हुन्छ। यदि चर्चहरूले अतीतमा केही गरे, भने हामीले "किन गरे?" भनेर नसोधी त्यसलाई फ्याँक्नु हुँदैन। हामीले परम्परालाई जोगाउने राम्रो कारण पाउन सक्छौं; तर यदि "विगतका मण्डलीहरूले यो गरे" भन्ने *मात्र* कारण हो भने, यो पर्याप्त नहुन सक्छ।

२. **ठूला मण्डलीहरूले यो गर्छन्।** अरूहरूबाट सिक्दा खेरी त्यस्को मूल्य हुन्छ। यदि कुनै अभ्यासले अन्य मण्डलीहरूमा काम गर्छ भने, हामीले सोध्नु पर्छ, "के यो अभ्यास हाम्रो लागि लाभदायक छ? उनीहरूले यो किन गर्छन्?" हामीले आराधना गर्ने अभ्यासको नक्कल गर्नुको राम्रो कारण पाउन सक्छौं। तर यदि "ठूला मण्डलीहरूले यो गर्छन्" त्यही भएर हामीले यसो गरेको भन्ने *मात्र* कारण हो भने, यो हाम्रो अवस्थाको लागि उपयोगी नहुन सक्छ।

३. **मानिसहरूले यसलाई मन पराउँछन्।** त्यस्तो आराधनाको मूल्य हुन्छ जसले मानिसहरूको सहभागितालाई प्रोत्साहन दिन्छ। "तपाईंको आराधना दिक्क लाग्दो हुनुपर्छ!" भनी पवित्रशास्त्रमा केही भनिएको छैन। हाम्रा मानिसहरूको मनपर्ने गीत सत्य र आराधनामय छ भनी हामीले फेला पार्न सक्छौं। यदि त्यसो हो भने, त्यो अद्भुत छ; तर यदि मानिसहरूले झूटा सिद्धान्त सिकाउने गीत मन पराउँछन् भने हामीले त्यो गीत गाउनु हुँदैन।

४. **यसले हामीलाई आत्मा र सत्यतामा ईश्वरको आराधना गर्न अनुमति दिन्छ।** हामीले गर्ने कार्यको मुख्य कारण यही हो। आराधनाको योजना बनाउँदा र आराधनामा अगुवाइ गर्दा हामीले सोध्नुपर्छ, "के यो गीतले हामीलाई परमेश्वरको उत्तम आराधना गर्न मद्दत गर्छ? के यो आराधनाको ढाँचाले हामीलाई परमेश्वरको उपस्थितिमा लैजान्छ? के आह्वान गर्ने काम प्रवचनको प्रतिक्रियालाई स्वीकार गर्ने उत्तम तरिका हो, वा हामीले प्रशंसाको गीतको साथ अन्त्य गर्नुपर्छ? यस हप्ता हामी कसरी आत्मा र सत्यतामा परमेश्वरको आराधना गर्छौं?"

## निष्कर्ष: जब हामी आराधनामा असफल भयौं

मण्डलीले सुरुको भजन आधा हृदयले गाए। आराधना झुण्डहरूले अभ्यास गरेका थिए, तर तिनीहरूले त्यो बिहान खराब गाए। एकल गीत गाउने कलाकारले उनको शब्द नै बिर्से। पियानोवादकले गलत नोटहरू बजाए। पास्टरको प्रवचन मानिसहरूको जीवनसँग जोडिएको देखिएन। सेवा आपत्तिजनक थियो। के तपाईंलाई यस्तो कहिल्यै भएको छ? आराधनाको नेतृत्व गर्न असफल हुँदा के गर्नुहुन्छ?

### (१) याद गर्नुहोस्, सबै आराधना पूर्वाभ्यास हो।

हाम्रो आराधना स्वर्गीय आराधनाको पूर्वाभ्यास हो। हामी असिद्ध मानिसहरू हौं र हाम्रो आराधना सधैं त्रुटिपूर्ण हुनेछ। "हामीलाई आराधनामा सर्वोत्तम कुरा दिन बोलाइएको छ, सिद्ध कुरा दिन होइन।"[73]

### (२) अर्को हप्ता आउँदैछ।

आइतबार राजीनामा नदिनुहोस्। सेवाको विश्लेषण गर्न सोमबारसम्म पर्खनुहोस्। असफलताबाट सिक्नुहोस् र अगाडि बढ्नुहोस्। भर्खरै वर्णन गरिएको सेवामा, सुरुको भजनसँग मण्डली अपरिचित थियो। निर्देशकले सोचे कि उनीहरूलाई त्यो भजन थाहा छ; तिनीहरूलाई थाहा थिएन। उनले आफ्नो भजनलाई लेखेर नोट बनाए, "मण्डलीले यसलाई फेरि गाउनुअघि यो भजन आराधना झुण्डलाई सिकाउनुहोस्।" आफ्ना गल्तीहरूबाट सिक्नुहोस्, परमेश्वरको मद्दत खोज्नुहोस्, र अर्को शनिवारमा परमेश्वरलाई तपाईंको माध्यमबाट काम गर्न अनुमति दिनुहोस्।

---

[73] यो उद्धरण र यस खण्डका सुझावहरू, Franklin Segler र Randall Bradley, *Christian Worship* (Nashville: B&H Publishing, 2006), 274–275 बाट आएका हुन्।

**(३) याद गर्नुहोस्, आराधना भनेको अनुग्रहको बारेमा हो।**

धेरै आराधना अगुवाहरू सिद्धतावादी छन्; हामी कहिल्यै सन्तुष्ट हुँदैनौं। आराधना सिद्धताको बारेमा होइन; आराधना अनुग्रहको बारेमा हो। परमेश्वरले आफ्नो लक्ष्यहरू प्राप्त गर्न हाम्रो असफलता मार्फत पनि काम गर्नुहुन्छ। यस्तो पो हुनुपर्छ! आराधनालाई शक्ति दिने परमेश्वर नै हुनुहुन्छ भनी हामीले बुझेपछि, हामीलाई नम्रता र समर्पणताको ठाउँमा ल्याइन्छ।

**(४) यदि हामीले हाम्रो सर्वोत्तम कुरा दिएका छौं भने, हामी असफल भएका छैनौं।**

त्यो शनिवार, आराधना अगुवा निरुत्साहित भएर मण्डलीबाट बाहिर गए। भवनबाट निस्किँदा निराजन उनलाई पर्खिरहेका थिए। निराजन लजालु थिए र विरलै बोल्थे, तर त्यो बिहान उसले भन्यो, "तिमीले भेटी उठाउँदा 'येशुले मलाई प्रेम गर्नुहुन्छ' पो बजायौ।" (हो, आराधना अगुवालाई थाहा थियो कि उनले के बजाएका थिए-उनले गडबड गरेका थिए!) तर निराजनले भने, "मैले त्यो गीत सुन्न आवश्यक थियो। यो हप्ता डाक्टरले मलाई क्यान्सर भएको बताए। येशुले मलाई प्रेम गर्नुहुन्छ भनेर मलाई सम्झाउन आवश्यक थियो।"

यदि हामीले हाम्रो सर्वोत्तम कुरा दिएका छौं, हामी असफल भएका छैनौं। हामीले सेवा गर्ने मानिसहरूलाई उहाँको वचन बोल्ने हाम्रो कमजोर प्रयासहरूद्वारा परमेश्वरले काम गर्नुहुन्छ।

► सामूहिक छलफल। "समीक्षामा पाठ ८" हेर्नुहोस्। के त्यहाँ कुनै बुँदाहरू छन् जसमा तपाईं असहमत हुनुहुन्छ? तपाईंको शीघ्रतम प्रयोगको लागि तपाईंलाई कुन बिन्दुहरू सबैभन्दा महत्त्वपूर्ण छन् जस्तो लाग्छ?

## समीक्षामा पाठ ८

(१) हामी आराधना सेवाको कसरी तयारी गर्छौं?

- आराधना सेवाको तयारी, परमेश्वरसँग बिताएको समयको माध्यमबाट आराधनाको अगुवाले गरेको तयारीबाट सुरु हुन्छ।
- योजनाको ढाँचाले आराधना सेवालाई रूपरेखा प्रदान गर्न मद्दत गर्दछ।
- आराधना सेवाको लागि तयार गरेको विषयवस्तुले केन्द्रीय सन्देश सञ्चार गर्न मद्दत गर्दछ।
- सन्तुलन अपनाउनाले हाम्रो आराधनाले समस्त मण्डलीलाई सम्पूर्ण सुसमाचार बोल्छ भनी सुनिश्चित गर्दछ।
    - सन्तुलित आराधनाले परमेश्वरको महिमा र हामीसँग रहेको परमेश्वरको उपस्थिति दुवैलाई देखाउँछ।
    - सन्तुलित आराधना सामूहिक र व्यक्तिगत दुवै हुन्छ।
    - सन्तुलित आराधनामा परिचित र नयाँ दुवै भजनहरू समावेश हुन्छन्।
- आराधनाको लागि योजना बनाउँदा सम्पूर्ण मण्डली नेतृत्व टोली समावेश हुनुपर्छ।
- आराधनाको योजना बनाउँदा त्यसलाई दीर्घकालीन रूपमा हेर्नुपर्छ।
- हामीले योजना बनाउँदा दबाब बिना बनाउन सक्छौं किनभने आराधना हाम्रो बारेमा होइन; यो परमेश्वरको बारेमा हो।

(२) आराधना सेवाको अगुवाइमा के महत्त्वपूर्ण छ?

- आराधनामा सबैभन्दा महत्त्वपूर्ण दर्शक परमेश्वर हुनुहुन्छ।
- मण्डली, आराधनाका अगुवाहरू, र परमेश्वर सबैले आराधना सेवामा अन्तरक्रिया गर्छन्। अगुवाहरूले दर्शकको लागि आराधना प्रस्तुत गर्दैनन्।
- आराधना गर्ने अगुवाले आराधना गरेको हुनुपर्छ। उसले उदाहरणीय भएर नेतृत्व गर्छ।
- आराधना अगुवा दोष्याउने होइन, प्रोत्साहन दिने हुनुपर्छ।
- आराधना गर्ने अगुवाले नेतृत्व गर्नुपर्छ, नियन्त्रण होइन।
- सूचनाहरू सम्भव भएसम्म कम्तिमा ध्यानभङ्ग नहुने तरिकामा व्यवस्थापन गर्नुपर्छ।
- आराधनाको योजना बनाएपछि, उहाँले चाहेको तरिकामा हाम्रा सेवाहरूमा हामीले उहाँलाई प्रवेश गर्नको लागि परमेश्वरमा छोड्नुपर्छ।

## पाठ ८ क्रियाकलाप

(१) पाठ ६ र ७ मा, तपाईंले पाँच फरक विषयहरूमा गीतहरू र वचन खण्डहरू चयन गर्नुभयो। प्रत्येक पाँचवटा विषयहरूमा आधारित सेवाको योजना बनाउनुहोस्। मण्डलीका गीतहरू, वचन खण्डहरू, प्रवचनको विषय र पाठ, साथै तपाईंको सेवाको लागि उपयुक्त कुनै पनि अन्य विषयवस्तुहरू सहित एउटा एकीकृत सेवाको योजना बनाउन सकेसम्म होसियार हुनुहोस्। यस परियोजनाको लागि परिशिष्ट अ मा प्रदान गरिएको एक वा बढी रूपरेखाहरूलाई प्रयोग गर्नुहोस्।

(२) अर्को पाठको सुरुमा, तपाईंले यस पाठमा आधारित परीक्षा दिनुहुनेछ। तयारी गर्दा खेरी परीक्षाका प्रश्नहरूलाई सावधानीपूर्वक अध्ययन गर्नुहोस्।

## पाठ ८ को परीक्षा

(१) प्रवचनमा केन्द्रित आराधनाको रूपरेखाका दुई मुख्य खण्डहरूलाई सूचीबद्ध गर्नुहोस्।

(२) आराधनामा परमेश्वरका मानिसहरूको गतिविधिमा आधारित आराधना रूपरेखाका चार मुख्य खण्डहरूलाई सूचीबद्ध गर्नुहोस्।

(३) भजनसंग्रह ९५ मा आधारित भएको आराधना रूपरेखाका तीन मुख्य खण्डहरूलाई सूचीबद्ध गर्नुहोस्।

(४) सन्तुलित आराधनाबारे हामीले कुन तीनवटा कुरालाई सम्झनुपर्छ?

(५) आराधनाको बाइबलीय नमूनाअनुसार, हाम्रो आराधनाको दर्शक को हो?

(६) प्रभावकारी आराधनाको अगुवाका तीन गुणहरूलाई सूचीबद्ध गर्नुहोस्।

(७) हामीले आराधनालाई नियन्त्रण गरिरहेको हुनसक्ने तीनवटा सङ्केतहरू के-के हुन्?

(८) आफूले कण्ठ गरेको २ इतिहास ५:१३-१४ लेख्नुहोस्।

# पाठ 9
# अन्य प्रश्नहरू

## पाठका उद्देश्यहरू

यस पाठको अन्त्यसम्ममा, विद्यार्थीले सक्षम हुनुपर्छ:

(१) आराधनामा सांस्कृतिक भिन्नताहरूको सम्मान गर्दा पवित्रशास्त्रप्रति इमानदार हुनुको महत्त्वलाई बुझ्ने।

(२) पवित्रशास्त्र र संस्कृति दुवैको सम्बन्धमा आराधनाको मूल्याङ्कन गर्ने।

(३) सङ्गीत शैली मूल्याङ्कन गर्नका लागि विशेष चुनौतीहरू बुझ्ने।

(४) आराधना गर्नलाई रोमी १४ को सिद्धान्तहरू लागू गर्ने।

(५) बालबालिका र युवाहरूलाई आराधनामा संलग्न गराउनुको महत्त्वको कदर गर्ने।

(६) आराधनामा या त भावनालाई बढी जोड दिने वा बेवास्ता गर्नबाट सचत रहने।

## पाठको तयारी

*१ कोरिन्थी १४:१५-१७ कण्ठ गर्नुहोस्।*

## परिचय

वारेन वियर्सबीले एउटा मण्डलीमा पाएको आफ्नो अनुभवको बारेमा उनले लेखे जुन मण्डलीले आराधनालाई बुझ्न असफल भएको थियो:

> टेलिभिजनको खेल कार्यक्रम इम्सीको आवाज र मुस्कानको साथ आराधना अगुवाले भने "साँझको सेवाको लागि फिर्किन निश्चित हुनुहोस्। हामी रमाइलो समय बिताउन गइरहेका छौं।"
>
> शनिवार दिउँसोको समयमा मैले त्यो भनाइको अर्थ के हो भनेर सोचें। जन्मदिनको भोजको निमन्त्रणामा मात्र "हामी रमाइलो समय बिताउन गइरहेका छौं" भन्ने कुराको अर्थ लाग्छ, तर महिमाका प्रभुको आराधना गर्न भेला भएका ख्रीष्टियान विश्वासीहरूको समूहसँग यो कसरी सम्बन्धित छ? मोशा र इस्राएलका मानिसहरू सीनै पर्वतमा भेला हुँदा रमाइलो गर्ने समय थिएन।
>
> यूहन्नाले पतमोस टापुमा केही नाटकीय अनुभवहरू थिए, तर उनले त्यहाँ रमाइलो समय बिताइरहेको थिए भन्ने कुरामा चाहिँ शङ्कै छ।[74]

यी पाठहरूमा, हामीले देखेका छौं कि आराधना एक रमाइलो समय बिताउनु भन्दा बढी, एक विशेष रीतिरिवाज भन्दा बढी, र शनिवार बिहानको गतिविधि भन्दा बढी हो। आराधना गर्नु भनेको परमेश्वरलाई उहाँले पाउनुपर्ने महिमा दिनु हो। कागजमा लेख्नु, यो कुरा सजिलो छ; तर वास्तविक जीवनमा, यो एक चुनौतीको कुरा हुन सक्छ। यस पाठमा हामी आराधनासँग सम्बन्धित प्रश्नहरू हेर्नेछौं। तपाईंले यी प्रश्नहरूलाई अध्ययन गर्दा, याद

[74] Warren Wiersbe, *Real Worship* (Grand Rapids: Baker Books, 2000), 169-170

गर्नुहोस् कि "मलाई के मन पर्छ? भन्ने कुरा मुख्य प्रश्न होइन, "आराधनाको लागि मुख्य प्रश्न हो "परमेश्वरलाई के मन पर्छ? कुन कुराले उहाँको आदर र महिमा ल्याउँछ?"

## आराधना र संस्कृति

► तपाईंको मण्डलीको आराधना शैलीबारे छलफल गर्नुहोस्। तपाईंको आराधनाका कुन पक्षहरूलाई पवित्रशास्त्रमा आज्ञा दिइएको छ र कुन पक्षहरू संस्कृतिद्वारा निर्धारण गरिएको छ?

*"मेरो देशमा आराधनाको लागि सबैभन्दा कठिन मुद्दा सांस्कृतिक प्रासङ्गिकता हो। अधिकांश मण्डलीहरूले बाहिरको देशबाट आराधनाको शैलीलाई आयात गर्दैछन्-चाहे यो आधुनिक होस् वा परम्परागत। हाम्रा मानिसहरूले आधुनिक हुन चाहनेले मात्र पश्चिमा शैली अपनाएका छन्, चाँहे 'परम्परागत' वा ' आधुनिक' आराधना होस् दुवै विदेशी भएकाले मानिसहरूसँग जोडिएको छैन। हामीले परमेश्वरको आदर हुने र हामीले सेवा गर्ने संसारसँग बोलेने तरिकामा कसरी आराधना गर्न सक्छौँ?"*

### संस्कृति वा बाइबल?

दुलहा र दुलही दुई भिन्न संस्कृतिका थिए। विवाह भोजमा खानाका परिकारहरू दुलहीको संस्कृतिको तर्फबाट खुवाइन्थ्यो। एउटा खानाको परिकार दुलहालको नजिकबाट जाँदै गर्दा उनले सोधे, "त्यो के हो?" दुलहीले उनलाई जवाफ दिइन्, "मेरो देशमा, स्वादिष्ट यो भोजन हो।" उनले झोंक्किएर जवाफ दिए, "यो मेरो देशमा घृणित खानेकुरा हो!" सांस्कृतिक भिन्नताहरू चुनौतीपूर्ण हुन सक्छन्।

हामी सबै हाम्रो संस्कृतिबाट प्रभावित छौं। केही ख्रीष्टियानहरूले चपस्टिकको सट्टा काँटाले खाने कारण यो होइन कि काँटाहरू धेरै बाइबलीय वा अझ प्रभावकारी छन्। तिनीहरू काँटाले खान्छन् किनभने तिनीहरू काँटा प्रयोग गर्ने संस्कृतिमा हुर्किएका थिए। संसारका अन्य भागहरूमा रहेका तिनीहरूका ख्रीष्टियान साथीहरूले काँटाभन्दा चपस्टिक धेरै उपयोगी ठान्छन्।

हाम्रो आराधना हाम्रो संस्कृतिबाट प्रभावित छ। हाम्रो आराधनाका धेरै पक्षहरू संस्कृतिका तत्त्वहरू हुन्। परम्परागत अमेरिकी मण्डलीमा हुर्केका व्यक्तिलाई मण्डलीको अर्गानको आवाज मन पर्न सक्छ। मण्डलीको अर्गान गितारभन्दा बढी बाइबलीय छैन; यो संस्कृतिको एक पक्ष हो।

लेसोथोमा, मण्डलीले अगुवा र मण्डली बीचको कुराकानी र प्रतिक्रियाको रूपमा गाउँछन्। यस शैलीमा, अगुवाले एउटा वाक्यांश गाउँछ र त्यसपछि मण्डलीले अर्को वाक्यांश गाउँछ। गायनको त्यो सुन्दर शैली अमेरिकी मण्डलीमा कहिल्यै सुनिएको छैन। यदि अमेरिकी मण्डलीका सङ्गीत निर्देशकले यो कार्यको प्रयास गरे भने, मण्डली अन्योलमा पर्नेछ। *एकता* विरुद्ध *कुराकानी/प्रतिक्रिया* गायन संस्कृतिको एउटा तत्त्व हो, तर बाइबलीय सिद्धान्त होइन।

त्यहाँ तीनवटा प्रश्नहरू छन् जब हामी आराधना शैलीको जाँच गर्दैछौं भने जुन हामीले सोध्नु पर्छ:

१. के हामी संस्कृति र पवित्रशास्त्र बीच भ्रमित हुँदैछौं?

२. के हामो संस्कृतिसँग पवित्रशास्त्र विरोधाभास छ?

३. परमेश्वरले हामीलाई जुन संस्कृतिका मानिसहरूको बीचमा राख्नुभएको छ त्यहाँ हाम्रो आराधनाले कसरी प्रभावकारी रूपमा बोल्न सक्छ?

### *के हामी संस्कृति र पवित्रशास्त्र बीच भ्रमित हुँदैछौँ?*

हाम्रो आफ्नै भन्दा फरक आराधनाको अभ्यासको मूल्याङ्कन गर्दा यो प्रश्न महत्त्वपूर्ण छ। यस्तो अवस्थामा हामीले संस्कृति र पवित्रशास्त्रलाई भ्रमित नगर्ने कुरा सुनिश्चित गर्नुपर्छ। हाम्रा सांस्कृतिक मूल्यहरूलाई पवित्रशास्त्रमा पढ्न र त्यसपछि सबैले बाइबललाई त्यसरी नै पढ्नुपर्छ भनेर जोड दिन हामीलाई सहज हुन्छ। हामी हाम्रो मार्ग बाइबलीय मार्ग हो भनी अनुमान गर्ने खतरामा हुन्छौँ।

कसैले भन्न सक्छ, "मण्डलीको सङ्गीतको लागि अर्गान सही वद्यवाद्यन हो। गितारको प्रयोगको लागि आराधनामा कुनै स्थान छैन। यद्यपि, संसारका धेरै भागहरूमा, अर्गान अव्यावहारिक छ, जबकि जहाँ पनि सजिलैसँग लैजान मिल्ने गितार गाउनको लागि धेरै उपयोगी छ। दोस्रो शताब्दीका घरेलु मण्डलीहरूले पाइप अर्गानहरूको प्रयोग गर्थे भनेर कसैले तर्क गर्न सक्दैन! कसैलाई पाइप अर्गान मन पर्न सक्छ, तर तिनीहरूले आफ्नो सांस्कृतिक प्राथमिकताहरू बाइबलीय सिद्धान्तहरूसँग भ्रमित गर्नु हुँदैन।

पावल ब्राडश, एक आराधना इतिहासकार जसले, मण्डलीको पहिलो दुई शताब्दीमा पनि विभिन्न प्रकारका आराधनाहरू थिए भनेर देखाउँछन्। मण्डली विस्तार हुँदा, हरेक परिवेशमा आराधनाको स्वरूप उस्तै रहने सम्भावना हुँदैन।[75]

यो प्रश्नको व्यावहारिक असर के छ? अरूहरूको आराधना शैलीहरूको मूल्याङ्कन गर्दा वा हाम्रो आफ्नै मण्डलीहरू भित्रबाट नयाँ विचारहरूको प्रतिक्रिया दिंदा, हामीले पवित्रशास्त्रसँग संस्कृतिलाई भ्रमित गर्नु हुँदैन। हामीले कुनै विचारलाई केवल यसले हाम्रो सांस्कृतिक प्राथमिकताहरूलाई ठेस पुऱ्याउँछ भनेर अस्वीकार गर्नु हुँदैन। यदि कुनै आराधना अभ्यासले बाइबलीय सिद्धान्तहरूको विरोध गर्दैन भने, त्यस बखतमा **हामीले अरूहरूलाई उनीहरूको मनपर्ने तरिकामा आराधना गर्न अनुमति दिनुपर्छ।**

यसको अर्थ हरेक मण्डलीको लागि हरेक आराधना शैली उपयुक्त हुन्छ भन्ने होइन। आराधना गर्ने बुद्धिमान् अगुवाले आफूले सेवा गर्ने मानिसहरूलाई सुहाउने शैलीमा नेतृत्व गर्नेछ।

**जाँच**

के त्यहाँ कुनै आराधना अभ्यासहरू छन् जुन तपाईंले आफ्नो सांस्कृतिक प्राथमिकताहरूको कारणले अस्वीकार गर्नुभएको छ, तर बाइबलीय सिद्धान्तहरूको कारणले होइन? यदि त्यसो हो भने, जबसम्म यसले पवित्रशास्त्रको उल्लङ्घन गर्दैन के तपाईं अन्य विश्वासीहरूलाई तिनीहरूको तरिकामा आराधना गर्ने स्वतन्त्रता दिन इच्छुक हुनुहुन्छ?

### *के हाम्रो संस्कृतिसँग पवित्रशास्त्र विरोधाभास छ?*

यो प्रश्न महत्त्वपूर्ण छ जब हामी आराधना अभ्यासको लागि यो हाम्रो संस्कृतिमा सामान्य छ भनी रक्षा गर्ने परीक्षामा पर्छौं यदि हामीले हाम्रो संस्कृतिमा पाइने सामान्य कुरा पवित्रशास्त्रको विरोधाभासपूर्ण छ भनी थाहा पायौं भने, **हामीले हाम्रो संस्कृतिको अपेक्षा भन्दा पनि पवित्रशास्त्रको पालना गर्नुपर्छ।**

धर्मसुधारकहरूले यस समस्याको सामना गरे जब तिनीहरूले आराधनामा नाटकीय परिवर्तनहरू गरे। मध्यकालीन संस्कृतिले भन्यो, "सामान्य मानिसले बाइबल पढ्नु हुँदैन; तिनीहरूले बुझ्न सक्दैनन्।" वाइक्लिफ, हस, लुथर र अन्य धर्मसुधारकहरूले पवित्रशास्त्र सबै मानिसहरूका लागि हो भनेर बुझे। तिनीहरूको मध्यकालीन संस्कृति पवित्रशास्त्रको शिक्षाको विरोधाभास थियो। पवित्रशास्त्रको सत्यताको साथ आफ्नो संस्कृतिको सामना गर्न धर्मसुधारकहरूले आफ्नो जीवन जोखिममा पारे।

---

[75] Paul Bradshaw, "The Search for the Origins of Christian Worship" in Robert Webber, *Twenty Centuries of Christian Worship* (Nashville: Star Song Publishing, 1994), 4

यदि संस्कृतिले पवित्रशास्त्रको विरोध गर्छ भने, हामीले हाम्रो संस्कृतिलाई अस्वीकार गर्नुपर्छ! परमेश्वरको वचन हाम्रो लागि निर्णायक कानुन हो; हामी वरपरको संसारमा मिल्नको लागि पवित्रशास्त्रको विश्वासयोग्यतामा सम्झौता गर्न सक्दैनौं। रोमी १२:२ संक्षिप्त रूपमा व्यख्या गरेको वाक्यले यसरी भन्छ, "आफ्नो संस्कृतिमा यति गहिरोसँग समायोजित नहुनुहोस् कि तपाईं बिना सोंच यसमा मिल्न जानुहुनेछ।".[76] संसारलाई उसको ढाँचामा हामीलाई निर्माण गर्न दिन सक्दैनौं।

**जाँच**

तपाईंको आराधना पवित्रशास्त्रका सिद्धान्तहरूको विरोधाभास हुन सक्ने के त्यहाँ त्यस्ता केही क्षेत्रहरू छन्?

***परमेश्वरले हामीलाई जुन संस्कृतिका मानिसहरूको बीचमा राख्नुभएको छ त्यहाँ हाम्रो आराधनाले कसरी प्रभावकारी रूपमा बोल्न सक्छ?***

यो प्रश्न हाम्रो संसारमा सुसमाचार लैजानको निम्ति महत्त्वपूर्ण छ। यदि हामी हाम्रो वरपरको संसारलाई सुसमाचारको साथ छुन चाहन्छौं भने, हाम्रो आराधना उनीहरूले बुझ्ने भाषामा बोल्नुपर्छ।

जोन वेस्लीले यो प्रश्नको सामना गरे जब उनले बाहिरको कार्यक्षेत्रहरूमा प्रचार गर्न थाले। आफ्ना एङ्ग्लिकन साथीहरू जस्तै, वेस्लीले पनि सुरुमा मण्डली नै प्रचारको लागि उपयुक्त ठाउँ हो भनी विश्वास गर्थे। तर जर्ज ह्वाइटफिल्डको प्रभावमा, वेस्लीले बुझ्न थाले कि महान् आज्ञाले मण्डली बाहिर प्रचार गर्न आवश्यक छ भनी भन्छ।[77] वेस्लीले विचार गर्न बाध्य भए कि, "विवाह र अन्त्येष्टि बाहेक मण्डलीमा प्रवेश नगर्ने कोइला खानीमा काम गर्ने मानिसहरूलाई म कसरी सबैभन्दा प्रभावकारी ढङ्गमा सुसमाचार प्रचार गर्न सक्छु?" यसको जवाफ, उनीहरूको काम गर्ने ठाउँमा गएर प्रचार गर्नु थियो।

अप्रिल २, १७३९ मा, वेस्ली सहर बाहिर गए अनि मैदानमा भेला भएका करिब ३,००० मानिसहरूलाई प्रचार गरे। यसले १८ औं शताब्दीको अङ्ग्रेजी बोल्ने संसारलाई परिवर्तन गर्ने सेवकाइको सुरुवात गर्‍यो।

वेस्लीले बाहिरको खुल्ला ठाउँमा गएर प्रचार गर्ने कार्यको यति कडा विरोध गरेका थिए कि उनले एक पटक भनेका थिए, "मैले आत्माहरूको उद्धार गर्ने कार्य मण्डलीमा नगर्नु लगभग पाप हो भन्ने ठानेथें।" जब उनले महसुस गरे कि उनको सांस्कृतिक पूर्वाग्रह सुसमाचारको लागि बाधा थियो, वेस्ली आफ्नो अभ्यासहरू परिवर्तन गर्न इच्छुक थिए। उनका धैरै एङ्ग्लिकन साथीहरूले यो परिवर्तनलाई अस्वीकार गरे। बाहिरी ठाँउमा गएर प्रचार सुरु गरेको एक महिना भित्र, एक विशपले वेस्लीलाई एङ्ग्लिकन मण्डलीहरूमा त्यसबेला देखी प्रचार गर्न स्वागत नगरेको बताए। आफ्नो संस्कृति बोल्न इच्छुक हुनु जोखिमपूर्ण हुन सक्छ; यसले वेस्लीलाई आफ्ना धैरै एंग्लिकन साथीहरूबाट प्राप्त भएको सम्मान गुम्ने अवस्थामा पुर्‍यायो। ज्योति र नुन हुन येशुले गर्नुभएको आह्वान व्यक्तिगत सुविधाभन्दा उच्च प्राथमिकता हो।

माइकल कोस्परले हाम्रो आराधना र वरपरको संस्कृति बीचको सम्बन्ध बुझ्नको लागि तीन प्रश्नहरूको सुझाव दिन्छन्।[78]

**(१) यहाँ को छ?**

यो प्रश्नले हाम्रो मण्डलीलाई हेर्छ; "हाम्रो आराधना सेवामा को-को उपस्थित हुन्छन्?" कहिलेकाहीँ हामी सुसमाचार लिएर संसारमा पुग्नको लागि यति चिन्तित हुन्छौं कि हामी मण्डलीको सेवा गर्न असफल हुन्छौं। हाम्रो आराधना नक्कली बन्न पुग्छ जब हामी अरू मान्छे जस्तो बन्ने प्रयास गर्छौं

[76] E. H. Peterson, *The Message* (Colorado Springs: NavPress, 2002)

[77] यसले प्रश्न 2 लाई औंल्याउँछ-"के हाम्रो संस्कृति पवित्रशास्त्रसँग विरोधाभास छ?"

[78] Michael Cosper, *Rhythms of Grace: How the Church's Worship Tells the Story of the Gospel* (Wheaton: Crossway Books, 2013), 176-179

जो यथार्थमा हामी होइनौं। आराधनाले मण्डलीमा बोल्नुपर्ने भएकोले हामीले सोध्नुपर्छ, " यहाँ को छ? परमेश्वरले हाम्रो मण्डलीमा कसलाई राख्नुभएको छ?"

### (२) यहाँ को थियो?

यो प्रश्नले हाम्रो पुस्तालाई हेर्छ। विश्वासीहरूको रूपमा, हामीसँग सुरुको मण्डलीसँग जोडिएको र संसारभर फैलिएको गौरव छ।

यसको अर्थ विगतका सुन्दर भजनहरूलाई हाम्रो पुस्तालाई परिचय गराउने हामी प्रयास गर्नेछौं। यसको मतलब हामी आज मानिसहरूलाई मण्डलीको इतिहाससँग जोड्नेछौं। युवा ख्रीष्टियानहरूले जान्न आवश्यक छ कि तिनीहरू एउटा पुस्ताको अंश हुन् जुन हामी जन्मनु भन्दा धेरै अघि सुरु भयो र हामी यस संसारबाट गएको लामो समय पछिसम्म पनि जारी रहनेछ। हामी सबै पुस्ताका विश्वासीहरू मिलेर बनेको विश्वव्यापी मण्डलीको अङ्ग हौं।

हाम्रो आराधनाको पुस्ता पेन्तिकोसको समय अगाडि जान्छ, सीनै पर्वतमा मोशालाई परमेश्वरले दिनु भएको प्रकाशको समय अगाडि, र अन्ततः अदनको बगैंचामा आदम र हव्वालाई परमेश्वरले दिनु भएको प्रकाशको समय अगाडि जान्छ। हाम्रो आराधनाले त्यो इतिहासको उत्सव मनाउनुपर्छ। जब हामी "हाम्रो परमेश्वर शक्तिशाली किल्ला हुनुहुन्छ" भनी गीत गाउँछौं, हामी धर्मसुधारको युगको आराधनामा सामेल हुन्छौं। जब हामी प्रेरितको विश्वासको सार पढ्छौं, हामी दोस्रो शताब्दीको आराधनामा सामेल हुँदै गरेको हुन्छौं। आराधनामा हामी सोध्छौं, "हामी भन्दा पहिले यहाँ को थियो?"

### (३) यहाँ को हुनुपर्छ?

यो प्रश्नले हाम्रो समुदायलाई हेर्छ। जब हामी सोध्छौं, "हाम्रो मण्डलीको अङ्ग हुनु पर्ने मानिसहरू को-को हुन्," हामी प्रश्नहरू सोध्छौं जस्तै:

- हामी सुसमाचारको साथ कसकहाँ पुग्ने कोशिस गर्दैछौं?
- यदि हाम्रो समुदाय मण्डलीमा आयो भने, हाम्रो आराधना सेवा कस्तो देखिनेछ?[79]
- आराधना गर्दा हामी आफ्नो सन्देशप्रति कसरी सच्चा हुन सक्छौं जसले हामी पुग्न खोजिरहेका मानिसहरूसँग बोल्छ?

यी प्रश्नहरू कागजमा भन्दा वास्तविक जीवनमा गाह्रो छन्! चार परिदृश्यहरूलाई हेर्नुहोस्। प्रत्येक मण्डलीले समुदायसँग बोल्ने चुनौतीको सामना गरेको छ।

#### *मण्डली अ: जसले "यहाँ को छ?" भनेर प्रश्न सोध्न चुक्यो।*

मण्डली अ बूढापाकाहरूको समुदायमा अवस्थित छ। समुदायमा औसत उमेर ७० हो, र मण्डलीमा औसत उमेर ७० हो। दुई वर्ष पहिले, तिनीहरूका पास्टरले युवा परिवारहरूमा पुग्ने दृढ सङ्कल्प गरे। दुई महिनाको अवधिमा, उनले गितार, एउटा प्रशंसा टोली, र एउटा ओभरहेड स्क्रिनद्वारा अर्गान, आराधना झुण्ड, र पूरानो भजनलाई प्रतिस्थापन गरे।

दुर्भाग्यवश, पास्टरले सोध्न बिर्से कि, "यहाँ को छ?" फलस्वरूप, १०० जना ज्येष्ठ नागरिक भएको एउटा मण्डली घटेर ३५ जना ज्येष्ठ नागरिक भएको मण्डलीमा आइपुग्यो जसले आफूलाई मन नपर्ने गीत गाउने, आफूलाई मन नपर्ने स्क्रिन हेर्ने र चर्को गितारहरू बजाउने मण्डलीलाई अस्वीकार गरेको छ।

[79] जोन वेस्लीले यस मुद्दाको सामना गरे। एङ्ग्लिकनहरूले महसुस गरे कि कोइला खानीमा काम गर्ने मानिसहरू, आफ्नो पूरानो जीवनलाई त्यागेर येशुको विश्वासमा आएका वेश्याहरू र अशिक्षित पसलेहरू जस्ता मानिसहरू सहभागि हुने आराधना सेवा उच्च-वर्गको एङ्गलिकनहरूको औपचारिक आराधनाभन्दा धेरै फरक हुनेछ। धेरै पूजाहारीहरूले निर्णय गरे कि तिनीहरूले आफ्नो आराधनालाई निम्न वर्गहरूद्वारा अवरोध गर्न अनुमति दिन चाहँदैनन्। यसले मेथोडिस्ट समाजहरूको गठन हुन नेतृत्व गर्यो।

मण्डली अ बाहिरको समुदायमा पुग्नु पर्छ? बिल्कुल! तर यसले सबैभन्दा प्रभावकारी रूपमा बूढापाकाहरूको समुदायमा पुग्न सक्छ जुन व्यक्तिहरू मण्डली नगएका जेष्ठ नागरिकहरू हुन्। मण्डलीमा पहिलेदेखि नै रहेका मानिसहरूलाई बेवास्ता गरेर, तिनीहरूले आफूलाई मण्डली वा वरपरको समुदायसँग बोल्ने तरिकामा आराधना गर्न असफल भइरहेका छन्। मण्डली अ यो प्रश्न सोध्न असफल भयो, "यहाँ को छ?"

### *मण्डली आ: जसले "यहाँ को थियो?" भनेर प्रश्न सोध्न चुक्यो।*

मण्डली आ धेरै युवा परिवारहरू भएको एउटा छिटो बढ्दै गरेको शहरमा अवस्थित छ। यो मण्डलीले आफ्नो समुदायको भाषा बोल्छ; तिनीहरूको आराधना रोमाञ्चक र उत्साहजनक छ।

मण्डली आ सँग सुसमाचार प्रचारको लागि जोस छ। दुर्भाग्यवश, मण्डलीले यो प्रश्न सोधेको छैन, कि "यहाँ को थियो?" मण्डली आ ले शुद्ध हृदय र विजयी ख्रीष्टियान जीवनको सन्देश प्रचार गर्ने मण्डलीको रूपमा आफ्नो पुस्तालाई बिर्सेको छ। पास्टर सिद्धान्तको प्रचार गर्नबाट टाढा रहन्छन् किनभने उनी सोच्छन्, "मानिसहरू सिद्धान्त सुन्न चाहँदैनन्; तिनीहरू व्यावहारिक उपदेश चाहन्छन्।" सङ्गीत निर्देशक बाइबलीय गहिराइ भएका गीतहरूको बेवास्ता गर्छन् किनभने उनी सोच्छन् कि, "मानिसहरू कठिन शब्दहरू भएका गीतहरू मन पराउँदैनन्; उनीहरूलाई साधारण गीतहरू मनपर्छ।" नतिजा स्वरूप, मण्डलीले "साँचो परमेश्वर नचिन्ने बप्तिस्मा पाएकाहरू" को पुस्ता बढाएको छ।[80]

मण्डली आ सङ्ख्यामा बढ्दैछ, तर त्यसको थोरै सदस्यहरू मात्र परमेश्वरको भक्तिमा बढ्दैछन्। यहाँ धेरै मानिसहरू उपस्थित हुन्छन् किनभने यो एक मनोरञ्जनात्मक मण्डली हो जसले थोरै प्रतिबद्धताको माग गर्दछ। मण्डली आ ले आफ्नो पहिलाको पुस्ताको कुनै ख्याल नगरेको कारणले, धेरै भर्खर विश्वासमा आएकाहरू चाँडै अन्य मण्डलीहरूमा जान्छन् जसले अझ राम्रो मनोरञ्जन प्रदान गर्दछ। मण्डली आ यो प्रश्न सोध्न असफल भयो कि, "यहाँ को थियो?"

### *मण्डली इ: जसले "यहाँ को हुनुपर्छ?" भनेर प्रश्न सोध्न चुक्यो।*

मण्डली इ लगभग १०० वर्ष पहिले सानो ग्रामीण समुदायमा सुरु भएको थियो। आराधना, प्रचार र सङ्गीतले त्यो सहरमा बस्ने मानिसहरूसँग संवाद गर्दथ्यो। पछिल्ला वर्षहरूमा, समुदाय पूर्ण रूपमा परिवर्तन भएको छ। मण्डली इ अब भित्री शहरले घेरिएको छ, तर यसको आराधना अझै पनि ग्रामीण मध्यम वर्गलाई आकर्षण गर्नको लागि त्यही तरिकाले निर्माण गरिएको छ।

दुःखको कुरा, मण्डली इ नजिकै बस्ने धेरै मानिसहरूले मण्डलीमा उनीहरूको गहिरो भोकको लागि उत्तर छ भनेर थाहै नपाई प्रत्येक हप्ता त्यहाँबाट आउनेजाने गर्छन्। मण्डली इ सँग उसको समुदायलाई चाहिने सन्देश छ, तर उसले समुदायसँग स्पष्ट रूपमा संवाद गर्दैन। यदि मण्डली इ ले परमेश्वर र खाँचोमा परेको संसारसँग संवाद गर्ने तरिकामा आराधना गर्न सक्छ भने, उसले आफ्नो समुदायलाई परिवर्तन गर्न सक्छ। यसको सट्टामा, मण्डली इ मर्दै छ किनभने उसले यो प्रश्न सोध्न असफल भयो कि, "यहाँ को हुनुपर्छ?"

### *मण्डली ई: जसले समुदायसँग बोल्छ*

मण्डली ई ले अघिल्लो तीन मण्डलीहरूका धेरै विशेषताहरूसँग साझा गर्दछ। यो मण्डली स्थापना भएको ४० वर्षदेखि नै समुदाय नाटकीय रूपमा परिवर्तन भएको छ। यस सर्वेक्षणमा अन्य मण्डलीहरू भन्दा फरक, मण्डली ई ले आफ्नो समुदायसँग राम्रोसँग संवाद गर्न सिकेको छ।

---

[80] मार्क डेभरको शब्द बाइबलीय आधार नभएका ख्रीष्टियानहरूका लागि।

जब पास्टरीय कर्मचारीहरूले महसुस गरे कि भर्खर विश्वासमा आएका धेरै युवाहरूले शनिवार प्रचार गरिएको सिद्धान्तलाई बुझेनन्, उनीहरूले नयाँ विश्वासीहरूलाई परिपक्वतामा ल्याउन चेला समूहहरूको विकास गरे। जब सङ्गीतको अगुवाले महसुस गरे कि सङ्गीतले उनीहरूको समुदायमा धेरैसँग बोल्दैन, उनले त्यस्ता गीतहरू समावेश गर्न थाले जुन दुवै सैद्धान्तिक रूपमा सत्य र सङ्गीतको रूपमा आकर्षक छन्।

मण्डली ई बढ्दै जाँदा, तिनीहरूले वरपरका शहरहरूमा छोरी मण्डलीहरू स्थापना गरे र यी मण्डलीहरूलाई तिनीहरूको समुदायको आवश्यकता अनुसार अनुकूलन गर्न अनुमति दिए। यी मण्डलीहरूमा मण्डली ई को अङ्ग भएका युवा पुरुषहरूले पास्टरको काम गरेका छन्। प्रत्येक छोरी मण्डली फरक छ, तर प्रत्येक मण्डली सुसमाचारप्रति इमानदार छ। "यहाँ को छ, यहाँ को थियो, र यहाँ को हुनुपर्छ?" भनेर प्रश्न सोध्न सिकेकोले मण्डली ई फस्टाउँदैछ। परमेश्वरले उसलाई जुन समुदायमा राख्नु भएको थियो त्यहाँ उसले बाइबलीय सत्यता बोल्न सिक्यो।

**जाँच**

के तपाईंको आराधनाले तपाईंको मण्डलीमा उपस्थित हुने मानिसहरूसँग बोल्छ? के तपाईंको आराधनाले ख्रीष्टियान मण्डलीको सुरुका पुस्तालाई झल्काउँछ? के तपाईंको आराधनाले तपाईंको मण्डली मार्फत परमेश्वरले आफू पुग्न चाहनु भएका मानिसहरूसँग बोल्छ?

**सङ्गीतको बारेमा के त?**

संसारका धेरै भागहरूमा मण्डलीका सङ्गीतकारहरूले बाइबलीय रूपमा स्वस्थ र सांस्कृतिक रूपमा संवेदनशील गीतहरू खोज्ने चुनौतीको सामना गरिरहेका छन्। हामी त्यस्तो सङ्गीतको खोजी गर्छौं जसले समुदायको हृदयको भाषा बोल्छ जहाँ हामी पुग्न खोजिरहेका छौं। विदेशी सङ्गीत, सांस्कृतिक रूपमा सान्दर्भिक नहुन सक्छ, र केही स्थानीय सांस्कृतिक गीतहरू बाइबलीय नहुन सक्छन्। हामीले पवित्रशास्त्रप्रति इमानदार हुने र हामीले जहाँ पास्टरको काम गर्छौं त्यहाँको संस्कृतिप्रति संवेदनशील हुने सङ्गीत कसरी छान्न सक्छौं? यस मुद्दाको सामना गर्ने पास्टरहरूबाट यहाँ जवाफहरू छन्:

*जब मण्डलीको लागि गीतहरू छनोट गर्ने कुरा आउँछ, कसैले बाइबलीय रूपमा विश्वासयोग्य हुने र सांस्कृतिक रूपमा संवेदनशील हुने कुराको बीचमा गीतहरू छनौट गर्न आवश्यक छैन। "बाइबलको विश्वासयोग्यता" सँग म सत्य र स्पष्ट गीतहरू खोज्दै छु। "सांस्कृतिक रूपमा संवेदनशीलता" सँग म मण्डलीको लागि गाउन योग्य र आकर्षक गीतहरू खोज्दैछु।*

*बाइबलीय विश्वासयोग्यताले प्राथमिकता लिन्छ, तर हामीले ती मध्ये एक छान्नु पर्दैन। यदि गाउनुको उद्देश्यको अंश संवाद हो भने, के हामीले हाम्रो मण्डलीको सांस्कृतिक [वातावरण] लाई सुहाउने खालको सङ्गीतमय भाषा छनोट गर्ने लक्ष्य राख्नु हुँदैन? यदि हामीले सांस्कृतिक संवेदनशीलतालाई अप्रासङ्गिक ठान्छौं भने हामी [मूर्ख] छौं, र हाम्रा गीतहरू असत्य वा अस्पष्ट छन् भने हामी अप्रासङ्गिक हुनेछौं।*

(मुरे क्याम्पबेल, मेलबोर्न, अष्ट्रेलियाको पास्टर)

*अफ्रिकी पास्टरहरूलाई तालिम दिंदा, हामी उनीहरूलाई सबैभन्दा वचनले पूर्ण, परमेश्वर-केन्द्रित, सुसमाचारद्वार-संचालित, सुधार गर्ने, र गाउन मिल्ने गीतहरू, पुरानो र नयाँ दुवै किसिमका भजनहरू खोज्न आग्रह गर्छौं, र तिनीहरूलाई खुल्ला छोड्छौं! कुनै पनि संस्कृतिमा, परमेश्वरका जनहरूलाई ख्रीष्टको लागि बाँच्न र मर्न सिकाउने गीतहरू चाहिन्छ।*

(टिम क्यान्ट्रेल, जोहानेसवर्ग, दक्षिण अफ्रिकाको शिक्षक)

*हिन्दीमा पवित्रशास्त्रीय रूपमा ठोस, प्रसँग मिल्ने सान्दर्भिक गीतहरूको सङ्ग्रह धेरै सानो छ। राम्रो ईश्वरशास्त्र भएका धेरैजसो गीतहरू पुरानो पश्चिमा भजन वा आधुनिक आराधना गीतहरूबाट अनुवाद गरिएका छन्। यद्यपि शब्दहरू विश्वासयोग्य हुन सक्छन्, सङ्गीत भने मौलिक छैन, र स्थानीय*

*मानिसहरूले तिनीहरूलाई गाउन गाह्रो भएको पाउँछन्। साथै, त्यस्ता गीतहरूले ख्रीष्टियान विश्वास पश्चिमा धर्म हो भनेर मानिसहरूको शङ्कालाई मात्र पुष्टि गर्छ।*

*अर्कोतर्फ, सङ्गीतको सन्दर्भमा आधारित हिन्दी गीतहरू प्रायः ईश्वरशास्त्रमा हल्का, दोहोरीने र शास्त्रविहीन हुन्छन्। कहिलेकाहीँ गीतहरूले मन्दिरहरूमा प्रयोग हुने धुनहरू उठाउँछन्। हामी यी दुवै प्रकारका गीतहरूबाट टाढा रहन्छौं।*

*गीतहरू छनौट गर्दा मैले हेर्ने पहिलो कुरा यसको सैद्धान्तिक सुदृढ़ता हो। यदि कुनै गीत ईश्वरशास्त्रीय रूपमा अस्वस्थ छ भने, त्यो जतिसुकै सान्दर्भिक भए पनि हामी त्यसलाई गाउँदैनौं। यदि शब्द राम्रो छ तर धुन भारतीय छैन भने हामी त्यसलाई गाउने छैनौं। हामी भारतीय धुन र विश्वासयोग्य शब्दहरू सँग गीतहरू छनौट गर्छौं। हो, यस श्रेणीमा परेका धेरै गीतहरू छैनन्, तर हामी बिस्तारै हाम्रो सङ्ग्रहलाई निर्माण गर्दैछौं।*

(हर्षित सिंह, पास्टर लखनऊ, भारत)

एउटा व्यक्तिले सबैभन्दा स्वभाविक रूपमा बोल्ने र प्रगाढ रूपमा महसुस गर्ने एउटा मौखिक हृदयको भाषा भएजस्तै, व्यक्तिसँग प्रगाढ रूपमा बोल्ने साङ्गीतिक भाषा पनि हुन्छ।

एक मिसनरीको कल्पना गर्नुहोस् जसले आफूले सेवा गर्ने मानिसहरूको भाषा सिक्न असफल भए। उनले भन्न सक्छन् (आफ्नो भाषामा), "म यहाँ तपाईंहरूको बीचमा सुसमाचार ल्याउन आएको छु। तपाईंहरूले मेरो कुरा बुझ्न सक्नुहुन्न होला, तर मेरो कुरा सुनिरहनुहोस्। अन्ततः, मैले के भनेको छु भनी तपाईंहरूले बुझ्नुहुनेछ, र त्यसपछि तपाईंहरूलाई सुसमाचारको बारेमा थाहा हुनेछ।" यो पक्कै पनि होइन! त्यस्तै गरी, जब हामी संस्कृतिको साङ्गीतिक भाषाको प्रयोग गर्न असफल हुन्छौं भने, हामी सुसमाचारलाई बुझ्न अझ गाह्रो बनाइरहेका हुन्छौं।[81]

दुःखको कुरा, पास्टर सिंहले लेखेझैं, केही संस्कृतिहरूमा गैर-पश्चिमा साङ्गीतिक भाषा प्रयोग गर्ने थोरै बाइबलीय ठोस गीतहरू छन्। यसले प्राय: मण्डलीहरूलाई दुई विकल्पहरू छोड्छ: बाइबलीय रूपमा शक्तिशाली गीतहरू जुन विदेशी धुनहरूमा गाइएका छन् वा बाइबलीय रूपमा कमजोर गीतहरू जसका धुनहरू साङ्गीतिक सन्दर्भमा छन्। यदि हामी संसारभरि मण्डली निर्माण गर्नको लागि सङ्गीतको प्रयोग गर्न चाहन्छौं भने, हामीले पवित्रशास्त्रप्रति सच्चा र मानिसहरूको साङ्गीतिक हृदयको भाषा बोल्ने सङ्गीत खोज्नुपर्छ। मलाई विश्वास छ कि परमेश्वरले हरेक संस्कृतिमा ईश्वरीय गीतकारहरूलाई बोलाउन चाहनुहुन्छ।

यदि तपाईं एउटा त्यस्तो संस्कृतिमा सेवा गर्नुहुन्छ जहाँ कम गुणस्तरको आराधना सङ्गीत उपलब्ध छ भने, तपाईं नयाँ सङ्गीत प्रवर्द्धन गर्न सक्नुहुन्छ। यो काम गर्नको लागि दुई व्यक्तिहरूको बीचमा सहयोगको आवश्यकता हुन सक्छ; कसैले उत्कृष्ट शब्दहरू लेख्न वा अनुवाद गर्न र कसैले सङ्गीत रचना गर्न। थोरै उत्कृष्ट भजन लेखकहरूले आफ्नै धुन लेखेका छन्। एक समर्पित ख्रीष्टियान सङ्गीतकार खोज्नुहोस् र तिनीहरूलाई बाइबलीय सत्यता बोल्ने भजनहरूमा धुनहरू लेख्न लगाउनुहोस्। यसो गरेर, तपाईं आफ्नो संसारमा बाइबलीय सन्देशलाई सञ्चार गर्ने सङ्गीतमय भाषामा गाउन सक्नुहुन्छ।

हामीले सधैं माथिको प्रश्न २ लाई विचार गर्नुपर्छ: "के हाम्रो संस्कृति पवित्रशास्त्रसँग विरोधाभास छ?" यदि साङ्गीतिक संस्कृतिसँग पवित्रशास्त्र बाँझिन्छ भने, हामीले यसलाई प्रयोग गर्नु हुँदैन। यद्यपि, जब त्यहाँ कुनै बाइबलीय सिद्धान्त समावेश छैन भने, त्यहाँ हामीले आराधकहरूको सङ्गीतमय भाषामा आराधनाको नेतृत्व गर्न खोज्नुपर्छ।

आफ्नो बुबाको मण्डलीमा आराधना गर्दा, सेवकाइको लागि तयारी गरिरहेका एक युवकले यो थाहा पाए कि उनीहरूले गाएका गीतहरू थोरै मानिसहरूले बुझेका थिए। आराधना गर्नुको सट्टा, तिनीहरूले गाएका सत्यताहरूबारे उनीहरूले थोरै बुझेको देखाए। जब ती युवकले यस बारेमा

[81] यो उदाहरण Ronald Allen र Gordon Borror, *Worship: Rediscovering the Missing Jewel* (Colorado Springs: Multnomah Publishers, 1982), 168 बाट साभार गरिएकोहो।

गुनासो गरे, तब उनका बुबाले जवाफ दिए, "हेरौं त तिमीले यो भन्दा राम्रो गर्न सक्छौ कि।" युवा आइज्याक वाट्सले आफ्नो बुबाको चुनौतीलाई स्वीकार गरे।

अङ्ग्रेजी बोल्ने मानिसहरूले आज आइज्याक वाट्सको भजन गाउँछन् किनभने एक युवा पास्टरले मानिसहरूले बुझ्ने भाषामा बाइबलीय सन्देश सञ्चार गर्ने भजन लेख्न कटिबद्ध थिए।[82] हाम्रो पुस्तामा, हामीलाई अङ्ग्रेजी भाषा नबोल्ने संसारको हृदय छुने अन्य भाषाहरूमा बाइबलीय सत्यता बोल्ने भजन लेखकहरू चाहिन्छ।

### *सङ्गीत शैलीमा केही अन्तिम विचारहरू*

किनभने सङ्गीत जीवनको यस्तो महत्त्वपूर्ण भाग हो, त्यसैले हामीमध्ये धेरैको सङ्गीतको बारेमा बलियो विश्वास छ। आराधनामा सङ्गीत शैलीहरूको कुनै पनि छलफलले विवाद निम्त्याउँछ।

कुनै खास सङ्गीतका शैलीहरू खराब छन् भन्ने विश्वास गर्नेहरूले भन्छन्, "आराधनामा सङ्गीतका केही खास शैलीहरू मात्र प्रयोग गर्न सकिन्छ।" यद्यपि, पवित्रशास्त्रले सङ्गीत शैलीहरूको लागि विशेष दिशानिर्देशहरू दिँदैन।

सङ्गीत शैलीहरू नैतिक रूपमा तटस्थ छन् भन्ने कुरालाई विश्वास गर्नेहरूले भन्छन्, "मानिसहरूलाई मनपर्ने सङ्गीत खोज्नुहोस् र यसलाई गाउनुहोस्। शैलीले केही फरक पार्दैन; तपाईंलाई जे मन लाग्छ त्यही गाउनुहोस्।" यद्यपि, पवित्रशास्त्रले स्पष्ट पार्छ कि हामीले कामुक व्यवहारमा पुऱ्याउने कुनै पनि कुराबाट जोगिनै पर्छ। सांस्कृतिक र भावनात्मक महत्वको कारणले, केही सङ्गीतहरू आराधनाको लागि अनुपयुक्त छन्।

सङ्गीत छनोटहरूको बारेमा लेख्दै, स्कट एनियोलले आफ्नो छलफललाई दुई भागमा विभाजित गरे:[83]

१. **शब्दहरू: सही र गलत मुद्दा।** साङ्गीतिक शैली जस्तोसुकै भए पनि, यदि शब्दले स्पष्ट रूपमा सत्य बोल्दैन भने त्यो आराधनाको लागि अनुपयुक्त हुन्छ। यो सही कि गलत भन्ने विषयबारे हो। त्यहाँ परम्परागत सङ्गीत शैलीहरू प्रयोग गर्ने धेरै गीतहरू छन् जसमा बाइबलीय सत्य नसिकाउने शब्दहरू छन्; यी आराधनाको लागि अनुपयुक्त छन्। त्यहाँ आधुनिक सङ्गीत शैलीहरू प्रयोग गर्ने धेरै गीतहरू छन् जसमा बाइबलीय सत्य नसिकाउने शब्दहरू छन्; यी आराधनाको लागि अनुपयुक्त छन्।

२. **सङ्गीत शैली: अस्पष्ट मुद्दा।** किनकि पवित्रशास्त्रले सङ्गीत शैलीको मुद्दामा स्पष्ट रूपले बोल्दैन, हामीले रोमी १४ को सिद्धान्तहरूलाई पछ्याउनुपर्दछ। हामीले यसको सांस्कृतिक सम्बन्धका कारण शंकास्पद भएको सङ्गीतबाट बच्नुपर्छ। यद्यपि, हामीले अरूलाई न्याय गर्नु हुँदैन जसको विवेकले उनीहरूलाई भिन्न सङ्गीतको दिशामा लैजान्छ।

### जाँच

के तपाईंको आराधनामा त्यहाँ सांस्कृतिक क्षेत्रहरू छन् जसले सुसमाचारको साथ तपाईंको संसारमा पुग्ने तपाईंको क्षमतालाई सीमित गर्दछ? के तपाईं सुसमाचारको साथ आफ्नो संसारमा पुग्नको लागि आफ्नो प्राथमिकताहरूलाई समर्पण गर्न इच्छुक हुनुहुन्छ?

### ताली बजाउने बारेमा के त?

आराधनामा ताली बजाउँदा के हुन्छ? यो सही हो कि गलत? ताली दुईवटा सन्दर्भमा बज्छ, जसमा दुई फरक अर्थ हुन्छ।

---

[82] "Joy to the World," "When I Survey the Wondrous Cross" र "O God, Our Help in Ages Past" आइज्याक वाट्सले लेखेका 750 भजनहरू मध्ये तीन हुन्।

[83] Scott Aniol, *Worship in Song* (Winona Lake, IN: BMH Books, 2009), 135-140

### *आराधनाको भागको रूपमा ताली बजाउनु*

धेरै मण्डलीहरूले गाउने भागको रूपमा ताली बजाउँछन्; ताली बजाउनु तिनीहरूको मण्डलीको आराधनाको भाग हो। यो पवित्रशास्त्रमा व्यक्त गरिएको आराधनाको भौतिक पक्षको भाग हो। "हे सबै जाति हो, ताली बजाओ, उच्च स्वरले परमेश्वरको जय-जयकार गर" (भजनसंग्रह ४७:१)। यहूदी आराधकहरू उत्साहित थिए। यहूदी आराधनामा विभिन्न प्रकारका वाद्ययन्त्रहरू, हात उठाउने र ताली बजाउने कार्य समावेश थियो।

यदि ताली बजाउनु तपाईंको आराधनाको भाग हो भने, आराधनाको अगुवाले यो सुनिश्चित गर्नुपर्दछ कि यो गाइएको गीतको लागि उपयुक्त छ कि छैन। प्रार्थनाको गीत गाउने क्रममा ताली बजाउनु सन्देशअनुकूल हुँदैन। आनन्दमय प्रशंसाको गीतको समयमा ताली बजाउनु उपयुक्त छ। अगुवाका लागि यो प्रश्न सधैं भइराख्दैन, "ताली बजाउनु सही हो कि गलत?" एउटा राम्रो प्रश्न हुन सक्छ, "के यो गीत र हाम्रो आराधनामा ताली बजाउनु उपयुक्त छ?"

### *आराधनाको प्रत्तिउत्तरमा ताली*

अझ एउटा कठिन मुद्दाचाहिँ विशेष गीतको लागि हामीले *प्रतिक्रिया स्वरूप* बजाउनु ताली हो। पवित्रशास्त्रमा यहूदी वा ख्रीष्टियान आराधकहरूले आराधनाको प्रतिक्रिया स्वरूप ताली बजाए भनेर कहीं पनि सङ्केत गरेको छैन।

आज केही संस्कृतिहरूमा धन्यवादको अभिव्यक्तिको रूपमा ताली बजाउन हतार गर्छन्। यी संस्कृतिहरूमा, ताली बजाएर परमेश्वरको प्रशंसा व्यक्त गर्नु स्वाभाविक हो। अन्य संस्कृतिहरूले मुख्य रूपमा राम्रो प्रस्तुति गरेको मान्यताको साथ ताली बजाउने कार्यलाई जोड्छन्। यी संस्कृतिहरूमा, गायक वा सङ्गीतकारको प्रतिक्रियामा ताली बजाउँदा आराधनाको सट्टा कन्सर्टको वातावरण सिर्जना हुन सक्छ।

किनकि पवित्रशास्त्रले यस मुद्दालाई प्रत्यक्ष रूपमा सम्बोधन गरेको छैन, यसकारण हामी स्वेच्छाचारी कथनहरूबाट बच्नुपर्छ। यदि ताली एक स्वभाविक आनन्द प्रदायक प्रतिक्रिया हो जसले परमेश्वरको प्रशंसा व्यक्त गर्दछ भने, यो आराधनाको कार्य हुन सक्छ। "यस व्यक्तिले हाम्रो आनन्दको लागि राम्रो प्रदर्शन गरेको छ," भन्ने किसिमले यदि तालीले संवाद गरेको छ भने, यसले आराधनामा बाधा पुऱ्याउन सक्छ।

मण्डली र सङ्गीतकार दुबैले ताली बजाउने प्रेरणालाई हेर्नुपर्छ। मण्डलीका मानिसहरूले आफैलाई सोध्नुपर्छ, "म किन ताली बजाउँदै छु? के मेरो ताली परमेश्वरको प्रशंसाले उत्प्रेरित छ, वा मेरो ताली एक कलाकारको प्रशंसाले उत्प्रेरित छ?"

सङ्गीतकारले यो सोध्नु पर्छ कि, "मण्डलीले किन ताली बजाइरहेको छ? के मेरो गीतले परमेश्वरको प्रशंसा गर्ने आनन्दको कार्यलाई उत्प्रेरित गऱ्यो, वा मेरो गीतले मेरो सीपमा ध्यान खिच्यो? के मैले आराधनामा अगुवाइ गरें?" आराधनाका अगुवाहरूको हैसियतमा हामी होसियार हुनुपर्छ कि हाम्रो सेवकाइले हाम्रो क्षमतालाई होइन, परमेश्वरलाई औंल्याउँनुपर्छ।

### जाँच

यदि तपाईंको मण्डलीले आराधनाको समयमा ताली बजाउँछ भने, के यो साँच्चै परमेश्वरलाई गरेको प्रशंसाको अभिव्यक्ति हो वा यो एक कलाकारलाई गरेको प्रशंसाको अभिव्यक्ति हो?

### रोमी १४ र आराधनाका शैलीहरू

► रोमी १४:१-२३ पढ्नुहोस्।

रोमी १४ ले विवादास्पद विषयहरूको लागि महत्त्वपूर्ण दिशानिर्देशहरू प्रदान गर्दछ जुन विषयको लागि पवित्रशास्त्रले स्पष्ट रूपमा बोल्दैन। मासु खान वा विशेष दिनहरूलाई मान्न असहमत हुनेहरूलाई पावलले सम्बोधन गर्छन्। उनले निम्न सिद्धान्तहरूलाई प्रस्तुत गर्छन्।

**(१) शंकास्पद कुराहरूको बारेमा अरूको न्याय नगर्नुहोस्। (रोमी १४:१-१३)।**

पवित्रशास्त्रले स्पष्ट रूपमा नबोल्ने क्षेत्रहरूमा, हामीसँग असहमत हुनेहरूलाई विवेकको स्वतन्त्रता दिनु पर्छ। हामी पवित्रशास्त्रले भन्दा बढी निश्चित हुनु हुँदैन!

**(२) कमजोरहरूलाई ठेस लाग्ने कारण नबन्नुहोस् (रोमी १४:१३-१५)।**

धेरै परिपक्व विश्वासीले प्रयोग गरेको स्वतन्त्रताले अपरिपक्व विश्वासीलाई हानि पुऱ्याउन सक्छ भनी पावलले बुझे। त्यस अवस्थामा, प्रेमको व्यवस्थाले हामीलाई कमजोरहरूको तर्फबाट हाम्रो स्वतन्त्रतालाई सीमित गर्न आवश्यक छ। आफ्ना स्वतन्त्रताका कारण ख्रीष्टले जसको निम्ति मृत्यु वरण गर्नुभयो, उसलाई नष्ट नगर्नुहोस्।

पावलको कथन ख्रीष्टियान व्यवहारका सबै क्षेत्रहरूको लागि एक शक्तिशाली नमूना हो; "यसकारण खानेकुराले मेरो भाइलाई बाधा पार्छ भने म आफ्नो भाइलाई बाधा नपार्नलाई कहिल्यै मासु खानेछैनँ" (१ कोरिन्थी ८:१३)।

**(३) विश्वासका साथ काम गर्नुहोस्, शङ्का होइन(रोमी १४:२३)।**

यो जवान ख्रीष्टियानहरूका लागि अति महत्त्वपूर्ण सिद्धान्त हो। "विश्वासबाट उत्पन्न नभएको कुनै पनि कुरा पाप हो।" अरूलाई खुसी पार्नका लागि हामीले कहिल्यै आफ्नो विवेकको उल्लङ्घन गर्नु हुँदैन। "कसैले शङ्का गरेर केही खायो भने त्यो दोषी ठहर्छ, किनकि उसले विश्वाससाथ खाएको छैन।"

आराधना शैलीहरूलाई लागू गर्दा, यी सिद्धान्तहरूले हामीलाई सतर्क गराउँछन्:

१. **तपाईंलाई अप्ठ्यारो लाग्ने शैली प्रयोग गर्नेहरूको न्याय नगर्नुहोस्।** यदि पवित्रशास्त्रले स्पष्ट रूपमा बोल्दैन भने, तपाईं न्याय गर्न ढिलो हुनुपर्छ।

२. **नयाँ विश्वासीलाई चिढ्याउने खालको सङ्गीत प्रयोग नगर्नुहोस्।** यदि एउटा विश्वासी त्यस्तो खाले जीवन शैलीबाट आएको हो जसमा केही सङ्गीत शैलीहरू अनैतिक व्यवहारसँग सम्बन्धित छन् भने, त्यो शैली त्यो विश्वासीको लागि *कहिल्यै* सहयोगी बन्न सक्दैन। ख्रीष्टियान भाइप्रतिको प्रेमले तपाईंलाई उसको आत्मिक वृद्धिमा बाधा पुऱ्याउन सक्ने कुनै पनि कुराबाट बच्न प्रेरित गर्नुपर्छ।

३. **आफ्नो विवेकमा शङ्का आउँदा आउँदै पनि स्वतन्त्रताको अभ्यास नगर्नुहोस्।** तपाईंले हरफहरूलाई जाँच गर्नु हुँदैन। परमेश्वरप्रतिको प्रेमले तपाईंलाई आफ्नो विवेकमा शङ्का उत्पन्न गर्ने कुनै पनि कुराबाट बच्न प्रेरित गर्नुपर्छ।

## आराधनामा बालबालिका र युवाहरूलाई संलग्न गर्नु

*"हामीले बालबालिका र युवाहरूलाई आराधनामा कसरी सामेल गर्न सक्छौं? के हामीले उनीहरूलाई वयस्क सेवा बुझ्ने उमेर नपुगेसम्म छुट्टै सेवामा राख्नुपर्छ? हामी बालबालिका र युवाहरूलाई साँचो आराधना गर्न कसरी प्रोत्साहन दिन्छौं?"*

धेरै मण्डलीहरूले बालबालिकाहरू, युवाहरू र वयस्कहरूलाई आराधनामा अलग गर्छन्। यसका दुईवटा कारणहरू छन्: साना बालबालिकाहरूले आराधनाबाट वयस्कहरूलाई ध्यान भङ्ग गराउने चिन्ता र बालबालिकाहरू र युवाहरूले आराधना सेवामा के भइरहेको छ भनेर बुझ्दैनन् भन्ने चिन्ताले गर्दा हो।

पवित्रशास्त्रमा युवा वा बालबालिकाका लागि छुट्टै सेवाहरू गर्न निषेध गर्ने कुरा कहीँ छैन। यद्यपि, त्यहाँ कम्तिमा तीनवटा कुराहरू विचार गर्नुपर्छ:

१. **पवित्रशास्त्रमा, आराधना अन्तरपुस्तागत थियो।** पवित्रशास्त्रले बालबालिका र युवाहरूलाई आराधनामा फरक व्यवहार गरेको सुझाव दिँदैन। मन्दिरको आराधनामा, बलिदानको परम्पराको लागि परिवार सँगै रहन्थ्यो। सुरुका मण्डलीले आराधनाको समयमा बालबालिका वा युवाहरूलाई छुट्याएको कुरा नयाँ नियममा कहीँ छैन।

२. **अन्तरपुस्तागत आराधनाले ख्रीष्टको शरीरलाई एकताबद्ध गर्छ।** जसरी आधुनिक आराधना र परम्परागत आराधनाको लागि छुट्टै सेवाहरू प्रदान गर्दा शरीरको एकतालाई कमजोर बनाउन सक्छ, त्यसैगरी बालबालिका र युवाहरूको लागि छुट्टै सेवाहरू प्रदान गर्दा तिनीहरू पनि मण्डली परिवारको एउटै अङ्ग हुन् भन्ने चेतनामा कमि आउन सक्छ। अर्कोतर्फ, मण्डली परिवारको आराधनामा बालबालिका र युवाहरू समावेश भएकाले, सबैले बुझ्छन् कि तिनीहरू ख्रीष्टको शरीरको बहुमूल्य अङ्ग हुन् (१ तिमोथी ४:१२)।

३. **अन्तरपुस्तागत आराधना मार्फत, विश्वास अर्को पुस्तामा हस्तान्तरण हुन्छ।** हामी आराधना गर्दै गर्दा आराधना गर्न सिक्छौं। सावधानीपूर्वक योजना नगरेसम्म, बालबालिकाको सेवा उनीहरूलाई मनोरञ्जन गराउने समय बन्न सक्छ, ताकि उनीहरूले वयस्कहरूको सेवामा बाधा नपुऱ्याउन्। यदि हामीले यस्तै मात्र हुन दियौँ भने, बालबालिकाहरूले कहिले आराधना गर्न सिक्ने?

### संयुक्त आराधना सेवाको एउटा अङ्गको रूपमा युवा र बालबालिका

युवा र बालबालिकाहरूले प्रायः सबै उमेरका मानिसहरूसँग बोल्ने संयुक्त आराधना सेवामा भाग लिन सक्छन्। यसमा मुख्य प्रवचन जस्तै एउटै विषयमा छोटो बालबालिकाको प्रवचन समावेश हुन सक्छ।

जब हामी ठान्दछौं कि बालबालिकाहरूले गहिरो सत्य बुझ्न सक्दैनन्, हामी तिनीहरूलाई आत्मिक विवेकको लागि पर्याप्त श्रेय दिन असफल हुन्छौं। पवित्र आत्मा नै हो जसले हरेक सुन्नेहरूलाई, वयस्क वा बालबालिकाहरूलाई ज्ञान दिनुहुन्छ (१ कोरिन्थी २:१०)। वयस्क सेवामा पनि, पवित्र आत्माले तिनीहरूको जवान हृदयमा सत्य बोल्न सक्नुहुन्छ। वयस्कहरूको आराधनामा बालबालिकाहरूलाई पनि समावेश गर्दा हामीले तिनीहरूलाई आराधनाको बारेमा सिकाउन आवश्यक छ। हामी बालबालिकाहरूलाई सेवाको बारेमा परिभाषा बुझाउन सक्छौं। हामी पवित्रशास्त्र पढाइ र भजनमा हुने कठिन शब्दहरूलाई उनीहरूको निम्ति परिभाषित गर्न सक्छौँ। वयस्कहरूलाई पनि कहिलेकाहीँ ती शब्दहरू परिभाषित गर्न आवश्यक छ! आराधनामा बालबालिकाहरूको लागि ठाउँ बनाएर, हामी तिनीहरूलाई शरीरको बाँकी अङ्गसँगै आराधकको रूपमा बढ्न मन्जुरी दिन सक्छौँ।

### युवा र बालबालिकाका लागि छुट्टै आराधना[84]

धेरै मण्डलीहरूले युवा र बालबालिकाहरूको लागि छुट्टै सेवाहरू प्रदान गर्छन्। यी सेवाहरू मनोरञ्जन होइन तर आराधना हुनुपर्छ। यदि बालबालिका र युवाहरूले आराधना गर्न सिकेनन् भने, तिनीहरू आत्मिक परिपक्वतामा बढ्न सक्दैनन्। जसरी मिठाईको पोषणले बालबालिकाको शारीरिक स्वास्थ्यको विकास हुन सक्दैन, त्यसरी नै आत्मिक जंक फूडको पोषणले बालबालिकाको आत्मिक स्वास्थ्यको विकास हुँदैन।

यदि एउटा मण्डलीले वयस्क र युवा/बालबालिकाहरूका लागि छुट्टाछुट्टै सेवाहरू प्रदान गर्दछ भने, हामीले यो सुनिश्चित गर्नुपर्छ कि त्यो सेवा वास्तवमा आराधना सेवा हो। युवा र बालबालिकाको आराधनामा पवित्रशास्त्रको पढाइ समावेश हुनुपर्छ। बालबालिकाहरूको लागि, आकर्षक वृत्तचित्रहरूले पवित्रशास्त्रको सत्यतालाई अझ शक्तिशाली बनाउन सक्छ।

[84] यस खण्डले होब साउन्ड बाइबल कलेजको शिक्षाका प्राध्यापक श्रीमती क्रिस्टिना ब्ल्याकको विषयवस्तुलाई प्रयोग गर्छ।

सेवामा युवा र बालबालिकाको आवश्यकता अनुसार परमेश्वरको वचन लागू गर्ने उपदेश वा बाइबल पाठ समावेश हुनुपर्छ। शिक्षकले आफ्नो हातैले बाइबललाई मायालु ढङ्गले समात्नु पर्छ। वयस्कहरूले आदरपूर्वक बाइबललाई प्रयोग गरेको देखेर बालबालिका र युवाहरूले पनि परमेश्वरको वचनलाई आदरपूर्वक प्रयोग गर्न सिक्छन्।

सेवामा बाइबलीय सत्यता बोल्ने गीतहरू समावेश गर्नुपर्छ। यसमा प्रार्थनाको समय, प्रशंसा र बिन्ती दुवै समावेश गर्नुपर्छ। यसले बालबालिकाहरूलाई परमेश्वरको निम्ति आफ्नो भेटी ल्याउन स्वीकृती दिने खालको वलिदानको सेवाहरूलाई समावेश गर्नुपर्छ। बालबालिका वा युवाहरूको लागि आराधना सेवामा आराधनाका सबै भागहरूलाई समावेश गर्नुपर्छ।

**बालबालिकाहरूलाई प्रार्थना गर्न सिकाउनु: "प्रार्थनाको हात"**

**बुढी औंलोले** हामीलाई हाम्रो नजिकका (परिवार) को लागि प्रार्थना गर्न सम्झाउँछ।

**सूचक औंलोले** ले मानिसहरूलाई येशु तर्फ देखाउनेहरूको (पास्टर, शिक्षक, र मिसनरीहरू) लागि प्रार्थना गर्न हामीलाई सम्झाउँछ।

**बीचको औंलोले** सबैभन्दा अग्लो हुन्छ। यसले हामीलाई हाम्रो देश, विद्यालय, मण्डली र घरका अगुवाहरूको लागि प्रार्थना गर्न सम्झाउँछ।

**चौथो औंलो** सबैभन्दा कमजोर हुन्छ। चौथो औंला मात्र केही कुरा उठाउने प्रयास गरेर यसलाई परिक्षण गर्नुहोस्। यसले हामीलाई कमजोर र येशुको आवश्यकता भएकाहरूका लागि प्रार्थना गर्न सम्झाउँछ।

**कान्छी औंलो** सबैभन्दा सानो हुन्छ। यसले तपाईंलाई आफ्नो लागि प्रार्थना गर्न सम्झाउँछ।

**पूरै हात** उठाउनुले हामीलाई परमेश्वरको प्रशंसा गर्न सम्झाउँछ।

यो प्रार्थनाको हातको उदाहरण एउटा प्रार्थनाको ढाँचा बन्न सक्छ जसले युवा आराधकहरूको प्रार्थनाको स्तरलाई माथि उठाउँछ।

**सारांश**

यदि हामी हाम्रा छोराछोरीलाई परिपक्व विश्वासीहरूमा बढेको देख्न चाहन्छौं भने, हामीले तिनीहरूलाई आत्मिक पोषण प्रदान गर्नुपर्छ। सबैजना सँगै बसेर गरिने सेवामा होस् वा छुट्टा छुट्टै बसेर गरिने सेवामा होस्, हामीले हाम्रा छोराछोरीहरूलाई आराधना गर्नलाई अगुवाइ गर्नुपर्छ।

**जाँच**

बालबालिकाहरू र युवाहरूका लागि तयार गरिएको छुट्टै सेवाहरू होस् वा सम्पूर्ण मण्डली एक ठाउँमा बसेर गरिने सेवा होस्, के तपाईं आफ्ना छोराछोरी र युवाहरूलाई आराधना गर्न सिकाउँदै हुनुहुन्छ?

**आराधनामा भावना**

*"मेरो देशका मानिसहरू धेरै भावुक छन्, र हाम्रो आराधनाले अक्सर हाम्रो भावनात्मक जीवन शैलीलाई प्रतिबिम्बित गर्दछ। हाम्रो आराधना सङ्गीत सामान्यतया छिटो, चर्को, र लयबद्ध हुन्छ। यसले हामीलाई भाग लिन र भावना व्यक्त गर्न अनुमति दिन्छ। यद्यपि, सङ्गीत केवल भावना मात्र बन्छ कि भनेर म डराउँछु। मलाई थाहा छैन कि हाम्रो सङ्गीतले साँचो आराधना बन्न अनुमति दिन्छ कि दिँदैन।"*

साँचो आराधना भनेको आत्मा र सत्यतामा आराधना गर्नु हो। साँचो आराधनामा भावना समावेश हन्छ, तर यो भावना भन्दा *बढि* हो। आराधनामा भावनासँग सम्बन्धित दुई त्रुटिहरू छन् जसले हामीलाई बहकाउन सक्छ।

"गायन एउटा माध्यम हो जसद्वारा परमेश्वरका मानिसहरूले उहाँको वचनलाई पक्रछन् र आफ्ना भावनाहरू र चाहनारूलाई परमेश्वरसँग मिलाउँछन्।"

- जोनाथन लीम्यानबाट साभार गरिएको

### (१) आराधनामा भावनालाई अस्वीकार गर्ने त्रुटि।

केही आराधकहरूले आराधनामा भावनालाई अस्वीकार गर्छन्। तिनीहरूले आराधनालाई परमेश्वरसँगको बौद्धिक भेटको रूपमा हेर्छन्; तिनीहरू परमेश्वरलाई भेट्ने कुरामा भावनात्मक पक्षलाई चिन्न असफल हुन्छन्। साँचो आराधनाले भावनाहरूसँग बोल्छ। हाम्रो आराधना सेवाले आराधकहरूलाई परमेश्वरको स्वयंको प्रकटीकरणप्रति आफ्नो भावनात्मक प्रतिक्रिया व्यक्त गर्ने अवसर दिनु पर्छ।

### (२) आराधनामा भावनालाई बढी जोड दिने त्रुटि।

उल्टो खतरा भनेको आराधनामा भावनाहरूसँग मात्र बोल्ने त्रुटि हो। दिमागलाई बेवास्ता गर्दै भावनाहरूसँग मात्र बोल्ने आराधनाले १ कोरिन्थी १४:१५ को उल्लङ्घन गर्छ; "आत्माले स्तुति गर्नेछु, र म दिमागले पनि स्तुति गर्नेछु।" आराधनाको कुनै पनि पक्ष यस परिक्षामा पर्न सक्छ: एक नाटकीय प्रवचन जुन पवित्रशास्त्रको पाठसँग विश्वासयोग्य छैन; बाइबलीय सत्यता बोल्न असफल भावनात्मक सङ्गीत; आराधकहरूको भावनालाई नियन्त्रण गर्ने आराधनाका अभ्यासहरू। भावनासँग मात्र बोल्ने आराधना साँचो आराधना होइन।

### साँचो आराधना: आत्मा र सत्यतामा आराधना गर्नु

हामीले प्रचार गर्ने र गाउने कुराको सत्यतालाई ध्यानपूर्वक मूल्याङ्कन गर्दा आराधनाको बाइबलीय उदाहरणले भावनाको महत्त्वलाई आदर गर्छ। सङ्गीत एक भावनात्मक माध्यम भएकोले, हामीले गाउने कुराको सत्यताको मूल्याङ्कन गर्न हामीले विशेष ध्यान दिनै पर्छ। यद्यपि, सही तरिकाले प्रयोग गर्दा, दिमाग र भावना दुवैसँग बोल्ने सत्यतालाई सञ्चार गर्ने सङ्गीत विशेष रूपमा प्रभावकारी हुन सक्छ।

जोन वेस्लीले आराधनामा भावनाको कदर गर्थे। उनले एउटा मण्डलीलाई "ढुङ्गा जस्तै मरेको-पूर्ण रूपमा सूनसान, र पूर्ण रूपमा बेफिक्री" भनेर वर्णन गरे। सत्यतासँग गरिने सामनाले भावनात्मक प्रतिक्रियालाई प्रेरित गर्नुपर्छ भन्ने उनको विश्वास थियो। साथसाथै, साँचो आराधनाबाट विचलित हुने भावनात्मक अभिव्यक्तिहरूको आलोचना गर्न तिनी छिटो थिए।

वेस्लीले या त चरमताको विरुद्धमा चेतावनी दिए; भावनालाई अस्वीकार गर्दै वा यसले हामीलाई नियन्त्रण गर्न अनुमति दिँदै। "के हामी चरमता तर्फ वा अर्को कुरा तर्फतिर दौडिनुको लागि कुनै आवश्यकता छ? के हामी एक मध्यम मार्गलाई चलाउन सक्दैनौं र परमेश्वरको वरदानलाई अस्वीकार नगरी उहाँका छोराछोरीहरूको ठूलो विशेषाधिकार त्यागेर त्रुटि र उत्साहको भावनाबाट पर्याप्त दूरी राख्न सक्दैनौं?"[85] परमेश्वर र उहाँको सत्यताबाट हाम्रो ध्यानलाई विचलित गर्ने चरम कुराहरूलाई बेवास्ता गर्दै र आराधनामा भावनाको महत्त्वलाई सम्मान गर्दै अगाडि बढ्नु आज हाम्रो लागि यो राम्रो उदाहरण हो।

### *भावना र सत्यता: एक ख्रीष्टियानको अनुभव*[86]

"स्वभावैले, म भावनात्मक रूपमा संवेदनशील व्यक्ति हुँ। सङ्गीतले मेरो भावनाहरूमा गहिरो प्रभाव पार्न सक्छ। मैले मेरो भावनात्मक प्रतिक्रियाहरूमा धेरै विश्वास राख्ने कुराहरूको बारेमा केही वर्ष पहिले एउटा पाठ सिकें।

"सुन्दर स्वरमाधूर्य भएको गीत सुनेपछि म निकै प्रभावित भएँ। जब गीतको तानता परिवर्तन भयो, मैले आफूलाई रोएको पाएँ। गीतको अन्त्यमा, मैले गहिरो आत्मिक अनुभव पाएको महसुस गरें।

---

[85] John Wesley, *John Wesley's Sermons*, "The Witness of the Spirit "

[86] Dr. Andrew Graham को पत्र। मे 29, 2014।

"यद्यपि, मैले दोस्रो पटक सुन्दा, मैले अचम्मलाग्दो कुरा फेला पारे: यो गीतले बाइबलको परमेश्वरलाई आराधना गरेको थिएन। गीतले झूटो पंथको देवताको प्रशंसा गाउँदै थियो। त्यो नाटकीय तानता परिवर्तनका शब्दहरू झूटा थिए।

"त्यस दिन मैले, मेरा भावनाहरूलाई सजिलैसँग नियन्त्रण गर्न सकिन्छ, विशेष गरी सङ्गीतद्वारा भन्ने कुरा सिके। यसको मतलब यो होइन कि सङ्गीतमा सबै भावनात्मक प्रतिक्रियाहरू अमान्य छन्, तर यसको मतलब यो हो कि मैले गीतहरूको विषयवस्तुको मूल्याङ्कन गर्नुपर्छ। तिनीहरू परमेश्वरबाट आएका हुन् कि होइनन् भनी पक्का हुन मैले 'आत्माको जाँच' गर्नुपर्छ।"

### जाँच

के तपाईंको आराधनाले दिमाग र भावना दुवैसँग बोल्छ? तपाईंले गाउनु भएको र सिकाउनु भएको कुरा पवित्रशास्त्रप्रति विश्वासयोग्य छ कि छैन भनी सुनिश्चित गरेर मूल्याङ्कन गर्न के तपाईं होशियार हुनुहुन्छ?

## आराधनाका खतराहरू: आराधनालाई तुच्छ बनाउनु

यो पाठ वारेन वियर्सबीको आराधनालाई रमाइलो समयको रूपमा व्यवहार गर्ने विरुद्धको चेतावनीबाट सुरु भएको थियो।[87] उनले चेताउनी दिए कि जब हामी हाम्रा सेवाहरूमा परमेश्वरको सट्टा रमाइलो खोज्छौं तब हामी आराधनालाई तुच्छ बनाउँछौं। "मण्डलीहरूले अझै पनि *आराधना* शब्द प्रयोग गर्छन् तर यसको अर्थ परिवर्तन भएको हुन्छ। प्रायः *आराधना* केवल एउटा त्यस्तो शब्द हो जुन मानिसहरूले मण्डलीको लागि योजना बनाएका कुराहरूलाई धार्मिक सम्मान दिन प्रयोग गर्छन्, त्यो सङ्गगतिमा चाहे परमेश्वर केन्द्रविन्दु हुनु भएको होस् वा नहोस्।" यो कसरी हुन्छ?

### हामी पवित्रस्थानबाट रङ्गमञ्चमा सर्छौं

आराधना जहाँ पनि हुन सक्छ। ख्रीष्टियानहरूले गुफाहरूमा सतावट गर्नेहरूबाट लुकेर वा मण्डली रिट्रीटको समयमा क्याम्प फायरमा आराधना गरेका छन्। ख्रीष्टियानहरूले निजी घर वा आकर्षक भवनहरूमा आराधना गरेका छन्। ख्रीष्टियानहरूले अस्पतालमा सुत्दा, विमानमा उड्दा वा काम गर्दा आराधना गरेका छन्। आराधना जहाँ पनि हुन सक्छ, तर धेरैजसो सामूहिक आराधना कुनै न कुनै प्रकारको भवनमा हुन्छ। "मण्डलीका मानिसहरू कतै न कतै भेट्नुपर्छ, र त्यो 'कतै न कतै' या त पवित्रस्थान वा रङ्गमञ्च बन्न पुग्नेछ।"

के फरक छ? पवित्रस्थान "एउटा ठाउँ हो जहाँ मानिसहरू आफ्नो प्रभुको आराधना गर्न र महिमा गर्न भेला हुन्छन्।" रङ्गमञ्च एउटा ठाउँ हो जहाँ मानिसहरू प्रदर्शनी हेर्न भेला हुन्छन्। तपाईंको मण्डली रङ्गमञ्च हो कि पवित्रस्थान?

### हामी मण्डलीबाट दर्शकहरूमा सर्छौं

"एउटा ख्रीष्टियान मण्डली येशु ख्रीष्टको आराधना गर्न र उहाँको महिमा गर्न भेला हुन्छ। दर्शकहरू प्रस्तुति हेर्न र सुन्न भेला हुन्छन्।" मण्डली परमेश्वरमा केन्द्रित हुन्छ; दर्शकहरू कलाकारमा केन्द्रित हुन्छन्। मण्डलीमा सहभागीहरू हुन्छन्; दर्शकहरूमा रमिता हेर्नेहरू हुन्छन्। तपाईं मण्डली वा दर्शकहरू के को नेतृत्व गर्दै हुनुहुन्छ?

### हामी सेवकाइबाट प्रदर्शनीमा सर्छौं

"हामी मुख्य रूपमा परमेश्वरको सत्यता **व्यक्त** गर्न सेवा गर्छौं; हामी हाम्रा क्षमताहरू **प्रभावित** गर्न प्रदर्शन गर्छौं। सेवकलाई थाहा छ कि परमेश्वरले हेरिरहनु भएको छ र उहाँको स्वीकृतीले सबै फरक पार्छ। कलाकारले दर्शकको ताली खोज्छ।" सेवा विभिन्न तरिकामा प्रदर्शन हुन सक्छ: एक

[87] यस खण्डका उद्धरणहरू Warren Wiersbe, *Real Worship* (Grand Rapids: Baker Books, 2000), 169–174 बाट साभार गरिएका छन्।

सङ्गीतकार जसले दर्शकहरूको मनोरञ्जनको लागि प्रदर्शन गर्दछ, प्रशंसा टोली जसले विशेष भावनात्मक प्रतिक्रिया खोज्छ, वा एक प्रचारक जसले मानिसहरूको प्रतिक्रियाद्वारा आफ्नो प्रचार मापन गर्दछ। तपाईं सेवकाइ गर्नुहुन्छ कि प्रदर्शन गर्नुहुन्छ?

## निष्कर्ष: एक मिसनरीको गवाही-अभ्यासमा रोमी १४

"मैले एक मिसनरी साथी र आठ फिलिपिनो पास्टरहरूसँग नेतृत्व सेमिनारमा भाग लिँदा तिनीहरूको आराधना शैलीको कारणले अरूलाई न्याय गर्ने बारे एउटा महत्त्वपूर्ण पाठ सिकें।[88]

"हामी एउटा ठूलो सम्मेलन केन्द्रमा पस्यौं र बेन्चहरूमा हाम्रा सिटहरू अग्लो भेट्टायौं। ठूला-ठूला स्क्रिन र लाउडस्पीकरहरू छतबाट झुण्डिएका थिए। आराधनाको अगुवा एक फिलिपिनो महिला थिइन् जसलाई प्रशंसा टोलीले समर्थन गरेको थियो। उनीहरूले ताली बजाइरहेका थिए र उत्तेजित भीडको नेतृत्व गरिरहेका थिए 'हो, प्रभु, हो!' मेरो स्वादको लागि यो अत्यधिक जीवन्त थियो।

"दोहोरिरहने सङ्गीत, चर्को स्वरमा गाइको गीत र शारीरिक हाउभाउले मलाई ठूलो चिन्तित हुने कारण बनायो। हामीले हाम्रा फिलिपिनो पास्टरहरूलाई पवित्र अगुवाहरू हुन चुनौती दिएका थियौं, र अब हामी तिनीहरूलाई यस्तो प्रकारको आराधनामा ल्याइरहेका थियौं! फिलिपिनो पास्टरहरूमध्ये एक जना, धेरै आत्मिक अगुवा, त्यहाँ आफ्नो शिर झुकाएर उभिरहेका थिए। उनले चुपचाप प्रार्थना गर्दै थिए र सेवामा भाग लिएनन्।

"मलाई गाह्रो भयो, 'हामीले के गर्ने?' पछि, मैले त्यही पास्टरलाई आफ्नो सम्पूर्ण हृदयले ताली बजाउँदै र गाउँदै गरेको देखें। उनको अनुहार चम्किरहेको थियो, र उनी आराधनामा रमाइराखेको देखिनु भएको थियो।

"त्यस साँझ, हामीले सम्मेलनमा नेतृत्वको बारेमा के सिक्यौँ भनेर एकआपसमा बाँड़चुड़ गर्यौं कुराकानीको क्रममा, मैले फिलिपिन्सको यो अगुवालाई उनले आफ्नो आचरण परिवर्तन गर्नुपर्ने कुरा त्यस्तो के भएको थियो भनेर सोधें। "तपाईं अघि सहभागी हुनुहुन्थेन तर एक्कासी आराधना गर्न र गायनको मज्जा लिन किन लाग्नुभयो?"

"उनको जवाफ शक्तिशाली थियो। 'सङ्गीतले मलाई झर्को लागि राखेको थियो। तर मैले प्रार्थना गर्दा, परमेश्वरले मलाई देखाउनुभयो कि आराधनाको अगुवा र यस सभामा भएका मानिसहरूले आफ्नो सम्पूर्ण हृदयले परमेश्वरको आराधना गरिरहेका थिए। तिनीहरूले आफूले जाने अनुसार परमेश्वरलाई सबै भन्दा उत्तम कुरा दिइरहेका थिए। परमप्रभुले मलाई भन्नुभयो, "के तिमी तिनीहरूलाई मतिर छोड्न सक्छौ? के तिमी अरूको न्याय नगरी मलाई आफ्नो आराधना दिन सक्छौ?"

"यस पास्टरले आफ्नो वरपरका मानिसहरूलाई न्याय गर्नुको सट्टा आफ्नो सारा हृदयले परमेश्वरको आराधना गर्न थाले। के यसले यस पास्टरको आराधनाको दृष्टिकोणलाई परिवर्तन गर्यो? होइन; जब उनी आफ्नो मण्डलीमा फर्के, उनले त्यो सप्ताहन्तमा देखेको आराधना शैलीको अनुकरण गरेनन्।

"हाम्रा मण्डलीहरूमा एक अगुवाको रूपमा, यो व्यक्तिले प्रायः आफ्ना सँगी पास्टरहरूलाई मण्डलीलाई नियन्त्रण नगरी आराधनामा स्वतन्त्रता दिनको लागि प्रोत्साहन दिए। उनले आफ्ना सँगी पास्टरहरूलाई दुई सिद्धान्तहरूलाई सन्तुलनमा राख्न प्रोत्साहन दिए:

१. आफ्नो मण्डलीमा आराधनाका बाइबलीय सिद्धान्तहरूलाई ध्यानपूर्वक पालना गर्नुहोस्।
२. अन्य मण्डलीहरूले गरेको आराधना शैलीको आलोचना नगर्नुहोस्।"

[88] फिलिपिन्सका पूर्व मिसनरी Rev. David Black बाट लिइएको यो गवाही।

## समीक्षामा पाठ ९

(१) आराधना र संस्कृति

- आराधना शैलीहरूको मूल्याङ्कन गर्दा, हामीले संस्कृति र पवित्रशास्त्रलाई भ्रमित गर्नु हुँदैन।
- जब हाम्रो संस्कृति पवित्रशास्त्रको विरोधाभास हुन्छ, हामीले संस्कृतिको विश्वासलाई पालना गर्नु भन्दा पनि पवित्रशास्त्रका आज्ञाहरू मान्नुपर्छ।
- संसारमा सुसमाचार लिएर पुग्नको लागि, हामीले हाम्रो आराधनाले हाम्रो संस्कृतिलाई कसरी प्रभावकारी रूपमा बोल्न सक्छ भनेर सोध्नु पर्छ।

(२) तीन प्रश्नहरूले हामीलाई स्थानीय मण्डलीको आराधना र वरपरको संस्कृति बीचको सम्बन्धलाई बुझ्न मद्दत गर्दछ:

- ***यहाँ को छ?*** भन्ने प्रश्नले मण्डलीका मानिसहरूलाई हेर्छ जुन मण्डलीको अङ्गहरू हुन्।
- ***यहाँ को थियो?*** भन्ने प्रश्नले मण्डलीको पहिलेका पुस्ताहरूलाई हेर्छ।
- ***यहाँ को हुनुपर्छ?*** भन्ने प्रश्नले हामीलाई पुग्न बोलाइएको समुदायलाई हेर्छ।

(३) सङ्गीत हाम्रो सांस्कृतिक पहिचानको केन्द्रबिन्दु भएको हुनाले, मण्डलीहरूले बाइबलीय रूपमा विश्वासयोग्य र सांस्कृतिक रूपमा संवेदनशील हुने सङ्गीत रोज्नुपर्छ।

(४) यदि ताली बजाउने कार्य आराधनाको भाग हो भने, हामीले सोध्नु पर्छ, "के यो गीत र हाम्रो आराधनामा ताली बजाउनु उपयुक्त छ?"

(५) यदि ताली बजाउनु कुनै विशेष गीतको प्रतिक्रियाको लागि हो भने, हामीले सोध्नु पर्छ, "के मेरो ताली परमेश्वरको प्रशंसाले उत्प्रेरित छ, वा मेरो ताली एक कलाकारको प्रशंसाले उत्प्रेरित छ?"

(६) यदि हामीले बालबालिका र युवाहरूलाई वयस्क सेवामा राख्छौं भने, हामीले सबै उमेरका मानिसहरूलाई बोल्ने आराधनाको योजना बनाउनुपर्छ।

(७) यदि हाम्रो बालबालिका र युवाहरूका लागि छुट्टै सेवाहरू छन् भने, हामीले यो सुनिश्चित गर्नुपर्छ कि सेवाहरू मनोरञ्जन होइनन्, तर आराधना हो।

(८) हामीले आराधनामा भावनालाई बढी जोड दिनु हुँदैन वा इन्कार पनि गर्नु हुँदैन।

## पाठ ९ क्रियाकलाप

(१) यस पाठले धेरै "जाँचका" प्रश्नहरूलाई समावेश गरेको थियो। यीमध्ये कुनै एक प्रश्नको लागि एक पृष्ठको जवाफ लेख्नुहोस्। तपाईंको जवाफले दुई भागहरूलाई समावेश गर्नुपर्छ:

- तपाईंले हाल आराधनामा के गर्नुहुन्छ भन्ने कुराको मूल्याङ्कन।
- आराधनाका बाइबलीय सिद्धान्तहरूबाट टाढा नगइकन तपाईंको आराधनालाई थप सांस्कृतिक रूपमा सान्दर्भिक बनाउने खालको परिवर्तनहरूको लागि एउटा सुझाव।

(२) अर्को पाठको सुरुमा, तपाईंले यस पाठमा आधारित परीक्षा दिनुहुनेछ। तयारी गर्दा खेरी परीक्षाका प्रश्नहरूलाई सावधानीपूर्वक अध्ययन गर्नुहोस्।

## पाठ ९ परीक्षा

(१) हामीले हाम्रो सांस्कृतिक प्राथमिकताहरूलाई विरोध गर्ने तर बाइबलीय बाइबलीय सिद्धान्तहरूसँग विरोधाभास नहुने आराधनाका अभ्यासहरूप्रति कसरी प्रतिक्रिया जनाउनुपर्छ?

(२) हामीले हाम्रो संस्कृतिमा स्वीकृत आराधना प्रचलनहरूप्रति कसरी प्रतिक्रिया जनाउनुपर्छ, जुन पवित्रशास्त्र विपरीत छ?

(३) हाम्रो मण्डलीको आराधना र वरपरको संस्कृति बीचको सम्बन्ध बुझ्न हामीले कुन तीनवटा प्रश्नहरू सोध्नुपर्छ?

(४) रोमी १४ बाट, आराधनासँग सम्बन्धित तीनवटा सिद्धान्तहरूलाई सूचीबद्ध गर्नुहोस्।

(५) अन्तरपुस्तागत आराधनाको लागि तीन वटा विचारहरूलाई सूचीबद्ध गर्नुहोस्।

(६) आराधनामा भावनासँग सम्बन्धित दुइटा त्रुटिहरूको नाउँ दिनुहोस्।

(७) आफूले कण्ठ गरेको १ कोरिन्थी १४:१५-१७ लेख्नुहोस्।

# पाठ 10
# आराधनाको जीवनशैली

## पाठका उद्देश्यहरू

यस पाठको अन्त्यसम्ममा, विद्यार्थीले सक्षम हुनुपर्छ:

(१) सामूहिक आराधना र आराधनाको जीवनशैली बीचको सम्बन्धलाई पहिचान गर्ने।

(२) आराधनाको जीवनशैलीले व्यक्तिको मूल्यमान्यतालाई परिवर्तन गर्ने कुरालाई बझ्ने।

(३) परमेश्वरको महिमाको लागि जिउन खोज्ने।

(४) रोमी १२:२ मा सिकाइएको आराधनाको जीवनशैलीप्रति प्रतिबद्ध हुने।

(५) आराधनाको बारेमा बाइबलमा आधारित ईश्वरशास्त्रलाई उल्लेख गर्ने।

## पाठको तयारी

*१ कोरिन्थी १०:३१ कण्ठ गर्नुहोस्।*

## परिचय

सोही वर्षमा, एउटा अफ्रिकी राष्ट्र दुईवटा सूचीमा देखा पर्छ: "अफ्रिका सबैभन्दा ठूलो ख्रीष्टियान जनसंख्या भएको राष्ट्र" र "अफ्रिका सबैभन्दा भ्रष्ट भएको राष्ट्र।"

एसियाकै सबैभन्दा ठूलो मण्डलीका पास्टरलाई करोडौं डलर हिनामिना गरेको अभियोगमा दोषी ठहर गरिएको छ।

एक अमेरिकी अत्यन्त ठूलो-मण्डलीका अगुवाले वैवाहिक जीवनमा गरेको व्यभिचार स्वीकार गरेपछि राजीनामा दिए।

के गलत भइरहेको छ? यी परिस्थितिहरू सृजना हुनुमा धैरै कारकहरू छन्, तर ती सबैमा एउटा कुरा समान छ: शनिवारको आराधनाले साता भरिको जीवनलाई प्रभाव पार्दैन। शनिवारको "आराधनालाई"-भावना र उत्तेजना मानिन्छ। सोमवारको दिनलाई "वास्तविक जीवन" मानिन्छ-अनैतिक व्यापारको अभ्यास र आत्म-सन्तुष्टि। धेरै मानिसहरूको लागि, आराधनाको गतिविधिहरूले जीवन परिवर्तन गर्ने परिणाम ल्याएका छैनन्।

► आराधनाले तपाईंको दैनिक जीवनलाई कसरी प्रभाव पार्छ छलफल गर्नुहोस्। तपाईंले गरेको आराधनाको कारणले गर्दा तपाईंको व्यवसाय कसरी फरक तरिकाले सञ्चालन हुन्छ? तपाईंले गरेको आराधनाको कारणले गर्दा तपाईंको पारिवारिक सम्बन्धहरू कसरी फरक छन्? तपाईंको नैतिकता? तपाईंको राजनीति? तपाईंको आर्थिक अभ्यासहरू? के तपाईं आराधनाको जीवनशैली बिताउनुहुन्छ?

## आराधना: शनिवार भन्दा बढी

यस पाठको परिचयमा वर्णन गरिएको समस्या नयाँ होइन। आमोसले बलिदानहरू ल्याएका र मन्दिरको रीतिरिवाजहरू पालन गर्ने मानिसहरूसँग कुरा गरे, तर तिनीहरू ईश्वरीय जीवन बिताउन असफल थिए (आमोस ५:२१-२४)। यर्मियाले "यो परमप्रभुको मन्दिर हो, परमप्रभुको मन्दिर हो" भनेर कराउने मानिसहरूलाई प्रचार गरे तर जसलाई परमेश्वरको उपस्थितिको वास्तविकता थाहा थिएन (यर्मिया ७:४)। येशुले व्यवस्थाका हरेक विवरणहरू पालन गर्ने, स-साना कुराहरूमा दशांश दिने, र प्रार्थना गर्ने, विश्राम दिन पालन गर्ने र अन्य आराधनाका रीतिरिवाजहरूमा विश्वासयोग्य हुने तर हृदयमा

अपवित्र हुनेहरूको बारेमा वर्णन गर्नुभयो (मत्ती २३:२३)। यी मानिसहरूले आफू आराधक भएको दाबी गरे तर तिनीहरूको आराधना झूटो थियो। साँचो आराधनाले सम्पूर्ण जीवनलाई प्रभाव पार्छ।

पावलले मूर्तिहरूलाई चढाइएको मासु खाने कि नखाने भन्ने समस्याको सामना गर्ने विश्वासीहरूलाई आफ्नो पत्रमा लेखे। यस समस्यालाई सम्बोधन गरिसकेपछि, पावलले निष्कर्ष निकाले, "यसकारण चाहे तिमीहरू खाओ, अथवा पिओ, वा तिमीहरू जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति ग" (१ कोरिन्थी १०:३१)। जब पावलले मूर्तिहरूलाई चढाइएको मासुको मुद्दालाई सम्बोधन गर्दै थिए, यो सिद्धान्त जीवनका सबै क्षेत्रमा लागू हुन्छ। यदि हामीले साँच्चै आराधना गर्छौं भने, हाम्रो दैनिक जीवन परमेश्वरको महिमाको लागि बाँच्नेछ।

> "आराधनाको अगुवा एउटा त्यस्तो व्यक्ति हुनुपर्दछ जसले जीवनको सबै क्षेत्रहरूमा आराधना गर्दछ; जो सम्पूर्ण रूपमा परमेश्वरको पछि लाग्दछ; जसले मण्डलीलाई आराधनाको समस्त जीवनशैलीमा अगुवाइ गर्छ।"
>
> - स्टेफन मिलरबाट साभार गरिएको

आराधनाको एक परिभाषा हो "…आराधना हाम्रा सम्पूर्ण अस्तित्वको प्रतिक्रिया हो, परमेश्वरको सम्पूर्ण अस्तित्वप्रति।"[89] यस परिभाषाले देखाउँछ कि आराधनाले जीवनका सबै पक्षहरूलाई समावेश गर्दछ। आराधनालाई परिभाषित गर्दा सन्तुलनमा राख्नु पर्ने दुईवटा सिद्धान्तहरू छन्।

### सामूहिक आराधना: शनिवारको आराधना

सामूहिक आराधनाले मण्डलीका अङ्गहरूको भेलालाई बुझाउँछ। यो भेटघाट मण्डली भवन, घर वा अन्य कुनै ठाउँमा हुन सक्छ। स्थान महत्त्वपूर्ण छैन, तर सामूहिक आराधनाको लागि छुट्टाएको समय महत्त्वपूर्ण छ। ख्रीष्टियानहरूलाई सामूहिक आराधनाको लागि भेला हुने विशेषाधिकार र जिम्मेवारी दिइएको छ (हिब्रू १०:२५)।

### जीवनशैलीको रूपमा आराधना गर्नु: सम्पूर्ण जीवनमा आराधना गर्नु

अदनको बगैंचामा, यदि तपाईंले आदम र हव्वालाई, "तपाईं कहिले आराधना गर्नुहुन्छ?" भनेर सोध्नुभएको थियो भने, तिनीहरूले जवाफ दिने थिए, "हामी निरन्तर आराधना गर्छौं। हाम्रो सम्पूर्ण जीवन आराधना हो।" यो जीवन शैलीको रूपमा आराधना गर्नु हो।

आराधना भनेको विश्वासीहरूको सामूहिक भेटघाट र परमेश्वरको महिमाको लागि बाँचेको जीवन दुवै हो। लियोन्सका दोस्रो शताब्दीका विशप इरेनियसले भने, "परमेश्वरको महिमा एक मानव हो, पूर्ण रूपमा जीवित।" यो मानव-केन्द्रित मानवतावाद होइन; यो परमेश्वर-केन्द्रित मान्यता हो कि मानिसको अन्तिम उद्देश्य परमेश्वरको महिमाको लागि बाँच्नु हो। यो नै साँचो आराधना हो।

ख्रीष्टियानको रूपमा हामी हाम्रो जीवनका सम्पूर्ण पक्षहरूर सामान्य विवरणहरू पनि परमेश्वरलाई दिन्छौं। आराधना शनिवारको दिनमा मात्र सीमित छैन। हाम्रो काम, खेल र सामान्य कार्यहरू परमेश्वरको महिमाको लागि गरिन्छ। रोमी १२:१ ले देखाउँछ कि आराधनाले हाम्रो शरीरलाई जिउँदो बलिदानको रूपमा परमेश्वरलाई चढाउनुपर्ने कुरा समावेश छ। यो हाम्रो आत्मिक सेवा हो। आराधनाको बाइबलीय दृष्टिकोण साप्ताहिक भेटघाट वा सङ्गतिमा सीमित हुन सक्दैन; यसले हाम्रो सम्पूर्ण जीवन परमेश्वरलाई दिनु भन्ने कुरा जनाउँछ।

> "प्रत्येक दिन परमेश्वरको सेवामा हाम्रो जीवन अर्पण गर्नु हाम्रो जीवनभरको आह्वान हो। शनिवार बिहानको आराधना त्यो आह्वानको निरन्तरता हो।"
>
> - ब्यारी लिस्च

[89] Warren Wiersbe, *Real Worship* (Grand Rapids: Baker Books, 2000), 21

**आराधनाको बाइबलीय दृष्टिकोणले सामूहिक आराधना र दैनिक जीवन दुवै समावेश गर्दछ**। दुवै पक्षहरू महत्त्वपूर्ण छन्। यदि हामी बिर्सन्छौं कि आराधनामा दैनिक जीवन समावेश हुन्छ, भने हामी हाम्रो जीवनका बाँकी क्षेत्रमा कुनै प्रभाव नदेखी पनि आराधना सेवामा सहभागी हुन सक्छौं। यसले हामीलाई सामूहिक आराधनामा त सहभागी गराउँछ तर दैनिक जीवनमा परमेश्वरको आज्ञापालनमा बाँच्न असफल बनाउँछ।

जे भएता पनि, यदि हामीले केवल "आराधना नै सम्पूर्ण जीवन हो" भन्ने करालाई मात्र जोड दियौं भने, मुख्य गरी केन्द्रित गरिएर आराधनाको लागि भनेर छुट्याइएको नियमित समयको महत्त्वलाई बिर्सन्छौं। सामूहिक आराधनामा सहभागिता जनाउँनाले हाम्रो जीवनको निम्ति परमेश्वरको भण्डारेपनको कार्यलाई सम्झ मद्दत गर्दछ।

भण्डारेपनको यो सिद्धान्त दशांश र विश्रामको दिनमा देखिन्छ। ख्रीष्टियान भण्डारेपन भनेको हाम्रो सम्पूर्ण पैसा परमेश्वरको हो। यो सिद्धान्तमा हाम्रो विश्वास हाम्रो दशांशले देखाउँछ। समयको ख्रीष्टियान दृष्टिकोणको अर्थ सम्पूर्ण जीवन परमेश्वरको हो भन्ने हुन्छ। यो कुरालाई हामी हप्ताको एक दिन आराधना र विश्राम गर्न समर्पित गरेर देखाउँछौं। त्यसै गरी, हाम्रो जीवनका सबै पक्षहरू आराधनाको अंश हुन्; सामूहिक आराधनाको लागि सँगी विश्वासीहरूसँग भेला भएर हामी त्यो देखाउँछौं।

बब काफ्लिनले सामूहिक आराधना र जीवन शैलीको रूपमा आराधना बीचको सम्बन्धलाई देखाउनुभयो:

> शनिवार हाम्रो हप्ताको उच्च बिन्दुको दिन हुन सक्छ, तर यो मात्र मुख्य बिन्दु होइन। हप्ताको दौरान हामी आराधनाको जीवन बिताउँछौं जहाँ हामी आफ्नो परिवारलाई माया गर्छौं, परीक्षाको प्रतिरोध गर्छौं, साहसपूर्वक उत्पीडित मानिसहरूको लागि बोल्छौं, दुष्टको विरुद्धमा खडा हुन्छौं, र सुसमाचार घोषणा गर्छौं। यी सबै कुराहरूमा हामी **आराधना गर्ने मण्डली फैलिएका** छौं।
>
> तर हामी संसार, हाम्रो शरीर, र शैतान विरुद्धको हाम्रो लडाईमा थकित हुन्छौं र यस अवस्थामा परमेश्वरको वचन र अन्य सन्तहरूको हेरचाहबाट हामी बलियो र प्रोत्साहित हुन आवश्यक छ। हामी तिनीहरूसँग सङ्गति गर्न चाहन्छौं जसलाई परमेश्वरले उहाँको पुत्रको रगतद्वारा हामीमा सामेल गर्नुभएको छ। यसकारण हामी **एक ठाउँमा भेला भएर आराधना गर्ने मण्डली बन्न भेट्छौं**।[90]

## आराधना: परमेश्वरको महिमाको लागि जिउनु

### आराधनाले हाम्रो मूल्यहरूलाई देखाउँछ

हामी आराधना गर्नको लागि सृष्टि गरिएका हौं। हामी सबैले कुनै न कुनै कुराको आराधना गर्छौं। हामी जसलाई धेरै मूल्यवान ठान्छौं, त्यसैको आराधना गर्छौं। आराधनाले भन्छ, "मेरो जीवनमा पहिलो स्थान यही हो।"

धेरै मानिसहरू पैसा, जागिर, हैसियत, सम्बन्ध वा सुखको आराधना गर्छन्। ती चीजहरूले उनीहरूको जीवनमा पहिलो स्थान लिन्छ। तपाईंलाई कसरी थाहा हुन्छ तपाई के पुज्नुहुन्छ? आफ्नो जीवनलाई हेर्नुहुस्। तपाईंको सबैभन्दा बढी शक्ति, समय र पैसा के कुरामा खर्च हुन्छ? तपाईंले निर्णय गर्नुभएको कुरा तपाईंको लागि सबैभन्दा मूल्यवान छ; त्यसलाई नै तपाईंले आराधना गर्नुहन्छ।[91]

> "सबैसँग वेदी हुन्छ। र हरेक वेदीमा सिंहासन हुन्छ। त्यसोभए तपाईंलाई कसरी थाहा हुन्छ तपाई के को आराधना गर्नुहुन्छ? यो सजिलो छ: तपाईंको समय, तपाईंको चाहना, तपाईंको शक्ति, तपाईंको पैसा, र तपाईंको भक्तिको पद चिन्हलाई पछयाउनुहोस्। त्यो पद चिन्हको अन्त्यमा तपाईंले एउटा सिंहासन भेट्टाउनुहुनेछ, र जुनसुकै, वा जो कोही त्यो सिंहासनमा छ, त्यो नै तपाईंको लागि सबै भन्दा मूल्य हो। त्यही सिंहासनमा भएकोलाई तपाईंले आराधना गर्नुहुन्छ।"
>
> लुई गिग्लियो

---

[90] Bob Kauflin, *Worship Matters* (Wheaton: Crossway Books, 2008), 210

[91] Louie Giglio बाट साभार गरिएको, *The Air I Breathe: Worship as a Way of Life.* (Sisters, OR: Multnomah Publishers, 2003)।

केवल परमेश्वर आराधनाको योग्य हुनुहुन्छ; अरू सबै गौण छन्। आराधनाको जीवनशैलीले सबै कुरामा परमेश्वरलाई पहिलो स्थान दिन्छ। साँचो आराधकहरूले परमेश्वरलाई आफ्नो जीवनको सिंहासनमा राखेका हुन्छन्; ऊसँग उच्चतम मूल्य हुन्छ। यसको मतलब साँचो आराधकहरूको लागि, जीवनको हरेक भाग परमेश्वरको महिमाको लागि बाँचिन्छ।

### साँचो आराधनाले हाम्रो मूल्यमान्यतालाई परिवर्तन गर्छ

यशैया ६ मा, हामी देख्छौं कि साँचो आराधना परिवर्तनकारी हुन्छ। आराधनाले हाम्रो मूल्यमान्यतालाई मात्र देखाउँदैन, तर यसले हाम्रा मूल्यमान्यताहरूलाई परिवर्तन पनि गर्छ।

आराधना, चाहे परमेश्वरको होस् वा मूर्तिहरूको यसले हामी को हौं भन्ने कुरालाई परिवर्तन गर्छ। भजनसंग्रह ११५:८ ले देखाउँछ कि मूर्तिहरूको आराधना गर्नाले हामीलाई खराबीमा परिवर्तन गर्छ। "तिनीहरूलाई बनाउनेहरू पनि तिनीहरूजस्तै हुनेछन्। र तिनीहरूमाथि भरोसा राख्नेहरू पनि सबै उस्तै हुनेछन्।" मूर्तिपूजकहरू आफ्ना मूर्तिहरू जस्तै बन्छन्। पैसाको आराधना गर्नेहरू लोभी हुन्छन्। सुखको आराधना गर्नेहरू सुखको दास बन्छन्। प्रसिद्धिको आराधना गर्नेहरू बढ्दो आत्मकेन्द्रित हुन्छन्। हामी जसको आराधना गर्छौं त्यो जस्तै बन्छौं।

त्यसैगरी परमेश्वरको आराधना गर्नेहरू पनि उहाँ जस्तै बन्छन्। "हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं" (२ कोरिन्थी ३:१८)। आराधनामा हामी उहाँको स्वरूपमा परिणत हुन्छौं।

> आराधना हामीले मात्र गर्ने कुरा होइन; यसले हामीलाई पनि केही गर्छ।

जब हामी आराधना गर्छौं, हाम्रो मूल्यहरू परिवर्तन हुन्छ। आराधकको रूपमा, हामीले सोध्नै पर्छ, " के आराधनाले मेरो जीवन परिवर्तन गरिरहेको छ?"

### परमेश्वरको महिमाको लागि बाँच्नुमा सम्पूर्ण जीवन समावेश छ

जीवन शैलीको रूपमा आराधना गर्नु भनेको सम्पूर्ण जीवन परमेश्वरको महिमाको लागि बाँच्नु हो। धेरै ख्रीष्टियानहरूले आफ्नो जीवनलाई दुई विच्छेदित क्षेत्रहरूमा विभाजन गर्छन्: पवित्र (शनिवार) र सांसारिक (आइतवार-शक्रवार)। तिनीहरू " शनिवारे ख्रीष्टियान" को रूपमा बस्छन्। तिनीहरू मण्डलीमा उपस्थित हुन्छन् र ख्रीष्टियान विश्वासको दाबी गर्छन्, तर शनिवारको आराधनाले सोमवारको व्यापारिक नैतिकता, बुधवारको पारिवारिक जीवन, वा शुक्रवारको मनोरञ्जनमा कुनै प्रभाव पार्दैन।

*सांसारिक* शब्दले यस संसारको जीवनलाई जनाउँछ। ख्रीष्टियानलाई परमेश्वरको महिमाको लागि सांसारमा जीवन जिउन बोलाइएको छ। ख्रीष्टियानहरूलाई शनिवारको आराधनाको प्रभाव देखाउने तरिकामा आइतवार जीवन जीउन बोलाइएको छ। आराधना सेवाको अन्त्यमा, हामीले आफूलाई सोध्नु पर्छ, "आजको आराधनालाई व्यवहारमा ल्याउन म भोलि के गर्नेछु?" यो जीवन परमेश्वरको महिमाको लागि जिउनु हो।

### परमेश्वरको महिमाको लागि जीवन जीउँदा कस्तो देखिन्छ?

परमेश्वरको महिमाको लागि जिउनुको अर्थ सबै जीवन परमेश्वरप्रतिको जोसद्वारा नियन्त्रित छ भन्नु हो। यसको अर्थ परमेश्वरलाई त्यो बिन्दुसम्म प्रेम गर्नु हो जहाँ हाम्रो आनन्दले उहाँलाई प्रसन्न तुल्याउँछ। एकजनाले भनेका छन् कि कसैलाई प्रेम गर्नु भनेको तिनीहरूमा व्यस्त हुनु हो। "तपाईं त्यो व्यक्ति (वा चीज) सँग प्रेममा हुनुहुन्छ जुनबेला तपाईं अरू केहीको बारेमा सोचिरहनुभएको हुँदैन, त्यसबेला तपाईं त्यसको बारेमा सोचिरहनुभएको हुन्छ।"

त्यसैगरी, लुई गिग्लियोले सुझाव दिन्छन् कि "हाम्रो मुखबाट निस्कने कुराबाट हाम्रो आत्मामा के सर्वोच्च छ भनेर हामीलाई थाहा हुन्छ।"[92] हामी हाम्रो लागि सबैभन्दा मूल्यवान कुराको बारेमा चर्चा गर्छौं।

त्यो धेरै सरल लाग्न सक्छ, तर विचार गर्नुहोस्। पैसालाई प्रेम गर्ने मान्छेले केको बारेमा कुरा गर्छ? पैसा। तिनीहरूले पैसाको महिमा गर्छन्। खेलकुद प्रेमीले केको बारेमा कुरा गर्छ? खेलकुद। तिनीहरू आफ्नो मनपर्ने खेल टोलीको प्रशंसा गर्छन्।

के यसको मतलब एक ख्रीष्टियानले हरेक परिस्थितिमा बाइबलको बारेमा मात्र कुरा गर्नुपर्छ भन्ने हो? होइन; यसको सीधा अर्थ हो कि हामीले बोल्ने हरेक कुराले परमेश्वरको महिमा गर्नेछ। जब हामीले व्यापारिक निर्णय लिइरहेका हुन्छौं, हामीले हाम्रा सहकर्मीहरूलाई "यस निर्णयले परमेश्वरको महिमा गर्नै पर्छ" भन्न सक्दैनौं, तर परमेश्वरको महिमाले हाम्रो निर्णयलाई प्रभाव पार्नेछ। जब हामीले हाम्रो छोराछोरीहरूलाई अनुशासन दिनैपर्छ भनेर सोच्छौँ भने, हामीले उनीहरूसँग यसरी कुराकानी गर्न सुरु गर्ने छैनौँ, "छोरा, म यो बेंतको लट्ठीले तिमीलाई पिटेर परमेश्वरको महिमा गर्न चाहन्छु" तर हामी आफैलाई सोध्नेछौं, "के यो अनुशासनले परमेश्वरलाई प्रसन्न तुल्याउँछ वा म मेरो रिसलाई पोख्दैछु? के मेरो स्वर्गीय पिताले मलाई यसरी अनुशासन गर्नुहुनेछ?"




ख्रीष्टियानको हैसियतले, हामी परमेश्वरको महिमाको प्रकाशमा हरेक निर्णय गर्छौं। जीवन शैलीको रूपमा आराधना गर्नु भनेको हामीले गर्ने सबै कुराको केन्द्रमा परमेश्वर र उहाँको महिमालाई राख्नु हो।

अघिल्लो पाठमा, हामीले देख्यौं कि अनुग्रह बाहेक, सामूहिक आराधना नियमानुकूल हुन्छ, जहाँ हामी सोध्छौं "हामी कसरी परमेश्वरको अनुग्रह कमाउने तरिकामा आराधना गर्छौं?" त्यसै गरी, अनुग्रह बाहेक, आराधनाको जीवनशैली एक नियमको बोझ बन्छ, जहाँ हामी सोध्छौं "यदि यो निर्णय परमेश्वरको महिमा गर्नको लागि उत्तम तरिका होइन भने के हुन्छ? यदि मैले गडबड गरे भने, के परमेश्वर रिसाउनुहुनेछ?"

नियमानुकूल आराधनाको विपरीत, परमेश्वरको अनुग्रहको ज्योतिमा गरिने आराधना एक अद्भुत सुअवसर बन्छ। परमेश्वरको अनुग्रहको ज्योतिमा सामूहिक आराधना गर्नु भनेको परमेश्वर को हुनुहुन्छ र उहाँले के गर्नुभयो भनेर उत्सव मनाउने अवसर हो। त्यसैगरी, आराधनाको जीवनशैली (परमेश्वरको अनुग्रहको ज्योतिमा जिउँदा) दैनिक जीवनमा परमेश्वरको महिमा गर्ने अवसर हो।

बिहीवारको व्यापारिक निर्णय परमेश्वरको व्यवस्था पालन गर्नको लागि आनन्द नदिने प्रयास होइन; यो उहाँको चरित्र अनुरूप नैतिकताका साथ परमेश्वरको महिमा गर्ने एउटा खुसीको अवसर हो। छोराछोरीलाई गर्ने अनुशासन परमेश्वरलाई अप्रसन्न बनाउने खालको हुनबाट जोगाउनको लागि आनन्द नदिने प्रयास होइन; यो तपाईंको छोराछोरीको लागि परमेश्वरको प्रेमिलो चरित्रलाई पछ्याउने खुसीको अवसर हो। अनुग्रहले आराधनाको जीवनशैलीलाई परिवर्तन गर्छ।

### आराधनाको जीवनशैली: एक बाइबलीय नमूना

रोमी १२:१ मा, पवित्र र परमेश्वरलाई स्वीकार्य हुने जिउँदो बलिदानको रूपमा आफूलाई प्रस्तुत गर्न ख्रीष्टियानलाई भनिएको छ। यो हाम्रो आत्मिक आराधना हो। रोमी १२:२ ले यो बलिदान कसरी चढ़ाइनेछ भनेर देखाउँछ। आराधनालाई जीवनशैलीको रूपमा बुझ्नको लागि यो पाठ विशेष गरी महत्त्वपूर्ण छ।

[92] Louie Giglio, “Psalm 16" मा Matt Redman and Friends, *Inside, Out Worship* (Ventura: Regal Books, 2005), 78

११ अध्यायहरू पछि जसमा पावलले ख्रीष्टियान जीवनको लागि पवित्रशास्त्रीय जग राख्छन्, उनी यसलाई लागू गर्न तर्फ अगाडि बढ्छन्। हामी अनुग्रहद्वारा धर्मी ठहरिएका हुनाले (रोमी १-११), हामीले एउटा खास तरिकामा जीवन जिउनुपर्छ (रोमी १२-१६)। यी अध्यायहरूले आराधनाको जीवनशैलीको लागि नमूना प्रदान गर्दछन्।

**आराधनाको जीवनशैलीको नकारात्मक पक्ष**

पावलले नकारात्मक आदेशको साथ सुरु गर्छन्: "यस संसारको ढाँचामा नचल।" हामी यस संसारको ढाँचा अनुसार जिउनु हुँदैन। हामी यो संसार र स्वर्गीय राज्य दुबै लागि आत्मसमर्पण गर्न सक्दैनौं; हामी परमेश्वर र यस युगको आत्मा दुवैको लागि आराधना गर्न सक्दैनौं।

जे.बी. फिलिप्सले पावलको निर्देशनलाई अनुवाद गरे, "तपाईंको वरपरको संसारले तपाईंलाई त्यसको ढाँचामा ढाल्न नदिनुहोस्।" जब माटोलाई कुनै आकृतिको साँचोमा राखिन्छ, त्यो चाँडै त्यही आकृतिको साँचोको आकारमा जम्छ। संसारले ख्रीष्टियानहरूलाई आफ्नो आकारमा ढाल्न चाहन्छ। संसारले हामीलाई आफ्ना मागहरू अनुरूप समायोजन गर्न बाध्य पार्न चाहन्छ। बरु, हामीले यस संसारको प्रभावलाई अस्वीकार गर्नको लागि आराधनाको जीवनशैली जिउनुपर्छ।

यो परीक्षा विशेष गरी खतरनाक छ किनभने हामी सांसारिक ढाँचाको आकृतिमा ढाँलिदै छौँ भन्ने बारेमा सचेत नहुँदै पनि हामी त्येसमा बदली रहेको हुन सक्छौं। पानीमा बस्ने माछाले "यो पानी हो" भनेर सोच्दैन। उसको लागि यो केवल एउटा संसार हो जसमा ऊ बस्छ। फोहोरमा हिँड्ने कीराले "यो फोहोर हो" भनेर सोच्दैन। उसको लागि यो केवल एउटा संसार हो जसमा ऊ बस्छ। यदि हामी होसियार छैनौं भने, पतित संसारमा बस्ने ख्रीष्टियानले "यो पतित संसार हो" भनेर विचार गर्ने छैन। यो केवल हामी बस्ने संसार हुनेछ।

यसैले सामूहिक आराधना महत्त्वपूर्ण छ। हिब्रूका लेखकले चेतावनी दिए कि हामीले एकसाथ भेट्ने कुरालाई बेवास्ता गर्नु हुँदैन। किन? किनभने हामी यी अन्य आज्ञाहरू यसरी पूरा गर्छौं:

- "…साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं" (हिब्रू १०:२२)
- " हामीले दृढ़ स्वीकार गरेको आशालाई दोधार नभईकन दहिलोसँग थामिराखौं…" (हिब्रू १०:२३)
- "हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं" (हिब्रू १०:२४)

आराधनामा, हामीलाई स्मरण गराइन्छ कि हामी यस संसारका होइनौं। बेबिलोनमा, मन्दिरबाट अलग गरिएको, आफ्ना मानिसहरूको सामूहिक आराधनामा भाग लिन असमर्थ, आफ्ना झ्यालहरू यरूशलेमतिर खोलेर दानिएलले दिनको तीन पटक प्रार्थना गरे (दानिएल ६:१०)। आराधनाले दानिएललाई बेबिलोनको संसारमा ढाँचा अनुरूप एक हुने कुराको विरुद्ध बलियो बनायो। जसै उनले यरूशलेम तिर आफ्नो मुख फर्काए, दानिएललाई स्मरण भयो कि, "म बेबिलोनको नागरिक होइन; म यरूशलेमको नागरिक हुँ। म मार्दुकको आराधना गर्दिनँ; म यहोवाको सेवा गर्छु।"[93]

आराधनाको जीवनशैली भनेको हामीले हाम्रो संसारको ढाँचामा आफूलाई ढाँल्न दिन अस्वीकार गर्नु हो। यो परीक्षाको स्थितिको प्रतिरोध गर्नु भन्दा बढी हो। यो नियमहरूको संग्रहको अवलोकन गर्नु भन्दा बढी हो। यो पोशाकको एक विशेष शैली, व्यवहारको नियम, वा धार्मिक संस्कृति भन्दा बढी छ। यो विचार गर्ने र जिउने सम्पूर्ण तरिका हो। यसको अर्थ परमेश्वरको राज्यको सन्दर्भमा सबै कुराको मूल्याङ्कन गर्नु हो।

[93] टिम कीप, बाइबल मेथोडिस्ट मिशनबाट व्याख्या गरिएको। होब साउन्ड बाइबल कलेजमा चैपलको उपदेश, नोभेम्बर 2013।

ख्रीष्टियनहरूको नाताले, हामी वरपरको संस्कृतिमा सहज तरिकाले मिल्ने छैनौं। चीनमा डाँडाको उपदेशको कक्षापछि एक विद्यार्थीले भने, "चीनमा येशुले सिकाउनु भएको जस्तो जीवन जिउन गाह्रो छ।" शिक्षकले जवाफ दिए, "अचम्म नमान्नुहोस्। अमेरिकामा पनि येशुले सिकाउनुभएको जस्तो जीवन जिउन गाह्रो छ।" संस्कृति जस्तोसुकै होस्, आराधनाको जीवनशैलीले यस संसारको आत्मासँग द्वन्द्व गर्नेछ।

### आराधनाको जीवनशैलीको सकारात्मक पक्ष

नकारात्मक आदेशसँगै, रोमी १२ सकारात्मक निर्देशनको साथ निरन्तर अगाडि बढ्छ: "तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ।"

यस संसारको ढाँचा विपरीत भनेको केवल फरक हुनु वा तपाईंको आफ्नै व्यक्तित्वलाई जोड दिनु मात्र होइन। यस संसारको ढाँचाको विपरित रूपान्तरण हुन तपाईंले परमेश्वरको इच्छालाई थाहा पाउनुपर्छ। केही ख्रीष्टियानहरूले आफ्नो संस्कृतिभन्दा भिन्न जीवनशैली अपनाएका छन्, तर तिनीहरू परमेश्वरको इच्छामा परिवर्तन भएका छैनन्। यसको सट्टा, तिनीहरूले यस संसारको संस्कृतिको लागि एक विशेष राजनीतिक दृष्टिकोण, सामाजिक दृष्टिकोण, वा पहिरनको नियम प्रतिस्थापित गरेका छन्। तिनीहरूको मनको नवीकरणले परिवर्तित भएको छैनन्।

जे.बी. फिलिप्सले अनुवाद गरे, "तपाईंको वरपरको संसारले तपाईंलाई त्यसको ढाँचामा ढाल्न नदिनुहोस्" (नकारात्मक), "तर परमेश्वरले तपाईंलाई पुनर्निर्माण गर्न दिनुहोस् ताकि तपाईंको मनको सम्पूर्ण मनोवृत्ति परिवर्तन होस्" (सकारात्मक)। रोमीको बाँकी पुस्तकले परिवर्तित मन कस्तो देखिन्छ भनेर देखाउँछ।

- रोमी १२: एक परिवर्तित विश्वासीले अरूको सेवा गर्न आफ्नो आत्मिक वरदानहरू प्रयोग गर्दछ।
- रोमी १३: एक परिवर्तित विश्वासीले सरकारी अधिकारको सम्मान गर्दछ।
- रोमी १४: एक परिवर्तित विश्वासीले सँगी विश्वासीहरूको विश्वासलाई आदर गर्दछ।

आराधनाको जीवनशैली व्यवहार भन्दा बढी हो; आराधनाले हाम्रो सम्पूर्ण सोचाइलाई परिवर्तन गर्छ। आराधनाको जीवनशैलीको प्रभावलाई विचार गर्नुहोस्:

- ख्रीष्टियान व्यापारी र राजनीतिज्ञहरू पैसा र शक्तिप्रतिको आफ्नो मनोवृत्तिमा परिवर्तन भएमा अफ्रिका महादेश कस्तो देखिनेछ?
- यदि अगुवाहरूले आफूलाई परमेश्वरको पैसाको भण्डारेको रूपमा देखे भने एसियाली मण्डलीहरू कस्तो हुनेछन्?
- ख्रीष्टियानहरूले हलिउडको आँखाले नभई परमेश्वरको आँखाबाट व्यभिचार देखे भने अमेरिकामा विवाह कस्तो देखिन्छ?

आराधनाको जीवनशैलीले विश्वासीको मनलाई परिवर्तन गर्छ; परिवर्तित भएको जीवनमा परिवरर्तित भएको मन देखिनेछ; परिवर्तित जीवनले समाजलाई परिवर्तन गर्नेछ। आराधनाको जीवनशैलीले अन्ततः हाम्रो संसारलाई परिवर्तन गर्नेछ।

### आराधनाका खतराहरू: आज्ञापालन बिनाको आराधना

अगमवक्ताहरूले आज्ञाकारिता बिना गरिने आराधनाको विरुद्धमा चेतावनी दिए। यर्मियाको समयका मानिसहरूले मन्दिरले तिनीहरूलाई बेबिलोनबाट जोगाउनेछ भनी विश्वास गर्थे। यर्मियाले जवाफ दिए, "छली कुरामा भरोसा गरी यो नभन, 'यो परमप्रभुको मन्दिर हो, परमप्रभुको मन्दिर हो, परमप्रभुको मन्दिर हो!'" (यर्मिया ७:४) यसको सट्टामा।

> यदि तिमीहरूले आफ्ना चाल र कामहरू साँच्ची नै सुधार्‍यौ,
>
> र तिमीहरू एउटाले अर्कासित न्यायसङ्गत व्यवहार गर्‍यौ भने,

> यदि तिमीहरूले विदेशी, टुहुरा-टुहुरी र विधवाहरूमाथि अत्याचार गरेनौ भने, अथवा यस ठाउँमा निर्दोषको रगत बगाएनौ भने, र यदि तिमीहरूको आफ्नै हानिको निम्ति अरू देवताहरूका पछि लागेनौ भने,
>
> म तिमीहरूलाई यस ठाउँमा बस्न दिनेछु, यसै देशमा, जो मैले तिमीहरूका पिता-पुर्खालाई युग-युगसम्म रहनलाई दिएको थिएँ (यर्मिया ७:५-७)।

इस्राएलका मानिसहरूले विश्वास गरे कि तिनीहरूले आज्ञाकारिताको लागि रीतिरिवाजलाई प्रतिस्थापन गर्न सक्छन्। अगमवक्ताहरूले प्रचार गरे कि आज्ञाकारिता बिना रीतिरिवाज अर्थहीन छ।

केही परम्पराहरूमा, आज्ञाकारितालाई धार्मिक रीतिरिवाजले प्रतिस्थापित गरिन्छ। आराधनाका भागहरू छन्। गीतहरूले सत्यतालाई बताउँछन्। पवित्रशास्त्र पढिन्छ र प्रचार गरिन्छ। प्रार्थनाका विषयहरूमा प्रार्थना गरिन्छ। यद्यपि, परमेश्वरको वचनमा कुनै आज्ञाकारिता छैन। जीवन बदलिएको छैन। यो रीतिरिवाज हो, आराधना होइन।

केही परम्पराहरूमा, आज्ञाकारितालाई भावनात्मक प्रतिक्रियाले प्रतिस्थापित गरिन्छ। सेवाको लक्ष्य भनेको निश्चित भावनाहरू उत्पन्न गर्नु हो। सङ्गीतले भावनालाई जगाउँछ। प्रवचनले आह्वान वा प्रतिबद्धताको समयतर्फ डोऱ्याउँछ। तापनि, सेवा पछिको जीवाशैली आज्ञाकारी जीवन र परमेश्वरमा समर्पणको पछि लाग्दैन। यो भावना हो, आराधना होइन।

मन्दिरको आराधनाले, परमेश्वरले इस्राएलसँग गर्नुभएको करारको खुसीयाली मनाएको थियो र इस्राएललाई उसको करारको जिम्मेवारीहरूको स्मरण गराएको थियो। सुरुको मण्डलीमा, आराधनाले येशुको मृत्युद्वारा प्रदान गरिएको नयाँ करारप्रति खुसीयाली मनाएको थियो र ख्रीष्टियानहरूलाई पवित्र जीवनप्रतिको उनीहरूको जिम्मेवारीको स्मरण गराएको थियो। आज्ञाकारितामा परिणत नहुने आराधना झूटो हो।

साँचो आराधनाले आराधकलाई परिवर्तन गर्छ। यस पाठ्यक्रममा, हामीले देखेका छौं कि साँचो आराधना गर्ने मानिसहरू परिवर्तन भएका छन्। यस पाठ्यक्रमको लक्ष्य भनेको केवल यो होइन कि तपाईं योजना बनाउन र आराधना सेवाहरूको नेतृत्व गर्नमा राम्रो बन्नुहुनेछ, तर तपाईं आराधनाद्वारा रूपान्तरण भएको एक आराधक बन्नुहुनेछ। त्यसपछि तपाईंले मण्डलीको प्रत्येक सदस्यलाई परिवर्तन गर्ने आराधनामा आफ्नो मण्डलीको नेतृत्व गर्नुहुनेछ।

### निष्कर्ष: एक जना पास्टरको गवाही

साँचो आराधनाले कस्तो प्रभाव पार्छ? स्पेनिस मण्डलीका पास्टरको कुरा सुन्नुहोस्।

"सन् १९९१ मा, हाम्रो मण्डलीको आत्मिक वातावरण सबैभन्दा न्यून बिन्दुमा थियो। व्यभिचारले हाम्रा केही सदस्यहरूलाई फसाएको थियो। जब हामीले पतित सदस्यहरूलाई अनुशासनमा राख्यौं, मण्डली विभाजित भयो। अन्तमा, आत्मिक र भावनात्मक विभाजनको बिन्दुमा, एक नयाँ विश्वासीले हामीलाई शनिवार दिनभर उपवास र प्रार्थना गर्न सुझाव दिए। हामीले यो गऱ्यौं र परमेश्वर हामी माझ हलचल गर्न थाल्नुभयो।

"केही हप्तापछि, हामीले हाम्रो वार्षिक शिविर सुरु गऱ्यौं। मण्डलीमा केही विभाजन रह्यो। बुधवार राती प्रचारकले आफ्नो प्रवचन सुरु गर्दा, परमेश्वरले उनलाई 'महान् ईश्वर विचार्छु काम तपाईंको' गाउन भन्नुभएको महसुस गरे।

"जब उहाँले यो उत्तम भजन गाउनुभयो, परमेश्वरको महिमा भोकाएको भीडमा ओर्लियो। केहीले प्रशंसाको साथ प्रतिक्रिया दिए; अरूले वेदीमा परमेश्वरलाई खोज्न थाले। मण्डलीमा भएको द्वन्द्वको मुख्य कारण बनेकी एउटी महिलाले आँसु बगाएर रुन थालिन्। ४०० जना मानिसहरूको अगाडि उभिएर उनले स्वीकार गरिन्, 'म सबैभन्दा दुखी महिला हुँ किनभने मैले मेरो हृदयमा क्षमा नदिने भवना पालिराखेर परमेश्वर र उहाँको मण्डलीको

विरुद्धमा पाप गरेको छु। म प्रभुलाई मलाई माफ गरिदिनुहोस् भनी बिन्ती गर्दछु, र म तपाईंहरूलाई एक मण्डलीको रूपमा मलाई माफ गरिदिन अनुरोध गर्दछु।'

"ती शब्दहरू उनको ओठबाट खसेपछि, अरूहरूले मेलमिलाप गरे। त्यो साँझ, परमेश्वरले हाम्रो मण्डलीमा एकता पुनर्स्थापित गर्नुभयो। जसरी परमेश्वरका जनहरूले प्रार्थना र उपवासमा आफूलाई नम्र बनाए, र परमेश्वरका सेवकहरू पवित्र आत्माको अगुवाइमा आज्ञाकारी भए, त्यस कारण हामी परमेश्वरको उपस्थितिमा आयौँ। पाप स्वीकार गरियो; एकता पुनर्स्थापित भयो। यो साँचो आराधनाको परिणाम हो।"[94]

**समीक्षामा पाठ १०**

(१) सामूहिक आराधना शनिवार हुन्छ; आराधना गर्ने जीवनशैली दैनिक जीवनमा उत्पन्न हुन्छ। दुवै आराधनाको बाइबलीय दृष्टिकोणको लागि महत्त्वपूर्ण छन्।

(२) साँचो आराधनाले हामी केलाई साँच्चै मूल्यवान ठान्छौ भनेर देखाउँछ।

(३) साँचो आराधनाले हाम्रो मूल्यलाई परिवर्तन गर्छ।

(४) आराधनाको जीवनशैली भनेको परमेश्वरको महिमाको लागि बाँच्नु हो। यसको अर्थ परमेश्वर सम्पूर्ण जीवनको केन्द्र हुनुहुनेछ।

(५) आराधनाको जीवनशैलीको लागि बाइबलीय नमूना रोमी १२:२ मा देखिन्छ। यसले निम्न कुराहरूलाई समावेश गर्छ

- एक नकारात्मक पक्ष: "यस संसारको ढाँचामा नचल।"
- एक सकारात्मक पक्ष: "आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ।"

[94] रेभेरेन्ड सिड्नी ग्रान्टको गवाही, होप इन्टरनेशनल मिसन

**पाठ १० क्रियाकलाप**

(१) "आराधनाको विषयमा मेरो ईश्वरशास्त्र" शीर्षकमा ३-४ पृष्ठको लेख लेख्नुहोस्। यस लेखले पवित्रशास्त्रका सिद्धान्तहरूमा आधारित आराधना कसरी हुन्छ भनेर देखाउनुपर्छ। लेख बाइबलीय र व्यावहारिक दुवै हुनुपर्छ।

(२) यूहन्ना ४:२३-२४ मा आधारित साँचो आराधनामा प्रवचन दिनुहोस्।

(३) तपाईंको पाठ्यक्रम परियोजना समाप्त गर्दै: कक्षाको अगुवाको लागि तपाईंको "३०-दिनको आराधनाको यात्रा" बाट तपाईंले सिकेका कुराहरूको सारांश बनाएर एक पृष्ठको प्रतिवेदन लेख्नुहोस्। तपाईंले आफ्नो दैनिकी अभिलेख बुझाउन आवश्यक छैन।

(४) तपाईंको अन्तिम परीक्षाको लागि, आफूले कण्ठ गरेकोबाट १ कोरिन्थी १०:३१ लाई लेख्नुहोस्।

# परिशिष्ट अ:
# आराधना सेवाहरूको योजनाको लागि रूपरेखाहरू

| प्रवचनको वरिपरि निर्मित आराधनाको लागि रूपरेखा | | |
|---|---|---|
| **उद्देश्य** | **आराधनाको गतिविधि** | **साप्ताहिक योजना** |
| सत्यको उद्घोषणा | • भजनहरू<br>• पवित्रशास्त्र<br>• प्रवचन | |
| सत्यको प्रतिक्रिया | • निमन्त्रणा<br>• भेटी<br>• समापनको भजन<br>• आशीर्वादको प्रार्थना (पवित्रशास्त्र) | |

| भजनसंग्रहमा आधारित आराधनाको लागि रूपरेखा ९५ | | |
|---|---|---|
| **बाइबलीय नमुना** | **आराधनाको गतिविधि** | **साप्ताहिक योजना** |
| आनन्दसाथ धन्यवाद चढाउँदै प्रवेश गर्नुहोस् | • आराधनाको आह्वान<br>• प्रशंसाको भजन | |
| श्रद्धापूर्ण आराधनालाई जारी राख्नुहोस् | • समर्पणको भजन<br>• प्रार्थना | |
| परमेश्वरको आवाज सुन्नुहोस् | • पवित्रशास्त्र पढाइ<br>• प्रवचन | |

| आराधनामा परमेश्वरका मानिसहरूका गतिविधिहरूमा आधारित आराधनाको लागि एक रूपरेखा | | |
|---|---|---|
| **अभियान** | **आराधनाको गतिविधि** | **साप्ताहिक योजना** |
| परमेश्वरका मानिसहरू भेला हुन्छन् | प्रशंसा<br>• आराधनाको आह्वान<br>• प्रशंसाको भजन<br>स्वीकार<br>• प्रार्थना | |
| परमेश्वरका जनहरूले वचन सुन्छन् | • पवित्रशास्त्र पढाइ<br>• प्रवचन | |
| परमेश्वरका मानिसहरूले वचनप्रति प्रतिक्रिया जनाउँछन् | • प्रतिक्रियाको गीत<br>• प्रार्थना<br>• भेटी | |
| परमेश्वरका मानिसहरू बाहिर पठाइएका छन् | • समापनको भजन<br>• आशीर्वादको प्रार्थना (पवित्रशास्त्र) | |

| परमेश्वर र उहाँका जनहरू बीचको संवाद देखाउने आराधनाको लागि रूपरेखा (यशैया ६) | | |
|---|---|---|
| **कार्य** | **आराधनाको गतिविधि** | **साप्ताहिक योजना** |
| परमेश्वरले आफैलाई प्रकट गर्नुहुन्छ | • आराधनाको आह्वान (पवित्रशास्त्रबाट) | |
| मानिसहरूले प्रशंसा र स्वीकारोक्तिको साथ प्रतिक्रिया दिन्छन् | • प्रशंसा: भजनहरू<br>• प्रार्थना | |
| परमेश्वरले आफ्ना मानिसहरूसँग बोल्नुहुन्छ | • पवित्रशास्त्र पढाइ<br>• प्रवचन | |
| मानिसहरूले प्रतिवद्धताको लागि प्रतिक्रिया दिन्छन् | • आह्वानको भजन<br>• भेटी | |
| आफ्ना मानिसहरूलाई परमेश्वरको आदेश | • आशीर्वादको प्रार्थना | |

# परिशिष्ट ख:
# गीत मूल्याङ्कन फारम

| गीतको शीर्षक: | | | |
|---|---|---|---|
| | **कमजोर** | **औसत** | **बलियो** |
| के यो पाठ सैद्धान्तिक रूपमा सत्य छ? | | | |
| के यो पाठ ख्रीष्टियान अनुभवको लागि विश्वासयोग्य छ? | | | |
| के मण्डलीले यो पाठलाई बुझ्नेछ? | | | |
| के सङ्गीतको शैली पाठहरूसँग मेल खान्छ? | | | |
| के मण्डलीको लागि गीत गाउन सजिलो छ? | | | |

# सिफारिस गरिएका स्रोतहरू

**पाठ १**

आराधनाको अर्थको बारेमा थप जान्नको लागि, कृपया निम्न स्रोतहरूलाई हेर्नुहोस्:

**पुस्तकहरू:**


Jeremiah, David. *Worship*. CA: Turning Point Outreach, 1995. (See Lessons 1-2.)

Reimers, Gary. *The Glory Due His Name*. Greenville: Bob Jones University Press, 2009.

Segler, Franklin M. and Randall Bradley. *Christian Worship: Its Theology and Practice*. Nashville: B&H Publishing, 2006. (See Chapter 1.)


**अनलाइन स्रोतहरू:**


"आराधनाको भाषा: सात मिनेटको पाठशाला," https://www.youtube.com/watch? v=RqDCG_-cbrg मा

"रोमनहरूमा पाप र आराधना: सेभेन मिनेट सेमिनरी," https://www.youtube.com/watch? v=६RyrW३aO०UI


**पाठ ३**

बाइबलमा आराधनाको बारेमा थप अध्ययन गर्न, कृपया निम्न स्रोतहरूलाई हेर्नुहोस्।


Peterson, David. *Engaging with God: A Biblical Theology of Worship*. Downers Grove: InterVarsity Press, 1992.

Ross, Allen P. *Recalling the Hope of Glory: Biblical Worship from the Garden to the New Creation*. Grand Rapids: Kregel Publications, 2006.

Webber, Robert. *The Biblical Foundations of Worship*. Nashville: Star Song Publishing Group, 1993.


**पाठ ५**

आराधनाको इतिहासको बारेमा थप अध्ययन गर्न, कृपया निम्न स्रोतहरूलाई हेर्नुहोस्।


Segler, Franklin M. and Randall Bradley. *Christian Worship: Its Theology and Practice*. Nashville: B&H Publishing, 2006. (See Chapter 3.)

Webber, Robert. *Rediscovering the Missing Jewel: A Study in Worship Through the Centuries*. Peabody: Hendrickson Publishers, 1997.

Webber, Robert. *Twenty Centuries of Christian Worship*. Nashville: Star Song Publishing Group, 1994.

**पाठ ६**

आराधनामा सङ्गीतको बारेमा थप अध्ययन गर्न, कृपया निम्न स्रोतहरूलाई हेर्नुहोस्।

Hustad, Donald. *Jubilate II: Church Music in Worship and Renewal*. Carol Stream: Hope Publishing, 1993.

Janvier, George. *Leading the Church in Music and Worship*. Nigeria: Africa Christian Textbooks, 2003.

Lloyd-Jones, D. Martyn. *Singing to the Lord*. Wales: Bryntirion Press, 2003.

Wolf, Garen. *Church Music Matters*. Salem: Schmul Publishing, 2005.

**पाठ ७**

आराधनामा पवित्रशास्त्र र प्रार्थनाको बारेमा थप अध्ययन गर्न, कृपया निम्न स्रोतहरूलाई हेर्नुहोस्।

Bounds, E. M. *Power through Prayer*. (Many editions are available.)

Drury, Keith. *The Wonder of Worship: Why We Worship the Way We Do*. Fishers: Wesleyan Publishing House, 2002.

Duewel, Wesley. *Mighty Prevailing Prayer*. Grand Rapids: Zondervan, 2013.

Murray, Andrew. *With Christ in the School of Prayer*. (Many editions are available.)

**पाठ ९**

Stauffer, S. Anita, ed. "The Nairobi Statement on Worship and Culture," in *Christian Worship: Unity in Cultural Diversity*. Geneva: Lutheran World Federation, 1996.

Witvliet, John D. "An Open and Discerning Approach to Culture." Video lecture. At http://worship.calvin.edu/resources/resource-library/an-open-and-discerning-approach-toculture

# क्रियाकलापहरूको रेकर्ड

विद्यार्थीको नाम _______________________________

तलको तालिकामा, प्रत्येक क्रियाकलाप पूरा भएपछि चिन्ह लगाउनुहोस्। विद्यार्थीले ७०% वा सोभन्दा माथिको अङ्क प्राप्त गर्दा परीक्षाहरू पूरा भएको मानिन्छ। Shepherds Global Classroom बाट प्रमाणपत्र प्राप्त गर्नका लागि सबै क्रियाकलापहरू सफलतापूर्वक पूरा गरिनुपर्छ।

| पाठ | परीक्षा | क्रियाकलाप |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |

Shepherds Global Classroom बाट पूरा भएको प्रमाणपत्रको लागि आवेदन हाम्रो वेबपेज www.shepherdsglobal.org मा पूरा गर्न सकिन्छ। प्रमाणपत्रहरू डिजिटल रूपमा SGC का अध्यक्षबाट आफ्ना विद्यार्थी(हरू) को तर्फबाट आवेदन पूरा गर्ने प्रशिक्षकहरू र सहजकर्ताहरूलाई पठाइनेछ।